कर्णाली प्रदेश पार्श्वचित्र, २०७६

कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

Map Source: Topographical Zonal Map, Department of Survey, Nepal (1988)
Projected Coordinate System : Nepal_MUTM_Central_84_Everest_1830
Data Source : Report of Commission for the Determination of the Number and Boundaries of Village Bodies and Special, Protected or Autonomous Regions 2016, Nepal.

मुख्यमन्त्री

प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मन्तब्य

जनताका इच्छा आकांक्षा संवोधन हुनेगरी विकास योजनाहरू निर्माण गर्न, आर्थिक बृद्धि र विकासलाई गति दिन तथ्य र तथ्याङ्कमा आधारित बैज्ञानिक एवं व्यवहारिक योजनाहरू तय गर्नु अत्यावश्यक हुन्छ। यसका लागि विषय क्षेत्रगत तथ्य, सूचना तथा तथ्याङ्कहरूको संकलन र त्यसको विश्लेषण अनिवार्य हुनजान्छ ।

नेपालमा संघीयता कार्यान्वयन र प्रदेश सरकारको यसको अनुभव हाम्रा लागि सर्वथा नौलो हो। विगतका विकास क्षेत्र, अञ्चल र जिल्लागत तथ्याङ्कहरु पनि संघीय पुर्नसंरचनाका कारणले आवश्यकता अनुसारको तथ्याङ्क उपलब्ध हुन सकेको छैन, प्रदेश र पालिकास्तरमा खण्डिकृत तथ्याङ्कको आवश्यकता देखिएको छ। केन्द्रिय तथ्याङ्क विभागले प्रदेश लक्षित नयाँ खण्डीकृत तथ्याङ्क संकलन गरिसकेको अवस्था छैन ।

यसै सन्दर्भमा कर्णाली प्रदेश योजना आयोगले विगतका सरकारी तथ्याङ्कहरु र विभिन्न अन्य विकास साझेदारले गरेका परिपुरक अध्ययन समेतका आधारमा तथ्य, तथ्याङ्कहरु संकलन, प्रशोधन र त्यसको विश्लेषण गरी कर्णाली प्रदेश पार्श्वचित्रको तयार गरेको छ। यस पार्श्वचित्रले कर्णालीको तथ्य तथा सूचनाका साथै विकासका विषयगत क्षेत्रको स्थिति विश्लेषण उजागर गर्ने प्रयास गरेको छ। कर्णाली विकास सम्बन्धी अध्ययन गर्न चाहनेहरुका साथै कर्णालीमा आर्थिक, सामाजिक, पूर्वाधार लगायतका अन्य भावी योजना निर्माणका लागि समेत यो महत्वपूर्ण श्रोत सामग्रीको रूपमा रहनेछ भन्ने आशा छ।

अन्तमा पार्श्वचित्र लेखन, सम्पादन र प्रकाशन गर्न जिम्मा लिई काम गर्नु हुने कर्णाली प्रदेशका योजना आयोगका पदाधिकारीहरु र यसमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। नयाँ सर्वेक्षण र अध्ययनहरु सँगै आगामी वर्षहरूमा कर्णाली प्रदेश योजना आयोगले यसलाई थप अद्यावधिक र परिष्कृत गर्दै लैजानेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद !

महेन्द्रबहादुर शाही
मुख्यमन्त्री, कर्णाली प्रदेश एवम्
अध्यक्ष, कर्णाली प्रदेश योजना आयोग।

मन्तव्य

कर्णाली प्रदेश योजना आयोगले कर्णाली प्रदेशको समग्र अवस्था झल्किने गरी प्रदेशको वस्तुस्थिति सहितको प्रदेशको पार्श्वचित्र तयार गरेकोमा एकदमै खुशी लागेको छ । प्रदेश स्थापना भए पश्चात् प्रदेशको ऐतिहासिक गौरव, भौगोलिक अवस्था, सामाजिक र साँस्कृतिक विकासक्रम, आर्थिक सम्भावना लगायतका विषयहरू समेटेर निर्माण गर्न लागेको प्रदेश पार्श्वचित्र एकदमै महत्वपूर्ण रहनेछ भन्ने विश्वास लिएको छु ।

कर्णाली प्रदेश विकासको दृष्टिले अन्य क्षेत्रको तुलनामा पछि परेको भन्ने आमधारणा रहेकोमा पार्श्वचित्रले कर्णाली प्रदेशमा यस क्षेत्रको ऐतिहासिक विरासत, मनोरम प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरु, सामाजिक-साँस्कृतिक अध्ययनको स्रोत केन्द्र र लगानीको प्रशस्त सम्भावना रहेको भन्ने तथ्यलाई थप पुष्टि गर्न मद्दत पुर्‌याउने नै छ । साथै पार्श्वचित्र अध्ययन तथा अनुसन्धानको क्षेत्रमा लागेका व्यक्ति एवम् संस्थाहरुको लागि पनि महत्वपूर्ण आधिकारिक दस्तावेजको रूपमा रहने छ ।

यो पार्श्वचित्र प्रदेश सरकारको नीति तथा योजना निर्माण तथा कार्यान्वयन, अन्तरसरकारी समन्वय एवम् सहकार्य, विकास साझेदार सँगको सहकार्य, सार्वजनिक-निजी-सहकारी-सामुदायिक साझेदारीका लागि महत्वपूर्ण स्रोतको रूपमा रहनेछ । जसबाट प्रदेशको तुलनात्मक लाभको क्षेत्र पहिचान गरी लगानी आकर्षण गर्न योगदान पुग्ने देखिन्छ ।

सरकारको तर्फबाट प्रदेशको समग्र अवस्था झल्कने गरी पार्श्वचित्र तयार गरी प्रकाशन गर्न लागेकोमा कर्णाली प्रदेश योजना आयोगलाई बधाई ज्ञापन गर्न चाहन्छु ।

धन्यबाद ।

प्रकाश ज्वाला
माननीय मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार ।

प्राक्कथन

कर्णाली प्रदेश योजना आयोगको मुख्य काम भनेको कर्णाली प्रदेशको वर्तमान अवस्थाको राम्रो आंकलन गरेर समृद्ध कर्णालीको योजना तर्जुमा गर्नु हो । त्यसैले यस पार्श्वचित्रले केही हदसम्म सबै सरोकारवालाहरूलाई कर्णालीको विगत र वर्तमानलाई जान्ने र मनन गर्ने कुरामा मद्दत पुऱ्याउने नै छ ।

यसमा प्रस्तुत तथ्य, तथ्याङ्क, चित्र, नक्साले प्रदेशको वस्तुस्थिति दर्शाउने र विषयगत विश्लेषणले समस्याको सही पहिचान गरी विकासको रणनीति तय गर्ने कार्यमा सहयोग सिद्ध हुनेछ ।

पार्श्वचित्रमा केन्द्रीय तथ्याङ्क विभागको जनगणना तथा अन्य सर्वेक्षणहरूलाई मूलआधारका रूपमा लिइएको छ । जनसङ्ख्या र कतिपय सर्वेक्षणहरू केही पुराना भए पनि यसले प्रदेश र विभिन्न क्षेत्रको अवस्थाबारे जानकारी दिलाउँछ । यसबाहेक विभिन्न मन्त्रालयहरू र त्यस मातहतका निकायहरूले गरेका सर्वेक्षणहरू तथा विकास साझेदारहरूले गरेका सर्वेक्षण र अध्ययनहरूलाई समेट्ने जमर्को गरिएको छ ।

यसमा प्रदेश मन्त्रालय र यसका विभागहरू, निकायहरू, जिल्ला समन्वय र स्थानीय पार्श्वचित्रलाई पनि महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा लिइएको छ । प्रदेश योजना आयोगले गरेका विषयगत विज्ञहरूको छलफलमा प्रस्तुत कार्यपत्रहरू, प्रदेश सरकारका लागि गरिएका अध्ययन, अनुसन्धानलाई सन्दर्भका रूपमा लिइएको छ । प्रा.डा.नन्दबहादुर सिंहको नेतृत्वमा डा.दीपेन्द्र रोकाया र इतिहास अध्यता नीलकुमार क्षेत्रीद्वारा तयार पारिएको कर्णालीको स्वेत-पत्रबाट ऐतिहासिक विषयवस्तु उपयुक्त देखिएकाले यसमा समावेश गरिएको छ ।

निश्चय नै फरक सरकारी निकायले गरेको फरक सर्वेक्षण नतिजाका कारण कुन तथ्याङ्कलाई आधिकारिक मान्ने भन्ने द्विविधा रहने भएकाले लेखन सम्पादनको आँखाबाट बढी विश्वसनीय नजिता यसमा संलग्न गरिएको छ । आगामी दिनमा गरिने नयाँ अध्ययनका नतिजाले यी तथ्यहरूलाई थप परिस्कृत पार्दै जानेछन् ।

यो पार्श्वचित्र निर्माणका क्रममा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाही, माननीय आर्थिक तथा योजनामन्त्री प्रकाश ज्वाला, माननीय आन्तरिक मामला मन्त्री नरेश भण्डारी, माननीय सामाजिक विकास मन्त्री दल रावल, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला के.सी., माननीय उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्री नन्दबहादुर बुढा र तत्कालीन पूर्व भौतिक पूर्वाधार मन्त्री माननीय खड्ग बहादुर खत्री लगायतले दिनु भएको उत्साह, सुझाव र सल्लाहका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

पार्श्वचित्र निर्माणमा लेखन र सम्पादन कार्यको महत्त्वपूर्ण जिम्मेवारी लिई कर्णाली प्रदेश योजना आयोगका माननीय सदस्य योगेन्द्रबहादुर शाहीले अग्रणी भूमिका निभाउनु भएकाले उहाँलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै यस लेखन तथा सम्पादन कार्यमा थप महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा आयोगका अर्का माननीय सदस्य डा.दीपेन्द्र रोकायालाई पनि धन्यवाद दिन चाहन्छु । कर्णाली प्रदेश सरकारका तत्कालिन प्रमुख सचिव तथा योजना आयोगका सदस्यद्वय श्री रामप्रसाद थपालिया र श्री केवलप्रसाद भण्डारीले समन्वयको कार्य र मस्यौदाको शुद्धाशुद्धी हेरी महत्वपूर्ण योगदान गर्नु भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालिन सचिव तथा योजना आयोगका सदस्य सचिव श्री ढुण्डीप्रसाद निरौला, श्री सन्तबहादुर सुनार र श्री विष्णुप्रसाद नेपाल लगायत अन्य सचिवहरु डा. मानबहादुर विक, श्री राजेन्द्रप्रसाद भारी, श्री दानरत्न शाक्य लगायत मन्त्रालयका अन्य कर्मचारीहरुले पार्श्वचित्रको मस्यौदामाथि थप सुझाव दिइ सहयोग गर्नु भएको छ । यसै गरी यो पार्श्वचित्र प्रकाशनका लागि विभिन्न तवरले सहयोग गर्ने प्रमुख सचिव श्री टेक नारायण पाण्डे लगायत मन्त्रालयका सचिवहरू डा. कृष्णप्रसाद आचार्य, श्री घनश्याम उपाध्याय, डा. गोविन्द प्रसाद शर्मा, श्री वीरेन्द्रकुमार यादव तथा का.मु. सचिवहरू श्री धर्मजीत शाही, श्री धमेन्द्रकुमार झा लगायत आर्थिक मामिला तथा योजना मन्त्रालय र योजना आयोगका कर्मचारीको ठुलो सहयोग रहेको छ । प्रदेश योजना आयोगका उपसचिव तथा प्रशासकीय प्रमुख श्री सुदिशकुमार अर्याल र आयोगका पूर्व प्रमुखहरु धिरेन्द्रप्रसाद शर्मा र श्री भक्तबहादुर कार्की, आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव श्री दिलिप के.सी. र नेपाल राष्ट्र बैक सुर्खेत शाखाका उपनिर्देशक श्री शालिकराम पोखरेलले अर्थसँग सम्बन्धित तथ्य तथ्याङ्क अद्यावधिक गर्न महत्वपूर्ण सहयोग गर्नु भएको छ । वरिष्ठ समालोचक तथा साहित्यकार डा. मधुसुधन गिरिले मस्यौदामाथि अन्तिम शुद्धाशुद्धी गर्नुका साथै कला, भाषा र संस्कृतिको विषयवस्तु हेरी थप परिस्कृत गर्नु भएको छ । केन्द्रीय तथ्याङ्क विभाग सुर्खेत वीरेन्द्रनगरका प्रमुख श्री लक्ष्मण कँडेलले विविध तथ्याङ्क अद्यावधिक गर्ने र नक्सा निर्माणमा सहयोग गर्नु भयो । श्री अरूणा थापाले खाद्य संप्रभुता, दिगो विकास लक्ष्य लगायतका विषयमा तथ्याङ्क सङ्कलन गरी लेखन कार्यमा सघाउ पुऱ्याउनु भएको छ । त्यस्तै योजना आयोगका अधिकृत छैटौं लेखा श्री जमानसिंह परियार, सहायक पाँचौ श्री भिमनारायण खराल, कम्युटर सहायक श्री गणेशकुमार के.सी., श्री तेजु विक, स्वकीय सचिवहरू श्री कृष्णप्रसाद थानी, श्री सागर शाही र श्री रोशन बोहोरा लगायतका व्यक्तिहरूको तथ्य तथ्याङ्क सङ्कलन, लेखन, नक्सा तयारीका सन्दर्भमा गर्नु भएको सहयोग महत्त्वपूर्ण रहेको छ । त्यसैगरि श्री मोहन शाहीले ले-आउट र शुद्धाशुद्धीमा सहयोग पुर्‍याउनु भएको छ । मल्टिग्राफिकका श्री अर्जुन महर्जनले मेहेनतका साथ लेआउट र डिजाईनको काम गर्नु भएको छ । यसरी यो पार्श्वचित्र लेखन र सम्पादनको क्रममा सहयोग गर्नुहुने सबै कर्मचारी तथा अन्य सबैलाई हार्दिक आभार तथा धन्यवाद दिन चाहन्छु ।

प्रा.डा. पुण्यप्रसाद रेग्मी
उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग

कर्णाली प्रदेश योजना आयोग		
१.	श्री महेन्द्रबहादुर शाही	माननीय मुख्यमन्त्री, अध्यक्ष
२.	प्रा.डा. पुण्यप्रसाद रेग्मी	माननीय उपाध्यक्ष
३.	डा. दीपेन्द्र रोकाया	माननीय सदस्य
४.	श्री योगेन्द्रबहादुर शाही	माननीय सदस्य
५.	श्री टेक नारायण पाण्डे	सदस्य, प्रमुख सचिव कर्णाली प्रदेश सरकार
६.	श्री घनश्याम उपाध्याय	सदस्य सचिव, सचिव आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश पार्श्वचित्र, २०७६

विषय सूची

१. परिचय	१–९
१.१ पृष्ठभूमि	१
१.२ उद्देश्य	६
१.३ तयारी विधि	६
१.४ तथ्याङ्क स्रोत	६
१.५ पार्श्वचित्रको उपादेयता	६
१.६ सीमा	७
१.७ विकासका समस्या	७
१.८ सम्भावना र अवसर	८
१.९ मुख्य चुनौतीहरू	९
२. भूगोल	१०–१२
२.१ सीमाना तथा धरातलीय अवस्था	१०
२.२ भूगर्भ	१०
२.३ माटो	११
२.४ जलवायु	१२
२.५ वनस्पति	१५
२.६ नदी प्रणाली	१५
२.७ तालतलैया	१७
२.८ हिमनदी र हिमतालहरू	१८
२.९ हिम चुचुराहरू	२०
३ जनसङ्ख्या र बस्ती	२३–३१
३.१ जनसाङ्ख्यिक वितरण	२३
३.२ जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक विवरण	२३
३.३ लैङ्गिक तथा उमेरगत विवरण	२६
३.४ बसाइँसराइको अवस्था	२८
३.५ बस्ती विकास र घरपरिवार	२९
४. इतिहास, कला, भाषा र संस्कृति	३२–४४

४.१ इतिहास ३२
४.१.१ प्राचीनकाल ३२
४.२.२ मध्यकाल ३५
४.२.३ आधुनिककाल ३६
४.२. कला, भाषा, साहित्य र संस्कृति ३९
५. आर्थिक विकास ४५–६३
५.१ राजश्व, आय र बजेटको अवस्था ४९
५.२ आर्थिक वृद्धिदर र प्रतिव्यक्ति आम्दानीको लक्ष्य ५१
५.३ गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान ५३
५.४ बजेट र खर्चको अवस्था ५४
५.५ वाह्य सहायता, वचत र लगानी दायित्व ५६
५.६ आर्थिक उत्पादन ५८
६ सामाजिक विकास ६४–८७
६.१ सामाजिक तथा मानव विकासको अवस्था ६४
६.२ शिक्षा ६७
६.३ स्वास्थ्य सेवा तथा पोषण ७३
६.३.१ स्वास्थ्य सेवाको स्थिति ७३
६.३.२ पोषण तथा खाद्य सुरक्षा ८१
६.४ खानेपानी तथा सरसफाइ ८३
६.५ युवा, श्रम तथा रोजगार ८४
७ सडक तथा यातायात ८८–९४
७.१ सडक ८८
७.२ हवाइ ९३
७.३ जलयातायात तथा रज्जुमार्ग ९४
८. पर्यटन तथा सेवा क्षेत्र ९५–१२२
८.१ कर्णाली प्रदेशका महत्वपूर्ण गन्तव्य ९७
८.२ हिमाल र ट्रेकिङ रुटहरु १००
८.३ कर्णालीमा पर्यटक आगमनको स्थिति १०१
८.४ कर्णाली प्रदेशमा पुरातात्विक र साँस्कृतिक निधिहरू १०४
८.५ कर्णाली प्रदेशका होटल व्यवसाय १२१

९. ऊर्जा तथा जलस्रोत १२३–१२५
१०. उद्योग तथा खानी १२६–१३१
१०.१ उद्योग १२६
१०.२ खानी १३१
११. भूमि व्यवस्थापन तथा कृषि १३४–१५३
११.१ भूमि व्यवस्थापन १३५
११.२ कृषि तथा पशुपंक्षी १३८
११.३ खाद्य सुरक्षा १४९
११.४ सहकारी १५०
१२ वन तथा वातावरण **१५४–१५८**
१२.१ वन तथा वातावरण १५४
१२.२ जलवायु परिवर्तन १५६
१३. सामाजिक न्याय र समावेशिता १५९–१६०
१४. सुशासन १६१–१६८
१४.१ कानुन निर्माण १६१
१४.२ विपद् व्यवस्थापन १६५
१४.३ आपूर्ति तथा भण्डारण १६६
१४.४ सूचना तथा सञ्चार १६७
१५. दिगो विकासका लक्ष्यहरू १६९–१८१
१६. संरचनागत ब्यवस्था १८२–१८४
१७. जिल्लागत संक्षिप्त चिनारी १८५–२०६
१८. स्थानीय तहको जनसङ्ख्या र विवरण २०७–२३७
१९. महत्त्वपूर्ण सम्पर्क (नम्बरहरू तथा इमेलहरू) २३८–२४८
सन्दर्भ सामग्री २४९–२५१

तालिकाहरू **पेज नं.**

तालिका १.१: प्रदेशका स्थानीय तहहरू ३
तालिका १.२: आर्थिक तथा सामाजिक सूचकहरू ५
तालिका २.१: वर्षाको प्रवृति अवस्था (मि.मि. प्रतिवर्ष) १३
तालिका २.२: प्रदेशको वार्षिक औसत अधिकतम तथा न्यूनतम तापमान १४
तालिका २.३: कर्णाली प्रदेशका तालहरूको जिल्लागत विवरण १७
तालिका २.४: हिमनदी र हिम तालहरू १८
तालिका २.५: महत्त्वपूर्ण केही तालहरूको भौगोलिक परिचय १९
तालिका २.६: कर्णालीका हिम चुचुराहरू २१
तालिका ३.१: जातजातिको जनसङ्ख्या विवरण २४
तालिका ३.२: कर्णाली प्रदेशको जिल्लागत जनसाङ्ख्यिक विवरण २५
तालिका ३.३: कर्णाली प्रदेशको अन्य प्रदेशसँगको जनसङ्ख्या प्रक्षेपणको तुलना २५
तालिका ३.४: लिङ्ग र उमेर समूहका आधारमा कर्णाली प्रदेशको घरपरिवार र जनसङ्ख्या २७
तालिका ३.५: कर्णाली तथा अन्य प्रदेशको बसाइँसराइको अवस्था २८
तालिका ३.६: कर्णालीमा बस्ती र घर ३०
तालिका ५.१ (क): कर्णाली प्रदेशका महत्त्वपूर्ण आर्थिक परिसूचकहरू ४५
तालिका ५.१ (ख): प्रदेशको बजेट २०७६।७७ का स्रोतहरु ४६
तालिका ५.१ (ग): प्रदेश सरकार मन्त्रालयगत विनियोजित रकम, २०७६।७७ ४९
चित्र ५.३: राजश्वको अनुमान (२०७५/७६ देखि २०७८/७९ ५०
तालिका ५.४: गार्हस्थ्य उत्पादन संरचना ५४
तालिका ५.५: खर्चको चौमासिक तथा वार्षिक अनुमान
तालिका ५.६: जिल्लागत आर्थिक प्रतिष्ठान, जनसङ्ख्या र रोजगारी ५९
तालिका ५.७: आर्थिक प्रतिष्ठानहरूको प्रदेशगत तुलना ६०
तालिका ५.८: उद्योग र श्रमको अवस्था ६१
तालिका ५.९.: कर्णाली प्रदेश स्थानीय तह गरिबी अनुमान ६२
तालिका ६.१: सामाजिक तथा मानव विकासका केही छानिएका सूचकहरू ६५
तालिका ६.२: प्रदेशका केही शैक्षिक परिसूचकहरू ६९
तालिका ६.३: प्रदेशको कुल तथा खुद विद्यार्थी भर्ना दर ७०
तालिका ६.४: कर्णाली प्रदेशमा जिल्लागत साक्षरताको अवस्था ७१
तालिका ६.५: (क):कर्णाली प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने शिक्षणसंस्थाहरूको विवरण ७२
तालिका ६.५: (ख):कर्णाली प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने शिक्षणसंस्था तथा छात्र-छात्राको स्थिति ७३
तालिका ६.६: कर्णाली सेवा प्रदायक संस्थाहरू ७५
तालिका ६.७: स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको विषयगत तथा जिल्लागत विवरण ७६
तालिका ६.८: प्रमुख नियमित स्वास्थ्य सूचकहरूको अवस्था ७८
तालिका ६.९: कर्णाली प्रदेश र नेपालका स्वास्थ्य परिसूचकहरूको तुलना ७९
तालिका ६.१०: प्रजनन् स्वास्थ्य (प्रदेश र राष्ट्रिय परिसूचकहरू) ८०

तालिका ६.११(क): खानेपानी र शौचालय सुविधा ८३
तालिका ६.११(ख): कर्णाली प्रदेशमा पिउने पानीका स्रोतहरू ८४
तालिका ६.१२: कर्णाली प्रदेश श्रम बजार सूचकहरू ८६
तालिका ६.१३: कर्णाली औपचारिक अनौपचारिक क्षेत्रमा रोगजारीको अवस्था ८७
तालिका ७.१: रणनीतिक सडक र राष्ट्रिय राजमार्ग (प्रदेशगत अवस्था) ९१
तालिका ७.२: कर्णाली प्रदेश सडक (अनुमानित) ९२
तालिका ७.३: स्थानीय सडक सञ्जालको अवस्था ९२
तालिका ७.४: कर्णाली प्रदेशका हवाइमैदानहरू ९३
तालिका ८.१: कर्णालीका महत्त्वपूर्ण सात गन्तव्यहरू ९८
तालिका ८.२: नवप्रर्वतन गर्नु पर्ने पर्यटकीय क्षेत्रहरू ९८
तालिका ८.३: वाह्य पर्यटन आगमन (२०७५।७५ र २०७५।७६) १००
तालिका ८.४: पर्यटकीय केन्द्रहरूमा वाह्य पर्यटन आवागमनको अवस्था (२०१०–२०१६) १०२
तालिका ८.५: कर्णाली प्रदेश आन्तरिक पर्यटन गतिशीलता १०४
तालिका ८.६: दैलेखका पुरातात्विक र साँस्कृतिक निधिहरू १०५
तालिका ८.७: सुर्खेतका पुरातात्विक र साँस्कृतिक निधिहरू १०७
तालिका ८.८: जाजरकोटका पुरातात्विक र साँस्कृतिक निधिहरू १०७
तालिका ८.९: रुकुमका पुरातात्विक र साँस्कृतिक निधिहरू १०८
तालिका ८.१०: डोल्पाका पुरातात्विक र साँस्कृतिक निधिहरू १०८
तालिका ८.११: हुम्लाका पुरातात्विक र साँस्कृतिक निधिहरू १०९
तालिका ८.१२: जुम्लाका पुरातात्विक र साँस्कृतिक निधिहरू १०९
तालिका ८.१३: कालिकोटका पुरातात्विक र साँस्कृतिक निधिहरू १११
तालिका ८.१४: मुगुका पुरातात्विक र साँस्कृतिक निधिहरू ११२
तालिका ८.१५: सल्यानका पुरातात्विक र साँस्कृतिक निधिहरू ११२
तालिका ८.१६: कर्णाली प्रदेश: पर्यटकीय स्थल र पर्यटन भ्रमण सङ्ख्या ११३
तालिका ८.१७: कर्णाली प्रदेश सरकारद्वारा प्रस्तावित पर्यटकीय गन्तव्यहरू (पालिका तहबाट) ११७
तालिका ८.१८: सङ्घीय सरकारले छनौट गरेका मध्ये प्रदेशले प्रस्तावित गरेका १३ गन्तव्यहरू १२०
तालिका ८.१९: प्रदेशले प्रस्तावित क्षेत्रगत ९ पर्यटकीय स्थलहरू १२१
तालिका ८.२०: जिल्लाका केही होटलको सूची १२२
तालिका ९.१: जलस्रोत उपयोग र ऊर्जाका केही सूचकहरू १२३
तालिका ९.२: प्रदेशका जलविद्युत आयोजनाको अवस्था १२४
तालिका ९.३: कर्णाली विद्युत् प्रसारण लाईन योजना १२५
तालिका १०.१: जिल्लागत आर्थिक प्रतिष्ठान र जनशक्ति १२७
तालिका १०.२: आर्थिक प्रतिष्ठान र जनशक्ति प्रदेशगत तुलना १२८
तालिका १०.३: उद्योग र श्रमको अवस्था १२८
तालिका १०.४: प्रदेशका उद्योगहरू लगानी र रोजगारी १२९
तालिका १०.५: वैदेशिक लगानीका लागि स्वीकृति पाएका उद्योगहरू(२०७४-७५) १२९
तालिका १०.६: जिल्लागत उद्योग दर्ता विवरण (उद्यमी र पुँजीगत अवस्था) १३०

तालिका १०.७: जिल्लागत उद्योग दर्ता विवरण (रोजगारी र वर्गिकरणका आधारमा) १३०
तालिका १०.८: प्रदेशमा खानीहरू र अवस्था १३२
तालिका ११.१: कर्णाली प्रदेशका प्राथमिक बालीहरू १३४
तालिका ११.२: कर्णाली प्रदेशको जिल्लागत भू-उपयोगको अवस्था १३६
तालिका ११.३: कर्णाली प्रदेश भू-उपयोग: सिँचाइ र खेतीयोग्य जमिनको जिल्लागत अवस्था १३८
तालिका ११.४: कर्णाली प्रदेशका पहाडी ५ जिल्लाको कृषि उत्पादनको अवस्था १३९
तालिका ११.५: कर्णाली प्रदेशका हिमाली जिल्लाको कृषि उत्पादनको अवस्था १४४
तालिका ११.६: पशुपन्छी उत्पादनको अवस्था १४८
तालिका ११.७: कर्णाली पशुजन्य उत्पादन १४९
तालिका ११.८: पशुपन्छीजन्य उद्योगको विवरण १४९
तालिका ११.९: कर्णाली प्रदेशमा विविध खाद्य उत्पादनको अवस्था १५०
तालिका ११.१०: कर्णालीका विभिन्न कृषि उत्पादनहरूको प्रतिशत १५०
तालिका ११.११: सहकारी सङ्घ संस्थाहरूको (कर्णाली प्रदेश, २०७३/७४)तथ्याङ्क विवरण १५३
तालिका १२.१: जिल्लाअनुसार वन क्षेत्रको विवरण (क्षेत्रफल हे. हजारमा) १५५
तालिका १२.२: व्यवस्थापनको आधारमा वनको विवरण १५५
तालिका १२.३: वन क्षेत्रवाट प्राप्त राजस्व विवरण (आ.व.०७३।०७४ मा उत्पादन भएको) १५६
तालिका १२.४: वैज्ञानिक वन व्यवस्थापन गरिएको र अतिक्रमित वनको क्षेत्र १५६
तालिका १२.५: जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावारसम्वन्धी विवरण १५७
तालिका १२.६ (क): कर्णाली जिल्लागत न्यूनतम तापमानको अवस्था (१९७४ देखि २०१४) १५८
तालिका १२.६ (ख): कर्णाली जिल्लागत औसत न्यूनतम वर्षामा आएको परिवर्तन (१९७४–२०१४) १५८
तालिका १४.१: विधेयकहरू र यससम्बन्धी विवरण १६१
तालिका १४.२: प्राकृतिक प्रकोपका कारण घाइते र मृत्यु २०७४।७५ १६५
तालिका १४.३: माथिल्लो कर्णाली: सुरक्षित र असुर्रक्षित बस्तीहरू १६६
तालिका १५.१ दिगो विकास लक्ष्य सूचकाङ्क १७२
तालिका १६.१: कर्णाली प्रदेशमा दरबन्दी र पदपूर्तिको अवस्था १८२
तालिका १७.१: कर्णाली प्रदेश स्थानीय वडा तहको घरधुरी र जनसाङ्ख्यिक स्थिति २०७–२३७
महत्वपूर्ण सम्पर्क नं.का तालिकाहरु २३८–२४८

चित्रहरू:

चित्र १.१: तीन प्रमुख चुनौतीहरू ७
चित्र २.१: कर्णाली बेसिनको मासिक औसत वर्षा र तापक्रम (१९८१-२०१२) १२
चित्र २.२: कर्णाली प्रदेशमा तापक्रमको अवस्था (१९८१-२०१२) १२
चित्र २.३: जिल्लागत औसत अधिकतम तथा न्यूनतम तापमान १५
चित्र २.४: उचाइअनुसार कर्णाली प्रदेशमा रहेका तालहरूको वितरण १८
नक्सा ३.१: जनसङ्ख्या वितरण २३
चित्र ३.२: कर्णाली प्रदेशमा जातजातिको अवस्था २४
चित्र ३.३: जनसाङ्ख्यिक पिरामिड २०६८ २६
चित्र ३.४: कर्णाली र अन्य प्रदेशको बसाइँसराइको अवस्था २९

चित्र ३.५: घरको बनौट र स्तर ३०
चित्र ३.६: घरका तल्लाअनुसार घरपरिवार प्रतिशत ३१
चित्र ५.१: चित्र नं. ५.१ (क): कर्णाली प्रदेशको बजेट आयको अवस्था ४७
चित्र ५.१ (ख) : कर्णाली प्रदेशको आयको स्रोत ४७
चित्र ५.२: कर्णाली प्रदेश बजेट २०१८-१९, खर्च विनियोजन ४८
चित्र ५.३: राजश्वको अनुमान ५०
चित्र ५.४: आर्थिक वृद्धि र क्षेत्रगत संरचना (अनुमान) ५२
चित्र ५.५: कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क र प्रतिव्यक्ति वैदेशिक सहयोग ५७
चित्र ५.६: वैदेशिक प्रत्यक्ष सहयोग ५७
चित्र ६.१: मानव विकास सूचकाङ्क (जिल्लागत अवस्था) ६६
चित्र ६.२: जिल्लागत रूपमा गरिबी कम र बढी भएका पालिकाहरू ६७
चित्र ६.३: कर्णाली प्रदेशमा पूर्ति दरबन्दीको प्रतिशत ७७
चित्र ६.४: प्रदेशस्तरीय घरधुरीको खाद्य असुरक्षित वर्गीकरण (प्रतिशत) ८२
चित्र ६.५: कर्णाली सुरक्षित खानेपानी पहुँच नभएको जनसङ्ख्या प्रतिशत ८३
चित्र ६.६: प्रदेशबाट वैदेशिक रोजगारीमा जाने सङ्ख्या ८५
चित्र ८.१: वाह्य पर्यटन आगमन (२०७५।७५ र २०७५।७६) १०१
चित्र ८.२: कर्णाली आन्तरिक पर्यटन आवागमन, २०१८ १०१
चित्र ८.३: रारा र फोक्सुन्डो: वाह्य पर्यटन आवागमनको स्थिति (२०६९।७० देखि २०७३।७४) १०२
चित्र ८.४: वाह्य पर्यटन जिल्लागत आवागमन अवस्था (२०१६ र २०१७) १०३
चित्र ८.५: आन्तरिक पर्यटकीय गतिशीलता (आ.ब. ०७५ बैशाख १ देखि ०७६ बैशाख १) १०३
चित्र ११.१(क): कर्णाली प्रदेशको भू-उपयोगको अवस्था १३५
चित्र ११.१ (ख): जिल्लागत भूपयोगको अवस्था १३६
चित्र ११.२: नेपालमा सहकारी संस्थाहरूको वृद्धि (२०४७-२०७४) १५१
चित्र ११.३: कर्णाली प्रदेशमा रहेका विषयगत सहकारीको विवरण १५२
चित्र १३.१ कर्णाली प्रदेशभामा जातीय उपस्थिति १५९

नक्साको विवरण

नक्सा १.१: कर्णाली प्रदेश: जिल्ला गाउँपालिका र नगरपालिकाहरू २
नक्सा २.१: भौगर्भिक अवस्था ११
नक्सा ३.१: जनसङ्ख्या वितरण २३
नक्सा ६.१: वाल मृत्युदर प्रदेशगत तुलना ६४
नक्सा ६.२: जिल्लागत स्वास्थ्य सेवा प्रदायकहरूको सङ्ख्या ७५
नक्सा ६.४: कर्णाली प्रदेशको खाद्य सुरक्षाको अवस्था ८१
नक्सा ७.१: कर्णाली प्रदेश सडक सञ्जाल ८८.
नक्सा ९.१: कर्णाली प्रदेशका महत्त्वपूर्ण नदी र जलविद्युत् सम्भावना १२४
नक्सा १४.१: सूचना संचारको अवस्था प्रदेशगत तुलना १६८
प्रदेशका सबै जिल्लाका नक्साहरू १७३-१९४

१. परिचय

१.१ पृष्ठभूमि

सङ्घीय गणतन्त्र नेपालको संविधानको मर्म र कर्णालीका जनताको बलिदानपूर्ण सङ्घर्षका कारण कर्णाली प्रदेश स्थापना भएको हो । ऐतिहासिकता, प्रशासनिक सुगमता, भौगोलिक निकटतालाई र सन्तुलित विकासको सम्भाव्यता ख्याल नगरी भएको प्रदेश सीमाङ्कनका विरुद्ध कर्णाली प्रदेशका जनताले गरेको बलिदानपूर्ण सङ्घर्षका क्रममा चारजना कर्णालीका सपूतहरूले[१] ज्यान गुमाउनु परेको थियो । सङ्घीय गणतन्त्र नेपालको नयाँ संविधानको भावनाअनुरूप प्रदेश सीमाङ्कनका क्रममा जन्मिएको कर्णाली प्रदेशमा साविक कर्णाली अञ्चलका ५ जिल्ला, भेरीका ३ पहाडी जिल्ला र राप्तीको सल्यान र रुकुम पश्चिम गरी १० जिल्ला समेटी प्रदेश निर्माण भएको छ। यस प्रदेशमा कुल ७९ स्थानीय तह (२५ नगरपालिका र ५४ गाउँपालिका) रहेका छन् भने ७१८ वडाहरू रहेका छन् (नक्शा १ र तालिका १)।

कर्णाली प्रदेशले सबैभन्दा पहिले आफ्नो नामाकरण र राजधानी तय गरेर आवश्यक निर्णय लिने कुरामा तुलनात्मक रूपमा अगाडि छ भन्ने देखाएको छ। अझ भाषा, सभ्यता र संस्कृतिका रूपमा यो प्रदेश नेपालकै पुरानो पहिचान बोकेको प्रदेश हो । इतिहासका दृष्टिबाट यो प्रदेशले कर्णाली प्रदेशको पूर्वमध्यकालीन खस साम्राज्यको विरासत्लाई बोकेको छ। भूगोलका दृष्टिले यस प्रदेशले कर्णाली र भेरी नदी तथा तिनका शाखाहरूद्वारा सिञ्चित भूभागलाई समेट्दछ । यस प्रदेशले उत्तर दक्षिण व्यापारिक र साँस्कृतिक मार्गका रूपमा यही कर्णाली प्रदेशको बीचबाट भएर मानसरोवर हुदैँ मध्य एसिया पुग्ने प्राचीन मध्यकालीन रेशम मार्गलाई प्रतिनिधित्व गर्दछ। यस मार्गमा रहेका पाटी, पौवा, मन्दिर, विहार, पत्थरनाउली, ज्वाला पञ्चकोशी धामहरू, मालिकाहरू, ऐतिहासिक गुम्बाहरू, कीर्तिखम्ब र पञ्चदेवल तथा सिंजा र दुल्लुजस्ता ग्रीष्मकालीन र शीतकालीन राजधानीजस्ता अनेक ऐतिहासिक सम्पदाहरूले कर्णाली प्रदेशको सभ्यता र इतिहासको वैभवलाई पुष्टि गर्दछन् । सामाजिक दृष्टिले कर्णाली प्रदेश न्याय, विकास र पहिचानको खोजीमा निरन्तर आन्दोलन, प्रतिरोध र विद्रोहको पर्यायवाची पनि बन्न पुगेको छ।[२]

कर्णाली प्रदेश चुनौतीका पहाड र अथाह सम्भावनाको दोसाँधमा रहेको छ । कर्णाली प्रदेशसँग देशको २०.५३ प्रतिशत भूभाग रहेको छ भने जनसङ्ख्या केवल ५.९ प्रतिशत रहेको छ। यहाँका हिमाल, पहाड, लेकाली घाँसे मैदान, वनजङ्गल, कृषि भूमि, नदी, तालतलैया आदिले विशिष्ट उत्पादनका सम्भावना बोकेको भए तापनि पूर्वाधारको समुचित विकास हुन सकेको छैन । कर्णालीको डोल्पा

१ आन्दोलनका क्रममा सुर्खेतबाट टिकाराम गौतम, गोपाल रजवार, यामकुमार विश्वकर्मा तथा जुम्लाबाट हरिबहादुर कुँवरसहित चारजनाले शाहदत प्राप्त गरेका थिए ।

२ वि.सं. २००८ सालको कामी बुढा र भवानीप्रसाद शर्माले गरेको विद्रोह, जनयुद्धको केन्द्र भागका रूपमा कर्णाली प्रदेशको विकास तथा २०४६ साल, २०६२-६३ को जनक्रान्ति र कर्णाली प्रदेश स्थापनाका लागि भएको सङ्घर्ष यसका ज्वलन्त उदाहरणहरू हुन् ।

जिल्ला ट्रयाकसम्म खुल्न सकेको भए तापनि हुम्ला जिल्ला अझै सडक सञ्जालले जोडिन सकेको छैन । बजेट र अन्य संरचनागत समस्याका कारण कर्णाली र भेरी कोरिडोरको काम अपेक्षित ढङ्गले अगि बढ्न सकिरहेको छैन । प्रदेशको नीति, कानुन र संरचनाहरू सङ्घीय ढाँचामा अझै यथोचित रूपमा बनीनसकेको र दक्ष जनशक्तिको अभावका कारण विकासका कार्यमा अपेक्षित गति प्रदान गर्न सकिएको छैन ।

नक्सा १.१: कर्णाली प्रदेशका जिल्ला र पालिकाहरू

इतिहासको कालखण्डमा भाषा, साहित्य र संस्कृतिको केन्द्र रहेको कर्णाली प्रदेशमा करिब ४१ प्रतिशत जनसङ्ख्या अझैं निरक्षर छन् । नेपालको निरक्षरता दर घटेर ११ प्रतिशत पुगेको समयमा कर्णालीमा रहेको यो निरक्षरता निकै ठुलो हो । युवा निरक्षरता र महिला निरक्षरता नेपालकै सबैभन्दा बढी छ । गुणस्तरीय र प्राविधिक शैक्षिक संरचनाहरू निर्माण गर्न ढिलो भइसकेको छ भने सार्वजनिक शिक्षामा अपेक्षित सुधार गर्न बाँकी नै छ । विद्यालय भर्ना दरमा सुधार भए तापनि बीचैमा पढाई छाड्ने प्रवृति अझै उच्च छ । शिक्षाको अवस्थामा सुधार ल्याउन कर्णाली प्रदेश सरकारले आवासीय विद्यालय निर्माण गर्ने योजना अगि सारेको छ ।

तालिका १.१: प्रदेशका स्थानीय तहहरू

जिल्ला	कुल स्थानीय तह सङ्ख्या	नगरपालिका सङ्ख्या	गाउँपालिका सङ्ख्या	कुल वडा सङ्ख्या
रुकुम पश्चिम	६	३	३	७३
सल्यान	१०	३	७	८३
सुर्खेत	९	५	४	९९
दैलेख	११	४	७	९०
जाजरकोट	७	३	४	७७
डोल्पा	८	२	६	७६
जुम्ला	८	१	७	६०
कालिकोट	९	३	६	८२
मुगु	४	३	१	४५
हुम्ला	७	०	७	४४
कर्णाली प्रदेश	**७९**	**२५**	**५४**	**७१८**
नेपाल	**७५३**	**२९३**	**४६०**	**६७४३**

कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क ०.४११ रहेको छ । अरू प्रदेशको तुलनामा यो सबैभन्दा पछि अर्थात् सातौंमा पर्न आउँदछ । सन् २०१८ मा नेपालको अनुमानित औसत प्रतिव्यक्ति आय १२ सय डलर रहेको अवस्थामा कर्णालीको प्रतिव्यक्ति आय भने ६०६ डलर अनुमान गरिएको छ । कर्णाली प्रदेशको आधाभन्दा बढी जनसङ्ख्या (५१.२२ प्रतिशत) बहुआयामिक गरिबीमा रहेका छ भने निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ३६.५० प्रतिशत हुन आउँदछ (तालिका १.२) ।

कर्णाली प्रदेश सरकारले दिगो र तीव्र आर्थिक विकासका लागि योजनाबद्ध विकास र समृद्धि हासिल गर्न २०७५ सालमा कर्णाली प्रदेश योजना आयोग गठन गरेपछि आयोगले विकासका प्राथमिकता निर्धारण गरिसकेको छ । सबैभन्दा पहिलो प्राथमिकता पूर्वाधार विकास (यातायात, ऊर्जा, बस्ती विकास, खानेपानी, सिँचाइ आदि), सँगसँगै उत्पादनमा वृद्धि, सामाजिक विकास, पर्यटन तथा वातावरण

सुशासनलाई निर्धारण गरेको छ । कर्णालीमा १८ हजार मेघावाट जलविद्युतको सम्भावना रहेको भए तापनि केवल ७.१ मेघावाट मात्र उत्पादन भएको छ । भेरी, बबई, नलगाड, वेतन कर्णाली, फुकोट, जगदुल्लामा जलविद्युत निर्माण कार्य अगि बढाउन आधार तयार भएको छ । मानसरोवर मार्ग, रारा, शे-फोक्सुन्डोलगायत प्राकृतिक एवम् साँस्कृतिक निधिहरू रहेको यस प्रदेशमा बाह्य पर्यटकको सङ्ख्या १४ हजारसम्म पुगेको छ तर मानसरोवर जाने पर्यटक घटाउने हो भने कर्णालीमा आउने बाह्य पर्यटकको सङ्ख्या १ हजार पनि पुगेको अवस्था छैन । नेपालले १२ लाख वैदेशिक पर्यटक पुऱ्याउन सकेको सन्दर्भमा कर्णाली प्रदेशमा आएको यो पर्यटकको सङ्ख्या अति न्यून हो । तर यस बीचमा काठमाडौं-वीरेन्द्रनगर सिधा नियमित हवाई उडान सञ्चालन भएको छ र केन्द्र सरकारले पनि प्रदेशका महत्त्वपूर्ण पर्यटकीय स्थानहरूलाई १०० गन्तव्यमा राखी पर्यटकीय पूर्वाधारका योजनाहरू अगि सारेको छ ।

कर्णाली प्रदेशमा ठुला र मझौला उद्योगधन्दा खुल्न सकेका छैनन् भने सेवाक्षेत्र अविकसित अवस्थामै छ । प्रशोधन उद्योगहरूको अभावमा ६० प्रजातिका बहुमूल्य जडीबुटीहरू र रत्न पत्थरहरूको भण्डार रहेको कर्णाली प्रदेशबाट कच्चा पदार्थ बाहिर निर्यात हुन्छ । तरकारी खेती र फलफूल खेतीतर्फ केही जिल्लाहरूमा व्यावसायिक कृषिको सम्भावनाका ढोका खोलिए तापनि प्रदेशको अधिकांश कृषि अझै निर्वाहमुखी छ । कर्णाली प्रदेशको माथिल्लो क्षेत्र अझै प्राङ्गारिक अवस्थामै रहेको छ । स्वच्छ हावापानी र माटोका साथै स्वस्थ जीवनलाई दृष्टिगत गरी कर्णाली प्रदेश सरकारले **प्राङ्गारिक कृषि तथा पशुपन्छी पालनलाई** नीतिलाई अगि सारेको छ । कर्णाली प्रदेशमा अझै करिब १६ हजार मेट्रिक टन खाद्यान्न अपुग रहेको छ । सिँचाइ, मल, बीऊ र प्रविधिका कारण खाद्य उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन भने गैर-कृषि रोजगारको अभाव, आगमन असुविधा र गरिबहरूको खाद्यमा कमजोर पहुँचका कारण पनि खाद्य सुरक्षाको जोखिम अझै विद्यमान छ ।

कर्णाली प्रदेशमा मातृ शिशु मृत्युदर, बालविवाह र किशोरी आमा बन्ने समस्या देशका सबै प्रदेशभन्दा उच्च रहेको छ । ग्रामीण भेगमा स्वास्थ्य सेवाको सुलभ पहुँच हुन सकिरहेको छैन भने राजधानी र जिल्ला केन्द्रहरूमा पनि भर्खर मात्र केही सुविधासम्पन्न अस्पतालहरू निर्माण हुन थालेका छन् । यस प्रदेशमा पूर्वाधार, निर्माण र उद्योगधन्दा स्थापनाको काम अगि नबढिसकेकाले बेरोजगारी समस्या उच्च रहेको छ । कर्णाली प्रदेशबाट मौसमी कामदारका रूपमा भारत जाने युवा जनसङ्ख्या अझै ठुलो छ भने करिब ३ प्रतिशत युवा वैदेशिक रोजगारमा मलेशिया र खाडीलगायतका देशमा जाने गर्दछन् । के.त.वि.ले हालसालै गरेको जनशक्ति सर्वेक्षण अनुसार कर्णाली पञ्देशमा वेरोजगारी दर ९.७ प्रतिशत रहेको छ । उद्योगधन्दा कलकारखानाहरू नखुली सकेको र दक्ष मानव संसाधनको कमी रहेकाले श्रमको उत्पादकत्व पनि कम रहेको छ ।

यी विद्यमान समस्याहरूलाई चिर्दै कर्णाली प्रदेश सरकार अवसर र सम्भावनाका ढोका खोल्दै अगि बढ्नुको अर्को विकल्प नभएको हुँदा कर्णाली विकासको नयाँ मोडल अङ्गीकार गरी विकास निर्माणलाई तीव्रता दिँदै अगाडि बढ्नु पर्दछ ।

तालिका १.२: आर्थिक तथा सामाजिक सूचकहरू

क्रम सङ्ख्या	विवरण	सूचक	क्रम सङ्ख्या	विवरण	सूचक
१.	कर्णाली आर्थिक वृद्धिदर (२०१०-१७) २०१८	४.८ प्रतिशत ५.७ प्रतिशत	७.	**कर्णाली खाद्यसुरक्षा** उपलब्ध खाद्यान्न (मे.टन) अपुग खाद्यान्न (मे.टन)	३०९०५७ १६,००० (–)
२.	कर्णाली कुल गार्हस्थ्य उत्पादन (रूपैया) कुल राजश्वमा योगदान	रु.१ खर्ब १९ अर्ब २६ करोड ०.१२ प्रतिशत	८.	**स्वास्थ्य अवस्था** ५ वर्षमुनिका बालबालिकाहरू पुड्कोपन (%) नवजात शिशुको मृत्युदर (१००० मा) किशोरी आमाहरू (१५-१९ वर्ष)	५५ २९ १९
३.	कर्णाली प्रतिव्यक्ति आय २०१८ (अनुमानित) कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान	५९७ अमेरिकी डलर ३.४ %	९.	कुल साक्षरता (%) विद्यालय भर्ना दर (१ देखि ८ वर्ष)	५९ ९३.२
४.	**वैदेशिक सम्भाव्य लगानीको अवस्था** साना ठुला अपेक्षित लगानी अपेक्षित रोजगारी	 १८ ४ ३६६४.७ करोड ११७२	१०.	मानव विकास सूचकाङ्क सरदर आयु वाल मृत्युदर प्रतिहजार	०.४११ ६७ वर्ष ५४ जना
५	**श्रम तथा रोजगार** आर्थिक रूपमा सक्रिय जनसङ्ख्या वैदेशिक रोजगारमा गएको जनसङ्ख्या (प्रतिशत) कृषिमा आश्रित जनसङ्ख्या % श्रम उत्पादकत्व (रु) बेरोजगारी दर	 ६७१६९२ १०१६५६ (१५% ८७ % ७८६२३ ९.७ %	११.	**कृषि** कृषि भूमि (हेक्टर) वर्षभरी सिञ्चित भूमि (हेक्टर) " प्रतिशत	 १६५९१० हे. २५३०९ हे. १५.५%
६.	गरिबीका रेखामुनि रहेको जनसङ्ख्या बहुआयामिक गरिबी दर	३६.५० ५१.२२ %	१२.	**सडक र भौतिक पूर्वाधार** सडक (कि.मि.) खानेपानी पहुँच (% विद्युत पहुँच %	११५२ ६४.१ २१.७

नोट: पार्श्वचित्रको सन्दर्भसूचीमा रहेका CBS 2016, CBS 2018, CBS 2019, UNDP 2014, NPC 2020, MoH/GoN.2017, MoLE /GoN. 2017, WB 2019, MOFA 2019, KPPC 2020 on SDGs लयायत सङ्घीय र प्रदेश मन्त्रालयका अद्यावधिक विभिन्न तथ्याङ्क स्रोतहरु यसमा प्रयोग गरिएको छ ।

१.२ पार्श्वचित्र निर्माणका उद्देश्यहरू

कर्णाली प्रदेशको पार्श्वचित्र निर्माणका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- आवश्यक तथ्य तथ्याङ्क सङ्कलन र विश्लेषण गरी प्रकाशित गर्ने ।
- प्रादेशिक योजना र अध्ययन अनुसन्धानको आधार तयार गर्ने ।
- प्रदेशको वस्तुगत अवस्थाका बारेमा प्रबोधिकरण गर्ने ।

१.३ तयारी विधि

- कर्णालीसम्बन्धी सामग्री, तथ्य तथा तथ्याङ्कहरूको पुनरावलोकन गरी आवश्यकता अनुसारका विषयहरू समावेश गरिएको छ । सान्दर्भिक तथ्य तथ्याङ्कलाई छनौट गरी तालिका र चित्रमा प्रस्तुति गरिएको छ । तथ्यहरू प्रस्तुत र विश्लेषण गर्न माइक्रोसफ्ट एक्सेल र जिआइएस विधि प्रयोग गरिएको छ ।
- विभिन्न समयमा सम्पन्न भएका गोष्ठी, सेमिनार र छलफलमा प्रस्तुत गरिएका तथ्याङ्कहरूको पुनरावलोकन र संश्लेषण गरी समावेश गरिएको छ । योजना आयोगसहितको विज्ञहरू तथा समूह छलफलमार्फत् मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

१.४ तथ्याङ्क स्रोत

पार्श्वचित्र निर्माणका लागि निम्नानुसारका तथ्याङ्क स्रोत प्रयोग गरिएको छ:

- केन्द्रीय तथ्याङ्क विभागले लिएको २०६८ को जनगणनामा आधारित तथ्याङ्क र यससँग सम्बन्धित प्रक्षेपण ।
- के.त.वि.ले गरेको आर्थिक सर्वेक्षण २०७४/७५ र २०६८ पछि भएका अन्य विषयगत सर्वेक्षणहरू ।
- राष्ट्र बैंकले गरेका राष्ट्रिय र प्रदेशस्तरीय सर्वेक्षण र अध्ययनहरू ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयका अध्ययन र सर्वेक्षणहरू ।
- संयुक्त राष्ट्र सङ्घ, विभिन्न दातृसंस्था र अध्ययन संस्थाले गरेका सर्वेक्षण र अध्ययनहरू ।
- प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहबाट भएका सर्वेक्षण र अध्ययनहरू ।
- ऐतिहासिक अध्ययन अनुसन्धान सामग्रीहरू ।
- विज्ञ समूह र कर्णाली प्रदेशको योजना तय गर्न गरिएका विभिन्न कार्यशाला गोष्ठीबाट प्राप्त सामग्रीहरू ।

१.५ पार्श्वचित्रको उपादेयता

यो पार्श्वचित्र प्रदेशको योजना निर्माणका आधारका रूपमा सहयोगी हुनेछ । यसले कर्णाली प्रदेशको वस्तुगत अवस्थाबारे केही हदसम्म जानकारी गराउनेछ । यसले विभिन्न तहका सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू, गैह्व सरकारी संस्थाहरूलाई अध्ययन, अनुसन्धान गर्न र विकासका विविध क्षेत्रमा स्रोत सामग्रीका रूपमा एवम् योजना निर्माण गर्न सघाउ पुऱ्याउनेछ ।

१.६ सीमा

देश सङ्घीयतामा गएपश्चात् कर्णाली प्रदेशमा जिल्ला र पालिका विभाजित हुँदा विषयगत र आवधिक तथ्याङ्कको सहज प्राप्तिमा समस्या देखापरेको छ। के.त.वि.को नयाँ जनगणना नभइसकेको र पुरानो जनगणनाको अवधि १ दशक पुग्न लागेका सन्दर्भमा कतिपय तथ्याङ्कको सामयिकता कमजोर बनेको छ। सबै स्थानीय तहहरूले पनि घरधुरी सर्वेक्षणबाट तथ्याङ्क सङ्कलन नगरिसकेकाले पार्श्वचित्र लेखनमा केही नयाँ र केही पुरानो तथ्याङ्कमा आधारित हुनुपऱ्यो।

चित्र १.१ तीन प्रमुख चुनौतीहरू

१.७ कर्णाली विकासका समस्या

- भौगोलिक विकटता
- यातायात, ऊर्जा र पूर्वाधार अभाव
- खाद्य तथा पोषण सुरक्षाको कमजोर अवस्था
- निम्न आम्दानी र गरिबीका कारण सिर्जित समस्या। परम्परागत जनजीविकाका धरासय भएको तर वैकल्पिक जीविकाको बाटो पहिल्याउन ढिलो भएको।

- निरक्षरता र धरासय भएको सार्वजनिक शिक्षा ।
- विकराल स्वास्थ्य अवस्थाका कारण दुर्वल जनशक्ति र कमजोर श्रम उत्पादकत्व ।
- वाल विवाह, छाउपडी, लैंगिक विभेद, छुवाछूत, लागू पदार्थ दुर्व्यसनीका कारण युवा अझै समस्या भोगिरहेको ।
- युवा बेरोजगारी, आप्रवासन, मौसमी बसाइँसराइ कर्णालीको मुख्य समस्या हो । कामका लागि मूलतः भारत जाने प्रवृति रहेको र पछिल्लो समयमा वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या बढेको ।
- भ्रष्ट्राचार र विकास खाने प्रवृति अन्त्य गर्न नसकिएकाले असल शासनको प्रत्याभूति गर्न बाधा उत्पन्न भएको ।
- नीतिगत, कानुनी, संरचनागत बाधा व्यवधान टुङ्ग्याउन ढिलो भएको ।
- आवश्यक जनशक्तिको अभाव ।

१.८ सम्भावना र अवसरहरू

कर्णाली प्रदेशका आर्थिक सामाजिक सूचकहरू दयनीय छन् र थुप्रै चुनौतीहरू छन् तर पनि यो अथाह अवसर र सम्भावना भएको प्रदेश हो । कर्णाली प्रदेश सरकार सम्पूर्ण सम्भावना र अवसरहरूलाई प्राथमिकतामा राखी नीति, योजना र कार्यक्रम तय गरी अगि बढिरहेको छ । कर्णाली समृद्धिका लागि आवश्यक पर्ने जल, जमिन, जङ्गल एवम् जडीबुटी र जनसङ्ख्याजस्ता प्राकृतिक स्रोतहरूबाट धनि भएकाले यिनको दिगो विकासको सिद्धान्तअनुसार सही परिचालन र सदुपयोग गरी आन्तरिक र बाह्य पुँजीको उच्चतम् लगानीबाट अगि बढ्नु अहिलेको आवश्यकता हो । सङ्क्षेपमा सम्भावना र अवसरहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- कम जनसङ्ख्या तथा धेरै भूभाग र प्राकृतिक स्रोत
- नौलो (Virgin) लगानीको क्षेत्र
- बाल र युवा जनसङ्ख्या कर्णालीको इतिहासमै उच्च भएकाले जनसाङ्ख्यिक लाभांश लिने सम्भावना
- कर्णाली नदी प्रणालीमा रहेका आकर्षण जलविद्युत परियोजनाका साथै जलस्रोतको समुचित उपयोगको सम्भावना ।
- संसारकै सुन्दर तालहरू, मनोरम दृश्य, नदी, उच्च उपत्यका र आरोहण नगरिएका हिमाल भएको यस प्रदेशमा पर्यापर्यटनको ठुलो सम्भावना ।
- प्रदेशको ठुलो कृषि क्षेत्र अझै प्राङ्गारिक रहेकाले उच्च मूल्य र अर्ग्यानिक कृषिको सम्भावना
- जडीबुटीको अथाह भण्डार ।

- उत्तर-दक्षिण जोड्ने परम्परागत सिल्क रोडको पुनर्स्थापनाले व्यापार र पर्यटनको पुनरोदयको सम्भावना
- नेपाली इतिहास, भाषा र संस्कृतिको गौरवपूर्ण परम्परा भएको यो प्रदेश नेपालको एक प्रमुख साँस्कृतिक केन्द्र हो ।
- खनिज तेल, खानी र रत्न पत्थरहरूको भण्डार ।
- कर्णाली प्रदेशका जनतामा आएको जागरण ।
- राजधानी र प्रदेश नामकरण भइसकेको अवस्था ।
- राजनीतिक स्थिरता र तीनै तहको विकास प्रतिको प्रतिबद्दता ।

१.५ मुख्य चुनौतीहरू

माथि उल्लेखित प्रमुख सम्भावना र अवसरहरूको बावजूद कर्णालीको दिगो, फराकिलो, सन्तुलित समावेशी र तिब्र विकासका दृष्टिकोणबाट थुप्रै चुनौतीहरूको सामना गर्दै अगाडि बढ्नु पर्नेछ । मुख्यतया: कर्णाली प्रदेशमा विकासका निम्नलिखित तीन चुनौतीहरू रहेका छन् :

- पूर्वाधार विकास गर्ने ।
- बालबालिकालाई राम्रो, गुणस्तरीय र गरिखाने शिक्षा, स्वास्थ्य र सुरक्षा प्रदान गर्ने ।
- लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्ने ।

२. भूगोल

१.१ सीमाना र घरातलीय अवस्था

कर्णाली प्रदेशको क्षेत्रफल आरक्ष क्षेत्रसमेत समावेश गर्दा ३०,२११ वर्ग कि.मि. रहेको छ । यसले नेपालको २१.६ प्रतिशत भूभाग ओगट्दछ । यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वसम्म फैलिएको छ । यसको उत्तरमा चीन, पूर्वमा प्रदेश नं. ५ र गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम, दक्षिणमा प्रदेश नं. ५ रहेको छ । कर्णाली प्रदेशको अधिकतम पूर्व-पश्चिम लम्बाइ २६५ कि.मि. रहेको छ भने अधिकतम उत्तर-दक्षिण चौडाइ लगभग २५० कि.मि. रहेको छ ।[१]

कर्णाली प्रदेशको सबैभन्दा होचो भूभाग भेरी-कर्णाली दोभान जामु कुइने समुद्र सतहदेखि १८० मिटरमा रहेको छ । कर्णालीको सबैभन्दा उच्च डोल्पाको चुरेन हिमाल ७,३४८ मिटरको उचाइमा रहेको छ । उच्च हिमाली खण्डले उत्तरतर्फको अन्तर्राष्ट्रिय सीमारेखालाई निर्धारण गरेको छ भने चुरेको भागले दक्षिणतर्फ सीमा रेखा बनाएको छ । प्रदेशको बीचमा महाभारत पर्वतमाला, मध्य पहाड, उपत्यका, टार र बँसीहरू रहेका छन् । यो प्रदेशको भूगोलले नेपालको तराइ भूभागलाई समेट्न सकेको छैन । पूर्व-पश्चिम फैलिएको सुर्खेत उपत्यका समुद्र सतहबाट ७०० मिटरको उचाइमा रहेको छ । यो उपत्यकाको लम्बाइ ९ कि.मि. र चौडाइ ६ कि.मि. छ । हिमाली क्षेत्रमा रहेको अर्को ठुलो र महत्त्वपूर्ण उपत्यका जुम्लाको खलङ्गा र सिंजा हो । अन्य उपत्यका र बँसीहरूमा दुनै, गुटु, बाबियाचौर, चौकुने, चौरजझारी, शारदा बेँसी, राकम कर्णाली, बड्डीचौर, रामघाट आदि क्षेत्रहरू पर्दछन् । उच्च हिमाली बस्तीका रूपमा रहेको हुम्लाको लिमी उपत्यका ४ हजार मिटरभन्दा माथि रहेको छ र यो हिमाली संस्कृतीका हिसाबले महत्त्वपूर्ण मानिन्छ ।

१.२ भूगर्भ

कर्णाली प्रदेशको भौगर्भिक बनौट अलि जटिल प्रकारको छ । यस प्रदेशमा गङ्गाको मैदानी भाग छैन तर सुर्खेत र सल्यानको दक्षिणी भागमा चुरे र शिवालिक खण्डको भौगर्भिक विशेषता विद्यमान छ । सुर्खेत उपत्यकासमेत कमजोर धक्काका कारण बनेको शिवालिक खण्डको एक भाग हो । यो चुरेभन्दा अझ पछिल्लो माटो जम्मा भएर बनेको भूभाग हो । यसको भौगर्भीय समानता तानसेन र पूर्वमा बराह क्षेत्रसँग मिल्दो रहेको छ । उत्तरी भूखण्डबाट जम्मा भएको चट्टान र माटो निर्मित गङ्गाको मैदानसँग जोडिएको भाग उठेर नै यो खण्ड निर्माण भएको हो । रानीमत्ता खण्ड र यससँग फैलिएको महाभारत खण्ड हिमाली केन्द्रीय झड्काका कारण निर्मित भएको हो । जाजरकोट नेप यहीबाट पूर्व र पश्चिमतर्फ विस्तार भएको छ । यो कडा चट्टानयुक्त क्रिष्टलबाट निर्माण भएको हुँदा रत्नपत्थर, काइनाइट, ट्रोमोलाइनजस्ता पत्थरहरू यस शृङ्खलामा पाइन्छन् । यसलाई तल्लो हिमालयन क्रिष्टिलाइन नेप भनेर

१ According to GCS Everest 1830 Geographic Coordinate, CBS, Surkhet 2074.

पनि भनिन्छ। उच्च हिमाली क्रिष्टिलाइन नेप भने डोल्पाको दक्षिणी खण्डबाट उत्तर पश्चिम हुँदै हुम्लाको

नक्सा २.१: भौगर्भिक अवस्था



स्रोत: साकाई र अरूहरू, १९९७

माथिल्लो भागसम्म पुग्दछ। यी दुई क्रिष्टिलाइन नेपका बीचमा भने तल्लो हिमाली खण्ड फैलिएको छ। यसमा मध्य पहाड र केही हिमाली खण्ड पनि पर्दछ। मुख्यतया डोल्पा र हुम्लाको केही क्षेत्रमा प्लेजोइक युगको चट्टान विस्तार भएको छ। तिब्बतसँग सिमावर्ती क्षेत्रमा HH Icucogmanite खालको भौगर्भीक बनौट रहेको छ। मुख्य हिमाल खण्ड अपर क्रिटासियस युगमा युरासियन प्लेट र भारतीय गोण्डवाना प्लेटको मुख्य ठोक्काइबाट बनेको हो। यो क्षेत्रका हिमालहरू पूर्व क्षेत्रका भन्दा कम उचाइमा छन् तर पनि यो निरन्तर उठिरहेको मानिन्छ।[२] मनाङ र मुस्ताङसँग भौगर्भिक सामिप्यता भएको भूखण्ड भने यो प्रदेशमा खासै छैन।

२ Geology and Mineral Resources of Nepal: An Overview, KM Amatya, Department of Mine and Geology, Kathmandu Nepal accessed at http://lib.icimod.org/record/22741/files/c_attachment_193_3746.pdf.

१.३ माटो

कर्णाली प्रदेशको सुर्खेत उपत्यका र नदी किनार क्षेत्रमा दोमट र बलौटे दोमट माटो धेरै पाइन्छ। यस प्रदेशमा तराइ क्षेत्र नभएकाले विशुद्ध चिम्टाइलो दोमट माटोको खासै फैलावट भएको पाइदैन। चुरे क्षेत्र र मध्य पहाडी भागमा अवशिष्ट माटो नै धेरै पाइन्छ। लाइमस्टोन र डोलामाइटहरू रहने भएकाले यस्तो माटो क्षयीकरण पनि छिटो हुन्छ। यहाँ लेकाली र टुन्ड्रा माटो पाइन्छ जहाँ हिउँदमा हिउँ जमे पनि गर्मी सिजनमा फापर, जौ, आलु आदिको खेती भने गरिन्छ। यस प्रदेशमा काठमाडौं उपत्यकामा पाइने कालो तलैया माटो भएका क्षेत्रहरू भने खासै छैनन्।

१.४ जलवायु

नेपालको हावापानीमा भू-स्वरूपको ठुलो प्रभाव रहेको छ। भू-स्वरूपको विविधताले गर्दा यहाँको जलवायु र मौसममा अत्याधिक भिन्नता पाइन्छ। त्यसै गरी कर्णाली प्रदेशमा पनि सतहको उचाइअनुसार तापक्रम फरक पाइन्छ। यस प्रदेशमा ऊष्ण समशीतोष्णदेखि लेकाली र टुन्ड्रा हावापानी रहेको छ। कर्णाली प्रदेशको वार्षिक औसत तापक्रम २६.१ डिग्री सेल्सियस रहेको छ। बिगत ३० वर्षको (१९८१-२०१२) तथ्याङ्क हेर्दा कर्णालीको औसत अधिकतम तापक्रम २५ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १३ डिग्री सेल्सियस रहेको छ। कर्णाली प्रदेशको वार्षिक औसत बर्षा १४७९ मि.मि रहेको छ। यही अवधिमा अधिकतम वर्षा श्रावण महिनामा (३७७ मि.मि.) र न्यूनतम वर्षा मङ्सिर महिनामा (१० मि.मि.) परेको छ (चित्र २.१)। यस क्षेत्रमा वार्षिक ४.९१ मि.मि.का दरले बर्षा घटिरहेको छ (तालिका २.१) भने अधिकतम र न्यूनतम तापक्रम क्रमश ०.०५ र ०.०१ डिग्री सेल्सियस प्रतिवर्षले वृद्धि भइरहेको छ (चित्र २.२)।

चित्र २.१. कर्णाली बेसिनको मासिक औसत वर्षा र तापक्रम (१९८१-२०१२)



प्रतिवर्ष औसत वर्षात घट्नु र तापक्रम बढ्नु भनेको जलवायु परिवर्तनको बलियो सूचक भएकोले कर्णाली प्रदेश सरकार, स्थानीय तहहरू र नेपाल सरकारको यथेष्ट ध्यान गई कुनै पनि विकास निर्माणको कार्य गर्दा जलवायु अनुकूलन हुने तरिकाले गर्नु पर्ने हुन्छ। जलवायु परिवर्तनको सबैभन्दा ठुलो नोक्सान कि त समुद्र नजिकको ठाँउ कि त हिमाली क्षेत्रमा बढी हुने भएकाले कर्णाली प्रदेशको अधिकांश भूभाग हिमाली तथा पहाडी भएकाले जलवायु परिवर्तनलाई विशेष ध्यान दिनु आवश्यक छ। त्यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मानिसहरूको जनजीविका र जैविक विविधता तथा प्राकृतिक अवस्थाहरूमा फेरबदल ल्याइदिने हुनाले खास गरी अतिवृष्टि, खण्डवृष्टि, सुख्खा, बाढी पहिरोजस्ता प्राकृतिक विपद् न्यूनीकरणका कार्यक्रहरूलाई प्राथमिकतामा राखिनु पर्दछ।

तालिका २.१. वर्षाको प्रवृति अवस्था (मि.मि. प्रतिवर्ष)

	तराइ	पहाड	हिमाल	ट्रान्स हिमालय	औसत
जाडोयाम	-१.२३	-१.२८	०.१८	-१.२*	-१.२१
पूर्व मनसुन	-२.१३	-१.३४	-०.८८	-३.८९***	-१.५४
मनसुन	-१.६	-१.१२	३.५	-३.२७	-१.५८
पश्च-मनसुन	-०.८२	-०.६९	-०.३५	-०.९१**	-०.७४
वार्षिक औसत	-४.१२*	-५.४५+	२.७६	-१२.१२**	-४.९१*

p<0.1(*), p<0.05(*),p<0.01(**),p<0.001(***)

चित्र २.२. कर्णाली प्रदेशमा तापक्रमको अवस्था (१९८१-२०१२)



भौगोलिक विषमताअनुरूप कर्णाली प्रदेशमा नेपालमा रहेका सबै प्रकारका हावापानीहरू पाइन्छन्। कर्णालीमा समथर तराई भूखण्ड नरहे तापनि दक्षिणतर्फका उपत्यका र नदी बेँसीहरूमा ऊष्ण प्रदेशीय हावापानीका केही विशेषताहरू पाइन्छन् तर यी क्षेत्रहरूमा गर्मीमा लू र हिउँदमा शीतलहरी भने चल्दैन। प्रदेशको उत्तरतर्फ जाँदै गर्दा न्यानो समशीतोष्ण, ठण्डा समशीतोष्ण, लेकाली र ध्रुबीय क्षेत्रको जस्तो बाह्रै महिना हिउँ पर्ने टुन्ड्रा हावापानी पनि पाइन्छ। नेपालको पूर्वी पहाडभन्दा यस क्षेत्रमा हिउँदे वर्षा धेरै भए पनि मनसुन ढिलो गरी आउँदा कर्णाली प्रदेशमा शुष्क हावापानीको प्रभाव पाइन्छ।

तालिका २.२: प्रदेशको वार्षिक औसत अधिकतम तथा न्यूनतम तापमान

क्रम सङ्ख्या	जिल्ला	औसत अधिकतम तापमान	औसत न्यूनतम तापमान
१	सुर्खेत	३९.५	०.५
२	दैलेख	३५.६	२.४
३	जाजरकोट	३५	४
४	सल्यान	३४.४	२.५
५	रुकुम पश्चिम	३७.४	१
६	जुम्ला	३०.३	-८.७
७	मुगु	२३.५	-८.५
८	हुम्ला	२६.३	-५.७
९	डोल्पा	३३.८	-३.४
१०	कालिकोट	३०.४	-१.५

औसत अधिकतम तथा न्यूनतम तापमानको सन्दर्भमा जुम्लामा सबैभन्दा न्यून ८.७° सेल्सिएस हुन्छ भने सुर्खेतमा सबैभन्दा बढी ३९.५° सेल्सियस रहेको छ।

कर्णाली प्रदेशका विभिन्न जिल्लाको औसत अधिकतम र न्यूनतम तापमान विचार गर्दा हिमाली जिल्लाहरूमा विषम अवस्था छ। डोल्पामा औसत अधिकतम तापक्रम ३३.८° से पुग्छ भने हिउँदमा औसत -३.४° से हुन पुग्दछ। त्यस्तै विषमता जुम्ला, मुगु र डोल्पामा पनि देखिन्छ। जुम्लामा औसत अधिकतम ३०.३° से पुग्छ भने हिउँदमा -८.७° से हुन पुग्दछ (तालिका २.२, चित्र २.३)।

चित्र २.३: जिल्लागत औसत अधिकतम र न्यूनतम तापमान



स्रोत : मध्य तथा सुदूरपश्चिम हावापानी कार्यालय, वीरेन्द्रनगर, सुर्खेत, २०७५

१.५ वनस्पति

कर्णाली प्रदेशमा कुल क्षेत्रफलको ३८ प्रतिशत वन क्षेत्रले ढाकेको छ। यसबाहेक यो प्रदेशमा करिब १२.८ प्रतिशत घाँसे मैदान र ३.२ प्रतिशत झाडी रहेको छ। यसरी वन र झाडी क्षेत्रसमेत जोड्दा कर्णाली प्रदेशमा ४१ प्रतिशत वन क्षेत्र पुग्न जान्छ। यस प्रदेशमा ऊष्ण र समऊष्ण वन, पतझर मौसमी, कोणधारी, लेकाली र अल्पाइन गरी नेपालमा पाइने सबै प्रकारका वनस्पतिहरू पाइन्छन्। १००० मिटरसम्मको उचाइमा साल, सिसौ, खयर, सिमल पर्याप्त हुने गर्दछ भने टुनी, सिरिस, बाँझ, कटुस, दालचिनी, सल्लो, चाप, उत्तिस, चिलाउने आदि १००० देखि २००० मिटरसम्मको उचाइमा पाइन्छ। २००० देखि ३५०० मिटरका बीचमा खर्सु, ओखर, धूपी, गोब्रे सल्ला, देवदार, भोजपत्र आदि पाइन्छन् भने ४१०० मिटरभन्दा माथि धुपी, डालेचुक, मारु, जङ्गली गुराँस आदि पाइन्छन्। कर्णाली प्रदेशले नेपालकै सबैभन्दा बढी घाँसे मैदान क्षेत्र ओगट्दछ। यी क्षेत्रहरूमा बहुमूल्य जडीबुटीहरूको भण्डार रहेको छ। ५००० मिटरभन्दा माथिको क्षेत्रमा भने झ्याउ र लेउ मात्र पाइन्छ।

१.६ नदी प्रणाली

कर्णाली प्रदेश कर्णाली नदी र यसका शाखाहरूले सिञ्चित भएको छ। नेपालको सबैभन्दा लामो नदी कर्णाली ५०७ कि.मि. लम्बाइ छ र यसको सबैभन्दा लामो शाखा हुम्ला कर्णाली तिब्बत खारी

क्षेत्रबाट सुरूवात भएको छ । यो वास्तवमा राक्षस तालभन्दा पश्चिममा पर्ने माप्चा चुङ्गुको बिशाल मुहानबाट निस्किएको छ । कैलाश क्षेत्रबाट निस्किने ४ वटा प्रमुख नदीमध्ये ब्रम्हपुत्र नदी पूर्वतर्फ घोडाको मुखबाट, सिन्ध नदी उत्तरतर्फ सिंहको मुखबाट, सतलज नदी पश्चिमतर्फ हातीको मुखबाट र कर्णाली नदी दक्षिणतर्फ मयूरको मुखबाट निस्किएको मानिन्छ । पौराणिक हिन्दु ग्रन्थहरूमा गङ्गा नदी कैलाश क्षेत्रबाट उत्पत्ति भएको उल्लेख छ । गंगोत्रीबाट निस्किने गङ्गा बनारस क्षेत्रभन्दा निकै दक्षिणमा घाघरा नदीसँग मिसिन्छ । वनारसभन्दा माथि गङ्गालाई घागरा र बनारसमा यसै नदीलाई गङ्गाकै रूपमा चिनिन्छ । त्यसैले कैलाश क्षेत्रबाट निस्किने कर्णाली नदी नै गङ्गा हो भन्न सकिन्छ । कर्णाली सभ्यताको पतनसँग जनमानसमा कर्णालीको उत्पत्ति बारेको भ्रम पार्न राक्षस तालबाट उत्पत्ति भएको गलत प्रचार भई यसको पवित्रतामाथि नकारात्मक प्रचार हुन गएको देखिन्छ ।

कर्णालीका शाखाहरूमा भेरी, मुगु कर्णाली, तिला, लोदी, दोजाम, सेती, बबई, राप्तीलगायतका नदीहरू पर्दछन् । राप्ती कर्णाली भारतमा गएर मिसिन्छ भने यस नदीको अर्को महत्त्वपूर्ण शाखा सेती नदी सुदूर पश्चिममा पर्दछ । चिसापानी घाट भएर दक्षिण बग्ने यो नदीलाई भारतमा घागरा भनिन्छ । कर्णाली नदी प्रणालीबाट यस प्रदेशका उपत्यका र बेँसीहरू सिञ्चित भएका छन् ।

कर्णाली नदीको जलप्रवाहित क्षेत्र ४५,२५९ वर्ग कि.मि. रहेको छ । कर्णाली पानीढलोको ९५ प्रतिशत भाग नेपालमा रहेको छ । कर्णाली नदीको औसत १० देखि १०० मिटरसम्मको गहिराइ रहेको पाइन्छ । भारतमा रहेको कर्णाली नदीको भागसमेत जोड्ने हो भने यो १,०८० कि.मि. लामो रहेको छ । कर्णाली नदीमा औसत १,३६८ क्युसेक प्रतिसेकेण्ड पानी प्रवाहित हुन्छ ।

हुम्ला कर्णाली तिब्बतको खारी क्षेत्र भएर हुम्लाको हिल्साबाट नेपालमा प्रवेश गर्दछ । यस नदीमा हुम्लामै दोजम (खार्पु नदी), लोती, कवाडी नदीहरू मिसिन्छन् । मुगु कर्णाली मुगुको करान क्षेत्रबाट आउँछ र हुम्ला कर्णालीमा मिसिन्छ । भेरी नदी धौलागिरी हिमालको काख र जगदुल्ला तालबाट निस्किन्छ । यो २६४ कि.मि. लामो छ । यसका अन्य शाखाहरूमा सानी भेरी, ठूली भेरी र उत्तरगंगा पर्दछन् । तिला नदी जुम्ला र डोल्पाको पश्चिमी काख र पाताराशी हिमालबाट निस्किन्छ भने हिमा नदी घुच्चिको लेकबाट निस्किन्छ र सिंजा क्षेत्र हुँदै तिलामा मिसिन्छ । पश्चिम राप्ती महाभारत पर्वतमाला हुँदै निस्किन्छ र भारतमा घागरामा मिसिन्छ । सेती नदी सुदूर पश्चिमको अपि र नाम्पाको काखबाट निस्किने भए तापनि यो चिसापानीभन्दा माथि कर्णालीमा आएर मिसिन्छ । यो २०२ कि.मि. लामो छ ।

यस प्रदेशमा अन्य महत्त्वपूर्ण र शाखा नदीनालामा लिमी खोला, हेप्का खोला, रिपगाड, सर्केगाड, गल्वागाड, खत्याड खोला, फुगाड, लोहरे, छामघाट, रामघाट, गडाज्युला खोला, पराजुली खोला, कट्टी खोला, नलसिंङ गाड, शारदा, चिङघाट, तामे, बोज्यान खोला, लाहु खोला, सिवान खोला आदि रहेका छन् ।

१.७ ताल तलैया

कर्णाली प्रदेश विश्वकै सुन्दर तालहरूको प्रदेश हो । नेपालको सबैभन्दा सुन्दर र ठुलो रारा दह यस प्रदेशमा पर्दछ भने सबैभन्दा गहिरो र प्राकृतिक विचित्रताले भरिपूर्ण फोक्सुन्डो ताल पनि यही प्रदेशमा पर्दछ । यस बाहेक कर्णाली प्रदेशमा सल्यानको कुपिण्डे दह, हुम्लाका दुधे दहहरू, जुम्लाको शंख र गिड्ड्रिड दह, रुकुमको स्यार्पु दह, सुर्खेतको बराह ताल, जाजुरा दह र बुलबुले ताल पनि यही प्रदेशमा पर्दछन् । यही प्रदेशमा नलसिङगाड ताल, कोटिलालगायतका कृत्रिम ताल निर्माणको पूर्वसम्भाव्यता पनि अध्ययन भइरहेको छ ।

कर्णाली नेपालको सबैभन्दा ठुलो ताल रारा र गहिरो ताल फोक्सुन्डो मात्र होइन, सयौँ तालहरूको क्षेत्र हो । कर्णाली प्रदेशमा रहेका ९३६ तालहरूमध्ये ४२९ तालहरू ५ हजार मिटरभन्दा माथि रहेका छन् भने ३,००० मिटरदेखि ४,९९९ मिटरको उचाइमा ४३२ वटा तालहरू रहेका छन् तर १०० देखि २,९९९ मिटरसम्मको उचाइमा रहेका तालहरूको सङ्ख्या भने ६५ मात्र रहेको छ । तालहरूको जिल्लागत वितरण हेर्दा सबैभन्दा बढी ३८१ तालहरू हुम्ला जिल्लामा रहेका छन् भने कालिकोट जिल्लामा एउटा मात्र ताल छ । (तालिका २.१ र चित्र २.३) ।

तालिका २.३: कर्णाली प्रदेशका तालहरूको जिल्लागत विवरण

जिल्ला	जम्मा तालहरू	१०० देखि ४९९ मिटर	५०० देखि १९९९ मिटर	२००० देखि २ ९९९ मिटर	३००० देखि ४९९९ मिटर	५००० मिटर देखि माथि
सुर्खेत	२२	१	२१			
दैलेख	७		५	२		
सल्यान	५		५			
जाजरकोट	१६				१६	
रुकुम पश्चिम	७०		१३	१४	३१	१२
जुम्ला	९९			१	९७	१
कालिकोट	१				१	
मुगु	१२५			३	९३	२९
डोल्पा	२१०				४७	१६३
हुम्ला	३८१				१४७	२३४
जम्मा	९३६	१	४४	२०	४३२	४२९

चित्र २.४: उचाइअनुसार कर्णाली प्रदेशमा रहेका तालहरूको वितरण



स्रोत : के.त.वि., २०७६ ।

१.८. हिमनदी र हिमतालहरू (Glaciers and glacier lakes)

कर्णाली प्रदेशमा २६ प्रतिशत हिमक्षेत्र रहेको र कुल १,४५९ हिमनदीहरूले १,०२३ वर्ग कि.मि. क्षेत्रफल ओगटेका छन् । त्यस्तै हिमतालको सङ्ख्या ७४२ रहेको छ र यी हिम तालहरूले हिमक्षेत्रको कुल २९.१४ प्रतिशत भूभाग ओगट्दछन् (तालिका नं. २.४) । कर्णाली नदी प्रणालीमा यी हिमनदी र हिमतालहरूले बाह्रै महिना पानी वहावलाई सुनिश्चित गर्दछन् ।

तालिका २.४: हिमनदी र हिमतालहरू

प्रकार	जम्मा सङ्ख्या	कुल क्षेत्रफल (वर्ग कि.मि.)
हिमनदी (Glaciers)	१,४५९	१,०२३
हिमताल (Glacier lakes)	७४२	२९.१४७

स्रोत: ICIMOD (2011) Glacial lakes and glacial lake outburst floods in Nepal. Kathmandu: ICIMOD

तालिका २.५: महत्त्वपूर्ण केही तालहरूको भौगोलिक परिचय

क्र.सं.	ताल	अवस्थिति	विवरण
१.	रारा ताल	मुगु	५.१ कि.मि. लम्बाइ, २.७ कि.मि. चौडाइ, १६७ मिटर गहिरो, औसत १०० मिटर गहिरो, परिधि १४ कि.मि., क्षेत्रफल ८ वर्ग कि.मि., समुद्री सतहबाट ३०६० मिटर उचाइमा रहेको ।
२.	फोक्सुन्डो ताल	डोल्पा	५.१५ कि.मि. लम्बाइ, ८०० मिटर चौडाइ, औसत १४५ मिटर गहिरो, ४.९४ वर्ग कि.मि. क्षेत्रफल, समुद्री सतहबाट ३६२० मिटर उचाइमा रहेको ।
३.	कुपिण्डे ताल	बन्गाड कुपिन्डे नपा, सल्यान	लम्बाइ ८३४ मिटर, चौडाइ ५३८ र गहिराइ ३४ मिटर ।
४.	स्यार्पु ताल	रुकुम	रुकुमकोटबाट ३५ कि.मि. टाढा बाफिकोट रहेको यो ताल ०.५३ वर्ग कि.मि.मा फैलिएको छ । यो ताल हिउँदमा ९ देखि वर्षामा २३ मिटर गहिरो रहेको पाइन्छ ।
५.	जाजुरा दह	पञ्चपुरी नपा, सुर्खेत	यो ताल करिब ३ विगाहा क्षेत्रमा फैलिएको छ ।
६.	बुलबुले ताल	सुर्खेत	वीरेन्द्रनगरमा रहेको यो ताल समुद्र सतहबाट ६५७ मि उचाइमा रहेको छ । जमिनबाट बुलबुल गर्दे निस्किने मुल तालमा नुहाउने घाराहरू रहेका छन् । यस सँगै बुलबुले उद्यान र करिब १ विगाहमा फैलिएको ताल रहेको छ ।
७.	दुधे दह (खार्पुनाथ) २५	हुम्ला	२५ रोपनी क्षेत्रफलमा फैलिएको एउटा ठुलो दह र ६ वटा साना रमणीय दहहरू भएको खार्पुनाथको पाटन क्षेत्रमा पर्दछ ।
८.	दुधे दह (चंखेली दार्म)	हुम्ला	चंखेली हिमालको पाटन क्षेत्रमा रहेका यी तालहरू ५००० रोपनीमा फैलिएको अनुमान छ । ठुला साना गरी ७ वटा तालहरू रहेका छन् ।

९.	दुधे दह रादेउ सर्केगाड	हुम्ला	हुम्ला जिल्लाको पूर्वोत्तर क्षेत्रमा नौमूले दह, डिब्या दह, तामे दह, मुसासाब्लो दहलगायतका तालहरू रहेका छन् । यहीबाट निस्किएको नदी खार्पुनाथमा आई हुम्ला कर्णालीमा मिल्दछ । त्यसको नजिकै नर्‌या दह, लामा दल र पुनाल्यामा अरू चारवटा दह रहेका छन् ।
१०.	मदान ताल कुइया ताल कोटिला मानव निर्मित ताल	दैलेख	मदान ताल दैलेख विशालाको लेकमा करिब १ विगाहा क्षेत्रमा फैलिएको छ भने कुइया ताल गुराँस गाउँपालिकाको लेकमा अवस्थित रमणीय ताल हो । पञ्चकोशी क्षेत्रमा कोटिला मानव निर्मित तालको सम्भाव्यता अध्ययनमा परेको छ ।
११	वराह ताल	सुर्खेत	वराह गाउँपालिकामा रहेको यो ताल १२ हेक्टर क्षेत्रफलमा फैलिएको भए तापनि प्राकृतिक र मानवीय कारणले सुक्न गएको छ । प्रदेश सरकारमो सहयोगमा यो ताल पुनः संरक्षण गर्न तयारि भएको छ

१.५ हिम चुचुराहरू

कर्णाली प्रदेशमा ६ हजार मिटरभन्दा माथिका थुप्रै हिमालहरू रहेका छन् । यस प्रदेशमा ७ हजार मिटरभन्दा माथि रहेका हिमालको सङ्ख्या ८ रहेको छ । यस्ता हिमालहरू मध्ये धेरै दुइ प्रदेशबीचको सीमा क्षेत्रमा पर्ने भएकाले साझा हिमाल पनि हुन् । कर्णाली प्रदेशको सबैभन्दा अग्लो डोल्पा जिल्लाको चुरेन हिमाल ७३४८ मिटर उचाइमा रहेको छ । सात हजार मिटरभन्दा माथि रहेका अन्य हिमालहरूमा नालाकङ्कर हिमाल ७३३७ मिटर (हुम्ला), वेज चुचुरो ७१२९ मिटर (डोल्पा) सैपाल हिमाल ७०३६ मिटर (हुम्ला र बझाङ), कान्जिरोवा हिमाल ७०४५ मिटर (डोल्पा र मुगु), कागमारा हिमाल ७०७४ मिटर (डोल्पा), पुथा हिमाल ७०३८ मिटर (डोल्पा) रहेका छन् ।[३] हिमालको मापन बारेमा स्रोतहरूले फरक फरक उचाइ देखाए तापनि आधिकारिक सर्वे तथ्याङ्क बाहिर आउन जरूरी छ ।

३ कर्णाली वर्ष ८, अंक ४, मंसिर २०७५ ।

तालिका २.६: कर्णालीका हिम चुचुराहरू

क्र.सं.	चुचुराको नाम	हिमाल	स्थान र हिमालयन पदमार्ग	उचाइ (मिटर)	विविध
१)	कान्जिरोवा	कान्जिरोवा हिमाल	दुनइ रिङमो वेसक्याम्प (डोल्पा)	६८८३	विदेशीलाई पर्वतारोहण गर्न अनुमति तर आरोहण नभएको
२)	लाप्चा चुली	चाङ्ला हिमाल	हुम्ला	६७२१	
३)	कान्डे हिमचुली	पातारासी हिमाल	जुम्ला ताल्पे चौविसे खोला वेसक्याम्प	६६२७	
४)	चाङ्ला	चाङ्ला हिमाल	सिमकोट धारापानी कान्छे भिमथाउकोटी वेसक्याम्प (हुम्ला)	६५६३	कम्तीमा तिनजना नेपाली भएमा विदेशीलाई पर्वतारोहण अनुमति
५)	मारियाङ	काञ्जिरोवा		६५२८	
६)	पातारासी	पातारासी	जुम्ला मेरला हुन्कु	६४५०	
७)	कोजिच्जा चुली	कान्ती हिमाल	मुगु	६४३९	
८)	ताकु हिमाल	नालाकङ्कर	सिमकोट–केरिमी वेसक्याम्प	६३९५	
९)	तिलकाङ	नालाकङ्कर	सिमकोट–केरिमी वेसक्याम्प	६३६९	
१०)	चण्डी हिमाल		सिमकोट हुम्ला वेसक्याम्प (हुम्ला)	६०९६	
११)	सिस्ने	सिस्ने	जुम्ला लाम्री महारी गाउँ वेसक्याम्प	५८४९	विदेशीलाई पर्वतारोहण अनुमति तर आरोहण नभएको

१२)	जगदुल्ला चुली	जगदुल्ला हिमाल	दुनइ मुक्तिनाथ वेसक्याम्प	५७६४	”
१३)	कागमारा		जुम्ला डोल्पा	५९६०	”
१४)	चाङ्भातनाङ	चण्डि हिमाल	हुम्ला	६१२५	
१५)	कान्ती हिमाल	कान्ती हिमाल	मुगु	६८५९	आरोहण नगरिएको
१६)	सो कारोप काङ	कान्जिरोवा हिमाल	डोल्पा	६५५६ (६५१८)	
१७)	कान्जेरालवा	कान्जिरोवा	डोल्पा	६६१२	विदेशीलाई पर्वतारोहण अनुमति तर आरोहण नभएको
१८)	त्रिपुरा हिमचुली		कर्णाली	६५६३	”
१९)	नालाकङ्कर	नालाकङ्कर	हुम्ला	६०६२	कम्तीमा तिनजना नेपाली भएमा मात्र विदेशीलाई पर्वतारोहण गर्न अनुमति
२०)	होङ्डे		डोल्पा	६५५६	विदेशीलाई पर्वतारोहण गर्न अनुमति

३. जनसङ्ख्या र बस्ती

३.१ जनसङ्ख्याको वितरण

राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १५,७०,४१८ र घरपरिवार सङ्ख्या २,९८,३५९ रहेको छ । केन्द्रीय तथ्याङ्क विभागले गरेको जनसङ्ख्या प्रक्षेपण अनुसार १.८ प्रतिशत जनसङ्ख्या वृद्धिदरका हिसावले २०७३ सालमा कर्णाली प्रदेशको जनसङ्ख्या १७,०१,८०० पुगेको छ भने २०७५ को अनुमानित कुल जनसङ्ख्या १७,६९,७८० र घरपरिवार सङ्ख्या ३,३६,४६० रहेको छ । यस प्रदेशको लैङ्गिक अनुपात ९५.६९ रहेको छ । यस प्रदेशमा औसत परिवार सङ्ख्या ५.२६ छ जुन नेपालको औसत परिवार सङ्ख्या ४.९ भन्दा बढी छ ।

नेपालको प्रदेशगत जनसङ्ख्या वृद्धिदर तुलना गर्दा पहिलो उच्च जनसङ्ख्या वृद्धिदर भएको प्रदेश नं. ३ हो भने दोस्रोमा कर्णाली पर्दछ । यस प्रदेशको जनघनत्व प्रति वर्ग कि.मि. ५१.९८ जना रहेको छ भने नेपालको औसत जनघनत्व २०३ जना प्रति वर्ग कि.मि. हुन आउदछ । यो नेपालकै सबैभन्दा कम जनघनत्व भएको प्रदेश हो । पहाडी जिल्लाहरूमा औसत जनघनत्व बढी देखिन्छ भने हिमाली जिल्लाहरूमा निकै पातलो बस्ती रहेको छ । कर्णाली प्रदेशको दैलेखमा सबैभन्दा बढी जनघनत्व (१७४.२८ व्यक्ति प्रति वर्ग कि.मि.) रहेको छ भने हुम्लामा सबैभन्दा कम (४.६५ जना प्रतिवर्ग कि.मि.) जनघनत्व रहेको छ ।

३.२ जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक विवरण

यस प्रदेशमा क्षेत्री ४१.९ प्रतिशत, कामी १५.८ प्रतिशत, मगर १०.९ प्रतिशत, ठकुरी १०.३ प्रतिशत, बाहुन ८.४ प्रतिशत, दमाई ४ प्रतिशत, सार्की २.६ प्रतिशत, सन्यासी १.७ प्रतिशत र अन्य १.६ प्रतिशत जातिको बसोबास रहेको पाइन्छ (तालिका ३.१) । अन्य जातिको रूपमा हिमाली भोटे लामा, थपाल्या व्यासी, थारु, बादी, राउटेलगायतका पर्दछन् ।

यस प्रदेशको सिँजा उपत्यका नेपाली भाषाको उत्पत्ति थलो भएकाले नेपाली मातृभाषा बोल्ने ९४.९० प्रतिशत छन् । यसै गरी मगर

नक्सा ३.१: जनसङ्ख्या वितरण



२.४६ प्रतिशत, थारु ०.४४ प्रतिशत, भोटेलामा ०.७५ प्रतिशत, खाम ०.३४ प्रतिशत, गुरुङ ०.२८ प्रतिशत, शेर्पा ०.१९ प्रतिशत र अन्य ०.६५ प्रतिशतले आफ्नो मातृभाषा बोल्ने गरेको पाइएको छ । धार्मिक रूपमा हिन्दु ९५.१४ प्रतिशत, बौद्ध ३.१९ प्रतिशत, क्रिश्चियन १.३६ प्रतिशत, इस्लाम ०.१८ प्रतिशत र अन्य ०.१ प्रतिशत रहेको देखिन्छ ।

चित्र ३.१: कर्णाली प्रदेशमा जातजातिको अवस्था



सबै जाति, भाषा, धर्म, वेषभूषा, रहनसहनका मानिसहरूको बसोबास रहेको कर्णाली ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक दृष्टिले एक समृद्ध प्रदेश हो । यहाँको लोक संस्कृतिले जगाएको लोकसभ्यतालाई प्रोत्साहन गर्ने नीति अख्तियार गर्न आवश्यक छ ।

तालिका ३.१: जातजातिको जनसङ्ख्या विवरण

जात/जातिहरू	जनसङ्ख्या	प्रतिशत
क्षेत्री	६,५७,३८१	४१.९
कामी	२,४८,७७९	१५.८
मगर	१,७०,८४४	१०.९
ठकुरी	१,६१,५६६	१०.३
ब्राह्मण(पहाडी)	१,३१,३२४	८.४
दमाई /ढोली	६२,४९८	४
सार्की	४१,२७०	२.६
सन्यासी/दशनामी	२६,५५७	१.७
तामाङ्ग	१३,९४३	०.९
गुरुङ	११,१२४	०.७
जम्मा	१५,७०,४१८	१००

स्रोत: के.त.वि., २०६८

तालिका ३.२: जिल्लागत जनसाङ्ख्यिक विवरण

क्र. सं.	श्रेत्र	परिवार सङ्ख्या	जनसङ्ख्या			क्षेत्रफल बर्ग कि.मि.	परिवारको औसत आकार	लैङ्गिक अनुपात	जनघनत्व
			जम्मा	पुरुष	महिला				
१	दैलेख	४८,९१९	२,६१,७७०	१,२६,९९०	१,३४,७८०	१,५०२	५.४	९४.२	१७४.२८
२	डोल्पा	७,४८८	३६,७००	१८,२३८	१८,४६२	७,८८९	४.९	९८.८	४.६५
३	हुम्ला	९,४७९	५०,८५८	२५,८३३	२५,०२५	५,६५५	५.४	१०३.२	८=९९
४	जागरकोट	३०,४७२	१,७१,३०४	८५,५३७	८५,७६७	२,२३०	५.६	९९.७	७६.८२
५	जुम्ला	१९,३०३	१,०८,९२१	५४,८९८	५४,०२३	२,५३१	५.६	१०१.६	४३.०३
६	कालिकोट	२३,०१३	१,३६,९४८	६८,८३३	६८,११५	१,७४१	६.०	१०१.१	७८.६६
७	मुगु	९,६१९	५५,२८६	२८,०२५	२७,२६१	३,५३५	५.७	१०२.८	१५.६४
८	रुकुम (पश्चिम)	३०,६४७	१,५५,३८३	७४,१७९	८१,२०४	१,२१३	५.१	९१.३	१२८.०५
९	सल्यान	४६,५५६	२,४२,४४४	१,१५,९६९	१,२६,४७५	१,४६२	५.२	९१.७	१६५.८३
१०	सुर्खेत	७२,८६३	३,५०,८०४	१,६९,४२१	१,८१,३८३	२,४५१	४.८	९३.४	१४३.१३
११	कर्णाली	२,९८,३५९	१५,७०,४१८	७,६७,९२३	८,०२,४९५	३०,२०९	५.३	९५.७	५१.९८
१२	नेपाल	५४,२७,३०२	२,६४,९४,५०४	१,२८,४९,०४१	१,३६,४५,४६३	१,४७,१८१	४.९	९४.२	१८०.०१

स्रोत: तथ्याङ्क विभाग वीरेन्द्रनगर सुर्खेत, २०१८

तालिका ३.३: कर्णाली प्रदेशको अन्य प्रदेशसँगको जनसङ्ख्या प्रक्षेपणको तुलना

प्रदेश	क्षेत्रफल (प्रतिशत)	जनसङ्ख्या २०६८	प्रतिशत	जनसङ्ख्या वृद्धिदर	जनसङ्ख्या प्रक्षेपण २०७३
प्रदेश नं. १	१७.६	४५,३४,९४३	१७.१	०.८	४७,६६,९२३
प्रदेश नं. २	६.६	५४,०४,१४५	२०.४	१.६	५८,७१,०६६
प्रदेश नं. ३	१३.८	५५,२९,४५२	२०.९	१.९	६०,२६,६२६
गण्डकी	१४.६	२४,०३,७५७	९.१	०.४	२४,७२,४९४
प्रदेश नं. ५	१५.१	४४,९९,२७२	१७.०	१.३	४८,३१,६३८
कर्णाली	१९.०	१५,७०,४१८	५.९	१.८	१७,०१,८००
सुदूर पश्चिम	१३.३	२५,५२,५१७	९.६	१.५	२७,६०,९४७
नेपाल	१००.०	२,६४,९४,५०४	१००.०	१.४	२,८४,३१,४९४

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८, सुर्खेत

३.३ लैङ्गिक तथा उमेरगत जनसाङ्ख्यिक विवरण

२०६८ सालको जनसङ्ख्या पिरामिडलाई हेर्दा कर्णाली प्रदेशमा ५ देखि ९ र १० देखि १४ वर्षसम्मको बालबालिकाको जनसख्या निकै ठुलो रहेको छ। (जनसाङ्ख्यिक पिरामिड, २०६८, चित्र नं.३.२)। सात वर्ष अगि बालबालिका र किशोर किशोरीका रूपमा रहेको यो उच्च जनसङ्ख्या (population bulze) अहिले उमेरका हिसाबले युवा अवस्थामा प्रवेश गरिरहेको छ । त्यसैले कर्णाली प्रदेशका लागि यो सुनौलो जनसाङ्ख्यिक लाभांश (population bonus) लिने अवस्था हो ।

चित्र ३.२: जनसाङ्ख्यिक पिरामिड २०६८



स्रोत: तथ्याङ्क कार्यालय, सुर्खेत, २०६८

तालिका ३.४ : लिङ्ग र उमेर समूहका आधारमा कर्णाली प्रदेशको घरपरिवार र जनसङ्ख्या

जिल्ला	लिङ्ग	कुलजम्मा	००–०४	०५–०९	१०–१४	१५–१९	२०–२४	२५–२९	३०–३४	३५–३९	४०–४४	४५–४९	५०–५४	५५–५९	६०–६४	६५–६९	७०–७४	७५+
रुकुम	कुल	१,५५,३८३	१८,४११	२३,१८०	२३,७९५	१७,६०२	१३,५७७	११,२८३	८,९३९	८,०३५	७,०२३	५,७९७	५,०५०	३,८७६	३,८८४	२,३१७	१,४५४	१,१६०
	पुरुष	७४,१७९	९,२००	११,५३०	११,७७३	७,९५२	५,८२०	५,१२४	३,९८९	३,७२८	३,२२४	२,७५३	२,५६४	२,००२	१,९२८	१,२२४	७६५	६०३
	महिला	८१,२०४	९,२११	११,६५०	१२,०२२	९,६५०	७,७५७	६,१५९	४,९५०	४,३०७	३,७९९	३,०४४	२,४८६	१,८७४	१,९५६	१,०९३	६८९	५५७
सल्यान	कुल	२,४२,४४४	२७,६२७	३३,८७८	३६,५८०	२८,३४२	२१,१६७	१७,३७०	१३,८९१	१३,०३७	१०,९६७	९,२४५	८,२६९	७,०७३	६,२४०	४,२७३	२,२९८	२,१८५
	पुरुष	१,१५,९६९	१४,०५३	१७,०९०	१८,०९९	१३,२३७	९,०५४	७,३४९	६,०९२	५,९२२	५,२१२	४,४५८	४,२८२	३,६११	३,०२२	२,१८५	१,१७८	१,१२५
	महिला	१,२६,४७५	१३,५७६	१६,७८८	१८,४८१	१५,१०५	१२,११३	१०,०२१	७,७९९	७,११५	५,७५५	४,७८७	३,९८७	३,४६२	३,२१८	२,०८८	१,१२०	१,०६०
सुर्खेत	कुल	३,५०,८०४	३९,२९१	४६,९२७	४८,८२५	३९,५५८	३३,३०७	२७,९०७	२२,४८९	१९,६५८	१६,७४८	१३,१२६	११,४०८	९,२१६	८,७४९	६,०५४	३,७६१	३,७८०
	पुरुष	१,६९,४२१	२०,२४८	२४,०३९	२४,८९५	१८,८६१	१४,६७२	१२,३५२	९,९५९	९,०३२	७,९१४	६,३००	५,६५५	४,६०३	४,१५१	२,९९८	१,८५८	१,८८४
	महिला	१,८१,३८३	१९,०४३	२२,८८८	२३,९३०	२०,६९७	१८,६३५	१५,५४५	१२,५३०	१०,६२६	८,८३४	६,८२६	५,७५३	४,६१३	४,५९८	३,०५६	१,९०३	१,८९६
दैलेख	कुल	२,६१,७७०	३५,३०४	३८,८३५	३७,९३२	२९,३९३	२१,३९५	१७,७४६	१३,६६६	१३,४७९	११,५४२	९,८७२	८,४७५	६,८४७	७,२२१	४,६६३	२,८०७	२,५९३
	पुरुष	१,२६,९९०	१८,०१७	१९,४७०	१८,९३०	१४,०५६	९,४५९	७,७७९	६,१८०	६,२५२	५,४६८	४,८२६	४,४१७	३,५९९	३,४४०	२,३३१	१,४१९	१,३४७
	महिला	१,३४,७८०	१७,२८७	१९,३६५	१९,००२	१५,३३७	११,९३६	९,९६७	७,४८६	७,२२७	६,०७४	५,०४६	४,०५८	३,२४८	३,७८१	२,३३२	१,३८८	१,२४६
जाजरकोट	कुल	१,७१,३०४	२५,२६९	२७,२२२	२४,३३४	१७,५९४	१४,१०४	१२,३९६	९,३६२	९,१५६	७,५२४	६,४४८	५,०१८	४,११३	४,०३२	२,४१८	१,३०५	१,००९
	पुरुष	८५,५३७	१२,७१३	१३,५५०	१२,१३१	८,४५४	६,६८९	६,०७०	४,४६२	४,६१३	३,८१८	३,४०९	२,७९६	२,३३९	१,९६३	१,२४८	७०७	५७५
	महिला	८५,७६७	१२,५५६	१३,६७२	१२,२०३	९,१४०	७,४१५	६,३२६	४,९००	४,५४३	३,७०६	३,०३९	२,२२२	१,७७४	२,०६९	१,१७०	५९८	४३४
डोल्पा	कुल	३६,७००	४,८९५	५,२०३	४,६०९	३,३५८	३,१७७	२,९५१	२,३२६	२,३१७	१,८६४	१,५३८	१,२८४	१,०५५	१,०२१	५६९	२८८	२४५
	पुरुष	१८,२३८	२,४४३	२,५४९	२,१९२	१,५८३	१,४९३	१,६११	१,१८२	१,१८१	९७३	७८९	६७२	५७२	४७८	२६७	१३६	११७
	महिला	१८,४६२	२,४५२	२,६५४	२,४१७	१,७७५	१,६८४	१,३४०	१,१४४	१,१३६	८९१	७४९	६१२	४८३	५४३	३०२	१५२	१२८
जुम्ला	कुल	१,०८,९२१	१४,९६१	१५,७०३	१४,४२५	११,४२३	१०,०२४	८,२९२	६,४१३	६,१३०	४,९२७	४,३४७	३,३८३	२,८७५	३,१७६	१,५१३	७१२	६१७
	पुरुष	५४,८९८	७,५२८	७,८१२	७,२९९	५,५२१	४,८४७	४,२५८	३,१९९	३,१३९	२,५२१	२,३१४	१,७९३	१,५९२	१,४९८	७८१	४३८	३५८
	महिला	५४,०२३	७,४३३	७,८९१	७,१२६	५,९०२	५,१७७	४,०३४	३,२१४	२,९९१	२,४०६	२,०३३	१,५९०	१,२८३	१,६७८	७३२	२७४	२५९
कालिकोट	कुल	१,३६,९४८	२१,६४३	२१,१८६	१९,०८६	१३,७१४	११,१६५	९,००४	७,२१६	६,९४१	५,६३६	५,२८०	४,०७७	३,५४३	४,१७६	२,११४	१,१७५	९९२
	पुरुष	६८,८३३	११,१०१	१०,७०३	९,६६६	६,७८८	५,२८८	४,४७०	३,५२६	३,४६३	२,८३८	२,८००	२,२०६	१,९४१	१,८६२	१,०४४	६१५	५२२
	महिला	६८,११५	१०,५४२	१०,४८३	९,४२०	६,९२६	५,८७७	४,५३४	३,६९०	३,४७८	२,७९८	२,४८०	१,८७१	१,६०२	२,३१४	१,०७०	५६०	४७०
मुगु	कुल	५५,२८६	८,६१७	७,८५७	७,१८७	५,३२७	४,५६८	३,९७५	३,१६९	२,९६५	२,४५१	२,०३४	१,७०४	१,४९६	२,०२९	९५९	४८५	४६३
	पुरुष	२८,०२५	४,३५४	३,९८३	३,६३५	२,६०२	२,१९६	२,०५५	१,६०५	१,५६२	१,३०७	१,१४९	८४३	८५३	९२०	४६८	२४३	२५०
	महिला	२७,२६१	४,२६३	३,८७४	३,५५२	२,७२५	२,३७२	१,९२०	१,५६४	१,४०३	१,१४४	८८५	८६१	६४३	१,१०९	४९१	२४२	२१३
हुम्ला	कुल	५०,८५८	७,३९६	६,९२९	६,३३९	४,६१४	४,१७७	३,८२६	३,०७७	२,८२१	२,३७९	२,२५४	१,८६१	१,४७१	१,७४३	९१७	५१४	५४०
	पुरुष	२५,८३३	३,६६४	३,३८९	३,२९२	२,३२९	१,९६९	२,०६२	१,५४१	१,४८२	१,२३२	१,२०३	१,०११	८२०	८५७	४३७	२७८	२६७
	महिला	२५,०२५	३,७३२	३,५४०	३,०४७	२,२८५	२,२०८	१,७६४	१,५३६	१,३३९	१,१४७	१,०५१	८५०	६५१	८८६	४८०	२३६	२७३

३.४ बसाइँसराइको अवस्था

अरू प्रदेशका तुलनामा कर्णाली प्रदेशमा बसाइँसराइमा जाने प्रतिशत सबैभन्दा कम रहेको छ। कर्णाली प्रदेशमा कुल जनसङ्ख्याका तुलनामा बसाइँसराइ भएको जनसङ्ख्या २६.१ प्रतिशत देखिन्छ। यो नेपालको औसत वसाइँसराइ भएको जनसङ्ख्या प्रतिशत ३६.२ प्रतिशतभन्दा निकै कम हो। अरू प्रदेशमाझैं कर्णालीमा पनि पुरुषको तुलनामा महिलाको बसाइँसराइ प्रतिशत धेरै देखिन्छ। कर्णाली प्रदेशमा बसाइँसराइ भएका ४ लाख ८४ हजार जनसङ्ख्यामध्ये पुरुष १ लाख २५ हजार (१५.१ प्रतिशत) र महिला ३ लाख ५९ हजार (३५ प्रतिशत) रहेका छन्। कर्णाली प्रदेशमा पुरुषका तुलनामा महिलाको बसाइँसराई धेरै देखिनुमा बिहेवारी गरी घरजम गर्ने कारणले भएको हुनुपर्दछ। सुदूर पश्चिम र कर्णालीमा महिला बसाइँसराइको अनुपात उच्च देखिन्छ (तालिका ३.५)।

तालिका ३.५: कर्णाली तथा अन्य प्रदेशको बसाइँसराइको अवस्था (२०५८–२०६८)

भौगोलिक / जनसाङ्ख्यिक विवरण	बसाइँसराइ भएको कुल जनसङ्ख्या (हजारमा)			कुल जनसङ्ख्यामा बसाइँ सर्नेका प्रतिशत		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
नेपाल	३१६३	७३४७	१०५१०	२३.४	४७.४	३६.२
प्रदेश नं. १	५७६	१२७८	१८५४	२५.२	४९.५	३८.१
प्रदेश नं. २	२४०	१४३३	१६७३	८.५	४५.३	२७.९
प्रदेश नं. २	१२३२	१६८०	२९१२	४०.३	५४.३	४७.३
प्रदेश नं. ३: गण्डकी प्रदेश	२९७	७१७	१०१४	२६.७	५०.८	४०.२
प्रदेश नं. ५	४५४	११६८	१६२२	२०.७	४४.४	३३.७
प्रदेश नं. ६: कर्णाली	१२५	३५९	४८४	१५.१	३५	२६.१
प्रदेश नं. ७: सुदूर पश्चिम	२४०	७१२	९५२	१९.७	४४.४	३३.८

स्रोत: तथ्याङ्क कार्यालय, २०६८, सुर्खेत

चित्र ३.३: कर्णाली तथा अन्य प्रदेशको बसाइँसराइको अवस्था (२०५८–२०६८)



३.५ बस्ती र घरपरिवार

कर्णाली प्रदेशमा एक घरधुरी भएको सङ्ख्या ७२ प्रतिशत रहेको छ। २ देखि ३ घरधुरीको सङ्ख्या ८.६६ रहेको छ। एक घरधुरी हुनु जनजीविकाको अनिवार्य सर्त हो। २ देखि ३ धरधुरीको अर्थ आर्थिक सम्पन्नता, संयुक्त परिवारको अवस्था या लेक बँसीमा मौसमअनुसार कृषि पेशा रहेको बुझ्न सकिन्छ। एक सन्दर्भमा यो सम्पन्नताको परिचायक हो भने अर्को सन्दर्भमा यो शुष्क र विषम हावापानी भएको भौगोलिक स्थानमा जनजीविकाको रणनीतिसँग पनि जोडिएको हुन्छ। ४ देखि बढी घरपरिवार भएका परिवार कर्णालीमा १.४४ प्रतिशत छन्। यस्ता परिवारहरू संयुक्त र विस्तृत कृषि पेशामा संलग्न रहेको पाइन्छ। (तालिका ३.५)।

घरको बनौट र स्तर हेर्दा कर्णाली प्रदेशमा आरसीसी घर ५.२६ प्रतिशत रहेका छन् तर यो प्रदेशमा पत्थरले घर छाउने चलन प्रायः मध्यम र निम्नमध्यम वर्गमा रहेकाले यो सङ्ख्या सबैभन्दा ठुलो ३९ प्रतिशत छ। खरले घर छाउने अझै ३७.७२ प्रतिशत घरपरिवार छन् भने हिमाली क्षेत्रमा माटोको मुण्डा घर हुनेहरू ०.९२ प्रतिशत छन्। हिमाली क्षेत्रका यस्ता मुण्डा घरहरू वातावरणीय अनुकुलनका आधारमा पनि बनाइएका हुन्छन्।

घरका तल्ला पनि कृषि पशुपालन र जनजीविकाको रणनीतिअनुरूप तय हुने गरेको छ भने यसले ग्रामीण सम्पन्नताको पनि परिचय दिन्छ। यस प्रदेशमा ५२ प्रतिशत घरहरू दुईतलाका भएकाले तलको तलामा बस्तुभाउ र माथि मानिस संयुक्त रूपमा बस्ने चलन बढी भएकाले यो प्रतिशत उच्च हुन गएको हो। ३ तल्लाका घरहरूले एक हदसम्म ग्रामीण सम्पन्नताको परिचय दिन्छन्। यस प्रदेशमा तीन तला घर हुने परिवारको सङ्ख्या ३१.२५ प्रतिशत रहेको छ। (चित्र ३.४ र चित्र ३.५)।

तालिका ३.५: कर्णालीमा बस्ती र घर

विवरण	कर्णाली	प्रतिशत	नेपाल	प्रतिशत
कर्णाली घरधुरी सङ्ख्या	२९८,३५९	--	४,४६६,९३१	--
कर्णाली कुल घरपरिवार	२६६,२५८	१००	५,४२७,३०२	१००
एक घरधुरी भएका घरपरिवार	२४१,०३५	८०.७९	३,९०७,७८०	७२
२–३ घरधुरी भएका घरपरिवार	४८,८६४	१६.३८	४७०,०७७	८.६६
४ देखि बढी घरधुरी भएका घरपरिवार	३,१०९	१.०४	८९,०७४	१.४४

स्रोत: Environment Statistics of Nepal, 2019

चित्र ३.४: घरको बनौट र स्तर



स्रोत: Environment Statistics of Nepal, 2019

चित्र ३.५: घरका तल्लाअनुसार घरपरिवार प्रतिशत



स्रोत: Environment Statistics of Nepal, 2019

४. इतिहास, कला, भाषा तथा संस्कृति

क. इतिहास

कर्णाली नदीले सिञ्चित गर्ने कर्णाली क्षेत्रलाई प्राचीन कालमा स्त्री राज्य वा सुवर्णभूमि (Land of Gold) भनिन्थ्यो । त्यस क्षेत्रमा महिलाहरूले शासन गर्थे तथा अब्बल दर्जाको सुन पाइन्थ्यो । १८ औं शताब्दीसम्म पनि भारतीयहरूले नेपालमा सुनको खानी छ भनी विश्वास गर्दथे, तर १८ औं शताब्दीको अन्त्यतिर जब विलियम कर्कप्याट्रिकजस्ता अङ्ग्रेजहरू नेपालमा आउन थाले, त्यस बेलादेखि जानकारी हुन थाल्यो कि तिब्बती व्यापारमार्फत् ठुलो मात्रामा सुन आउने गर्दथ्यो । त्यसकारण कर्णाली क्षेत्रमा ठुलो मात्रामा सुन तिब्बतबाट आउने कारणले उक्त क्षेत्रलाई सुवर्णभूमि भनिन्थ्यो । इतिहासको यस मोडमा कर्णालीको इतिहासलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्नुपर्ने भएकाले विशेष गरेर प्राचीनकाल, मध्यकाल र आधुनिककाल गरी तीन कालखण्डमा कर्णाली प्रदेशको इतिहास अभिलेखीकरण गर्ने प्रयास गरिएको छ । यो परिच्छेदमा इतिहास खण्डको मुख्य सन्दर्भ सामग्रीको रूपमा कर्णाली प्रदेशको स्वेतपत्र (अप्रकाशित) २०१८ लाई लिइएको छ ।

४.१ प्राचीनकाल

कर्णाली क्षेत्रको प्राचीनकालको इतिहास खोज्दै जाँदा एउटा कुरा याद गर्नु पर्छ कि जब मानवजाति आफ्नो वर्तमानमा प्रवेश गर्दछ, त्यसले आफ्नो अतीतलाई आह्वान गर्दछ । अतीतलाई हेर्ने दृष्टिकोणहरू दुई किसिमका हुन्छन् । एउटा धार्मिक वा सङ्कथन (Narrative) का रूपमा प्रस्तुत हुने कथाहरू र अर्को सामाजिक विज्ञानका रूपमा प्रयोग हुने इतिहास । कर्णाली क्षेत्रको इतिहास खोज्दा हाम्रो सामु ठुलो समस्या खडा हुन्छ किनभने नेपालमा राजनीतिक अस्थिरताका कारण पुरातात्विक उत्खनन् (Archaeological excavation) द्वारा प्राचीन कालको पुरातात्विक प्रमाणहरू प्राप्त भएका छैनन् । तत्कालीन कर्णाली क्षेत्रको आसपासको दाङमा भेटिएका घोडाको कङ्काल र मुस्ताङ्का गुफाहरूमा भेटिएका मानिसका केही कङ्कालहरूबाट पनि कर्णाली क्षेत्रमा कस्तो सभ्यता थियो भन्ने कुराको स्पष्ट जानकारी हुँदैन । ऐतिहासिक अवशेषहरूको अभावमा कर्णालीको प्राचीन इतिहास धार्मिक ग्रन्थहरू बाहेक अरूमा स्पष्ट रूपमा अभिलेखीकरण गरेको पाइँदैन । इतिहासकारहरूका अनुसार यस क्षेत्रमा प्राचीन कालदेखि नै खस, कुनिन्द (उत्तरकुरु), आभिर र किराँतहरू बसेको पाइन्छ तर जनसङ्ख्याका आधारमा हेर्दा प्राचीन कालदेखि नै यस क्षेत्रमा खसहरूको बाहुल्य भएको पाइन्छ ।

यी खसहरू मध्य एसियाबाट कुकुर, बिरालो, भेडा, बाख्रा, गधा, घोडा लिई पश्चिम चीनको शिनच्याङ्ग (Xinjiang) हुँदै दक्षिण पश्चिम तिब्बतदेखि नेपालको कर्णाली प्रदेशसम्म आएर बसेको देखिन्छ किनभने शिनच्याङ्गलाई प्राचीन तथा मध्यकालमा खसगढ भनिन्थ्यो, जुन ठाउँमा विद्वान्हरूको

पुरातात्विक उत्खनन्बाट मानव कङ्काल र सुकेका लासहरू (Mummy) को आनुवांशिक अनुसन्धानबाट "आरवान ए वान मूल सङ्ख्यक समूह" (R1A1 Haplo-group) भेटिएको छ; जुन "आर वान ए वान मूल सङ्ख्यक समूह" (R1A1 Haplo-group) नेपालका क्षेत्री, ठकुरी र ब्राह्मणहरूमा भेटिन्छ । उक्त खसगढलाई हिजो आज चीनमा कासगर (Kashgar) भनिन्छ । कासगरका खसहरूले मध्यकालमा मुस्लिम धर्म अवलम्बन गरेपछि टुर्की उइघुर जाति (Turkish Uyghur People) भनेर चिनिन्छ ।

विष्णु पुराणमा हेर्दा महर्षि कस्यपकी श्रीमतीको नाम नै खस दिइएको छ । श्रीमती खसले राक्षस र यक्षलाई जन्म दिएको पाइन्छ । ब्रह्मानन्द पुराणअनुसार खसहरू पहाडमा बस्ने जाति भएको बताइन्छ । भागवत् पुराणमा खसहरू किरातहरूसँग बसेको पाइन्छ । मत्छेपुराण तथा वायु पुराणमा गंगा नदी खसहरूको क्षेत्रबाट बग्छ भन्ने कुरा वर्णन गरिएको छ । कर्णाली प्रदेशको जनबोलीअनुसार पानीलाई गंगा भनिन्छ र कर्णाली नदी नै गंगा नदी हो । यसलाई मैदानी भागमा बस्नेहरूले गंगा भनी दिनाले विभिन्न धार्मिक ग्रन्थमा गंगा नदी भनिएको पाइन्छ । त्यस्तै मार्कण्य पुराणमा खसहरू उत्तर पूर्व हिमालमा बस्छन् भनी लेखिएको पाइन्छ । मनुस्मृतिमा खस र किरातलाई "भ्रात्या क्षेत्रीया" वा असभ्य क्षेत्रीका रूपमा हेरिएको छ किनकि तिनीहरूले वैदिक कर्मकाण्डहरू गर्दैनथे । महाभारतमा खसहरूका बारेमा विभिन्न सङ्कथनहरू छन् । द्रोर्णपर्वअनुसार कुरु क्षेत्रको लडाइमा खसहरू मल्ल र दरदा सँगसँगै दुर्योधनको पक्षमा लडेको पाइन्छ । तिनीहरू फलाम र ढुङ्गाका हतियारहरूबाट लडेको देखिन्छ ।

कर्ण पर्वअनुसार खसहरूलाई बाहिका भनिएको छ । बाहिकाहरू सकला, युगन्धरा र अच्युतस्थला गरी तीनवटा सहरमा बस्दथे । सकला सहर सबैभन्दा ठुलो सहर जहाँ हिमालबाट "अपगा" भन्ने नदी बग्ने गर्दथ्यो । त्यही सकला सहरलाई आजकाल जुम्ला जिल्लाको "छिनासिम" भनिन्छ भने त्यही प्राचीन कालको सकला सहरबाट बग्ने "अपगा" नदीलाई हिजोआज तिला नदी भनिन्छ । अर्को प्रसिद्ध सहर युगन्धरालाई हाल दैलेख जिल्लाको "दुल्लु" लाई भनिन्छ । छिनासिम (सकला) पछि दुल्लु (युगन्धरा) मध्यकालसम्म पनि दोस्रो ठुलो सहर मानिन्थ्यो । त्यसपछिको तेस्रो ठुलो सहरलाई प्राचीनकालमा अच्युतस्थला भनिन्थ्यो । उक्त अच्युतस्थलालाई मध्यकालमा उददम्बरापुर भन्ने गरिन्थ्यो; हाल उददम्बरापुरलाई बझाङ्गमा डुम्राकोटको नामले चिनिन्छ । डुम्राकोट चैनपुरदेखि २ घण्टा उकालो चढेपछि पुगिन्छ । तीनैवटा सहरका मानिसले गौडा भन्ने रक्सी पिउँथे, भेडा बाखाको मासु खान्थे । जौको सातु खान्थे, पिठोको रोटी मासुसित खान्थे, चामल अरूबाट किनेर खान्थे । यिनीहरू छाला, ऊन र कपासबाट बनेका लुगा लगाउँथे । सुनको गहना लगाउन अति मन पराउथे । यिनीहरूका भाँडाहरू माटो र काठबाट बनेका हुन्थे । ठूल-ठुला भाडामा जौ र मकै राख्दथे । यिनीहरूले सकला (छिनासिम) सहर नजिकको भुतिलया तालमा गएर नुहाउँथे र पूजा गर्दथे । त्यो भुतिलया ताल हालको छिनासिम नजिकैको हुड्के ताल भएको अनुमान गर्न सकिन्छ किनभने यसको नामकरण दैत्यको नामबाट राखिएको भन्ने कुरा मिल्न आउँछ । अपगा नदीलाई धार्मिक नदीका रूपमा मानिन्थ्यो र उक्त नदीमा ब्राह्मणहरू नुहाउन जान्छे । १३ औं शताब्दीका राजा अशोकचल्लले आफूलाई म दानव भुतलको राजा हुँ भनेका छन् । यसैले अहिलेसम्म यस क्षेत्रलाई जुम्लामा दानवा क्षेत्र भन्ने गरिन्छ ।

कर्ण पर्वअनुसार द्वापर भन्ने गरिएको समाजमा महिलाहरूको उच्च स्थान थियो र पशुधनकेन्द्री कृषियुगीन थियो । बाहिकाहरूको सम्पत्तिको हकदार छोराहरू नभएर भान्जाभान्जीहरू हुन्थे । यसबाट के बुझ्न सकिन्छ भने बाहिकाहरूको समाज मातृसत्तात्मक थियो । अर्को महत्त्वपूर्ण कुरा के हो भने हरेक परिवारबाट एकजनालाई ब्राह्मण बनाउँथे भने अरूले आफूखुसी पेशा गर्दथे । यी धार्मिक ग्रन्थहरू प्राचीन कालमा लेखिएका भए पनि अनिश्चित कालखण्डमा लेखिएकाले कर्णाली क्षेत्रको इतिहास स्पष्ट रूपमा उल्लेख भएको पाईंदैन तर विदेशी विद्वान्हरूले लेखेका ग्रन्थहरूमा कर्णाली क्षेत्रको इतिहास केही मात्रामा भए पनि उल्लेख भएको पाइन्छ । प्रमाणका आधारमा कर्णाली प्रदेशको प्राचीन इतिहास निम्नानुसार अभिलेखीकरण भएको पाइन्छ ।

ग्रीक विद्वान् प्लिनी (Pliny)ले सन् ७९ मा आफ्नो अनुसन्धानमा Attacori (उत्तरकुरु) हिमाली क्षेत्रमा बस्छन्, त्योभन्दा भित्रपट्टि Casiri (खस) बस्छन् भन्ने कुराको उल्लेख गरेका छन् । यी उत्तर कुरुहरू सोमवंशी क्षेत्रीयहरू थिए, जसको इसापूर्वको दोस्रो शताब्दीमा कुमाउ-गढवाल-महाकाली क्षेत्रमा ठुलो राज्य थियो, यसको राजधानी करत्रापुर थियो । धार्मिक पुराणहरू तथा यिनीहरूको सिक्काहरूमा पाइएका प्रमाणहरूबाट उत्तरकुरुहरू शिवलाई मान्दथे । ७ औं शताब्दीमा यस क्षेत्रमा आएका चिनियाँ तीर्थयात्री हुयान साङ्ग (Yuan Chwang)का अनुसार उत्तरकुरुहरूले शासन गरेको ठाउँलाई ब्रम्हापुर भनेका छन् । ब्रम्हापुर करिब १,०६६ कि.मि.मा फैलिएको भू-भाग थियो । तामा र चट्टान-मणिभ (Rock-crystal) पाइने भएकाले धेरै मानिसहरू व्यापार र कम मानिसहरू लेखपढमा लागेको कुरा उनले व्याख्या गरेका छन् । धार्मिक दृष्टिकोणबाट ५ वटा गुम्बा र १२ वटा देवीदेवताहरूको मन्दिर भएको व्याख्याले हालको कर्णाली प्रदेशको माथिल्लो भूभाग बुद्ध धर्ममा आधारित भोटिया क्षेत्र र तल्लो हिन्दू धर्ममा आधारित खसान क्षेत्रको समिश्रण भई कर्णाली प्रदेशमा सहअस्तित्वको आधारमा बसोबास भएको देखिन्छ । कर्णाली प्रदेश देवभूमि, पुण्यभूमि भएकाले ऋषिमुनिहरूको तपोभूमि मानिन्छ । राष्ट्रगुरु योगी नरहरीनाथज्यूले भनेअनुसार दैलेखको ढुङ्गेश्वर ऋषी द्रोणाचार्य बसेको ठाँउ द्रोणेश्वरबाट अपभ्रंश भएको मानिन्छ ।

ह्यान साङ्गका अनुसार ब्रम्हापुरको उत्तरपूर्व दिशामा "स्त्री राज्य" थियो, जुन ठाउँमा अब्बल दर्जाको सुन पाइन्थ्यो । त्यहाँ महिलाहरूले शासन गर्दथे । हुयान साङ्गले भनेको त्यो उत्तरपूर्वको भू-भाग भन्नु नै हिजोआजको कर्णाली-प्रदेश भएको पुष्टि हुन्छ । त्यो भू-भागमा खस, किराँत र उत्तरकुरुहरू बस्दथे । इटालीयन विद्वान् जी.टुचीका अनुसार रानीका दरबार नौतले हुन्थे भने रानीको श्रीमान्लाई किन्चु (Kinchu) भनिन्थ्यो । चिनियाँ सुई काल (Sui Period)अन्तर्गत सन् ५८७ मा लेखिएको सबैभन्दा महत्त्वपूर्ण दस्तावेज स्टर्न नु अनाल्स् (Eastern Nu Annals) हो । उक्त दस्तावेजअनुसार कर्णाली क्षेत्रमा महिलाहरूलाई राजा बनाउथे, जसको उपनाम सुपी (Supi) थियो । पहाडमा घर बनाउने, घर विभिन्न तलाको हुने र रानीको दरबार नौतले हुने, त्यस दरबारमा सयौंको सङ्ख्यामा महिला परिचारकहरू (नोकर) हुने गरेको पाइन्छ । हरेक पाँच दिनमा एक दिन दरबारमा वैठक बस्दथ्यो । पुरुषहरूले लडाईं

तथा खेतीको काम गर्दथे । पुरुष तथा महिलाहरूले आ-आफ्नो अनुहारमा विभिन्न किसिमका रङ्गहरू लगाउथे । शिकार खेल्नु यिनीहरूको प्रमुख पेशा थियो । तामा, कच्चा सुन, सिम्रिक, कस्तुरी, चौरीगाई, दुई नश्लका घोडा र धेरै नुन हुन्थ्यो । यी सबै सामानहरू भारतमा लगी व्यापार गरी मनग्य फाइदा उठाइन्थ्यो । यिनीहरू भारत र तिब्बतसँग लडाइँ गरिरहन्थे । स्त्री राज्यको क्षेत्र पूर्वमा पर्वत, पश्चिममा कर्णाली क्षेत्र, उत्तरमा मुस्ताङ्ग र दक्षिणमा तराई थियो ।

रानीको मृत्यु भएमा जनताबाट सुन तथा पैसा उठाउथे । रानीको परिवारबाट एकजनालाई रानी र अर्कालाई रानीको सहयोगी बनाउथे । रानीलाई पिन्च्यु (Pinchiu) भनिन्थ्यो भने रानीका मन्त्रीहरूलाई कावपाली (Kaopali) भनिन्थ्यो । छोराहरूले आमाको थर लिन्थे । यसलाई प्रतिनिधि घटनाको रूपमा हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका, ८ रादेउ गाउँमा अहिले पनि 'भ्र्या रानी' को प्रत्येक वर्षको माघ १५ मा हरेलो पर्वका रूपमा पूजा हुने कुराले कर्णाली क्षेत्रमा स्त्री राज्य स्थापित थियो भन्ने कुराको पुष्टि गर्दछ । सन् ७४२ मा खसहरूले पुरुषलाई राजा बनाएको पाइन्छ । केही समयपछि तिब्बत (ल्हासा) ले स्त्री राज्यलाई कब्जा गरेको पाइन्छ । सन् ८५०सम्म कर्णाली क्षेत्र तिब्बतकै अधीनमा रहेको पाइन्छ, तर ती खसहरू कर्णाली क्षेत्रको स्वतन्त्रताका लागि अविराम लडिरहेको देखिन्छ । त्यसकारण तिब्बतको राजा क्री-श्रोन-इडे-चेन (Kri-Sron-Ide-btsan) ले आफ्नी छोरी साद-मार-कार (Sad-mar-kar) को विवाह कर्णाली क्षेत्रको स्त्री राज्य भएपछि राजकुमार नभएर उत्तराधिकारी भए राजकुमारी हुनु पर्ने नत्र राजा राजुमार नभए देवी र देवता हुनु पर्ने । तर स्त्री राज्यमा आफ्नी छोरी खुसी नभएपछि पुनः तिब्बतीले स्त्री राज्यमाथि आक्रमण गऱ्यो । त्यसपछि तिब्बतले एकजना तिब्बती प्रतिनिधि रहने गरी स्त्री राज्यलाई स्वायत्त राज्यको रूपमा स्वीकार गऱ्यो ।

४.२ मध्यकाल

तिब्बती दस्तावेजअनुसार ११ औं शताब्दीतिर आएर दक्षिण पश्चिम तिब्बतको गुगे (Guge) र तत्कालीन कर्णाली क्षेत्रको पुराङ्ग (Purang) क्षेत्रमा पश्चिम बङ्गालबाट गएका पालहरूका दुईवटा राज्यहरू भएको पाइन्छ । गुगेका पाल वंशका नागराजले पुराङ्गको केन्द्र जुम्लालाई ११औं शताब्दीमा आएर कब्जा गरे । उक्त कुराको पुष्टि नागराजले आफूसँग ल्याएर आएको बुद्धको मूर्तिमा कुँदिएको ला छुन नागराज (La-tsun Nagaraja) भन्ने शिलालेखबाट हुन्छ । त्यसपछि कर्णाली क्षेत्र तिब्बतबाट स्वतन्त्र भयो । तिब्बतको दक्षिण पश्चिममा अवस्थित गुगे क्षेत्रको राज्य पनि कर्णालीको पुराङ्ग राज्यबाट सञ्चालित हुने भयो । जुम्लाको सिञ्जालाई ग्रीष्मकालीन राजधानी (Summer capital) र दैलेखको दुल्लुलाई शीतकालीन राजधानी (Winter Capital) बनाइयो । त्यसपछि पुराङ्गका पालहरू गेला (कालिकोट) मा गएर बस्न थाले । गेलाका पालहरू विस्तारै सरकारका माथिल्ला ओहदाहरूमा स्थापित हुन थाले । नागराजका सन्तानहरूलाई चल्ल-मल्ल राजा भनिन्छ । नेपालको इतिहासमा यही राज्यलाई खस राज्य भनिन्छ जसको सीमाना १५औं शताब्दीको मध्यसम्म पूर्वमा त्रिशुली, पश्चिममा कश्मिरको लद्धाख, उत्तरमा तिब्बतको गुगे र दक्षिणमा गंगा मैदानसम्म थियो ।

कुमाउको बालेश्वर मन्दिरको सुई भन्ने ठाउँमा सन् १२३३ को ताम्रपत्रमा कर्णाली प्रदेशका खस राज्यका प्रसिद्ध राजा क्राचल्लले पश्चिममा करत्रापुरलाई जितेको कुरा उल्लेख गरेको पाइन्छ । क्राचल्लका छोरा अशोक चल्ललाई सन् १२५१ मा गढवालमा भेटिएको गोपेश्वरको शिलालेखमा खसमण्डलको राजा भनिएको छ । पाल र चल्ल-मल्ल राजाहरूको वंशावली शाके १२७९ को पृथ्वी मल्लको दुल्लुमा भएको कीर्तिस्तम्भमा उल्लेख गरिएको छ । १४ औँ शताब्दीको अन्त्यतिर पृथ्वी मल्लपछि खस राज्य टुक्रिन थाल्यो । अभय मल्लपछि खस मल्ल वंशको पतन भयो र यशोवर्माका सन्ताहरू राजकाजमा हावी भए । त्यसवेला खाँडाचक्र मान्मा कालिकोटबाट मलय बर्मा (बम्म)ले समानान्तर राज्य चलाउन थालिसकेका थिए । त्यसपछि सन् १३९३ मा उनकै सन्तान सिञ्जाको राजाका रूपमा मेदिनी बर्माको उदय भयो । मेदिनी बर्माले तत्कालीन जुम्ला राज्यलाई पाँच भागमा बाँडी बीचको जगतीपुर (जाजरकोट) लाई आफूसँग राखे, पूर्वपट्टिको रुकुम माइला भाइ पिताम्बरलाई, दक्षिण पट्टिको सामाकोट (सल्यान) साहिला भाइ सुमेरुलाई, पश्चिमपट्टिको विलासपुर (दैलेख) कान्छा भाइ संसारी बर्मालाई र उत्तरपट्टिको जुम्ला ज्वाइँ बलिराज शाहीलाई दिएका थिए । त्यसपछि करिब ४०० वर्षसम्म पश्चिमी नेपालमा बाइसे राज्यहरूको उदय भएको पाइन्छ । १८ औं शताब्दीको मध्यतिर गएर गोर्खाका राजा पृथ्वीनारायण शाहले टुक्रिएका बाइसे-चौबिसे राज्यहरूलाई जोड्न थाले र एकीकृत नेपाल निर्माणको अभियान सुरू गरे ।

सन् १७९२ सम्म आइपुग्दा नेपालको एकीकरण महाकाली नदीसम्म पुगेको पाइन्छ । सन् १८०८ सम्म आइपुग्दा नेपाल पूर्वमा टिस्टा र पश्चिममा सतलज नदीसम्म फैलिएको देखिन्छ । यी बाइसे-चौबिसे राज्यहरूका पालामा जुम्ला राज्य प्रसिद्ध मानिन्थ्यो । खस राज्य टुक्रिएपछि पनि जुम्ला समृद्ध र शक्तिशाली नै रह्यो । कर्णाली क्षेत्रमा प्राचीन कालदेखि नै व्यापार राजश्वको मुख्य आयस्रोत थियो । यसको प्रमुख कारण भारतबाट हालको कर्णाली प्रदेश भएर तिब्बत जाने मार्ग नै थियो । इतिहासमा हेर्दा भारतबाट आएको व्यापार मार्ग सुर्खेत, दुल्लु, जुम्ला, पुराङ हुँदै गुगेमा गएर व्यापार टुङ्गिन्थ्यो । यस मार्गलाई इतिहासमा रेशमी मार्ग (Silk Road) भनिन्छ । त्यस समयमा सुर्खेत बौद्ध धर्म र दर्शनको शिक्षा तथा ज्ञानको केन्द्र भएको पाइन्छ । त्यतिखेर सुर्खेतजस्तै तराईका बजारहरूमा भारत, तिब्बत र भुटानका व्यापारीहरू आएर नेपालीहरूसँग व्यापार गर्दथे । यसबाट के पुष्टि हुन्छ भने प्राचीन र मध्यकालमा व्यापारको कारणले गर्दा कर्णाली प्रदेश सुनौलो युगको रूपमा चित्रित थियो । जसका कारण कर्णाली प्रदेशलाई सुवर्णभूमि भनेर चिनिन्थ्यो ।

४.३ आधुनिक काल

सबैभन्दा पहिले जाजरकोटले १८ औं शताब्दीको अन्त्यतिर गएर गोर्खा राज्यले सुरू गरेको नेपाल एकीकरणको अभियानलाई सन् १७६९ मा पृथ्वीनारायण शाहसँग सन्धि गरी समर्थन गरेको पाइन्छ । नेपाल एकीकरणमा दैलेखको विलासपुर राज्यले प्रतिरोध गर्दा तहसनहस हुन पुग्यो भने दुल्लु राज्यले

गोर्खाको अभियानसँग सम्झौता गरी एकीकरणको पक्षमा लागेको पाइन्छ । त्यसपछि सन् १७९१ मा बाजुराका राजाले गोर्खाली राजालाई अछाम, डोटी र जुम्ला जित्न सहयोग गरे । शक्तिशाली राज्य जुम्लालाई दर्शैंको मौका पारी कब्जामा लिँदा राजा शोभान शाहीलाई गिरफ्तार गरी काठमाडौँ ल्याइयो तर त्यस कब्जाबाट फुत्किन सफल भएका काजी सूर्यभान शाहीसहितका स्वाभिमानी योद्धाहरूले पुनः मुगुको गमगढी, हुम्लाको दार्म, रादेउ, सिमकोट, याल्बाङ, हिल्सा हुँदै ताक्लाकोटको तेल्याखोलासम्मको मोर्चामा रणबहादुर शाहका सेनाका विरुद्ध लडेको देखिन्छ । त्यस बेलाको विद्रोहलाई दबाउन नेपाल राज्यले कर्णाली भू-भागमा जन्मेका 'बाह्र वर्ष माथिकालाई साफ गर्नु' 'जङ्गल पसेकालाई खुर हान्नु' भन्ने उर्दी जारी गर्नु र कब्जामा लगिएका कर्णालीबासीलाई जबरजस्ती पश्चिमका युद्धमा प्रयोग गर्नुले कर्णालीबासीले अव्यक्त पीडालाई ऐतिहासिक रूपमा महसुस गर्दै आएका छन् । रणबहादुर शाहको पालामा अछामले भने नेपाल सेनालाई कुमाउ-गढवाल जित्न सहयोग गऱ्यो ।

यस खालको राजनीतिक एकीकरण राष्ट्रका लागि अत्यावश्यक भए पनि कर्णाली क्षेत्रको आर्थिक विकासको परम्परामा ठुलो हानी गऱ्यो । काठमाडौँबाट शासन गर्ने राजाहरूले व्यापारलाई त्यति ध्यान दिएनन् । १८ औं शताब्दीसम्म आउँदा नेपालको सुर्खेत र बुटवल यस्तो ठाउँ थियो, जहाँ तिब्बतबाट आउने सुन र भारतबाट आउने चाँदीको आदान-प्रदान गरिन्थ्यो । सरकारले तिनै व्यापारीमाथि कर लगाएर राजश्व सङ्कलन गरी कर्णाली क्षेत्र धनी हुन्थ्यो तर भारतका व्यापारीहरूलाई नेपालमा पस्न नदिदा व्यापारमा हानी भयो । पृथ्वीनारायण शाहले तिब्बतमा पठाएको एउटा चिट्ठीमा लेखिएको छ कि नेपालबाट कुनै महङ्गा सामान जान नदिनू र तिब्बतले पनि त्यस्ता महङ्गा सामानको आयात नगर्नु र भारतसँग कुनै सम्बन्ध नराख्नू भन्ने कुराले नेपाललगायत विशेष रूपमा कर्णाली प्रदेशलाई व्यापारमा बढी नै घाटा भयो । व्यापारीको स्वतन्त्रता र सुरक्षाको अभावले व्यापार दिनप्रतिदिन घट्दै गयो । त्यसकारण तिब्बतले नेपालका राजा प्रतापसिंह शाहलाई चिठी लेखी तपाईहरूले व्यापारलाई विशेष ध्यान दिन र भारतका हिन्दु र मुसलमानलाई नेपालको मार्ग प्रयोग गरी तिब्बतसँग व्यापार गर्न दिनू भन्ने अनुरोधलाईसमेत नेपालका राजाहरूले ध्यान नदिएका कारण कर्णाली क्षेत्रमा व्यापार घाटा हुन गई अर्थतन्त्र तहसनहस भएको देखिन्छ ।

पृथ्वीनारायण शाहको दिव्य उपदेशमा विदेशीले व्यापारका नाममा घुसेर स्वतन्त्र अस्तित्व नामेट पार्लान् कि भन्ने डर थियो । इस्ट इन्डिया कम्पनीमार्फत् भारतमा यो परिघटना भएको र उनले दक्षिणतर्फबाट भएका दुईवटा आक्रमण परास्त गरेका कारण दक्षिणतर्फबाट आउने व्यापारीहरूप्रति कडा नीति अख्तियार गरेका थिए । नेपालको स्वतन्त्रताका लागि यो कदम उपयुक्त भए तापनि यसले दीर्घकालीन व्यापार र समृद्धिका लागि प्रतिकुल प्रभाव पर्न गयो ।

माथि उल्लिखित प्राचीन तथा मध्यकालमा प्रयोग भएका व्यापार मार्गमार्फत् भारत र भूटानलाई नेपाल हुँदै तिब्बतसँग जोड्ने जुन मार्ग थियो, उक्त मार्गलाई वर्तमान अवस्थामा बेल्ट एण्ड रोड इनिसियटिभ (Belt and Road Initiative: BRI) भनेर चिनिन्छ । नेपालले यो पुरानो व्यापारी मार्ग हुँदै

तिब्बत जोड्ने रेशमी मार्गलाई पुनः निर्माण गरी कर्णाली क्षेत्रको आर्थिक विकासको अभियानलाई अगाडि बढाउनु पर्दछ ।

नेपालको राजश्व उठाउने माध्यम व्यापारी र किसानमा लगाइएको कर नै थियो । गोर्खाली राजाले राम्रा-राम्रा जग्गाहरू बिर्ता र जागिरस्वरूप प्रदान गर्ने हुनाले उक्त जमिनदारहरूबाट राजश्व नआउने हुनाले १८ औं र १९ औं शताब्दीतिर राजाहरूले गरिब किसान र व्यापारीहरूबाट चर्को कर उठाउन थाले । परिणामस्वरूप गरिब किसान र व्यापारीहरू मारमा परे । सन् १८१३-१८१५ को एङ्ग्लो-नेपाल युद्धको समयमा तराईबाट हुने व्यापारमा ठुलो हानी भयो । सन् १८१६ को सुगौली सन्धिपछि नेपाललाई भारतले पूर्व, पश्चिम र दक्षिणतिरबाट घेऱ्यो । त्यसपछि नेपालका शासकहरूले अङ्ग्रेजहरूबाट नेपाललाई बचाउनका लागि तराईमा चारकोसे जङ्गल बढाउनुका साथै भीमसेन थापाले भारतबाट नेपाल आउने व्यापारीहरूलाई काठमाडौँबाट अनुमति लिनुपर्ने प्रावधान राखेपछि सुर्खेतजस्ता व्यापारको नाका सञ्चालन हुन नसक्दा त्यो क्षेत्रमा व्यापार घाटा हुन गएको देखिन्छ ।

एकीकरणपछि नेपालका राजाहरूले व्यापारीहरूको आवातजावातलाई नियन्त्रण गर्दै आफ्नो गाउँ नजिकमा व्यापार गर्न पाउने, त्योभन्दा बाहिर जान नपाउने नियम राख्नाले जुम्लाका केही व्यापारीहरूलाई सन् १८३७ मा 'आफ्ना गाउँ नजिकको निश्चित ठाउँमा मात्र व्यापार गर्नू अरू ठाउँमा नजानू' भन्ने निर्देशनले व्यापारमा ठुलो घाटा भई कर्णाली क्षेत्रको अर्थतन्त्र ओरालो लाग्यो । त्यसपछि मानिसहरू परम्परागत कृषिमा निर्भर हुन वाध्य भए । सन् १९६० को दशकपछि नेपालको राज्य सञ्चालन पश्चिमी ज्ञान-प्रणालीका आधारमा हुन थाल्नु र सम्पूर्ण कर्णाली क्षेत्रका मानिसहरू त्यो नीति निर्माण र शासन गर्ने संयन्त्रबाट बाहिरिनुले सुवर्णभूमिको नामबाट चिनिने कर्णाली प्रदेशलाई हाल रोग, भोग, शोक, पिछडिएको क्षेत्रजस्ता पर्यायवाची शब्दद्वारा चिनाउन खोज्नु निकै पीडादायी विषय हो ।

राणाविरोधी आन्दोलनका क्रममा काठमाडौँदेखि दुल्लुसम्म विभिन्न सङ्घर्षहरू भएका पाइन्छन् । कम्युनिष्ट आन्दोलनका दृष्टिले हालसम्म जानकारी भएअनुसार वि.सं. २००८ मा भारत प्रवासबाट पार्टीको जिम्मेवारी लिएर आएका रुकुमका कामी बुढाले ठुला ठालु सामन्तहरूका विरुद्ध थालेको सङ्घर्षले गाँउ-गाँउमा जनतालाई सङ्गठित गर्दै रातो टीका लगाएर सामन्त ठालुहरूका विरुद्ध राजनीतिक प्रशिक्षण अभियान चलाउनु भयो । उक्त अभियान जुम्ला पुग्दै गर्दा जुम्लाको चौथामा गिरफ्तारीमा परी जेलको यातनापश्चात् वि.सं. २०११ सालमा उहाँको हत्या भएको थियो । त्यसैताका वि.सं.२००९ सालमा नेपाल कम्युनिष्ट पार्टीका सदस्य तथा किसान आन्दोलनका नेता पूर्व सैनिक धनबहादुर बुढाको नेतृत्वमा किसान सङ्गठनको सदस्यता वितरण गर्दै हुम्ला पुगेको र सिमकोटमा किसान जुलुश प्रर्दशन गर्दा त्यहाँका सरकारी अधिकारीहरू भाग्दा हुम्ला जिल्ला तीन महिनासम्म कब्जा गरिएको थियो । यस विद्रोहलाई पाल्पा कमाण्डका बडाहाकिम तोरणबहादुर शाहको नेतृत्वमा हुम्लालाई स्वतन्त्र गर्न जुम्ला र बझाङका सुरक्षाकर्मीको व्यापक प्रयोग गरिएको थियो भने विद्रोही नेता धनबहादुर बुढा, भवानी प्रसाद शर्मा अधिकारीलगायत करिब ४५० जनालाई पक्राउ गरी जुम्लामा

जेल हालिएको थियो । यस्तै कार्य जुम्लामा स्वत: स्फुर्त रूपमा अदानसिंह कठायतहरूले अपनाई वि.सं. २००९ को हिउँदमा जुम्लालाई डेढ महिना आफ्नो कब्जामा लिएका थिए ।

यस्ता दमनका बाबजुद पञ्चायतकालीन समयमा कर्णाली क्षेत्र चुप लागेन । जनआन्दोलनमा सुर्खेत दशरथपुरमा भएको सङ्घर्ष तथा बलिदानी स्मरणीय नै छ । यसपछि वि.सं. २०१७ सालको प्रतिगमनको विरोध गरेवापत दैलेखका मायाराम शर्मालाई तत्कालिन वडा हाकिम जगत् बहादुर सिंहले थैलामा हाली पिटरे मारे भने सुर्खेतका लीलाधर गौतमको खुट्टा भाँचे । त्यसै क्रममा मदन भट्ट भारत पसे भने दैलेख नयाँ गाँउका कृष्णबहादुर बुढाको सल्यान जेलमै मृत्यु भयो । अन्याय अत्याचारका विरुद्ध लड्ने क्रममा वि.सं. २०५२ देखि सुरू भएको १० वर्ष, ९ महिना ५ दिनसम्म चलेको महान जनयुद्धमा हजारौँको बलिदानी, वेपत्ता, घाइतेको विवरणबाट कर्णाली प्रदेशले त्याग, तपस्या र बलिदानमा कीर्तिमान कायम गरेको छ । कर्णाली प्रदेशको स्थापनार्थ संसदमा नेताहरूको सङ्घर्ष र जिल्लाहरूमा जनताको आक्रोशपूर्ण सङ्घर्ष तथा त्यस क्रममा जुम्लाका हरिबहादुर कुँवर र सुर्खेतका टीकाराम गौ तम, यामबहादुर बि.सी. र गोपाल रजवारको बलिदानीबाट आजको कर्णाली प्रदेश प्राप्त भएको हो ।

नेपाली इतिहासमा जनताको सार्वभौम शक्तिसमेतको समावेशी एवम् समृद्ध राष्ट्र निर्माणमा कर्णाली प्रदेशका न्यायप्रेमी जनताको विशिष्ट योगदान रहेको छ । मुख्य राजनीतिक पार्टीहरूको नेतृत्वमा कर्णाली प्रदेशका जनताको बलीदानले सङ्घीय गणतन्त्र नेपालको संविधान, २०७२ को निर्माण तथा जनताको मौलिक अधिकार, समावेशी, समानुपातिक प्रतिनिधित्वसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताले पाएका छन् । केन्द्रीकृत राज्य व्यवस्थालाई जनअपेक्षाअनुसारको विकास र समृद्धि हासिल गर्नका लागि मात्र होइन, सङ्घीय स्वरूपमा सात प्रदेशको निर्माण र संवैधानिक व्यवस्थालाई संसदीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीभित्र लागु गर्ने र समाजवादको आधार तयार गर्ने राजनीतिक लक्ष्य स्पष्ट गरेको छ ।

ख. कला, भाषा तथा संस्कृति

कर्णाली प्रदेश भाषा, संस्कृति र कलाका दृष्टिकोणले एक महत्त्वपूर्ण प्रदेश हो । यो प्रदेश खस भाषा र सभ्यताको उद्गम थलो हो । टुची, योगी नरहरीनाथ, पूर्णप्रकाश नेपाल “यात्री”, भाषाशास्त्री प्रा. बालकृष्ण पोखरेललगायतका अन्वेषकाहरूका अनुसार दैलेखको दुल्लुमा रहेको दामुपालको साके ९०३ तदअनुरूप वि.सं. १०३८ को शिलालेख नेपाली भाषाकै पहिलो शिलालेख मान्न सकिन्छ । हुम्लाको रेलिङ गुम्बामा रहेको ११ औ शताब्तीतिरको ताम्रपत्र नेपालकै पुरानोमध्यको एक मानिन्छ । त्यस्तै योगी नरहरिनाथले नै ‘इतिहास प्रकाश’मा प्रस्तुत गरेको दुल्लु खिराखेतको शाके १०१६ को वामु खड्काको शिलालेखलाई अन्वेषक मोहनप्रसाद खनालले आफ्नो ‘नेपाली भाषाको एक हजार वर्ष’ नामक पुस्तकमा पहिलो भनेर अगि सारेका छन् । दैलेख पादुका स्थानमा रहेको अशोक चल्लका पालाको सउना कर्क्यानीको बुद्धमूर्ति र त्यसमुनिको शिलालेख नेपाली भाषाका महत्त्वपूर्ण पुरानो लिखतहरू हुन् ।

यसै गरी १४ औं शताब्दीमा विष्णुदास आचार्यद्वारा रचिएको देखिने मलयवर्माको अप्रकासित खाडो बडैराजा मलैबम्म सबैभन्दा पुरानो ६०० वर्ष अगाडिको काव्यात्मक प्रारूप हो । अझ अज्ञात कविद्वारा रचित जितारी मल्लको भारत ७०० वर्ष अगाडीको हुन जान्छ । त्यस्तै काँशीदास जोशीको ज्योतिष ग्रन्थ 'खण्डखाद्यक' सम्वत् १६४९मा लेखिएको थियो । नेपालको इतिहासमा सबैभन्दा पुरानो मान्ने गरिएको वडामहाराजधिराज पृथ्वीनारायण शाहका बारेमा सुवानन्द दासद्वारा लेखिएको 'पृथ्विनारायण' कविता नुवाकोट विजयका सन्दर्भमा लेखिएको हो र यो २४४ वर्ष मात्र पुरानो हो । यसरी हेर्दा कर्णालीमा जन्मिएका वीरता, सौर्य र पराक्रम उजागर गर्ने श्रुति परम्पराहरू जस्तै भारत, चाँचरी, धमारी, वीर गाथा, धर्म गाथा, पर्वगीत, ढुस्को, खाँडो, देउडा आदि जस्ता लोकसाहित्यबाटै नेपाली कला साहित्यको जग निर्माण भएको छ । त्यस्तै कर्णालीमा रहेका कयौं शिलालेख, प्रस्तर कलाकृति, ताम्रपत्र, स्वर्णपत्र, ताडपत्र, भोजपत्र, सनद, रुक्का, पात्रो, चिना, गुम्बामा रहेका चित्र, ज्योतिष ग्रन्थ र कर्मकाण्डी किताबहरू नेपाली भाषा, इतिहास र संस्कृतिको जननीका रूपमा रहेका छन् ।

त्यस्तै रिपु मल्लका चाँचरी, राजा गगनीराजको यात्रा, रनि राउतको भारत, बालाराजा काँशिरामको भारत आदि लोकगाथा र ग्रन्थहरूले कर्णाली प्रदेशको भाषा र संस्कृतिको ऐतिहासिक महत्त्वलाई उजागर गर्दछ । योगी नरहरिनाथले अवतरणिका र हिमवत्सखण्डमा उल्लेख गरेअनुसार पञ्चकोशीका पादुका, शिरस्थान र नाभिस्थान १२ सय वर्ष अगि लेखिएको मानिने बैश्वानर पुराणमा ज्वालापुराणका श्लोकहरूमा प्रतिध्वनित भएको छ । कर्णाली प्रदेशमा रहेको ज्वाला संस्कृति प्रकृति तथा अग्निपूजाकै एक महत्त्वपूर्ण विशेषता हो । यी ज्वालाधामहरूको आगो लिई मृतकलाई दिने, ज्वालाको टीका तिलकका रूपमा लगाउने, ज्वाला प्रदीप्त धुनी ताप्ने, पञ्चकोशी तथा हरिशङ्करी यात्रा गरी नुहाउनेजस्ता विशिष्ट संस्कृति रहेको पाइन्छ । शिव र सतिदेवीको अङ्ग खसेको मानिने महत्त्वपूर्ण हिन्दुधामहरूमध्ये पञ्चकोशी धामको विशिष्ट महत्त्व छ । पञ्चकोशी क्षेत्र भारतको कुमाउँ क्षेत्रमा रहेको ज्वालाजीको मन्दिर र नेपालको मुक्तिनाथभन्दा कम महत्त्व राख्ने तिर्थस्थल होइन । इतिहासकार दिनेशराज पन्तका अनुसार कुमाउँ वालेश्वरको धाममा ज्वाला निभ्दा पश्चकोशीको ज्वाला लिई प्रदीप्त गर्ने चलन निकै पछिसम्म रहेको पाइन्छ ।

कर्णाली प्रदेशमा रहेको अर्को महत्त्वपूर्ण साँस्कृतिक पाटो मष्टो संस्कृति हो । बझाङको ढडारमा उत्पत्ति भएको भनिए पनि खस जातिको कुल देवताका रूपमा चिनिने मष्टोको पडेलीमा इरानदेखिका प्रसङ्ग आउनाले यसको निकै प्राची परम्परा रहेको स्पष्ट हुन्छ । बाह्र भाइ मष्टोका यस प्रदेशका विभिन्न स्थानमा रहेको माडौँमध्ये हुम्लाको मष्टोमारु, जाजरकोटको भुँयार मष्टो, डोल्पाको मष्टो भवानीको मन्दिर, महेलमुडी कालिकोटको दाह्रेमस्टो आदि यस प्रदेशका चर्चित मष्टो मन्दिरहरू मानिन्छन् । यसमध्येको हुम्लाको मष्टोमारुको मन्दिर १५-१६ औं शताब्दीको पुरानो मानिन्छ ।

खस साम्राज्यकालीन कर्णाली प्रदेशमा बौद्ध धर्मको प्रभाव र प्रचलन धेरै देखिन्छ । पृथ्वीमल्लका पालासम्म आइपुग्दा यस क्षेत्रका जनताहरूले हिन्दु र बौद्ध दुबै धर्म अवलम्बन गरेको पाइन्छ ।

कीर्तिखम्ब र पथ्थरनाउलीको सुरुवातमा ॐ माने पद्मे हुँ लेखेर सुरू गरिएको शिलालेख, सउना कार्की र सउना कर्क्यानीले निर्माण गरेको पादुका स्थानको अशोक चल्लका पालाको बुद्धमुर्ति र शिलालेख, देव वर्माले बनाएको पथ्थरनाउली, अशोका चल्लले बनाएको काकेविहार, हितु रावतले निर्माण गरेको जुम्लाको द्वादशक चैत्यलगायत थुप्रै ढुङ्गे प्रस्तर कलाले तत्कालीन खस साम्राज्यको बुद्ध धर्म प्रतिको लगावलाई प्रस्ट पार्दछ । यसरी खस साम्राज्यकालमै प्रचलित रेशम मार्गमा बुद्ध तथा हिन्दु सम्पदाहरू निर्माण भएको पाइन्छ । हुम्लामा निर्मित गुम्बाहरू ११ औं देखि १५ औं शताब्दीका बीचमा निर्मित भएका हुन् भने डोल्पा क्षेत्रका गुम्बाहरू १८ औं शताब्दी पछि बनेका पाइन्छन् ।

नेपाली भाषाको उद्गम थलो कर्णाली प्रदेशमा नेपाली भाषी जनसङ्ख्या ९४.९० प्रतिशत रहेको छ । अन्य जातजातिहरूले नेपाली भाषालाई बोलीचालीको भाषाका रूपमा अबलम्बन गरेका कारण नेपाली भाषीहरूको जनसङ्ख्या बढी भएको हो । नेपाली भाषाको उत्पत्ति सिँजामा भएको हो । यससँग सम्बन्धित सबैजसो अभिलेख सिँजाको शीतकालीन राजधानी दुल्लुको सेरोफेरोमा पाइएकाले नेपाली भाषाको आधारभूत मूल रूप यही प्रदेशकै नेपाली भाषा हो या सिँजा क्षेत्रकै भाषा हो । बाँकी नेपालभित्र र बाहिर बोलिने सबै रूप यसैका भाषिक भेद हुन् । भाषाका बारेमा आज काठमाडौँमै भेटिएका दुईचार जनासँग सोधेका आधारमा निष्कर्ष निकाल्ने चलन चलेको छ । त्यसरी हेर्दा पूर्वेली भाषिका, जुम्ली सिँजाली भाषिका, दैलेख कालिकोटे भाषिका, भेरी क्षेत्रीय भाषिका, अछामी भाषिका, तराइली भाषिका आदि नाम दिइएको पाइन्छ । यहाँ मूल रूपलाई भाषिका र यसबाट जन्मेका भेदलाई नेपाली भाषा भन्ने परम्परा चलेको छ । तर सबै भाषालाई उत्तिकै प्राथमिकता दिएर अगाडि बढाउनु पर्ने आजको आवश्यकता हो (गिरी मदुसुदन, २०७६) । कुनै भाषालाई अनावश्यक टुक्राउने र खण्डित गरी कमजोर पार्नु राम्रो होइन । वि.सं. २०६८ को जनगणनामा डोटेली, डडेलधुरेली, वैतडेली, अछामी आदि भाषा भनेर तिनका वक्ताको सङ्ख्या प्रत्येकको एक लाखभन्दा बढी देखाइएको छ । अर्कोतर्फ भारतीय विद्वान महेश्वर जोशी तथा नेपालका महेशराज पन्तले समेत कमाउँनी, गढवाली भाषा समेतलाई नेपालीकै भेद भनिरहेका बेला हामी भने आफै विखण्डनमा गइरहेका छौं । त्यसका सट्टा अङ्ग्रेजीमा ब्रिटिश अङ्ग्रेजी, अमेरिकन अङ्ग्रेजी आदि भनेजस्तै डोटेली, नेपाली, डडेलधुरेली नेपाली, अछामी नेपाली भन्नु उपयुक्त हुन्छ ।

यो प्रदेशमा बोलिने अन्य भाषामा मगर (ढुट भाषा, पाङ भाषा, भोटेलामा, खाम, गुरुङ, तामाङ, थारु, राजी, खुना, छन्त्याल, खाम्ची, बोटे भाषा आदि रहेका छन् । यी मध्येका धेरै भाषा लोपोन्मुख छन् । कर्णाली प्रदेशको डोल्पा जिल्लामा रहेका एकथरी मगर जातिले काइके भाषा बोल्दछन् । काइके भाषा बोल्ने त्यो क्षेत्रको नाम नै काइके गाउँपालिका राखिएको छ । खाम्ची भाषा घुमन्ते अवस्थामै रहेका लोपोन्मुख जाति राउटेहरूले बोल्दछन् । करिब दुइ सयको हाराहारीमा रहेका यी घुमन्ते जातिहरूको भाषा लिपिबद्ध गरिएको छ । यस मध्ये कर्णाली प्रदेशमा साङ्केतिक भाषा बोल्नेहरूको सङ्ख्या पनि केही सयको सङ्ख्यामा रहेको छ । यस सम्बन्धी विद्यालयहरू सुर्खेत, दैलेखलगायतका जिल्लामा रहेका छन् ।

कर्णालीको इतिहास, संस्कृति तथा भाषा, साहित्य र कलाका बारेमा नेपाल र बाहिरका थुप्रै विद्वानहरूले अध्ययन, अनुसन्धान र महत्त्वपूर्ण लेखन गरेका छन् । यसमा योगी नरहरिनाथ, जोसेफ सि टुची, विसप सि वेरी, हड्सन, हर्क गुरुङ, टोनी हेगन, पूर्णप्रकाश नेपाल यात्री, सूर्यमणि अधिकारी, रामनिवास पाण्डे, मोहनप्रसाद खनाल, रत्नाखर देवकोटा, राजाराम सुवेदी आदिले कलम चलाएका छन् । राष्ट्रिय रूपमा ख्यातिप्राप्त साहित्यकार, कवि, समालोचक कलाकारहरूलाई कर्णाली प्रदेशले जन्म दिएको छ । इरिक भ्यालीद्धारा निर्मित क्याराभान ओश्कारमा मनोनयन भएको विश्वविख्यात फिल्मले जडान सम्भता र हिमाल वारपार जनजीविका र संस्कृतिलाई उजागर गरेका छन् ।

कर्णाली प्रदेशका खस अर्थात् अवैदिक आर्य जातिका कतिपय आफ्नै लौकिक संस्कार र संस्कृति थिए । त्यस्तै भोटे, लामा र मगरका आफ्नै र दक्षिणतिरबाट केही पछि आएका वैदिक आर्यका आफ्नै संस्कार र संस्कृति थिए । यहाँ शिलालेख, ताम्रपत्र, भोजपत्र र पुराना हस्तलिखित ग्रन्थमा वाशिष्टी कर्म, ज्योतिष, तन्त्रमन्त्र आदिको लेखनको पुरानो परम्पराको लिखित सम्पदा पाइन्छ भने यहाँको हुड्केका भारत, वंशावली, चैत, ढुस्को, धमारी, मागल, मारुनी, न्याउल्या, झोडा आदिमा अत्यन्त समृद्ध लोकसंस्कृतिको भण्डार लुकेको छ । यहाँका शिलालेख, खम्वा, देवल, विहार, गुम्बा, मङ्ग्राहा, पत्थरनाउली, माडौँ आदिमा अति समृद्ध पत्थर कला देख्न पाइन्छ । कर्णाली प्रदेश विभिन्न थरजातको उद्गम थलो पनि हो । दाहाल, नेपाल, खनाल, चौलागाई, पोखरेल, सिग्देल, लम्साल, बस्ताकोटीलगायत थुप्रै थरहरूको उत्पति पनि कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट भएको पाइन्छ । अधिकांश खस जातिको पुर्ख्यौली थालथलो पनि कर्णाली क्षेत्र नै हो । खसहरू करिब २००० वर्षभन्दा अगि नै यस क्षेत्रमा प्रवेश गरिसकेको पाइन्छ भने सिँजा उपत्यकामा मानिसहरू बसोबास ८००० वर्ष अगिदेखी नै भएको टुचीको तर्क छ । यस क्षेत्रमा कुसुण्डालगायत घुमन्ते जातिहरूको अस्तित्व पाषाण युगदेखि नै रहेको अनुमान गर्न सकिन्छ । अहिले पनि यो प्रदेशमा क्षेत्री, ठकुरी र बाह्रमण गरी करिब ६० प्रतिशत जनसङ्ख्या रहेको छ भने सबै थरीका दलितको जनसङ्ख्या ३२ प्रतिशत रहेको छ । यो प्रदेशमा मगरको जनसङ्ख्या १०.९ प्रतिशत पुगेको छ । यो प्रदेशको मूल पहिचान खस हिन्दु बाहुल्य भए तापनि उल्लेख्य जडान तथा मगर बाहुल्य क्षेत्रहरूको साँस्कृतिक विविधताले यो प्रदेश धनी हुन पुगेको छ । अल्पसङ्ख्यक र लोपोन्मुखका रूपमा रहेका थारु, राउटे, ब्यासी, पहाडी मुश्लिम, तामाङ, गुरुङ, माझी, बादी आदि जातिका कारण यो प्रदेशलाई झनै विविधता र बहु-पहिचानयुक्त बनाएको छ ।

कर्णाली प्रदेशको सिँजा सभ्यताका धरोहरका रूपमा रहेको शाकेसम्वत् १२७९ मा स्थापित दुल्लुको कीर्तिखम्बको शिलालेख पश्चिम नेपालकै सबैभन्दा महत्त्वपूर्ण प्रमाणिक इतिहास हो । नागराजका सन्तान क्राचल्लको समयावधिदेखि नै **सिँजा हाट दुल्लु विराट** उक्तिले प्रसिद्ध कर्णाली प्रदेशमा व्यापारिक केन्द्र र प्रशासनिक केन्द्र तथा गृष्मकालीन र शीतकालीन राजधानीको अभ्यास उहिल्यै सुरू भएको पाइन्छ । कर्णालीमा परम्परागत रूपमै व्यापार, पशुपालन र खाद्यसुरक्षामा आधारित वातावरण अनुकुल जनजीविकाको पद्दति रहँदै आएको छ । सिँजा हाटले तत्कालीन खस साम्राज्यको उत्तरमुखी

व्यापार पद्दतिको सङ्केत गर्दछ । यससँगै शासनसत्तामा पनि वातावरण अनुकुलन र पर्यावरणमैत्री ढाँचाको अबलम्बन भएको पाइन्छ । सिँजामा १४ औं शताब्दीमा निर्मित भएका पाण्डुगुफा, विराट दरवारजस्ता पुरातात्विक संरचनाहरूका साथै पुराना माटाका भाँडाकुडाहरू र औजारहरू पाइएका छन् । दुल्लु र कर्णाली रेशममार्ग आसपासको क्षेत्रमा खस सभ्यताको अझ जीवन्त र प्रामाणिक इतिहास छ्यापछ्याप्ती पाइन्छ । ११ औं देखि १५ औं र १६ औं शताब्दीसम्म निर्मित बिहार, मठ, मन्दिर, गुम्बा, किर्तिखम्ब, पथ्थरनाउली, पञ्चदेवल, देवल, चैत्य, खम्बहरू, ढुङ्गेधाराहरू, मुङ्ग्राहा, पाटी पौवाहरू, ढङ्गे साँगु आदि निर्माणहरूले प्राचीन रेशम मार्गको ऐतिहासिकतालाई पुष्टि गर्दछन् । तत्कालीन कर्णाली रेसम मार्ग बर्दीयाको ठाकुरद्वारा, दानवाताल, सुर्खेत, दुल्लु, कालिकोट, जुम्ला सिँजा क्षेत्र, कर्णाली नदी किनारै किनार हिल्सा ताक्लाकोट पुग्दथ्यो । यो मार्ग यहाँबाट अगि बढेर कैलास मानसरोवर हुँदै कासगर, उरुम्की र मध्य एसियासम्म पुग्दथ्यो । कालान्तरमा यो व्यापारिक मार्गका प्रशाखाहरू पनि विकास भए । एउटा प्रशाखा जाजरकोट, सल्यान र रुकुम हुँदै दाङतर्फ पनि विस्तार भएको पाइन्छ भने अर्को कर्णाली नदीको किनारै किनार हुँदै अछाम र सुर्खेत पश्चिम हुँदै चिसापानीतर्फ जाने मार्गहरू विकास भएको देखिन्छ ।

कर्णाली प्रदेशमा कला, इतिहास र संस्कृतिसँग जोडिएका थुप्रै मठमन्दिर, पञ्चदेवलहरू, शिलालेखहरू, मुङ्ग्राह, पत्थरनाउली, गुम्बा आदि रहेका छन् । सुर्खेतमा अवस्थित काँक्रेविहार खस सभ्यता र अशोकाचल्लको समयमा गुम्बज शैलीमा बनेको नेपालकै पुरानो वास्तुकलाको एक अनुपम नमुना हो । यहाँका हिन्दु देवीदेवतालगायत बुद्धका मूर्तिहरूमा तत्कालीन समयको उत्कृष्ठ प्रस्तर कलाको नमुना देख्न सकिन्छ । दैलेख भूर्ति, दुल्लु, मान्म आदि स्थानमा रहेका पञ्चदेवल तत्कालीन ढुङ्गे वास्तुकलाको उत्कृष्ट उदाहरणहरू हुन् । क्याम्बोडियाको अंकोराभातमा रहेका विशाल ढुङ्गे मन्दिरहरूको कलात्मक शैलीका यी देवल, मुग्राह र पात्थरनाउलीहरूको शैलीसँग मिल्न जान्छन् । १३ औ देखि १५ औ शताब्दीको बीचमा बनेका यी ढुङ्गे बास्तुकलाहरूको निर्माण हिन्दु र बुद्ध धर्मको समिश्रण र सौहार्द्धताको अवधिमा भएको पाइन्छ । यो कला यहींको मौलिक उत्पादन पनि हुन सक्दछ । तर निर्माण अवधि, धार्मिक पृष्ठभूमि, वास्तुकलाका ढाँचाहरू र वर्मान्तधारीहरूको निर्माणमा रहेको भूमिकाको हिसाबले अंकोरभात र कर्णाली प्रदेशका ढुङ्गे बास्तुकलाहरूको समानता अध्ययन गर्नु पर्ने नयाँ विषय हो । खमर राजकुमार भारतीय उपमहाद्विपबाट आएको र ती निधिहरु वर्मान्तधारीहरूले नै निर्माण गरेको इतिहास क्याम्बोडिमा रहेको छ भने खस स्रामाज्यकालमा वर्मान्तधारी सत्तामा देखिनु कैलास मानसरोवर यात्रा र सिल्क रोडका प्रभावसँग कर्णालीका यी वास्तुकलाको कुनै न कुनै सामिप्यता हुन सक्ने देखिएको छ ।

हिन्दुमन्दिरहरूको निर्माण प्यागोडा शैलीमा गरिएका छन् । हिन्दू आस्थाका केन्द्रहरू निकै पहिलादेखि नै रहेका भए तापनि अधिकांश धार्मिक स्थलहरू १४ औं शताब्दीदेखि २० औं शताब्दीका बीचमा निर्माण भएको देखिन्छन् । खस साम्राज्यकालीन दरबारका भग्नावशेष सिँजा, दुल्लु पुरानो गढी

र पादुकास्थान, सुर्खेत पुरातात्विक ढिस्को आदिमा रहेको देखिन्छ । हालसम्म पनि जीवित धरोहरका रूपमा रहेका जाजरकोट दरबार, दुल्लु दरबार, फलावाङ दरबार, पुतली दरबारहरू भने १९ औं र २० औँ शताब्दीमा बनेका हुन् । त्यसमध्यको महत्त्वपूर्ण दुल्लु दरवारको द्वन्द्वकालको प्रभावका कारण नस्ट हुन पुगेको छ । यस्ता दरबारहरू कर्णाली प्रदेशको तत्कालीन पछिल्लो बास्तुकलाका नमुनाहरू हुन् ।

पुरातात्विक प्रमाणहरूलाई आधार मान्दा हुम्लाको खार्पुनाथ प्राचीन मठ भए तापनि निर्माण कहिले भएको हो भन्ने बारेमा प्रमाणिक इतिहास छैन । दैलेखको पादुकास्थान १३ औ शताब्दीमै बनेको प्रामाणिक इतिहास छ भने विन्द्रासैनी मन्दिर र विलासपुर मन्दिर १५ औं शताब्दीतिरै बनेका मानिन्छन् । यहाँका पञ्चकोशीहरू प्राचीन भए तापनि मठ मन्दिरको निर्माण १९ औ शताब्दीमा भएको देखिन्छ । त्यस्तै सुर्खेतको शिव मन्दिर १७ औ शताब्दीमा, जाजरकोटको शिव मन्दिर १४-१५ औ शताब्दीमा, रुकुमको डिग्रेसाइ १५० वर्ष अगि, शिव मन्दिर देवस्थान १६ औँ र १७ औँ शताब्दीमा निर्मित भएका देखिन्छन् । डोल्पाको रेलिङ गुम्बामा ४०० वर्ष पुरानो चित्र रहेको र त्रिपुरा सुन्दरीमा रहेको घण्ट वि.सं. १८८१ को भएकाले यी ऐतिहासिक सम्पदाहरू योभन्दा निकै पुराना भएको अनुमान गर्न सकिन्छ । त्यस्तै ११ औं शताब्दीमा निर्मित हुम्लाको हल्जी गुम्बा यो प्रदेशकै पुरानो साँस्कृतिक निधिमा पर्दछ । सिमकोटमा रहेको मस्टोमारु निर्माण ५०० वर्ष पुरानो भएको मानिन्छ ।

कर्णाली प्रदेशमा स्थानीय विशेषताका थुप्रै चाडपर्वहरू रहेका छन् । ती मध्ये खस हिन्दु समुदायले मान्ने साउन पूर्णिमा, भुवो, तिहार र पुस १, भैलो पुसमा तिथिअनुसार, माघी माघ १ गते हिन्दु र थारु समुदाय, गौरा पर्व ठकुरी समुदाय, हरेलो पर्व माघ १५ गते व्यासी समुदाय, भूमे पुजा मगर समुदाय, ल्होसार तिथिअनुसार भोटे, तामाङ र लामा समुदायका लागि प्रदेशले बिदा दिने व्यवस्था गरेको छ ।

समग्रमा आजको कर्णाली प्रदेश विपन्न देखिएका प्राचीन र पूर्वमध्यकालीन कर्णाली प्रदेश समृद्ध र शक्तिशाली रहेको देखिन्छ । नेपालीका पहिचानका आधार नेपाली भाषाको उद्‌गम भूमि, नेपाली कला, साहित्य र संस्कृतिको उद्‌गम एवम् विकास भूमि तथा थुप्रै नेपाली जात, थरको आदिको पैतृक भूमि कर्णालीको समृद्धिका आधार तत्कालीन रेसममार्गमा आधारित नुन, सुन र उनका साथै घोडा, भेडा, बाज र जडीबुटीको व्यापार थियो । सारमा समृद्ध संस्कृति, कला र साहित्य तत्तकालिन समृद्ध कर्णालीको इतिहासलाई उजागर गर्दछ ।

५. आर्थिक विकास

विगतमा कर्णाली प्रदेशको आर्थिक अवस्था व्यापार व्यवसायमा आधारित भएकाले समृद्ध थियो । कालान्तरमा कर्णाली प्रदेश परनिर्भर हुन पुग्दा व्यापार व्यवसायका आधारहरू भत्किन पुगे । यसले प्रदेशको अर्थतन्त्रमा ठुलो धक्का खेप्न पर्‌यो र कर्णाली क्षेत्र रोग, भोक र अशिक्षाको पर्यावाची बन्न पुग्यो । देश सङ्घीय संरचनामा गएपछि कर्णाली प्रदेश सरकार जनताको नजिकको सरकार भएकाले योजनाबद्ध द्रुत आर्थिक विकासको ढोका खुलेको छ ।

कर्णाली प्रदेशका आर्थिक सूचकाङ्कहरू अत्यन्तै कमजोर छन् । तथापि प्रदेशको प्रचुर प्राकृतिक सम्पदा, आधुनिक विज्ञान तथा प्रविधि र नवीनतम विकासको सोचका आधारमा समृद्ध कर्णाली निर्माणको ठुलो सम्भावना रहेको छ । दीर्घकालीन विकासको दृष्टिकोणबाट प्रदेश सरकारले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न र कर्णाली प्रदेशको वर्तमान आर्थिक मानचित्रको वास्तविक जानकारी विना कुनै पनि भावी कार्यक्रमहरू तय गर्न नसकिने हुँदा अहिलेको आर्थिक धरातलीय यथार्थ संक्षेपमा उल्लेख गरिएको छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनको ३ प्रतिशत मात्र कर्णाली प्रदेशको योगदान रहेको छ । कर्णालीको प्रतिव्यक्ति आम्दानी गत आर्थिक वर्षमा ६०६ अमेरिकी डलर रहेको छ । कुल निक्षेप र कर्जामा कर्णालीको योगदान १ प्रतिशत र राजश्वमा ०.३ प्रतिशत मात्र योगदान रहेको छ । कर्णाली प्रदेशको वार्षिक आर्थिक वृद्धि दर ५.६८ प्रतिशत छ । प्रदेशमा गरिबीको आँकडा ३६.५ प्रतिशत रहेको छ र बहुआयामिक गरिवी दर ५१.२ प्रतिशत छ । कुल ४४ वटामात्र उद्योगहरू रहेको यस प्रदेशमा औद्योगिकीकरण खासै सुरूवात हुन सकेको छैन । कर्णालीका अधिकाँश सूचकहरू राष्ट्रिय औसत भन्दा निकै तल रहेका छन् । प्रदेशको वेरोजगारी दर ९.७ प्रतिशत छ र आर्थिक रूपले सक्रिय जनसङ्ख्या ४१.४ प्रतिशत छ जुन राष्ट्रिय औसत भन्दा केही राम्रो मानिएको छ ।

तालिका ५.१ (क) कर्णाली प्रदेशका महत्त्वपूर्ण आर्थिक परिसूचकहरू

सूचक	कर्णाली	नेपाल
कुल गार्हस्थ्य उत्पादन	रु.१ खर्ब १९ अर्ब २६ करोड	रु ३४ खर्ब ६४ अर्ब ३१ करोड
कुल बजेट	३४ अर्ब ३५ करोड	१३ खर्ब १५ अर्ब १६ करोड १७ लाख
प्रतिव्यक्ति आम्दानी	६०६	१००४
बैंक तथा वित्तीय संस्था शाखाको प्रतिशत	३.८ प्रतिशत	१००

कुल निक्षेपमा कर्णाली प्रदेशको योगदान	१ प्रतिशत	१००
कुल कर्जामा प्रदेशगत प्रतिसत	१ प्रतिशत	१००
२०७५/७६ को आर्थिक वृद्धि दर	५.६८	६.८१
गरिबी (२०११ को आँकडा) बहुआयामिक गरिबी	३६.५ ५१.२	२५.२ २८.६
एक बैंकले सेवा दिने जनसङ्ख्या	१६२८२	७४८८
आर्थिक रूपले सक्रिय जनसङ्ख्या	४१.४	३९.९
कुल उद्योग सङ्ख्या	४४	४०७६
बेरोजगारी दर (औसत) पुरुष महिला	९.७ ११.७ ६.०	११.४ ११.४ १३.१

५.१ राजश्व, आय र बजेटको अवस्था

कर्णाली प्रदेशको बजेट पूर्णतया केन्द्रमा निर्भर रहनु पर्ने अवस्था छ। यसको पुष्टि गएको आ.व. २०७५/७६ को बजेट निर्माणले देखाउँछ । यसअनुसार, ३५ प्रतिशत सामान्यीकरण अनुदान, २४ प्रतिशत शसर्त अनुदान, ११ प्रतिशत विशेष अनुदान, ८ प्रतिशत समपूरक अनुदान र २० प्रतिशत राजश्व बाँडफाँटबाट तथा २ प्रतिशत अन्य राजश्वबाट प्राप्त हुने गरेको छ। (चित्र ४.१) । यसमा कर्णाली प्रदेशले लिने भनिएको १ अर्ब आन्तरिक ऋणलाई समावेश गरिएको छैन ।

तालिका ५.१ (ख): प्रदेशको बजेट २०७६।७७ का स्रोतहरु

क्र. सं.	विवरण	प्राप्त रकम
१	समानीकरण अनुदान	९ अर्ब ८४ करोड
२	सशर्त अनुदान	५ अर्व २७ करोड २७ लाख
३	विशेष अनुदान	९१ करोड २२ लाख
४	समपूरक अनुदान	९० करोड
५	राजस्व वाँडफाँटबाट प्राप्त हुने रकम	७ अर्व ४४ करोड ४३ लाख
६	आन्तरिक ऋण	७५ करोड
७	आन्तरिक राजस्व अनुमान	३० करोड
८	गत आ.व.को नगद	८ अर्व ९४ करोड
९	कुल जम्मा	३४ अर्व ३५ करोड

स्रोत: आर्थिक तथा योजना मन्त्रालय, २०१८

चित्र नं. ५.१ (क): कर्णाली प्रदेशको बजेट आयको अवस्था



चित्र ५.१ (ख) : कर्णाली प्रदेशको आयको स्रोत



स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बजेट बक्तय, २०७५/७६

चित्र नं. ५.२: कर्णाली प्रदेश बजेट २०७५/७६को खर्च विनियोजन



स्रोत: कर्णाली प्रदेश बजेट भाषण, २०७५/७६

आर्थिक वर्ष २०७५/७६ मा विनियोजित २८ अर्ब २८ करोड २८ लाख रकममध्ये रु. ६ अर्ब ६२ करोड ८५ लाख चालुतर्फ सिलिङ कायम भई बजेट विनियोजन भएको थियो । पुँजीगततर्फ यो खर्च रु. २१ अर्ब २५ करोड ४३ लाख विनियोजन भएको थियो भने अन्तरसरकारी वित्त हस्तान्तरणतर्फ ४० करोड विनियोजन गरिएको थियो । कर्णाली प्रदेश सरकारको बजेटमा पुँजीगत खर्चले बजेटको ७५ प्रतिशत अंश ओगटेको थियो । वित्त हस्तान्तरणसमेत समावेश गर्दा यो प्रतिशत अझ बढी हुन्छ । पुँजी निर्माण र ठुला पूर्वाधारमा यस्तो बजेट विनियोजन भई अपेक्षित खर्च हुन सकेमा अर्थतन्त्रलाई गतिशील बनाउन सक्दथ्यो तर यसो हुन सकेन । अति न्यून खर्च हुँदा यसबाट पाठ सिकी विकास खर्च वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

कर्णाली प्रदेश सरकारको ०७६/७७ को बजेटलाई दृष्टिगत गर्दा कुल बजेट ३४ अर्ब ३५ करोड पुग्न गएकोमा मूलतः राजश्व बाँडफाँटबाट प्राप्त हुने सिलिङ रु ७ अर्ब ४४ करोड ४३ लाख र वित्तीय समानीकरण अनुदानको ९ अर्ब ८४ करोड ८३ लाख रूपैयाँ रहेको छ । त्यस मध्य गत आर्थिक वर्षको नगद ८ अर्ब ९४ करोड रहेको थियो । त्यस्तै समपुरक अनुदान अघिल्लो वर्ष ९२ करोड रहेकोमा यस वर्ष ९० करोड रहेको छ । यसमाथि चालु आर्थिक वर्षमा ६ अर्ब ६३ करोड सशर्त अनुदान रहेकोमा यस वर्ष भने कही घट्न गइ ५ अर्ब २७ करोड २७ लाख रहन गएको छ । (तालिका ५.१) । अगिल्लो वर्षको बजेट स्रोत सँग तुलना गर्दा समानीकरण २९ प्रतिशत, गत वर्षको आर्थिक नगद २६ प्रतिशत,

राजश्व बाँडफाँटबाट हुन रकम २२ प्रतिशत, सशर्त अनुदान १५ प्रतिशत, समपूरक र विशेष अनुदान क्रमशः २ र ३ प्रतिशत, आन्तरिक ऋण २ प्रतिशत र आन्तरिक राजश्व १ प्रतिशत अनुमान गरिएको छ। (रेखाचित्र ५.१.९- क)।

तालिका ५.१ (ग) : प्रदेश सरकार मन्त्रालयगत विनियोजित रकम, २०७६।७७

क्र. सं.	मन्त्रालय र निकाय	रकम रू करोडमा
१	प्रदेश व्यवस्थापिका	१६ करोड ४९ लाख
२	प्रदेश लोक सेवा आयोग	२ करोड ९७ लाख
३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१ करोड ६२ लाख
	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३ अर्ब ३६ करोड
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१२ करोड ८६ लाख
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२ अर्ब ८७ करोड
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३ अर्ब ४३करोड
७	आन्तरिक मामिला तथा कानून मन्त्रालय	७० करोड
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२ अर्ब ६२ करोड
९	सामाजिक विकास मन्त्रालय	४ अर्ब ७० करोड
१०	कर्णाली प्रदेश योजना आयोग	५ करोड ८५ लाख
११	अर्थ वित्तीय व्यवस्था	८० करोड
१२	अर्थ विविध	१ अर्ब ६७ करोड
१३	स्थानीय तह	३ अर्ब ८० करोड
१४	जम्मा	३४ अर्ब ३५ करोड

स्रोतः आर्थिक तथा योजना मन्त्रालय, २०१८

मन्त्रालयगत बजेट बाँडफाँटको अवस्था हेर्दा प्रदेशको प्राथमिकतालाई मध्यनजर गरी भौतिक पूर्वाधारमा सबैभन्दा बढी बजेट (१२ अर्ब ६२ करोड) विनियोजन भएको छ। त्यस्तै सामाजिक विकास, कृषि र पर्यटन उद्योग बजेट प्राथमिकतामा परेका छन्। यस मध्ये सामाजिक मन्त्रालयमा करिब ४ अर्ब ७० करोड बजेट विनियोजन गरिएको छ। प्रदेशले स्थानीय तहलाई छुट्याएको बजेट करिव ३ अर्व ८० करोड रहेको छ र अरू प्रदेशसँग तुलना गर्दा कर्णाली प्रदेशले स्थानीय तहमा छुट्याइको यो रकम उल्लेखनीय हो। (तालिका ५.१.१ -क)।

सङ्घबाट प्राप्त भएको स्रोत गत वर्षको तुलनामा थोरै वृद्धि भए पनि कर्णाली प्रदेशले क्षतिपूर्ति स्वरूप ठुला पूर्वाधारका योजनाहरूमा पर्याप्त बजेट अझै प्राप्त गर्न सकिरहेको छैन। त्यसमाथि अहिले

भएको बजेटको अधिकांश भाग केन्द्रमै आश्रित रहेको छ । राजश्वको आफ्नो स्रोत न्यून छ र त्यसलाई तत्कालै वृद्धि गर्न सक्ने सम्भावना पनि छैन । कर्णाली प्रदेशको बजेटमा राजश्वको योगदान ०.२ प्रतिशत मात्र रहेको छ । आर्थिक वर्ष २०७६/७७मा रु. ५० करोड राजश्व अपेक्षा गरिएकोमा वर्षको अन्तिमतर्फ आइपुग्दा रु. २१ करोड मात्र उठ्ने आँकलन गरिएको छ ।

कर्णाली प्रदेश सरकारले आफ्नो बजेट वक्तव्यमा घरजग्गा रजिस्ट्रेशनबाट रु. ४० करोड राजश्व उठ्ने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको संसोधित अनुमानअनुसार रु. १३ करोड ७३ लाख उठ्ने देखिएको छ । जग्गाको कित्ताकाट रोक यथावत रहेमा आगामी आर्थिक वर्षहरूमा पनि यस क्षेत्रमा खास सुधार हुन सक्ने देखिदैन । यातायात सवारी करमा चालु आर्थिक वर्षमा रु ५ करोड राजश्व उठ्ने अनुमान गरिएकोमा संसोधित अनुमानअनुसार रु. ७ करोड पुग्ने देखिन्छ । यसरी कर्णाली प्रदेशको अनुमानित राजश्वमा घरजग्गा रजिष्ट्रेशनबाट ३४ प्रतिशत मात्र उठ्न सक्ने देखिन्छ भने यातायात सवारी करमा ४० प्रतिशत राजश्व बढ्ने अनुमान गरिएको छ । दहत्तर बहत्तरबाट उठ्ने राजश्व खासै दाखिला हुन सकेको छैन । आर्थिक वर्ष २०७८/७९सम्म पुग्दा यातायात सवारी करमा उठ्ने राजश्वको अङ्क निरन्तर बढी १० करोड पुग्ने अनुमान गरिएको छ । प्रदेश सरकारले उठाउन सक्ने पर्यटन, कृषि, मनोरञ्जनजस्ता अन्य करहरू गणनामा आउन सकेको छैन र आगामी वर्षहरूमा पनि यसमा खासै प्रगति हुनसक्ने अपेक्षा गरिएको छैन । (चित्र ५.३) ।

चित्र ५.३: राजश्वको अनुमान (२०७५/७६ देखि २०७८/७९)



स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार, २०७५/७६ ।

५.२ आर्थिक वृद्धि र प्रतिव्यक्ति आम्दानीको लक्ष्य

विगत एक दशकको स्थितिलाई आँकलन गर्दा कर्णालीको आर्थिक वृद्धिदर नेपालको आर्थिक वृद्धिदरभन्दा केही बढी रहेको छ । सन् २००१-१० बीचमा नेपालको आर्थिक वृद्धिदर ४.४ प्रतिशत मात्र थियो भने कर्णालीको आर्थिक वृद्धिदर ४.५ प्रतिशत थियो । त्यस्तै सन् २०१०–१७ का बीचमा नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत मात्र रह्यो भने कर्णालीको आर्थिक वृद्धिदर सोही अवधिमा ४.८ प्रतिशतसम्म पुगेको पाइन्छ ।[१] सन् २०१९ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक वृद्धि अनुमानअनुसार २०७५/७६ को राष्ट्रिय आर्थिक वृद्धि दर ६.८१ पुग्ने अनुमान गरिएको छ भने कर्णालीमा आर्थिक वृद्धिदर ५.६८ हुने अनुमान गरिएको छ । देशमा सङ्घीय गणतन्त्रको अभ्यास भई विभिन्न तहको सरकार निर्माण भएपश्चात् नेपालको राष्ट्रिय आर्थिक वृद्धि दर कर्णाली प्रदेशको आर्थिक वृद्धिदरभन्दा १.१३ प्रतिशतले माथि हुने अनुमान गरिएको छ ।

कर्णाली प्रदेश सरकारले सुरूमा सन् २०२३ सम्म २१ सय डलर प्रतिव्यक्ति आय पुऱ्याउने घोषणा गरेको भए तापनि हाल यसलाई कर्णाली प्रदेश योजना आयोगले तयार गरिरहेको पहिलो पञ्चबर्षीय योजनामा परिमार्जनसहितको नयाँ प्रतिव्यक्ति आय तय गरिएको छ । प्रतिव्यक्ति आय २१ सय डलर पुऱ्याउन कर्णाली प्रदेशमा दोहोरो अङ्कको आर्थिक वृद्धि भएर मात्र पुग्दैन । यसका लागि ३० प्रतिशतभन्दा बढीको आर्थिक वृद्धिदर आवश्यक पर्दछ । विश्व इतिहासमा विशेष अवस्थाको विशेष वर्षमा मात्र यस्तो ज्यामितीय आर्थिक वृद्धिदर हासिल भएको पाइन्छ । आर्थिक वृद्धिको यो प्रक्रिया पूरा गर्न कुल आन्तरिक र बाह्य गरी झण्डै रु १० खर्बभन्दा बढीको आर्थिक परिचालन र रु. ५ खर्ब २१ अर्बको लगानी आवश्यक हुन्छ । त्यसैले कर्णाली प्रदेशको संरचना र जग नै बनाउनु पर्ने अवस्थामा यो लक्ष्य अवश्य एउटा विचारणीय प्रश्न हुन गएको थियो ।

१ UNDP 2014 / EPI Estimation, 2018

चित्र ५.३ आर्थिक वृद्धि र क्षेत्रगत संरचना (अनुमान)[२]



कर्णाली प्रदेशको वस्तुगत र आत्मगत अवस्थालाई ध्यान दिई यस प्रदेशका लागि दुई अङ्कको आर्थिक वृद्धिको लक्ष्य वस्तुगत र व्यावहारिक हुन्छ । यो लक्ष्य हासिल गर्न ठुला पूर्वाधार र जलविद्युत गृहहरू, ठुला र मझौला उद्योगहरू स्थापना, व्यावसायिक कृषि र पर्यटनका क्षेत्रमा व्यापक लगानी गरी छिटोभन्दा छिटो सञ्चालनमा ल्याई आगामी दुई वर्षभित्र दुई अङ्कको आर्थिक वृद्धिको लागि आधार तय गर्न सकिनेछ । पहिलो पञ्चवर्षीय योजनाको अन्तिम तीन वर्षमा दुई अङ्कको आर्थिक वृद्धि हासिल गरी कर्णाली प्रदेशले आर्थिक विकास र समृद्धिको दिशा पक्रन सक्दछ । कर्णाली प्रदेशले आफूसँग भएका स्रोत-साधन र श्रम शक्तिको समुचित सदुपयोग योजनाबद्ध रूपमा गरेमा भविष्यमा दुई अङ्कको आर्थिक वृद्धिदर हासिल हुन सक्दछ ।

चित्र ५.४ अनुसार प्रदेशको पहिलो दुई वर्षमा दुई अङ्कको आर्थिक वृद्धिको आधार तयार गर्न सकिने देखिन्छ । ठुला कलकारखाना, जलविद्युत र पर्यटनका पूर्वाधारहरू द्रूत गतिले सञ्चालन गर्दा यसले केही समय लिन्छ । त्यसमाथि केन्द्र र प्रदेश सरकारले सडक र अन्य पूर्वाधार निर्माण गर्नुपर्ने हुन्छ । प्रभावकारी कार्य सम्पादन हुने हो भने आगामी दुई वर्षभित्र दुई अङ्कको दिगो आर्थिक वृद्धिमा

२ आधार वर्षको तथ्याङ्ककेतवि २०१९ र आर्थिक वृद्धि प्रक्षेपणका लागि कर्णाली प्रदेश सरकारका लागि इपिआइ तथ्याङ्क २०१९ बाट हिसाब गरी प्रस्तुत ।

प्रवेश गर्न सकिने छ। यसका लागि कृषिको व्यावसायीकरणमार्फत् कुल उत्पादनमा वृद्धि गर्दै गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घट्दै जानु पर्दछ भने उद्योग र सेवा क्षेत्रमा तीव्र आर्थिक वृद्धि आवश्यक हुन्छ। हाल औद्योगिक उत्पादनमा भएको २.७४ प्रतिशत आर्थिक वृद्धिदर राष्ट्रिय औसत दरभन्दा निकै कम हो।

ऊर्जामा लगानी गरी उत्पादन गर्न सक्दा औद्योगीकरणका लागि ढोका खुल्ने र वाह्य लगानी आकर्षित भई औद्योगीकरणको दिशामा जान सकिन्छ। कर्णाली प्रदेशमा दुई अङ्कको आर्थिक वृद्धिदर हासिल गर्न योजनाको अवधि भित्रै उत्पादनको क्षेत्रमा २० प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हासिल गर्न आवश्यक हुन्छ। सेवा क्षेत्रमा पनि ठुलो फड्को मार्नुपर्ने हुन्छ। पर्यटन क्षेत्रले कम लगानीमा आर्थिक वृद्धिलाई बढी टेवा दिने भए तापनि आधारभूत पूर्वाधारमा लगानी हुन सकेन भने यसबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन।

५.३ गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

कर्णाली प्रदेश योजना आयोगले प्रथम पञ्चवर्षीय योजनामा गरिएको आर्थिक प्रक्षेपण अनुसार प्रथम आवधिक योजनामा औसत आर्थिक वृद्धिदर १४.९१ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। आर्थिक वर्ष २०७६/७७को ६५६ अमेरिकी डलर प्रतिव्यक्ति आयबाट आर्थिक वर्ष २०८०/८१ सम्म ११४८ अमेरिकी डलर पुर्‍याउने लक्ष्य छ। यसका लागि उद्योग क्षेत्रबाट आर्थिक वृद्धिमा ठूलो योगदान अपेक्षा गरिएको छ। सडक, निर्माण र पूर्वाधार क्षेत्रगत हिसावले उद्योग अन्तर्गत राखिएकाले यही आर्थिक वर्षबाट उद्योग क्षेत्रमा करिब २३ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ र यसलाई निरन्तर वृद्धि गर्दै ३७ प्रतिशत पुर्‍याउनु पर्नेछ। त्यस्तै कृषि र सेवा क्षेत्रमा अगिल्ला २ वर्षका दुई अङ्कको आर्थिक वृद्धिका लागि तयारी गरी तेस्रो वर्षमा दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। (चित्र ५.३)। यसका लागि पञ्चवर्षीय योजना अवधिभर सम्पूर्ण सार्वजनिक र निजी क्षेत्रसमेत गरी कुल ५ खर्ब २१ अर्बको लगानी आवश्यक हुन जानेछ।

कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ३२.९ प्रतिशत छ। यो नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान (२६.५० प्रतिशत)भन्दा ६.४ प्रतिशतले माथि हो। (तालिका ४.२)। जीविकामुखी कृषिमा मात्र अर्थतन्त्र आधारित हुनुका कारण र उद्योग र सेवा क्षेत्र खासै विकास नभएकाले कृषि क्षेत्रको योगदान बढी देखिनु स्वाभाविकै हो। कर्णाली प्रदेशमा मौसमी कामदारको सङ्ख्या अझै ठुलो रहनु र अरू प्रदेशभन्दा वैदेशिक रोजगारमा जाने प्रतिशत कम भएकाले कर्णालीको कुल आयमा विप्रेषणको अंश अरू प्रदेशभन्दा कमजोर छ। सेवा क्षेत्रमा देखिएको योगदान पनि थोरै जनसङ्ख्यामा औपचारिक रोजगारीमा हुने शिक्षक, गैससमा काम गर्ने, सेना र सरकारी कर्मचारी सङ्ख्या अनुपातमा बढी भएकोले हो। त्यसमाथि जीविकामुखी कृषि र न्यून औद्योगिक उत्पादनका कारणले सेवा क्षेत्र केही बढी देखिएको हो। यो प्रदेशमा सेवा क्षेत्र खासै विकास भएको छैन।

कृषिलाई व्यावसायिकरण, यान्त्रिकीकरण, आधुनिकीकरणद्वारा उत्पादन र मूल्य शृङ्खला वृद्धि गरी कृषि क्षेत्रमा आर्थिक वृद्धिको ठुलो सम्भावना छ। कृषि क्षेत्र घरधुरी आय, खाद्य सुरक्षा र जनजीविकाको महत्त्वपूर्ण आधार हो। कर्णालीमा गुणात्मक आर्थिक वृद्धि हासिल गर्न पूर्वाधार विकास, उत्पादन वृद्धि, सामाजिक विकास, पर्यटन सेवा र सुशासन आवश्यक पर्दछ। यस प्रदेशमा कलकारखाना र उद्योगधन्दा निकै कम भएकाले जडीबुटी, वन, रत्नपत्थर, सिमेन्ट र अन्य खनिजसँग सम्बन्धित उद्योगहरू स्थापना गर्न सकिएमा यसले प्रदेशको दिगो आर्थिक विकासको बलियो आधार तयार गर्न सक्दछ। पर्यटनको विकास भएका देश र क्षेत्रको तथ्याङ्क हेर्ने हो भने कर्णाली प्रदेशमा पनि पर्यटनले एक दशकभित्र गार्हस्थ्य उत्पादनको ८-९ प्रतिशतसम्म योगदान गर्न सक्दछ। पर्यटन गुरुयोजना बनाई यस क्षेत्रको पूर्वाधार, पर्यटकीय उत्पादन, संरचना र मानव संसाधन विकासमा ठुलो लगानी आवश्यक हुन्छ।

कर्णाली प्रदेशमा जलविद्युत उत्पादनको १८ हजार मेगावाटभन्दा बढी सम्भाव्यता भए तापनि ७ मेगावाट मात्र उत्पादन भएको छ। यसबाट प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १.२१ प्रतिशत योगदान गर्ने आँकलन गरिएको छ। यो प्रतिशत राष्ट्रिय औसतभन्दा कम हो। पर्यटनसँग सम्बन्धित होटल व्यवसाय र रेस्टुरेन्टको योगदान भने २.९७ प्रतिशत छ। यो राष्ट्रिय औसतभन्दा बढी हो तर यो योगदान पर्यटन आबद्धताभन्दा वीरेन्द्रनगर प्रदेशको राजधानी हुँदा राजनीतिक, आर्थिक र सामाजिक गतिविधिहरू तीव्र बढ्नुका कारणले पनि भएको हो। ऊर्जा र पर्यटनमा अग्रता लिएको गण्डकी प्रदेशमा यी दुवै क्षेत्रको योगदान क्रमशः २.८० र ३.८७ प्रतिशत रहेको छ। औद्योगिक उत्पादनका क्षेत्रमा प्रदेशको वृद्धि दर १.०३ प्रतिशत मात्र छ। यो राष्ट्रिय औसत वृद्धिदर ५.५९ प्रतिशतभन्दा निकै कम हो।

तालिका ५.२: गार्हस्थ्य उत्पादन संरचना[३]

आर्थिक क्षेत्रहरू (२०७५/७६)	कर्णाली	नेपाल
कृषि	३२.९	२६.५०
उद्योग	१३.८	१५.६९
सेवा	५३.३	५७.८१
जम्मा	**१००**	**१००**

५.४ बजेट र खर्चको अवस्था

कर्णाली प्रदेशले २०७५-७६ का लागि रु. ३४ अर्ब ३५ करोडको बजेट विनियोजन गरेको थियो। योजनाहरूलाई सही ढङ्गले प्राथमिकीरण गर्न नसक्दा तथा सङ्घीयता लागु गर्ने सन्दर्भमा रहेका कानुनी तथा संरचनागत ढिलासुस्ती, जनशक्तिको अभाव जस्ता झण्झटले पनि पुँजीगत खर्च अपेक्षित हुन सकेको छैन। पर्याप्त पुँजीगत खर्च हुन नसक्दा आर्थिक वृद्धिदर हासिल गर्न प्रतिकुल प्रभाव पर्दछ।

३ Regional Provincial National Account 2019. CBS को तथ्याङ्कबाट हिसाव गरी निकालिएको।

सङ्घीय बजेट पनि टुक्रा टुक्रा र अपर्याप्त सशर्तका रूपमा तल प्रवाह भएकाले यो बजेट पनि खर्च हुन सक्ने अवस्था छैन । मध्य पहाडी राजमार्गको काम सुचारु ढङ्गले अगि बढ्दा यसले स्थानीय रोजगारी र अर्थतन्त्रमा पनि केही सकारात्मक प्रभाव पार्ने देखिन्छ । तर कर्णाली र भेरी कोरिडोरमा न्यून बजेट विनियोजन गरिएकाले यसले प्रदेशको आर्थिक वृद्धिदरलाई अपेक्षित योगदान गर्न नसक्ने देखिन्छ । कर्णाली र भेरी कोरिडोर कर्णाली प्रदेशको आर्थिक वृद्धिको मुख्य आधार भएकाले कमजोर रकम विनियोजनले कर्णालीको अर्थतन्त्रमै दीर्घकालीन रूपमा नकारात्मक असर पार्ने देखिन्छ । आर्थिक रणनीतिक महत्त्व राख्ने पूर्वाधारमा गरिने यस्तो कम खर्चले ऊर्जा, पर्यटन, प्रशोधन उद्योग आदिका लागि बाह्य लगानीको सम्भावनालाई अझ पर धकेलिदिन्छ ।

स्थानीय तहको हकमा भने बजेट खर्च हुने स्थिति देखिएको छ । उत्पादनलाई सकारात्मक प्रभाव पार्ने गरी स्थानीय बजेटको सही सदुपयोग हुन सकेमा यसले आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव ल्याउन सक्दछ ।

कर्णाली प्रदेश सरकार अर्थमन्त्रालयले गरेको अनुमानअनुसार दोस्रो चौमासिकको अन्तसम्म निकै कम रकम मात्र खर्च हुन सकेको थियो । आर्थिक वर्षको अन्तसम्म प्रदेशको कुल बजेट खर्च ३४ प्रतिशत पुगेको छ । यस प्रदेशमा कर्मचारीको अभाव, कतिपय कानुनी र अख्तियारीको प्रदान गर्ने समस्याका कारण बजेट खर्च हुन ढिलाइ हुन गएको हो । विभिन्न मन्त्रालयको स्थिति आँकलन गर्दा तेश्रो चौमासिकको अन्तसम्म सामाजिक, पर्यटन र कृषि मन्त्रालायले केही रकम खर्च गर्न सकेको अवस्था छ । कर्णाली प्रदेशको पुँजीगत खर्चको झण्डै ४६ प्रतिशत बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयमा रहेको अवस्थामा गतबर्ष अपेक्षित प्रगति हुन सकेन । त्यस्तै आन्तरिक, मुख्य मन्त्रीको कार्यालयसँग भएको कतिपय कार्यक्रमहरू सङ्घीय र प्रदेश बीच कार्यक्षेत्र द्विविधाका कारण समयमा कार्यविधि बन्न नसक्दा अगि बढ्न सकेनन् । (हेर्नुहोस तालिका ४.३) ।

तालिका ५.३: खर्चको चौमासिक तथा वार्षिक अनुमान

मन्त्रालय	कुल बजेट	चालु खर्च	पुँजीगत खर्च	जम्मा खर्च	चालु प्रगति (प्रतिशत)	पुँजीगत प्रगति (प्रतिशत)
आर्थिक मामिला	८७ करोड ५२ लाख	४३ करोड ८७ लाख	१ करोड ६४ लाख	४५ करोड ५१ लाख	१५.२	०.२८
आन्तरिक मामिला तथा कानुन	१ अरब २१ करोड		३ करोड ५७ लाख	१२ करोड २ लाख	२६	५

उद्योग पर्यटन	२ अरब ८७ करोड ६२ लाख	३५ करोड ५९ लाख	२४ करोड २३ लाख	५९ करोड ८२ लाख	४१.१	१२.०५
भूमि व्यवस्था, कृषि तथा सहकारी	२ अरब ६२ करोड २२ लाख	३१ करोड ८६ लाख	१४ करोड ४३ लाख	४६ करोड ३० लाख	२०	१४
भौतिक पूर्वाधार	१० अरब ५ करोड १५ लाख	१२ करोड ९५ लाख	८३ करोड ४४ लाख	९६ करोड ३९ लाख	३६	८.६१
सामाजिक विकास	२ अरब ८९ करोड ६८ लाख	५७ करोड ६१ लाख	२४ करोड ४९ लाख	८२ करोड ११ लाख	३२.२९	२२.०१
प्रदेशको जम्मा	२९ अरब ५३ करोड	२ अरब ४ करोड ५२ लाख	१ अरब ५७ करोड १८ लाख	३ अरब ६१ करोड ७० लाख	२५	७.४

स्रोत: कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय, २०१९। प्रदेश लेखा, २०१९ ।

आर्थिक वर्ष २०७४ /७५ मा कतिपय आवश्यक संरचना र कानुनहरू अभावमा विनियोजित बजेट खर्च हुनसक्ने अवस्था थिएन । अत्यावश्यक चालु खर्च र संरचना निर्माणका लागि चालु खर्च १,२३,६७५ र पुँजीगत खर्च १,११,६४९ भई कुल खर्च २,३४,३२४ प्रतिशत मात्र हुन पुग्यो । कर्णाली प्रदेश सरकारले पुँजीगत खर्च अन्य प्रदेशका तुलनामा बढी विनियोजन गरेको छ । विनियोजन भएको रकमको आर्थिक सुनिश्चितता गरी बढीभन्दा बढी रकम खर्च गर्न सक्नु अहिलेको मुख्य चुनौती बनेको छ ।

५.५ बाह्य सहायता, बचत र लगानी दायित्व

यस प्रदेशमा बाह्य लगानीको प्रतिबद्धता करिब ३७ अर्ब नेपाली रूपैयाँ रहेको छ । अपेक्षित लगानी प्रवाह हुन सकेमा यसले करिब ११ सय प्रत्यक्ष रोजगारी दिन सक्दछ । लगानीको उचित वातावरण बन्न नसक्दा यो प्रतिबद्धतामै सीमित रहने देखिएको छ । कर्णाली प्रदेशमा प्रतिव्यक्ति विकास सहायता ३ नं. प्रदेशबाहेक अरू सबै प्रदेशभन्दा २ देखि ३ गुणा बढी रहेको छ तर पनि यसले प्रदेशको उत्पादकत्व वृद्धि र मानव विकास सूचकाङ्कमा अपेक्षित परिणाम ल्याउन सकेको देखिदैन । वैदेशिक विकास सहायतको ठुलो अंश शिक्षा, स्वास्थ्य, सचेतना, जागरण, तालिममा खर्च भइरहेकोबाट अपेक्षित परिणाम आउन सकेको छैन । (चित्र ५.५) ।

चित्र ५.५: कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क र प्रतिव्यक्ति वैदेशिक सहयोग



स्रोत: अर्थमन्त्रालय २०१७, युएनडिपि र अन्य स्रोतहरू

चित्र ५.६: वैदेशिक प्रत्यक्ष सहयोग



स्रोत: अर्थ मन्त्रालय २०१७, युएनडिपि र अन्य स्रोतहरू

आर्थिक वर्ष २०७५/०७६ को स्थीर मूल्यलाई आधार मानी यस प्रदेशका लागि विभिन्न सरकारहरूको कुल लगानीको दायित्वलाई विचार गर्दा प्रथम आवधिक योजना अवधिमा सार्वजनीक क्षेत्रमा २ खर्ब ७९ अर्ब, निजी २ खर्ब २२ अर्ब र सहकारी १९ अर्ब गरी ५ खर्ब २५ अर्ब आवाश्यक पर्न जान्छ। त्यस्तै

आ.व. २०७६/७७ मा ५०.९८ अर्बबाट बृद्धि गर्दै आ.ब.२०८०/८१मा १ खर्ब ६९ अर्ब लगानी पुर् याउनु पर्ने हुन्छ । आर्थिक वृद्धिका लागि लगानीको दायित्व सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विनियोजन गरिने रकमको ठूलो भूमिका हुन्छ । प्रदेश सरकार २०७५/७६ का लागि ५० करोड राजस्व उठ्ने अपेक्षा गरिएकोमा घरजग्गा रजिस्ट्रेशनको योगदान ४० करोड उठ्ने अनुमान गरिएको थियो । तर कित्ताकाटमा भएको रोकका कारण त्यो राजश्व ३४ प्रतिशत मात्र सङ्कलन हुन सकेको भएता पनि २०७६/६७ मा ४० करोड राजश्व उठिसकेको छ । प्रदेश सरकारले पाउने अर्को रकम मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको रकम ५ अर्ब ५१ करोड हो । आन्तरिक ऋण लिन सक्ने र वाह्य लगानीका लागि प्रदेशको अवस्था अझै निर्णायक नभएकाले यही राजश्व भित्रबाटै लगानीको दायित्व पुरा गर्नु पर्ने देखिन्छ । उत्पादनको क्षेत्र विकासका लागि आन्तरिक ऋण लिन र वाह्य सहायता र लगानीको वातावरण बनाउन सक्दा भने आफ्नो दायित्व पुरा गर्न सहज हुनेछ ।

कर्णाली प्रदेशमा वहुआयामिक गरिबी दर ५१.२ र गरिबी ३६ प्रतिशत रहेकाले आर्थिक वृद्धिसँग अपेक्षित वचत हासिल गर्न अप्ठ्यारो देखिन्छ । भारत जाने मौसमी कामदारहरूको कमाउने रकम बचतको अंश निकै न्यून छ । गरिबी उच्च भएका कारण कर्णालीबाट वैदेशिक रोजगारमा जाने १ लाख १ हजार ६५६ श्रमशक्तिको बचत पनि उपभोगमा धेरै जान्छ । गार्हस्थ्य उत्पादनका तुलनामा बचत कम हुनु समस्याको एउटा पाटो हो भने राष्ट्रिय रूपमै बचत र लगानीको अन्तर बढी हुनु अर्को समस्या हो । कर्णाली प्रदेशका हकमा यी दुवै समस्या ज्वलन्त छन् । उच्च गरिबी, वित्तीय पहुँच नहुनु, पूर्वाधारको अभाव, उद्यमशीलताको विकास भइनसकेको र मानव संसाधन पनि कमजोर भएका कारण वचत र लगानीको अवस्था कमजोर छ । उच्च मूल्य कृषि, पर्यटन, यार्चागुम्बाजस्ता जडीबुटी, रत्न पत्थर आदि क्षेत्रको समुचित विकास गर्न सक्दा कर्णालीमा बचत दर बढ्न जाने र यसले उद्यमशीलता विकास भई आन्तरिक र बाह्य लगानीको वातावरण बन्ने देखिन्छ । यसका लागि प्रदेशले भौतिक पूर्वाधार, वित्तीय सेवा र मानव संसाधन विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

५.६ आर्थिक उत्पादन

केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक सर्वेक्षण अनुसार कर्णाली प्रदेशमा ४२,८१७ वटा आर्थिक प्रतिष्ठानहरू रहेका छन् । यसमा कुल १,३२,४२५ जना सलग्न रहेका छन् । कर्णालीको भूगोल ठुलो रहेकाले प्रति वर्ग कि.मि. प्रतिष्ठान घनत्व अरू प्रदेश र औसत नेपालको भन्दा निकै कम (१.४) रहेको छ । प्रतिष्ठानमा संलग्न औसत जनसङ्ख्या १:३ जना रहेको छ जुन अरू प्रदेश र नेपालको औसत दरसँग नजिक रहेको छ । (तालिका ५.४) ।

तालिका ५.४: जिल्लागत आर्थिक प्रतिष्ठान, जनसङ्ख्या र रोजगारी

जिल्लाको नाम	प्रतिष्ठान सङ्ख्या	जम्मा	पुरुष	महिला	लिङ्ग अनुपात (%)	प्रतिष्ठान घनत्व प्रति वर्ग किलोमिटर प्रतिष्ठान सङ्ख्या	प्रति एक हजार जनसङ्ख्यामा प्रति तष्ठान सङ्ख्या	प्रति प्रतिष्ठान जनसङ्ख्या	प्रति प्रतिष्ठान संलग्न औसत जन(शक्ति सङ्ख्या
डोल्पा	८६१	३,१०९	१,८३८	१,२७१	१४४.६	०.१	२०.९	४७.८	३.६
मुगु	१,७८३	७,४७१	३,५४३	३,९२८	९०.२	०.५	२८.७	३४.८	४.२
हुम्ला	२,०१५	५,७०७	३,७०९	१,९९८	१८५.६	०.४	३५.३	२८.३	२.८
जुम्ला	३,०७८	८,४८१	५,२१२	३,२६९	१५९.४	१.२	२५.३	३९.५	२.८
कालिकोट	३,५३५	११,८५९	७,१६९	४,६९०	१५२.९	२	२२.९	४३.७	३.४
दैलेख	६,३१४	१४,६७९	८,६३७	६,०४२	१४२.९	४.२	२१.८	४५.९	२.३
जाजरकोट	३,३०८	१०,५७४	६,३५८	४,२१६	१५०.८	१.५	१७.२	५८.२	३.२
रूकुम पश्चिम	४,००१	१२,७३६	७,५३१	५,२०५	१४४.७	३.३	२३.९	४१.८	३.२
सल्यान	६,०९८	२१,३१३	११,८८३	९,४३०	१२६	४.२	२२.९	४३.६	३.५
सुर्खेत	११,८२४	३६,४९६	२०,६६९	१५,८२७	१३०.६	४.८	२९.३	३४.१	३.१

स्रोतः के.त.वि., २०१९

नेपालमा रहेका कुल ९,२२,४४५ आर्थिक गतिविधि गर्ने साना ठुला प्रतिष्ठानहरूमध्ये कर्णाली प्रदेशमा ४२,८१७ रहेका छन् । यो सङ्ख्या नेपालका सबै प्रदेशभन्दा कम हो । यस प्रदेशमा प्रति प्रतिष्ठान जनसङ्ख्या नेपालका सबै प्रदेशभन्दा दोस्रो बढी देखिन्छ । प्रति प्रतिष्ठान जनसङ्ख्या राष्ट्रिय औसत ३.७ जना छ भने कर्णालीमा यो ३.१ जना रहेको छ । कर्णालीको भूगोल ठुलो भएकाले प्रति वर्ग कि.मि. प्रतिष्ठान सङ्ख्या पनि सबै प्रदेशभन्दा कम रहेको छ । प्रति वर्ग कि.मि. प्रतिष्ठान घनत्व राष्ट्रिय रूपमा ६.३ हुँदा कर्णाली प्रदेशमा यो १.४ मात्र रहेको छ । (तालिका ५.५) ।

तालिका ५.५: आर्थिक प्रतिष्ठानहरूको प्रदेशगत तुलना

जिल्लाको नाम	प्रतिष्ठान सङ्ख्या	जम्मा	पुरुष	महिला	लिङ्ग अनुपात (%)	प्रतिष्ठान घनत्व प्रति वर्ग किलोमिटर प्रतिष्ठान सङ्ख्या	प्रति एक हजार जनसङ्ख्यामा प्रतिष्ठान सङ्ख्या	प्रति प्रतिष्ठान जनसङ्ख्या	प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति सङ्ख्या
नेपाल	९२२,४४५	३,४०८,७४६	२,०४४,९८९	१,३६३,७५७	१५०	६.३	३१.६	३१.७	३.७
प्रदेश नं. १	१६८,४३४	५८०,०००	३३४,१९०	२४५,८१०	१३६	६.५	३४.७	२८.८	३.४
प्रदेश नं. २	११७,५८८	४२४,२६७	२९४,३६३	१२९,९०४	२२६.६	१२.२	१९.४	५१.६	३.६
प्रदेश नं. ३	२८२,०५६	१,१९०,७२१	६९७,०७७	४९३,६४४	१४१.२	१३.९	४५.३	२२.१	४.२
गण्डकी	१००,६८८	३४१,८१८	१८६,०८४	१५५,७३४	११९.५	४.६	४०.३	२४.८	३.४
प्रदेश नं. ५	१४७,८९२	५२७,९६०	३२५,९१७	२०२,०४३	१६१.३	७.५	२९.८	३३.६	३.६
कर्णाली	४२,८१७	१३२,४२५	७६,५४९	५५,८७६	१३७	१.४	२४.४	४१	३.१
सुदूरपश्चिम	६२,९७०	२११,५५५	१३०,८०९	८०,७४६	१६२	३.२	२२.१	४५.२	३.४

कर्णाली प्रदेशमा ऊर्जा, पर्यटन, जडीबुटी, खानी आदिको सम्भावना र आर्थिक रूपले सक्रिय जनशक्ति नेपालको औसत प्रतिशतभन्दा बढी छ। यी आर्थिक विकासका लागि उत्प्रेरक विषयहरू हुन्। तर पनि यस प्रदेशमा प्रति हजार जनसङ्ख्यामा बैंक र सहकारी सुविधा कमजोर छ। अझै यस प्रदेशका १८ पालिकाहरूमा बैंक स्थापना हुन सकेका छैनन्। २३ पालिकाहरू सडक सञ्जालमा नजोडिएकाले आर्थिक गतिविधि हुनका लागि चाहिने न्यूनतम पूर्वाधारको खाँचो देखिन्छ। यस प्रदेशमा आर्थिक रूपले सक्रिय जनशक्ति बढी भए तापनि सबल, शिक्षित र तालिम प्राप्त मानव संसाधन अझै कमजोर छ।

नेपालमा रहेका कुल ४,०७६ उद्योगधन्दामध्ये कर्णाली प्रदेशमा केवल ४४ वटा मात्र उद्योगधन्दाहरू हुनु र नेपालको उद्योगधन्दामा संलग्न कुल श्रमशक्ति १,९४,८७६ मध्ये कर्णालीमा ४२४ श्रमशक्ति मात्र रहेको अवस्थाले यस प्रदेशमा आर्थिक गतिविधि न्यून रहेको पुष्टि हुन्छ। (तालिका नं. ५.६)।

तालिका ५.६: उद्योग र श्रमको अवस्था

उद्योग र श्रमको अवस्था	नेपाल	कर्णाली	प्रतिशत
कुल उद्योगधन्दा	४०७६	४४	१.०७९५
उद्योगधन्दामा संलग्न कुल श्रमशक्ति	१९४८७६	४२४	०.२१७६

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०१९

५.७ गरिबीको अवस्था

कर्णाली प्रदेश देशको सबैभन्दा बढी गरिबी दर भएको प्रदेश हो । बहुआयामिक गरिबी दर झनै उच्च (५१.२) छ । घरको स्वामित्व, घरको जग, घरको पर्खाल, घरको छाना, पिउने पानीको स्रोत, खाना पकाउने इन्धनको स्रोत, विद्युतको उपयोग, सौचालयको प्रयोग, घरमा प्रयोग भएका सुविधा, जनसङ्ख्या, साक्षरता दर, शैक्षिक सूचक, स्वास्थ्य सूचक, आर्थिक तथ्याङ्क, सहकारीको अवस्था, निजी तथा बाह्य लगानीजस्ता विषयले कर्णाली प्रदेशको वास्तविकता छर्लङ्ग हुन्छ ।

यसर्थ दिगो विकास लक्ष्यका १७ वटा सूचकाङ्क पूरा गर्न यस प्रदेशले गुणस्तरका भौतिक पूर्वाधारहरू सडक, विद्युत, बस्ती विकास, कृषि उत्पादनका लागि सिँचाइमा जोड दिन आवश्यक छ । पर्वतीय विज्ञान र प्रविधिमा जोड, पर्यटन प्रर्वद्धन र वातावरण संरक्षणमा लाग्न आवश्यक छ । आफ्नो उत्पादनलाई निर्यात गर्ने स्तरमा नपुग्दासम्म हामीले गरिबीको साङ्लो चुँडाल्न सक्ने छैनौ । यसकारण कर्णाली प्रदेश सरकारले गरिबी रेखामुनि रहेका परिवारलाई अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रमका साथ अगि बढ्न आवश्यक ठानेको छ र कर्णाली योजना आयोगले अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रमको कार्यविधि बनाउनमा सम्बन्धित मन्त्रालयहरूलाई सहयोग गरिरहेको छ ।

नेपालमा गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार कर्णाली प्रदेशमा रहेको जिल्लागत तथा पालिका स्तरीय तथ्याङ्कलाई हेर्दा कर्णाली प्रदेशको हुम्ला, कालिकोट, जुम्ला र जाजरकोटमा गरिबी उच्च रहेको छ तर यार्चा र जडीबुटीका कारण मुगु र डोल्पामा यो दर कम रहन गएको छ । पूर्वी कर्णाली या साविकको राप्ती अञ्चलका दुई जिल्लामा गरिबी कम देखिन्छ । यसमध्ये पश्चिम रुकुमको अवस्था कर्णाली प्रदेशमै सबैभन्दा राम्रो रहेको छ भने त्यसपछि क्रमशः सल्यान, सुर्खेत र दैलेख पर्दछन् । यी जिल्लाहरूमा गरिबी दर ४२ प्रतिशतभन्दा कम रहेको छ । कर्णाली प्रदेशका २२ वटा पालिकाहरूमा गरिबी दर ५०भन्दा माथि रहेको छ । गरिबी दर ३०भन्दा कम भएका पालिकाहरू १८ ओटा रहेका छन् । कर्णाली प्रदेशको सबैभन्दा कम गरिबी भएको पालिका वीरेन्द्रनगर सुर्खेत (१३.८३) हो भने दोस्रोमा मुसिकोट (१६.४९) पर्दछ । प्रदेशकै सबैभन्दा बढी गरिबी भएको पालिका हुम्लाको अदानचुली गाउँपालिका (७२.८६) हो भने दोस्रोमा कालिकोटको महाबै गाउँपालिका (६६.२१) रहेको छ ।

तालिका ५.७.: कर्णाली प्रदेश स्थानीय तह गरिबी अनुमान

क्र.सं.	जिल्ला /पालिका	गरिबी दर	क्र.सं.	जिल्ला/पालिका	गरिबी दर
	दैलेख	४१.०८		**मुगु**	४५.९४
१	आठविस नगरपालिका	३५.४३	१	छायाँनाथ रारा नगरपालिका	५०.०७
२	भगवतीमाई गाउँपालिका	२३.१२	२	खत्याड गाउँपालिका	४८.९६
३	भैरवी गाउँपालिका	३६.७३	३	मुगु कार्मारोग गाउँपालिका	४०.५१
४	चामुण्डा बिन्द्रासैनी नगरपालिका	४४.६२	४	सोरु गाउँपालिका	४४.२२
५	दुल्लु नगरपालिका	३९.२३		**कालिकोट**	५८.७०
६	डुङ्गेश्वर नगरपालिका	२४.७२	१	कालिका गाउँपालिका	६०.८०
७	गुराँस गाउँपालिका	२५.३८	२	खाँडाचक्र नगरपालिका	५८.५९
८	महाबु गाउँपालिका	३६.००	३	महावै गाउँपालिका	६६.२१
९	नारायण नगरपालिका	३६.६७	४	पचालझरना गाउँपालिका	४७.८७
१०	नौमुले गाउँपालिका	३७.९१	५	नरहरीनाथ गाउँपालिका	५६.७२
११	ठाँटीकाँध गाउँपालिका	४३.१६	६	पलाता गाउँपालिका	६१.०७
	डोल्पा	३९.४२	७	रास्कोट गाउँपालिका	६२.५४
१	छार्का ताङ्सोङ गाउँपालिका	३४.१९	८	सान्नीत्रिवेणी गाउँपालिका	५८.०८
२	डोल्पो बुद्ध गाउँपालिका	२४.४७	९	तिलागुफा नगरपालिका	५६.४१
३	जगदुल्ला गाउँपालिका	४४.३३		**रुकुम**	२६.०८
४	काइके गाउँपालिका	४३.०७	१	आठविसकोट नगरपालिका	४२.०३
५	मुड्केचुला गाउँपालिका	५४.२३	२	बाँफिकोट गाउँपालिका	२७.०३
६	शे फोक्सुन्डो गाउँपालिका	२३.४१	३	चौरजहारी नगरपालिका	२१.३१
७	ठूली भेरी नगरपालिका	४३.०३	४	मुसिकोट नगरपालिका	१६.४९
८	त्रिपुरासुन्दरी नगरपालिका	४८.६५	५	सानीभेरी गाउँपालिका	२७.९२
	हुम्ला	**५६.२७**	६	त्रिवेणी गाउँपालिका	२१.७१
१	अदानचुली गाउँपालिका	७२.८६		**सल्यान**	**२९.४४**
२	चंखेली गाउँपालिका	६४.८२	१	बागचौर नगरपालिका	२३.०८

३	खार्पुनाथ गाउँपालिका	५३.२१	२	बनगाड कुपिण्डे नगरपालिका	३६.१३
४	नाम्खा गाउँपालिका	३४.८१	३	छत्रेश्वरी गाउँपालिका	२४.११
५	सर्केगाड गाउँपालिका	६४.०८	४	दार्मा गाउँपालिका	३८.१४
६	सिमिकोट गाउँपालिका	४०.९८	५	कालिमाटी गाउँपालिका	३४.४४
७	ताँजाकोट गाउँपालिका	६३.१४	६	कपुरकोट गाउँपालिका	२६.५८
	जाजरकोट	३७.८७	७	कुमाखमालिका गाउँपालिका	२७.९६
१	बारेकोट गाउँपालिका	३९.२८	८	शारदा नगरपालिका	२३.९७
२	भेरी नगरपालिका	३३.६९	९	ढोडचौर गाउँपालिका	३४.३२
३	छेडागाड नगरपालिका	३२.९४	१०	त्रिवेणी गाउँपालिका	२५.६५
४	जुनीचाँदे गाउँपालिका	३८.७३		**सुर्खेत**	**३०.५०**
५	कुसे गाउँपालिका	४२.९५	१	बराहताल गाउँपालिका	३७.००
६	त्रिवेणी नलगाड नगरपालिका	४२.२६	२	भेरीगंगा नगरपालिका	३३.५३
७	शिवालय गाउँपालिका	३५.२३	३	बीरेन्द्रनगर नगरपालिका	१३.८३
	जुम्ला	**४९.८२**	४	चौकुने गाउँपालिका	४७.७६
१	चन्दननाथ नगरपालिका	३४.८४	५	चिङ्गाड गाउँपालिका	४८.००
२	गुठीचौर गाउँपालिका	४३.०१	६	गुर्भाकोट नगरपालिका	३४.९७
३	हिमा गाउँपालिका	५८.८४	७	लेकबँसी नगरपालिका	२८.२२
४	कनकासुन्दरी गाउँपालिका	५५.३०	८	पञ्चपुरी नगरपालिका	३७.२९
५	पातारासी गाउँपालिका	४९.५८	९	सिम्ता गाउँपालिका	३८.९६
६	सिंजा गाउँपालिका	५०.५७			
७	तातोपानी गाउँपालिका	५०.३०			
८	तिला गाउँपालिका	५६.१२			

स्रोतः नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०६८, के.त.वि.।

६ सामाजिक विकास

६.१ सामाजिक तथा मानव विकासको अवस्था

कर्णाली प्रदेश मानवीय र सामाजिक विकासका दृष्टिले निकै पछाडि रहेको छ। संयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रम मानव विकास सूचकाङ्क प्रतिवेदन २०१४ का अनुसार कर्णाली प्रदेश केवल प्रदेश नं. २ भन्दा केही अगि छ। देशको मानव विकास सूचकाङ्क ०.४९ प्रतिशत हुँदा कर्णालीको मानव विकास सूचकाङ्क ०.४११ प्रतिशत रहेको छ। साक्षरतामा पनि कर्णाली छैटौं स्थानमा रहेको छ। ६६ प्रतिशत साक्षरता रहेको यो प्रदेश प्रदेश नं. २भन्दा मात्र अगि रहेको छ। तर बालबालिकाको हिस्सा कर्णालीमा झण्डै ५२.५ प्रतिशत छ। जनसाङ्ख्यिक लाभका हिसावले युवा जनसङ्ख्या बढी हुनु देश विकासका लागि राम्रो मानिन्छ। यी मध्ये धेरै बालबालिका किशोरावस्थाबाट युवा अवस्थामा पनि प्रवेश गरिरहेका छन्। बालबालिकाको शिक्षा र स्वास्थ्यमा लगानी र उनीहरूका लागि रोजगारीको अवस्था सिर्जना गर्न सकिएन भने यस्तो अवस्थाले देशमा अस्थीरता र द्वन्द्व ल्याउन सक्दछ। त्यसमाथि कर्णालीको प्रजनन् दर नेपालकै उच्च मध्येमा पर्दछ। नेपालको प्रजनन् दर २.३ प्रतिशत हुँदा कर्णालीको प्रजनन् दर २.८ प्रतिशत रहेको छ।

कर्णाली प्रदेशमा बालबालिका जनसङ्ख्या उच्च रहे तापनि बालबालिकाको मृत्युदर उच्च छ। यो प्रदेशमा प्रति हजारमा पाँच वर्षमुनिको मृत्युदर ५८, शिशु मृत्युदर ४७ र नवजात शिशु मृत्युदर २९ रहेको छ। नेपालको पाँच वर्षमुनिको बाल मृत्युदर ३९ रहेको छ भने शिशु मृत्युदर ३२ र नवजात शिशु मृत्युदर २१ रहेको छ। अरू प्रदेशसँग तुलना गर्दा कर्णाली प्रदेश, प्रदेश नं. २ र सुदूरपश्चिम बाहेक पछाडि रहेको छ (नक्सा ६.१)।

नक्सा ६.१: बाल मृत्युदर प्रदेशगत तुलना



त्यस्तै कर्णालीमा ३ प्रतिशत अपाङ्गता भएका र ३.५ प्रतिशत ६५ वर्ष माथिका जेष्ठ नागरिकहरू पनि छन् ।

कर्णाली प्रदेशमा बालबालिकाको सङ्ख्या ठुलो हुनु (५२.५ प्रतिशत), पन्ध्र वर्षमुनिका बालबालिकाको हिस्सा ४१.६ प्रतिशत रहनु, जेष्ठ नागरिकहरू (६५ वर्ष कटेका) ३.५ प्रतिशत र अपाङ्गता भएकाहरूको हिस्सा ३ प्रतिशत रहनुले राज्यले बालबालिका, वृद्ध, अपाङ्गता भएकाहरूको पठनपाठन, स्वास्थ्य र सामाजिक सुरक्षाका लागि ठुलो खर्च गर्नुपर्ने देखिन्छ । (तालिका ६.१) ।

तालिका ६.१ सामाजिक तथा मानव विकासका केही छानिएका सूचकहरू

परिसूचकहरू	कर्णाली	नेपाल
बालबालिकाको हिस्सा	५२.५ प्रतिशत	
१५ वर्षमुनिका बालबालिकाको हिस्सा	४१.६ प्रतिशत	
जेष्ठ नागरिक (६५ वर्ष माथीका) को हिस्सा	३.५ प्रतिशत	
अपाङ्गगता भएकाको हिस्सा	३ प्रतिशत	
साक्षरता प्रतिशत	६६ प्रतिशत	
अपेक्षित जीवित जन्म	३८१४१	
मानव विकास सूचकाङ्क	०.४११	०.४९
औसत आयु	६५.६	६८.८
बहुआयामिक गरिबी दर	५१.२	२८.६
गरिबी दर	३५.५	१५.१६
सुरक्षित खानेपानी पहुँच भएको जनसङ्ख्या प्रतिशत	३३.७	१७.०९
पाँच वर्षमुनिका कुपोषित बालबालिकाको प्रतिशत	५३.६	४०.५
शिशु मृत्यु दर	४२	३२

कर्णाली प्रदेशका समग्र सूचकहरूलाई हेर्दा मानवीय र सामाजिक विकासमा सबैभन्दा पछि रहेको छ । केही सूचकाङ्कहरूमा प्रदेश नं. २ र सुदूर पश्चिम पनि पछाडि देखिए तापनि अधिकांश सूचकाङ्कको अवस्था हेर्दा कर्णाली प्रदेश सबैभन्दा पछि रहेको भन्न सकिन्छ । यस प्रदेशको औसत आयु ६५.६ वर्ष रहेको छ जबकि नेपालको औसत राष्ट्रिय आयु ६८.८ प्रतिशत रहेको छ । गरिबीको अवस्था हेर्दा वहुआयामिक गरिबीको दर निकै माथि छ । राष्ट्रिय बहुआयामिक गरिबी दर २८.६ रहेको सन्दर्भमा कर्णालीमा यो दर ५१.२ प्रतिशत रहेको छ । त्यस्तै राष्ट्रिय गरिबी दर १५.१६ प्रतिशत रहेको अवस्थामा कर्णालीको गरिबी दर भने ३५.५ प्रतिशत रहेको छ (तालिका ६.१) ।

जिल्लागत सूचकाङ्क हेर्ने हो भने सबैभन्दा कम कालिकोट (०.३७४), हुम्ला (०.३७६) र मुगु (०.३९७) रहेका छन् । मानव विकास सूचकाङ्कमा सबैभन्दा राम्रो अवस्था रहेका जिल्लाहरूमा सुर्खेत (०.४७६), सल्यान (०.४४१), दैलेख (०.४२२) र रुकुम (०.४११) पर्दछन् (चित्र नं. ६.१) ।

चित्र ६.१: मानव विकास सूचकाङ्क (जिल्लागत अवस्था)



स्रोत: मानव विकास सूचकाङ्क, युएनडिपि, २०१४

प्रदेशभित्र कुन जिल्लामा गरिबी बढी र कुन जिल्लामा गरिबी कम भन्ने कुराले गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्दा बढी गरिबी भएका जिल्लालाई स्वाभाविक रूपमा प्राथमिकता दिनु पर्ने हुन्छ । गरिबी बढी भएको जिल्लामा पनि कुन पालिकामा सबैभन्दा बढी गरिबीको अवस्था छ भन्ने कुराले पनि योजनाबद्ध विकासमा त्यत्तिकै महत्त्व राख्दछ । चित्र नं. ६.२ मा यस बारेमा स्पष्ट उल्लेख गरिएको छ ।

चित्र ६.२ जिल्लागत रूपमा गरिबी कम र बढी भएका पालिकाहरू



स्रोत: नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०५९, के.त.वि. ।

६.२ शिक्षा

कर्णाली प्रदेशमा शिक्षाको अवस्था निकै कमजोर छ । यस प्रदेशमा २,७११वटा बाल विकास केन्द्र छन्, ती मध्य २,५१२ सामुदायिकअन्तर्गत सञ्चालन भइरहेका छन् । यसै गरी ३,१९९ वटा विद्यालयमध्ये ३,०१३ वटा सामुदायिक विद्यालयहरू छन् । ती विद्यालयहरूमा ३,१६१ प्राथमिक तह, ११८२ निम्न माध्यमिक तह, ५७४ माध्यमिक तह र २३० उच्च माध्यमिक तह रहेका छन् । सामुदायिक र निजी शैक्षिक संस्थाको अनुपात हेर्दा कर्णाली प्रदेशमा करिब ९४ प्रतिशत सामुदायिक शिक्षालयहरू छन् । निजी शिक्षा प्रदेश राजधानी र जिल्ला तथा पालिका सदरमुकाम वरिपरि स्थापना भएको देखिन्छ । अधिकांश ग्रामीण क्षेत्रमा सामुदायिक शिक्षाको माध्यमबाटै शिक्षा ग्रहण गरिरहेको अवस्था छ ।

उच्च शिक्षाका सन्दर्भमा यस प्रदेशमा ४४ वटा क्याम्पसहरू, मध्यपश्चिम विश्वविद्यालय १ र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान १ सञ्चालनमा रहेका छन् । उच्च शिक्षाको समीक्षा गर्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार, स्रोत र मानव संसाधनयुक्त छ तर यसले सहज पहुँचको अभाव र सेवाग्राही पर्याप्त जनसङ्ख्या नपुग्दा यो प्रतिष्ठानले अपेक्षित सेवा प्रदान गर्न सकेको छैन । कर्णाली प्रदेशको मध्यपश्चिम विश्वविद्यालय यस क्षेत्रको शिक्षा विकासमा रणनीतिक महत्त्व राख्छ र यो केन्द्रीय स्रोत

साधन सुचिश्चित गरिएको विश्वविद्यालय हो तर नेपालको उच्च शिक्षामा देखिएको गुणस्तरीय पठनपाठन समस्या यहाँ पनि खड्किएको छ । प्रदेशमा भएका ४४ वटा क्याम्पसहरू शैक्षिक विस्तार र पहुँचका हिसाबले सकारात्मक मान्न सकिए पनि कमजोर भौतिक पूर्वाधार, गुणस्तरीय शिक्षकको अभाव, आर्थिक स्रोतको अभाव र न्यून विद्यार्थी उपस्थितिजस्ता समस्याहरू भोगिरहेका छन् ।

कर्णाली प्रदेशमा प्राविधिक शिक्षाको अवस्था कमजोर रहेको छ । जुम्ला जिल्लामा स्वीस सहयोगमा निर्माण भएको कर्णाली प्राविधिक शिक्षालयले यो क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न भूमिका खेलेको भए तापनि नयाँ परिवेशमा स्तरोन्नति हुन सकेको छैन । केही निजी प्राविधिक शिक्षालयहरूले प्रदेश स्तरमा दक्ष जनशक्तिको माग पूरा गर्न प्रयास गरे पनि प्रदेशस्तरमा सरकारी तवरबाट एक गुणस्तरीय बहुप्राविधिक शिक्षालयको स्थापना अझै हुन सकेको छैन । नेपाल सरकारको नीतिअनुरूप यस प्रदेशमा ३९ वटा सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षाको पढाइ सञ्चालन भइरहेको छ । केही पालिका र समुदायको प्रयासमा कृषि, भेटेरिनरी, स्वास्थ्य, इलेक्ट्रिकल आदि क्षेत्रमा प्राविधिक शिक्षा सञ्चालन गर्न प्रयास भइरहेको छ तर पनि पूर्वाधार, शिक्षक र स्रोतका अभावमा गुणस्तरीयता हासिल गर्न सकिएको छैन ।

कर्णाली प्रदेशमा प्राविधिक शिक्षाको पहुँचको अवस्था नेपालको औसतभन्दा कम रहेको छ । प्रदेशगत रूपमा पनि १ नम्बर प्रदेशमा २२.६३, २ नम्बर प्रदेशमा १९.८५, ३ नम्बर प्रदेशमा ३३.६१, गण्डकी प्रदेशमा ३१.७६, ५ नम्बर प्रदेशमा ३७.६८, कर्णाली प्रदेशमा २६.५८ र सुदूर पश्चिम प्रदेशमा ३५.३२ गरी नेपालमा २८.९९ प्रतिशतमा प्राविधिक शिक्षाको पहुँच पुगेको देखिन्छ ।

पछिल्लो अवधिमा नेपालमा शिक्षाको गुणस्तर चुनौतीका रूपमा रहे तापनि विद्यार्थी भर्ना दरमा वृद्धि भई शिक्षा पहुँचमा विस्तार भएको पाइन्छ तर पनि कर्णाली प्रदेशमा नेपालको औसत भर्ना दर र अन्य प्रदेशको भन्दा पछाडि रहेको छ । यस प्रदेशमा पूर्व प्राथमिक तहको भर्ना दर ७७.५ प्रतिशत रहेको छ प्राथमिक तहमा कुल भर्ना दर ९६.५ प्रतिशत रहेको छ । बाल विकास केन्द्रबाट हुने भर्ना दर ६३.८ प्रतिशत मात्र छ । दिगो विकासको राष्ट्रिय लक्ष्यलाई विचार गर्दा सन् २०२२सम्म यो ८५ प्रतिशत पुग्नुपर्ने हुन्छ ।

कर्णाली प्रदेशमा ९७ प्रतिशत बालबालिकाहरू विद्यालय जान्छन् र ३ प्रतिशत अझै विद्यालयको पहुँचमा पुगेका छैनन् । कर्णाली प्रदेशमा देखिएको यो शिक्षाको पहुँचको विस्तार गुणस्तरीय, रोजगारमूलक र समतामूलक अझै हुन सकेको छैन । सिकाइ उपलब्धी निकै कमजोर छ । प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहमा सिकाइ उपलब्धि क्रमशः ४५, ४० र ४२ प्रतिशत रहेको छ । उच्च अनुत्तीर्ण दर, पठाइ बीचैमा छाड्ने, कक्षा दोहोर्याउने समस्या एकापट्टि छ भने अर्कोतर्फ शिक्षक विद्यार्थी अनुपात कम रहेको छ । बीचैमा कक्षा छाड्ने प्रवृति तिनै तहमा ५ देखि ६ प्रतिशतको बीचमा देखिन्छ भने अनुत्तीर्ण दर प्राथमिक तहमा निम्नमाध्यमिक र माध्यमिक तहभन्दा ५ प्रतिशतले अगाडि छ (तालिका ६.२ र ६.३) । करिब ९७ प्रतिशत बालबालिका कक्षा १ मा प्रवेश गरे तापनि

माध्यमिक तहसम्म पुग्दा ५६ प्रतिशत मात्र भर्ना दर हुन पुग्दछ। माध्यमिक तहमा ३५ प्रतिशतले कक्षा दोहोर्‌याउन पुग्दछन्। अनुत्तीर्ण हुने, कक्षा छाड्ने, दोहोर्‌याउन कुरा कमजोर सिकाइसँग सम्बन्धित रहेको छ। विद्यालय टाढा हुनु, घरको आर्थिक अवस्था कमजोर हुनु र गुणस्तरीय पढाइ नहुनु यससँग सम्बन्धित अन्य कारणहरू हुन्। माध्यमिक तहमा करिब ९६ प्रतिशत शिक्षकहरू तालिम प्राप्त भएको मानिने भए तापनि सिकाइको स्तरमा खासै प्रगति भएको देखिदैन। शिक्षक विद्यार्थी अनुपात पनि अरू तहभन्दा कम भएकाले (५९ जना) माध्यमिक तहमा विद्यार्थीको शिक्षा अझ बिग्रन गएको देखिन्छ। बाल विकास केन्द्रमा शिक्षक विद्यार्थी अनुपात कम रहेको भएतापनि सिकाइ उपलब्धि भने कमजोर नै छ। कतिपय विद्यालयमा त शिक्षक आवश्यकताभन्दा धेरै हुने र विद्यार्थी नहुने अवस्था पनि विद्यमान रहेको छ। प्रदेश राजधानी, जिल्ला तथा बजार केन्द्रमा अहिले पनि सार्वजनिक शिक्षामा गुणस्तर कायम राखेका विद्यालयहरू छन्। त्यहाँ भर्ना चाप पनि निकै छ र शिक्षकहरू तालिम प्राप्त र गुणस्तरीय भएतापनि पूर्वाधारको अभाव र थप शिक्षक राख्न नसक्ने अवस्थाका कारण विद्यार्थीहरूले भर्ना पाउन सकिरहेका छैनन्। कतिपय हिमाली जिल्लाको अवस्था दृष्टिगत गर्दा प्रतिविद्यार्थी खर्च नेपाल अधिराज्यकै सबैभन्दा बढी हुने तर पढाइ नै नहुने अवस्था विद्यमान छ। प्रदेश सरकारले केही नमुना आवासीय विद्यालयमार्फत् यो समस्या हल गर्न आवश्यक बजेट विनियोजन गरी कार्यक्रम पनि अगि बढाएको छ। प्रदेशमा गुणस्तरीय अन्तर्राष्ट्रिय मापदण्डको पहाडी विज्ञान तथा प्राविधिक विश्वविद्यालय निर्माण गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी प्रक्रिया अगि बढाउन प्रयास भएका छन्।

यस प्रदेशमा शिक्षा क्षेत्रमा रहेका आधारभूत अन्तरविरोध हल गर्न माथिबाट नीतिगत र तलबाट आम शैक्षिक जागरणात्मक र चुस्त व्यवस्थापन नगरेसम्म सार्वजनिक शिक्षामा प्रगति हुने अवस्था देखिदैन।

तालिका ६.२ प्रदेशका केही शैक्षिक परिसूचकहरू

शैक्षिक संस्था	शैक्षिक संस्था सङ्ख्या	विद्यार्थी सङ्ख्या	शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात	सिकाइ उपलब्धि	अनुत्तीर्ण बालबालिको दर	कक्षा छाड्ने प्रवृति	कक्षा दोहोऱ्या(उने
बाल विकास केन्द्र	२६०७	५४१९१	२७९६	१९	-	-	-	-
प्राथमिक विद्यालय	१९७१	३४२८५८	८१३३	४२	४५	१५	१०	५
निम्नमाध्यमिक विद्यालय	६२४	१५४६५४	१८५५	८३	४०	१०	५	५
माध्यमिक विद्यालय	३४३	७३०६४	१२४३	५९	४२	१०	६	३५
उच्चमाध्यमिक विद्यालय	२२९	३२३०९	५७८	५६	-	-	-	-
जम्मा	५७७४	६५७०७६	१४६०५		**-**	**-**	**-**	**-**

स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, आर्थिक सर्वेक्षण २०१८

तालिका ६.३: प्रदेशको कुल तथा खुद भर्ना दर

जिल्ला	बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने दर	कक्षा १ को कुल भर्ना दर	आधारभूत तहको कुल भर्ना दर	माध्यमिक तहको कुल भर्ना दर	कक्षा १ को खुद भर्ना दर	आधारभूत तहको खुद भर्ना दर	माध्यमिक तहको खुद भर्ना दर
	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा
रुकुम पश्चिम	६०.८	१६७.२	१३२.९	६७.६	९७.६	९६.७	४४.२
सल्यान	६०.९	१३४.३	१२५.९	५१.३	९७.४	९७.६	३६.४
सुर्खेत	६२.८	१२४.०	१२४.६	६३.०	९८.१	९६.७	४४.३
दैलेख	६३.१	१४४.९	१२९.२	६४.१	९७.७	९६.२	४५.७
जाजरकोट	६०.२	१५६.३	१२०.१	६४.५	९७.५	९७.०	४२.६
डोल्पा	६२.६	१०७.८	१०५.६	५४.०	९६.३	८८.१	४३.७
जुम्ला	६०.४	१२७.८	११०.०	५१.३	९६.९	९०.४	३८.१
कालिकोट	६०.९	१३१.९	११८.५	६३.४	९७.७	९६.२	४९.३
मुगु	७१.३	१२१.७	१३६.१	६३.४	९६.१	९६.०	५०.८
हुम्ला	७४.९	१४४.१	१०८.९	५१.६	९७.६	७८.०	२५.५
प्रदेश जम्मा	६३.८	१३६.०	१२१.२	५९.४	९७.३	९३.३	४२.१

स्रोत: फल्यास रिपोर्ट २०७४, शिक्षा विभाग

कर्णाली प्रदेश सरकारले आगामी दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्न विशेष साक्षर कार्यक्रम घोषणा गरेको छ। अहिले जाजरकोट, दैलेख, सुर्खेत, सल्यान, रुकुम पश्चिम साक्षर घोषणा भइसकेको अवस्था छ तर यस प्रदेशका ५ हिमाली जिल्लाहरू अझै पूर्ण साक्षर जिल्ला घोषणा हुन सकेका छैनन्। (तालिका ६.४)। युवा र महिला निरक्षरता पनि कर्णाली प्रदेशमा अरू प्रदेशभन्दा बढी रहेको सन्दर्भमा प्रभावकारी साक्षरता अभियान कर्णाली प्रदेशको आवश्यकता बन्न पुगेको छ।

तालिका ६.४ कर्णाली प्रदेशका जिल्लाहरूको हाल साक्षरताको अवस्था

क्र स	जिल्ला	जनगणना २०६८ अनुसार			२०६७ सालको घरधुरी सर्वेक्षण निरक्षर जनसङ्ख्या	विगत ८ वर्षमा साक्षरता कोर्ष पूरा गर्ने जम्मा जनसङ्ख्या	बाकी निरक्षर जनसङ्ख्या
		जम्मा जनसङ्ख्या	लक्षित समूहको जनसङ्ख्या (१५(६० वर्ष)	लक्षित समूहको निरक्षर जनसङ्ख्या (१५(६० वर्ष)			
१	हुम्ला	५०८५८	२५३८५	१५३५०	१७८१७	१९,५८०	१,७६३
२	मुगु	५५२८६	२६४९३	१५४१२	१९६५७	१८,६१२	३,२००
३	डोल्पा	३६७००	१९०८५	१०२४०	११३७२	११,९२७	५५५
४	कालिकोट	१३६९४८	६३५३४	३३२८४	३६५४३	४०,८१३	४,२७०
५	जुम्ला	१०८९२१	५५२८५	२९९१८	३१८१३	३४,६७३	२,८६०
६	जाजरकोट	१७१३०४	८१६०९	४१९६७	४३६३७	४७,६१२	साक्षर घोषणा भै सकेको अवस्था
७	दैलेख	२६१७७०	१२५९४९	५६२८७	६४६७६	६६,८३१	
८	सुर्खेत	३५०८०४	१८४९८०	५३२६४	५८४१०	७०,०३५	
९	सल्यान	२४२४४४	१२२९६६	५०९८३	५३५०२	५८,३१२	
१०	रुकुमपश्चिम	१०४२८४	५१८८४	२३९७७	२७०२३	२४,३६१	
कर्णाली प्रदेश जम्मा		१५१९३१९	७५७१७०	३३०६८२	३६४४५०	३९२७५६	१२६४८
राष्ट्रिय जम्मा		२६४९४५०४	१६६१९२६४	५२४३१८२	५१७३९७९	५,२७३,३४७	९९,३६८

कर्णाली प्रदेशमा उच्च शिक्षाको अवस्था हेर्दा कुल ४८ वटा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरू रहेका छन् । यी मध्ये त्रिभुवन विश्वविद्यालयअन्तरगत ३५ र मध्यपश्चिम विश्व विद्यालय अन्तरगत १२ वटा शिक्षण संस्थाहरू छन् । जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस प्रदेशमा स्वास्थ्य शिक्षामा विशेष महत्त्व राख्ने देखिन्छ । उच्च शिक्षामा शैक्षिक संस्था र विद्यार्थीको चाप जनसङ्ख्या बढी भएका सुर्खेत र आसपासका जिल्लामा बढी रहेको देखिन्छ । उच्च शिक्षामा छात्र छात्राको भर्ना अनुपात अझै बढी रहेको छ र यो उत्तरी जिल्लाहरूमा बढी देखिन्छ । (हेर्नुहोस् तालिका ६.५ (क) र ६.५ (ख)) ।

तालिका ६.५ (क): कर्णाली प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको विवरण

त्रिभुवन विश्वविद्यालय						मध्यपश्चिमाञ्चल विश्वविद्यालय					
जिल्ला	आंगिक	सम्बन्धन प्राप्त	सामुदायिक	निजी	जम्मा	आंगिक	सम्बन्धन प्राप्त	सामुदायिक	निजी	जम्मा	
रुकुम पश्चिम	–	८	८	–	८	१	–	–	–	१	
सल्यान	–	७	७	–	७	–	–	–	–	–	
डोल्पा	–	१	१	–	१	–	–	–	–	–	
जुम्ला	१	१	१	–	२	–	–	–	–	–	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (१)
मुगु	–	१	१	–	१	१	–	–	–	–	
हुम्ला	–	१	१	–	१	–	–	–	–	–	
कालिकोट	–	२	२	–	२	१	–	–	–	–	
जाजरकोट	–	२	२	–	२	१	–	–	–	–	
सुर्खेत	१	७	४	३	८	७	–	–	–	–	
दैलेख	–	३	३	–	३	१	–	–	–	–	
जम्मा	३५					१२					१
जम्मा	४८										

तालिका ६.५ (ख): कर्णाली प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था तथा छात्र छात्राको स्थिति[1]

	उच्च शिक्षा अध्ययनरत विद्यार्थीको सङ्ख्या			क्याम्पसको सङ्ख्या	स्नातकतह पढाइ हुने क्याम्पसको सङ्ख्या	स्नाकात्तर तह पढाइ हुने क्याम्पसको सङ्ख्या
जिल्ला	छात्रा	छात्र	जम्मा			
रुकुम	५७५	११५२	१७२७	९	९	१
सल्यान	३०४	२५४	७५८	७	७	०
डोल्पा	७२	८७	१५९	२	२	०
जुम्ला	११८	३५९	४७७	२	२	१
मुगु	३९	१२१	१६०	२	२	०
हुम्ला	३२	८१	११३	२	२	०
कालिकोट	११८	२०४	३२२	४	४	०
जाजरकोट	१२१	३२०	४४१	४	४	०
सुर्खेत	१०९९	२०३४	३१३३	१२	१२	१
दैलेख	२२५	५८५	८५०	६	६	०

स्रोत: विश्वविद्यालय अनुदान आयोग, २०१७

६.३ स्वास्थ्य तथा पोषण

६.३.१ स्वास्थ्य सेवाको स्थिति

मानव विकास सूचकाङ्क स्वास्थ्य, खाद्य असुरक्षा र पोषणसँग जोडिएको छ । कर्णालीमा स्वास्थ्य क्षेत्रका सूचकहरू निकै कमजोर छन् । कर्णालीमा ५ वर्षमुनिका तौल नपुगेका बालबालिकाहरू ५५ प्रतिशत छन् जबकि नेपालमा यो ३६ प्रतिशत मात्र रहेको छ । नवजात शिशु र शिशु मृत्युदर दुवै नेपालको औसत दरभन्दा निकै उच्च, क्रमशः २९ र ४७ छ । मातृ स्वास्थ्य र प्रजनन् स्वास्थ्यको

१ विश्व विद्यालय अनुदान आयोग, २०७५

अवस्था पनि नेपालको औसत अवस्थाभन्दा कमजोर रहेको छ ।[२] कर्णालीमा ५ वर्ष उमेरमुनिका ५३ प्रतिशत बालबालिका अझै कुपोषित हुन्छन् । यस प्रदेशका मानिसहरू नेपालका औसत मानिसहरूभन्दा ३ वर्ष कम बाँच्दछन् । कर्णाली प्रदेशमा नेपालमै प्रदेश नं. २ पछि सबैभन्दा बढी उच्च प्रजनन् दर (२.८ प्रतिशत) रहेको छ । सन् २०३०सम्म नेपालको प्रजनन् दर २.१ मा झार्ने लक्ष्य लिइएको सन्दर्भमा कर्णाली प्रदेशका लागि यो एक चुनौती हो । किशोर अवस्थामा गर्भाधारणको समस्या नेपालमै प्रदेश नं. २ सबैभन्दा बढी र दोस्रोमा कर्णाली रहेको छ । नेपालको औसत किशोर अवस्था (१५–१९) मा गर्भाधारण प्रतिशत १७ रहेकामा कर्णालीमा १९ प्रतिशत छ । यो समस्या प्रदेश नं. २ मा अझ विकराल (२७ प्रतिशत) देखिन्छ । त्यस्तै दक्ष स्वास्थ्यकर्मीको सहयोगमा हुने प्रसूति प्रतिशतमा कर्णाली नेपालका अरू प्रदेशको दाँजोमा तेस्रो स्थानमा पर्दछ । दक्ष स्वास्थ्यकर्मीको सहयोगमा हुने प्रसूति प्रतिशत राष्ट्रिय औसत ५१.५ छ भने कर्णालीमा यो ५५.७ रहेको छ । पुड्कोपनको समस्या यो प्रदेशमा सबैभन्दा माथि छ । राष्ट्रिय औसत ३६.५ रहेकोमा कर्णालीमा यो ५४.५ प्रतिशत रहेको छ (तालिका ६.९ र तालिका ६.१०)।[३]

स्वास्थ्य सेवा प्रदायक संस्थाहरू

कर्णाली प्रदेशमा प्रदेश अस्पताल, जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइलगायतका सार्वजनिक स्वास्थ्य प्रदायकहरू रहेका छन् । यस बाहेक यो प्रदेशमा निजी र गैरसरकारी स्वास्थ्य प्रदायकहरू पनि रहेका छन् । कर्णाली प्रदेशमा रहेका ४३३ सार्वजनिक स्वास्थ्य सेवा प्रदायकमध्ये सुर्खेतमा सबैभन्दा बढी ८२ र डोल्पामा सबैभन्दा कम २४ स्वास्थ्य सेवा प्रदायकहरू विद्यमान रहेका छन् । निजी ३ वटा मेडिकल हल र ४ वटा मेडिकल क्लिनिक प्रदेश राजधानीमा कार्यरत छन् भने प्रदेशभरि ३७ वटा निजी स्वास्थ्य संस्थाहरू कार्यरत छन् । यस प्रदेशमा १,०६० गाउँघर क्लिनिकहरू, २७४ वर्थिङ सेन्टर, २८ आकस्मिक प्रसूति केन्द्र, १,३२३ खोप क्लिलिनिक, ४४ सुरक्षित गर्भपतन केन्द्र, ३७७ क्षयरोग डट्स केन्द्र, ५ औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्र रहेका छन् । परीक्षण प्रयोगशालातर्फ ३५ माइक्रोस्कोपी केन्द्र, ४ जिन एक्सपर्ट प्रयोगशाला, ५ एआरटि केन्द्र, २ सिडि ४ केन्द्र रहेका छन् (तालिका नक्सा ६.६ र नक्सा ६.२) । मातृशिशु मृत्युदरमा उल्लेख्य रूपमा घटाई ग्रामीण स्वास्थ्यमा सुधार ल्याउन दक्ष प्रसूतिकर्मी ३,४७ र महिला स्वास्थ्य सेविका ४,३४१ रहेका छन् । यी महिला स्वास्थ्य सेविकाहरू जीविकोपार्जनका लागि न्यूनतम सहयोग र आवश्यक सामग्रीको अभाव हुँदा हुँदै पनि स्वयम्सेवकीय रूपले स्वास्थ्य क्षेत्रमा अतुलनीय योगदान गरिरहेका छन् ।

---

२ NDHS 2016, MoH /GoN

३ के.त.वि, नेपाल जनसाङ्ख्यिक सर्वेक्षण २०१६ ।

तालिका ६.६: कर्णाली सेवा प्रदायक संस्थाहरू

सेवा प्रदायक	सङ्ख्या	सेवा प्रदायक	सङ्ख्या
प्रदेश अस्पताल	१	दक्ष प्रसूतिकर्मी	३४७
स्वास्थ्य कार्यालय	६	गाउँघर क्लिनिक	१०६०
सा. जि. स्वास्थ्य कार्यालय	४	खोप क्लिनिक	१३२३
शिक्षण अस्पताल	१	महिला स्वास्थ्य स्वयंसेविका	४३४१
जिल्ला अस्पताल	८	सुरक्षित गर्भपतन केन्द	४४
अन्य सरकारी अस्पताल	२	माइक्रोस्कोपी सेण्टर	३५
प्राथमिक स्वास्थ्य केन्द	१४	टी.बी. डट्स सेण्टर	३७७
स्वास्थ्य चौकी	३३६	डि.आर उपचार केन्द्र सब केन्द्र	५
सामुदायिक स्वास्थ्य इकाइ	६०	जीन एक्सर्पट प्रयोगशाला	१
सहरी स्वास्थ्य केन्द्र	१०	एआरटी केन्द	५
संस्थागत क्लिनिक	२	CD-4 केन्द्र	२
बर्थिंङ सेण्टर	२७४	आर्युवेद अस्पताल/उपचार केन्द	१०
आकस्मिक प्रसूति केन्द	२८	निजी स्वास्थ्य संस्थाहरू	३७

स्रोत: सामाजिक विकास मन्त्रालय, कर्णाली (स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, वार्षिक समिक्षा २०७४/७५)।

नक्सा ६.२ कर्णाली प्रदेशका जिल्लाहरूमा स्वास्थ्य सेवा प्रदायकहरूको सङ्ख्या



तालिका ६.७: स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको विषयगत तथा जिल्लागत विवरण

सेवा प्रदायक	डोल्पा	मुगु	हुम्ला	जुम्ला	कालिकोट	दैलेख	जाजरकोट	रूकुम प.	सल्यान	सुर्खेत	जम्मा
स्वास्थ्य चौकी	२३	२४	२६	२९	२८	५६	३२	२६	४५	४७	३३६
प्राथमिक स्वास्थ्य केन्द्र	०	१	०	१	१	२	३	१	२	३	१४
जिल्ला अस्पताल	१	१	१	०	१	१	१	१	१	०	८
प्रदेश अस्पताल	०	०	०	०	०	०	०	०	०	१	१
शिक्षण अस्पताल	०	०	०	१	०	०	०	०	०	०	१
साधारण अस्पताल	०	०	०	०	०	१	०	२	०	४	७
आयुर्वेदिक स्वास्थ्य केन्द्र	१	१	१	१	१	१	१	१	१	१	१०
आयुर्वेदिक स्वास्थ्य औषधालय	१	१	१	१	१	३	३	१	३	३	१८
सामुदायिक स्वास्थ्य इकाइ	०	६	०	०	०	५	०	०	०	११	२२
सेवा प्रदायक	**डोल्पा**	**मुगु**	**हुम्ला**	**जुम्ला**	**कालिकोट**	**दैलेख**	**जाजरकोट**	**रूकुम प.**	**सल्यान**	**सुर्खेत**	**जम्मा**
सहरी स्वास्थ्य केन्द्र	०	०	०	०	०	३	०	०	०	१४	१७
संस्थागत क्लिनिक	०	०	०	१	०	०	०	०	०	१	२
पोलिक्लिनिक	०	०	०	०	०	०	०	०	०	१०	१०
नर्सिङ होम	०	०	०	०	०	०	०	०	०	३	३
स्वास्थ्य केन्द्र	०	०	०	०	०	२	०	०	०	०	२
दन्त क्लिनिक	०	०	०	०	०	०	०	०	०	८	८
नेत्र क्लिनिक	०	०	०	०	०	०	०	०	०	१	१
मेडिकल क्लिनिक	०	०	०	१	०	०	०	०	०	४	५
गैरसरकारी संस्था	०	०	०	३	०	५	०	०	०	३	११
अन्य स्वास्थ्य संस्था	०	०	१	६	०	६	०	०	०	३	१६
जम्मा	२६	३४	३०	४४	३२	८५	४०	३२	५२	११७	४९२

स्रोत: सामाजिक मन्त्रालय, कर्णाली प्रदेश (स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, वार्षिक समिक्षा २०७४।७५)

स्वास्थ्य क्षेत्रको जनशक्तिको अवस्था

कर्णाली प्रदेशका हेल्थ पोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरूमा रहेका २,२६८ दरबन्दीमध्ये २,००६ दरबन्दी पूर्ति भएको देखिन्छ। प्रदेशको महेलकुना र दुल्लु अस्पतालमा रहेका १५३ दरबन्दीमा ५२ अझै पूर्ति भएका छैनन् । त्यसमा विशेषज्ञ चिकित्सकहरूको ठुलो अभाव खड्किएको छ। प्रदेशभित्र रहेका कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरझारी अस्पतालको सरकारको विशेष प्राथमिकतामा रहेकाले १२० दरबन्दीमा सबै पूर्ति भएको देखिन्छ । विशेषज्ञ चिकित्सकको अभावलाई मध्ये नजर गरी कर्णाली प्रदेश सरकारले विशेष थप तलव र अन्य आर्कषण सुविधा दिन कानुनी तथा प्रशासनिक प्रक्रियालाई अगि बढाइसकेको छ ।

चित्र नं. ६.३ कर्णाली प्रदेशमा पूर्ति दरबन्दीको प्रतिशत



स्रोतः सामाजिक विकास मन्त्रालय, २०१८

स्वास्थ्यका प्रमुख सूचकहरूको अवस्था

कर्णाली प्रदेशमा विगत ३ वर्षको प्रमुख नियमित स्वास्थ्य सूचकहरूको अवस्था निम्न तालिका अनुसार रहेको छ। तालिका ६.८ देखाइएअनुसार सुरक्षित मातृत्व, खोप कभरेज, एच.आइ.भी. एड्सको अवस्था आदि विगत २ वर्षमा प्रगति भएको देखिन्छ भने केही स्वास्थ्य सूचकहरूमा (स्वास प्रश्वास प्रकोप दर, कम तौल भएका बच्चा प्रतिशत, झाडा पखाला प्रकोप दर, औलो बिरामी, श्वास-प्रश्वास आदि) नकारात्मक अवस्था रहेको छ। उपचारात्मक सेवा, कुष्ठरोग आदि यथावस्था छ (तालिका ६.८)।

तालिका नं. ६.८: प्रमुख नियमित स्वास्थ्य सूचकहरूको अवस्था

सूचक	२०७२/७३	२०७३/७४	२०७४/७५
खोप			
बि.सि.जि. कभरेज	९०	१०१	१०६
डि.पि.टि. हेप. बि. हिब (३ कभरेज	८८	९७	९३
दादुरा र रुवेला (१ कभरेज	८३	९६	९५
टि.डी. २ र टि.डी. २ कभरेज	६७	७६	८२
पोषण			
०-११ महिनामा वृद्धि अनुगमन गरिएका बच्चाहरूको प्रतिशत	९३	१२७	१२६
कम तौल भएका २३ महिनाका बच्चा प्रतिशत	६	१०	८
बालरोगको (५ बर्षमुनि) एकीकृत व्यवस्थापन			
नयाँ श्वासप्रश्वास बिरामीमध्ये निमोनिया प्रतिशत	२८	२७	२४
श्वासप्रश्वास प्रकोपदर (प्रतिहजार)	९३९	९२७	९४९
झाडापखाला प्रकोपदर (प्रतिहजार)	६९९	७२२	७०९
झाडा पखालामा कडा जलवियोजन प्रतिशत	१.८	०.८	०.९
सुरक्षित मातृत्व			
प्रोटोकलअनुसार ४ पटक गर्भ परीक्षण प्रतिशत	४०	४९	५५
स्वास्थ्य संस्थामा भएको प्रसूति प्रतिशत	५६	६०	६७
दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराइएको प्रतिशत	५०	५१	५६
२४ घण्टाभित्र सुत्केरी जाँच गराएको प्रतिशत	५६	५९	६५
परिवार नियोजन			
परिवार नियोजन साधन प्रयोग दर	३३	३६	३५
औलो			
जम्मा औलोका बिरामी सङ्ख्या	६०	७५	१८५
कडा औलो (पि.एफ.) भएको प्रतिशत	३.३३	५.३०	०.५४
क्षयरोग			
केस नोटिफिकेसन दर प्रति १००,००० मा	८१	१०१	९५
उपचार सफलता दर प्रतिशत	९२	९३	८६
कुष्ठरोग			
नयाँ केस पत्ता लगाउने दर प्रति १००,०००	५.२	६.१	५.३
प्रकोप दर प्रति १०,००० जनसङ्ख्यामा	०.५३	०.५७	०.५०

एच.आइ.भि.र एड्स			
नयाँ एच.आइ.भि. पोजिटिभ सङ्ख्या	११४	२२२	५७
उपचारात्मक सेवा			
बहिरंग सेवा लिएका जनसङ्ख्या प्रतिशत	८३	७८	८३

स्रोत: सामाजिक विकास मन्त्रालय, कर्णाली (स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, वार्षिक समिक्षा २०७४।७५)

तालिका ६.९.: कर्णाली प्रदेश र नेपालका स्वास्थ्य परिसूचकहरूको तुलना

परिसूचकहरू	नेपाल	कर्णाली
स्वास्थ्य संस्थामा सुत्केरी भएका (%)	५७	३६
दक्ष स्वास्थ्यकर्मीबाट बच्चा जन्माउन सहयोग गरेका (%)	५८	३५
बाल स्वास्थ्य (१२-२३ महिनाका बालबालिकाहरूमध्ये)		
सम्पूर्ण खोप पाएका १२-२३ महिनाका बालबालिकाहरू (%)	७८	७५
पोषण		
५ वर्षमुनिका बालबालिकाहरू उमेर अनुरूप उचाइ नपुगेका (मध्यम वा गम्भीर) (%)	३६	५५
१५-४९ वर्षका महिलाहरू जसको धेरै तौल भएको वा धेरै मोटोपना भएका (%)	२२	१०
१५-४९ वर्षका पुरुषहरू जसको धेरै तौल भएको वा धेरै मोटोपन भएका (%)	१७	६
६-५९ महिनाका बालबालिकाहरूमा कुनै न कुनै किसिमको रक्त अल्पता भएका (%)	५३	४८
१५-४९ वर्ष उमेरका महिलाहरूमा कुनै न कुनै किसिमको रक्त अल्पता भएका (%)	४१	३५
बाल-मृत्यु प्रति १००० जन्ममा मृत्युदर		
नवजात शिशुको मृत्यु (जन्मेको २८ दिनभित्र)	२१	२९
शिशु मृत्यु (जन्मेको १ वर्षभित्र)	३२	४७
पाँच वर्षमुनिका बाल मृत्यु (जन्मेदेखि ५ वर्ष पूरा नहुँदै)	३९	५८
एच.आई.भी. एड्स		
एच.आई.भी. संक्रमणबाट बच्न सँधै कण्डमको प्रयोग गर्नुपर्ने र एच.आई.भी. संक्रमित नभएको एकजनासँग मात्र यौन सम्पर्क राखी यौन सिमीतता गर्नुपर्छ भन्ने ज्ञान भएका १५-४९ वर्षको महिला (%)	७०	७७
एच.आई.भी. संक्रमणबाट बच्न सँधै कण्डमको प्रयोग गर्नुपर्ने र एच.आई.भी. संक्रमित नभएको एकजनासँग मात्र यौन सम्पर्क राखी यौन सिमितता गर्नुपर्छ भन्ने बारे ज्ञान भएको १५-४९ वर्षको पुरुष (%)	८९	८५

जीवनकालमा कुनै न कुनै सयममा एच.आई.भी. परीक्षण गरेर नतिजा प्राप्त गरेका १५-४९ वर्षको महिला (%)	१०	८
जीवनकालमा कुनै न कुनै समयमा एच.आई.भी. परीक्षण गरेर नतिजा प्राप्त गरेका १५-४९ वर्षको पुरुष (%)	२०	१३
लैङ्गिक हिंसा (१५-४९ वर्षका महिलामध्ये)		
पन्ध्र वर्षको उमेर देखि कुनै न कुनै समयमा शारिरीक हिंसाको शिकार अनुभव गरेका १५-४९ वर्षका महिला (%)	२२	१५
दाम्पत्य हिंसा (शारिरीक, यौनिक वा भावनात्मक) को अनुभव गरेका कहिल्यै बिवाहित भएका महिला (%)	२६	१९
उच्च रक्तचाप		
१५ वर्ष माथिका उमेरका महिलाहरूमा उच्च रक्तचापको दर ५ (%)	१७	१०
१५ वर्ष माथिका उमेरका पुरुषहरूमा उच्च रक्तचापको दर (%)	२३	२२

स्रोत: स्वास्थ्य मन्त्रालय, नेपाल सरकार, २०१६

तालिका ६.१०: प्रजनन् स्वास्थ्य (प्रदेश र राष्ट्रिय परिसूचकहरू)

प्रजनन् परिसूचकहरू	**नेपाल**	**प्रदेश ६**
कुल प्रजनन दर (प्रति महिलामा जीवित जन्म हुने बच्चाहरूको सङ्ख्या)	२.३	२.८
२५-४९ वर्षका महिलाहरूको पहिलो बच्चा जन्माउँदाको मध्यक (Median) उमेर (वर्षमा)	२०.४	१९.८
१५-१९ वर्षका आमा भइसकेको वा हाल गर्भवती महिलाहरू (%)	१७	१९
परिवार नियोजन (१५-४९ वर्षका विवाहित महिलाहरूमध्ये)		
हाल प्रयोग गरिरहेका कुनै न कुनै परिवार नियोजनका साधन/सेवाहरू (%)	५३	५१
हाल प्रयोग गरिरहेका परिवार नियोजनका आधुनिक साधन/सेवाहरू (%)	४४	४५
परिवार नियोजनका साधन/सेवाहरूको अपरिपूर्त माग (%)	२४	२६
परिवार नियोजनका आधुनिक साधन/सेवाहरूको मागमा सन्तुष्टी (%)	५६	५८
मातृ स्वास्थ्य (१५-४९ वर्षका महिलाहरूमध्ये)		
दक्ष स्वास्थ्यकर्मीहरू सँग गर्भवती सेवा लिन गएका महिलाहरू (%)	८४	७३

स्रोत: स्वास्थ्य मन्त्रालय, नेपाल सरकार, २०१६

६.३.२ पोषण र खाद्य सुरक्षा

सन् २०१७ जुलाईदेखि नोभम्बरसम्म विश्व खाद्य कार्यक्रमले गरेको खाद्य सुरक्षाको नक्साङ्कनले कर्णालीमा कालिकोटको उत्तरी दुइ गाउँपालिकाको अवस्था केही खस्किएको देखाएको छ भने अन्य क्षेत्रको अवस्था यथावत देखाएको छ । यसमा जुम्ला, दैलेख र रुकुमको तथ्याङ्क देखाइएको छैन । कर्णाली प्रदेशको खाद्य अपुग २० हजार टन मात्र हो तर कर्णाली प्रदेशलाई सधैँ भोकमरी र महामारी ग्रस्त प्रदेशका रूपमा चित्रित गरिएको पाइन्छ । खाद्य असुरक्षा नक्साङ्कनमा कर्णालीका जिल्लाभन्दा मुस्ताङ मनाङ्ग र तराईको जिल्लाका केही भूभागहरूलाई अति खाद्य असुरक्षित जिल्लाका रूपमा राखिएको छ । तर तराईका ती जिल्लाहरू र मनाङ मुस्ताङमा भोकमरी भएको भने कहिल्यै सुनिदैन । जनसङ्ख्या र खाद्य अपुगको तथ्याङ्क हेर्दा प्रदेश नं. २ र ३ मा कर्णालीभन्दा धेरै गुणा बढी छ तर त्यहाँ खाद्य सङ्कट भएको छैन । अझ कर्णालीमा खाद्य बालीको प्रभुत्व ९१.२ प्रतिशत रहेको भए तापनि भोकमरी भने बढी चर्चा हुने गर्दछ ।

नक्सा ६.४ कर्णाली प्रदेशको खाद्य सुरक्षाको अवस्था

कर्णाली प्रदेशमा केवल २२.५५ घरपरिवार खाद्यान्न सुरक्षित मानिन्छन् भने १७.७५ परिवार चरम खाद्य सङ्कटमा रहने गर्दछन् ।[४] एक अर्को तथ्याङ्कअनुसार[५] कर्णाली प्रदेशका २८.५ प्रतिशत

४ जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१८ ।

५ के.त.वि. तथा कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय । .....

मानिसहरू खाद्य जोखिममा छन् भने ७.५ प्रतिशत उच्च जोखिममा रहेका छन् । कर्णाली प्रदेश आफै खाद्य उत्पादनमा आत्मनिर्भर हुनु राम्रो हो तर उत्पादले ३ महिना पनि नपुग्ने ठाउँमा गरिब परिवारले ६ महिना खाना पुऱ्यायो भने पनि खाद्य सङ्कटको समस्या समाधान हुने देखिदैन । यो भूमिको गुणस्तरियता र गरिबको जमिनमा पहुँचसँग पनि जोडिएको छ । त्यस्तै कर्णालीमा हालको सिँचाइ गरिएको भूमि १५ प्रतिशतलाई वृद्धि गर्न सक्दा र कृषि प्रविधिमा परिवर्तन गर्न सक्दा खाद्यमा भने आत्मनिर्भर हुन सक्दछ ।

तर कर्णालीको खाद्य सङ्कट कृषिमा पर्याप्त उत्पादन नहुनुसँग जोडिएको विषय मात्र होइन । यो आपूर्ति व्यवस्थासँग पनि जोडिएको छ । यो विशेषत: कर्णालीका दुर्गम क्षेत्रमा यातायात पहुँच नहुँदा उत्पन्न समस्या हो । यो प्रदेशमा सडक सञ्जाल समयमा नबन्दा गैर-कृषि रोजगारी सिर्जना हुन नसकेको, पशुपालन र फलफूल खेतीका सम्भावनाका ढोका नै उघ्रिन नसकेका कारण उत्पन्न समस्या हो । खाद्य असुरक्षाको विषय गरिबी र न्यून आयसँग जोडिएको विषय हो । नोवल पुरस्कार विजेता अमर्त्यसेनले कलकत्तामा भएको खाद्यान्न अनिकाल खाद्यान्न अपुगका कारण मात्र भएको थिएन भन्ने निष्कर्ष निकालेका थिए । यो राज्यको वितरण प्रणाली र गरिबको आयसँग प्रत्यक्ष जोडिएको थियो । कर्णालीको भोकमरीको समस्याको चुरो (root cause) पत्ता नलगाई बिमार (symptom) को उपचारले मात्र समस्याको समाधान हुन सक्ने देखिदैन ।

चित्र नं. ६.४ प्रदेश स्तरीय घरधुरीको खाद्य असुरक्षित वर्गीकरण (प्रतिशत)



६.३.४ खानेपानी तथा सरसफाइ

कर्णाली प्रदेशमा सुरक्षित खानेपानी पहुँच नभएको जनसङ्ख्या अझै ३३.७ प्रतिशत रहेको छ जब कि नेपालमा यो प्रतिशत १७.१ मात्र रहेको छ । खानेपानी व्यवस्थापनको स्वास्थ्य र सरसफाइसँग अन्योयाश्रित सम्बन्ध रहेको छ । जिल्लागत अवस्था हेर्दा पश्चिम रुकुम २६.४, सल्यान ४२.२, सुर्खेत ३७.३, दैलेखमा ४८.१, जाजरकोटमा ४३.९, डोल्पामा ३५.२, जुम्ला २०, कालिकोट ४२, मुगु २४.७, हुम्ला ३०.१ प्रतिशत रहेको छ ।[६] खानेपानीका सन्दर्भमा अझै स्थानीयस्तरबाट तथ्यगत नक्साङ्कन गरी सङ्कटग्रस्त र खानेपानी सुविधा अत्यावश्यक भएका क्षेत्रहरू पहिचान गरी खानेपानी योजनाहरू तय गर्नु पर्ने देखिन्छ । प्रदेश सदरमुकाम, जिल्ला सदरमुकाम र स्थानीय तहको सदरमुकामहरूमा खानेपानी सुविधा पुर्‍याउन थप तथ्यगत विश्लेषण आवश्यक छ । आकाशे पानी सङ्कलन, लिफ्ट खानेपानीजस्ता वैकल्पिक प्रभावकारी उपायहरूबारे योजना तय गर्नुपर्ने देखिन्छ ।

चित्र नं. ६.५: कर्णालीमा सुरक्षित खानेपानी पहुँच नभएको जनसङ्ख्या (प्रतिशत)



तालिका ६.११ (क) खानेपानी र शौचालय सुविधा

क्र.सं.	जिल्ला	खानेपानीको सुधारिएको स्रोत	शौचालय सुविधा प्राप्त
१	सुर्खेत	६८.६	७१.२
२	दैलेख	५४.२	४८.७
३	जाजरकोट	५६.७	४३.६
४	डोल्पा	६५.१	५०.५

६ *UNDP Report, 2014*

५	जुम्ला	८०.६	६९.१
६	कालिकोट	५९.४	५६.५
७	मुगु	७६.४	४७.८
८	हुम्ला	७०.१	५०.१
९	पश्चिम रूकुम	७४.३	३४.५
१०	सल्यान	६०.८	२८.६
		६६.४२	५०.०६

स्रोत: फेडरल नेपाल, द प्रोभिन्सेस, २०१८(सन्) गभर्नान्स फसिलिटी

तालिका ६.११ (ख) कर्णाली प्रदेशमा पिउने पानीका स्रोतहरू

पाइप धारो	१८२,९८१	६१.३७
ट्युवल हातेपम्प	१,४५३	०.४९
इनार /कुवा (छोपिएको)	५,२७७	१.७७
इनार /कुवा (नछोपिएको)	२१,५९०	७.२४
मूल धाराको पानी	७१,८६५	२४.१०
नदी खोला	११,८०३	३.९६
अन्य	१,४७२	०.४९
उल्लेख नगरिएको	१,७३३	०.५८

स्रोत: Environment Statistics of Nepal 2019, CBS, 2011

झाडापखाला हैजाजस्ता महामारीले कर्णाली प्रदेश अझै प्रताडित भइरहेका सन्दर्भमा शौचालय सुविधा र प्रयोग स्वास्थ्यसम्बन्धी अर्को महत्त्वपूर्ण विषय हो । यस प्रदेशका झण्डै ५० प्रतिशत घरपरिवारहरू शौचालय सुविधा अझै प्रयोग गर्न सकिरहेका छैनन् । खुला दिसा ऊत्सर्जनले गम्भिर प्रकारका सरुवा रोगहरू फैलिने खतरा रहिरहन्छ । नेपालमा औसत ९ प्रतिशत नागरिकहरू शौचालय सुविधा प्रयोग गर्न बञ्चित रहेका सन्दर्भमा कर्णालीको करिब आधा जनसङ्ख्या यो सुविधाबाट बञ्चित रहेको छ ।[७] कर्णाली प्रदेश सरसफाइमा अझै पाँचौ नम्बरमा रहेको छ । कर्णाली प्रदेशले पछिल्लो समयमा शौचालय र सरसफाइमा केही फड्को मारेको भएतापनि कर्णालीलाई पर्यटकीय गन्तव्य बनाउन सरसफाइमा अभियान नै सञ्चालन गर्नुपर्ने देखिन्छ ।

६.५ युवा, श्रम र रोजगारी

सन् २०१५ नेपालको इतिहासमा सबैभन्दा बढी युवा जनसङ्ख्या भएको वर्ष हो । विभिन्न देशको इतिहासमा युवाको जनसाङ्ख्यिक लाभ लिने अवसर आउदछ । कर्णालीमा पनि सन् २०११

७ खानेपानी तथा सरसफाइ विभाग, २०१८

को बालबालिकाको जनसङ्ख्या अहिले युवा उमेरमा पुगेको छ । यसलाई कर्णाली र देशको विकासमा राम्ररी सदुपयोग गर्न सक्दा कर्णालीले काँचुली फेर्न सक्दछ भने यो शक्तिलाई परिचालन गर्न नसक्दा देश अर्को द्वन्द्वमा जाने खतरा रहन्छ । युथ भिजन-२०२५ ले तय गरेअनुरूप बिग्रँदो सार्वजनिक शिक्षा सुधार, सीप, तालिम र रोजगारीको प्रत्याभूति, युवाको स्वास्थ्य र सामाजिक सुरक्षामा ख्याल पुर्‍याउने, युवा सहभागिता र नेतृत्व विकास गर्ने, मनोरञ्जन र खेलकुदमा युवालाई सहभागी गराउँदै युवाको सर्वाङ्गीण विकास गर्न जरुरी छ ।

कर्णाली प्रदेशमा अझै ठुलो युवा शक्ति निरक्षर रहेको छ । कर्णालीको युवा निरक्षरता दर अझै ४७.६ प्रतिशत छ जबकि नेपालको युवा निरक्षरता दर ४० प्रतिशत रहेको छ । कुपोषित र ख्याउटे युवाको सङ्ख्या पनि कर्णालीमा आधा पुग्ने देखिन्छ । कर्णालीमा बाल विवाह र किशोरी आमा बन्ने समस्या सामाजिक समस्याका रूपमा रहेको छ । शिक्षामा विद्यालय छाड्ने र लैङ्गिक विभेद कायमै छ । कर्णालीबाट धेरै युवा विदेश गएको भन्ने गरिए पनि अरू प्रदेशको तुलनामा यो प्रदेशमा वैदेशिक रोजगारमा जाने सङ्ख्या केवल ३.४१ प्रतिशत मात्र छ । प्रदेश १ र २ बाट वैदेशिक रोजगारमा जाने सङ्ख्या सबैभन्दा धेरै छ । यो क्रमशः २५.५१ र २४.१ प्रतिशत रहेको छ ।[८] तर यसको अर्थ कर्णालीका धेरै युवा स्वदेशमै छन् भन्ने होइन । कर्णाली प्रदेशबाट ठुलो सङ्ख्यामा युवा मौसमी कामदारका रूपमा भारत जाने गर्दछन् ।

चित्र नं. ६.६: प्रदेश तहबाट वैदेशिक रोजगारीमा जाने नेपाली (प्रतिशत)



कृषिमा रहेको युवा जनसङ्ख्या (१५–३४ वर्ष) ३५.२४ प्रतिशत रहेको छ ।[९] तर यो निर्वाहमुखी

८ Ministry of Labor and Social Security, 2016

९ नेपालको कृषि गणना, २०११

कृषिले धेरै परिवारलाई वर्षभरि पनि खान पुग्दैन । कर्णालीमा उद्योगधन्दा खासै छैनन् र परम्परागत उद्योगधन्दाहरू बाह्य उत्पादनका कारण धरासय भइसकेका छन् । कर्णालीमा उद्योग धन्दामा संलग्न जनशक्ति ०.२२ प्रतिशत मात्र रहेको छ भने उद्योगधन्दाहरू १.१ प्रतिशत छन् ।[१०] उद्योगधन्दामा संलग्न जनशक्ति प्रतिशत निकै सानो छ । यसले कर्णालीमा निकै थोरै मात्र रोजगारी सिर्जना गर्न सक्ने साना उद्योगहरू मात्र रहेको स्पस्ट हुन्छ । न्यून उद्योगधन्दा र सेवा क्षेत्र विकास नहुँदा कर्णालीमा युवाका लागि पूर्ण रोजगारी सिर्जना हुन सकेको छैन ।

कर्णाली प्रदेशमा औपचारिक र अनौपचारिक क्षेत्रमा रहेको रोजगारीको अवस्था क्रमशः १६.९ र ८३.१ रहेको छ । औपचारिक क्षेत्रमा रहेको जनशक्ति प्रदेश नं. ३ मा सबैभन्दा बढी छ । गण्डकी प्रदेश दोस्रो र कर्णाली प्रदेशमा तेश्रो स्थानमा आउँदछ । अनौपचारिक क्षेत्रमा सबैभन्दा बढी जनशक्ति प्रतिशत भएका प्रदेशहरूमा क्रमशः प्रदेश नं. २, सुदूर पश्चिम, प्रदेश नं. १ र प्रदेश नं. ५ पर्दछन् भने कर्णाली ५औं स्थानमा आउँदछ । कर्णाली प्रदेशमा औपचारिक क्षेत्रमा रहेको रोजगारी नेपालको औपचारिक क्षेत्रमा रहेको औसत १५.४ प्रतिशतभन्दा पनि बढी हो । विकासको अवस्था, उद्योगधन्दा र मानव सूचकाङ्क हेर्दा कर्णालीमा औपचारिक क्षेत्रमा रहेको रोजगारी अरू प्रदेशको भन्दा कम हुनु पर्ने हो तर जनसङ्ख्या कम हुनु, शिक्षक र सरकारी जागिरमा रहेका जनशक्ति र विदेशमा औपचारिक क्षेत्रमा रहेको रोजगारीका कारण पनि यो प्रतिशत माथि देखिएको हुन सक्दछ । तालिका ६.१२ ले देखाएअनुसार कर्णाली प्रदेशमा गैर कृषि क्षेत्रमा रहेको औपचारिक रोजगारीले अरू सबै प्रदेशभन्दा बढी (४३.४) प्रतिशत रहेको देखाएको छ ।

तालिका ६.१२: कर्णाली प्रदेश श्रम बजार सूचकहरू

विवरण	कर्णाली		नेपाल		कर्णाली	नेपाल	प्रदेशहरूमा कर्णालीको स्थान
	पुरुष	महिला	पुरुष	महिला			
काम गर्ने उमेरको जनसङ्ख्या	४८६	६७६	९२०८	११५३७	११६३	२०७४४	७ औ
रोजगार	१८४	१०५	४४४६	२६४०	२२८	७०८६	७ औं
बेरोजगार	२४	७	५११	३९७	३१	९०८	७ औं
श्रम बाहिर रहेका जनशक्ति	२७८	५६५	४२५०	८५००	८४३	१२७५०	७ औं
कुल श्रम शक्ति	२०८	१११	४९५८	३०३६	३१९	७९९४	७ औं
बेरोजगारी दर	११.७	६	१०.३	१३.१	९.७	११.४	५ औं (दोस्रो कम)
जनसङ्ख्याको अनुपातमा रोजगारी	३७.८	१५.५	४८.३	२२.९	२४.८	३४.२	६ औ
श्रम शक्ति सहभागिता दर	४२.८	१६.४	५३.८	२६.३	२७.५	३८.५	६ औ स्थान

स्रोतः छानिएका सूचकहरू, NLFS III 2018

१० १३ नेपालको कुल श्रमशक्ति १९४८७६ रहेकोमा कर्णालीको केवल ४२४ मात्र रहेको छ । नेपालको ४०७६ उद्योगधन्दा मध्य ४४ उद्योगधन्दाहरू मात्रै छन् । (नेपालको आर्थिक सर्वेक्षण २०१८ ।)

तालिका ६.१३: कर्णाली औपचारिक अनौपचारिक क्षेत्रमा रोगजारीको अवस्था

	कृषि	प्रतिशत	गैर कृषि	प्रतिशत	जम्मा
औपचारिक	६	२.२	१२५	४३.४	१३१ (१०० प्रतिशत)
अनौपचारिक	४२	१४.५	११४	३९.४	१५७ (१००)

नेपालको तथ्याङ्क विभागले निकालेको तेस्रो श्रम सर्वेक्षण प्रतिवेदनले रोजगारीको खोजीमा रहेका विभिन्न उमेर समूहको अवस्थाबारे तथ्यहरू प्रकाशित गरेको छ । नेपालमा रोजगारीको खोजीमा रहेकाहरू मध्ये १५ देखि २४ वर्षका युवा ३८.१ प्रतिशत रहेको छ । त्यसै गरी २५ देखि ३४ वर्ष उमेर समूहका युवामा ३१.१ प्रतिशत रहेको छ । यस हिसाबले हेर्दा रोजगारीको खोजीमा रहेका १५ देखि ३४ वर्षका युवाले मात्रै ६९.२ प्रतिशत भाग ओगट्दछ । यसले नेपालमा युवा बेरोजगारी सबैभन्दा जटिल समस्याका रूपमा रहेको देखाउँदछ ।

७. सडक तथा यातायात

कर्णाली प्रदेशमा यातायातको पूर्वाधार भन्नु नै सडक र हवाई यातायात हो। भौगोलिक विकटताका कारण हवाई यातायात माथिल्लो कर्णाली क्षेत्रमा सञ्चालनमा आउन थालेको दशकौँ भए तापनि सडक यातायात भने भर्खरै पुग्न थालेको छ। जल यातायात र केबलकार अहिलेसम्म सञ्चालनमा आउन नसकेको भए तापनि कर्णाली प्रदेश सरकारले सम्भाव्यता अध्ययन सूचीमा राखेको छ।

७.१ सडक

कर्णाली प्रदेश सरकारले यस प्रदेशको समृद्धिलाई मध्यनजर गर्दै आफ्नो नीति तथा कार्यक्रममा सडक र पूर्वाधारलाई मुख्य प्राथमिकता दिएको छ। सडक र पूर्वाधारमा कर्णाली प्रदेशको ठुलो बजेट विनियोजन पनि भएको छ। सुर्खेत हिल्सा द्रूतमार्ग निर्माणको चिनियाँ रेलवेसँगको सहकार्यमा पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ। सङ्घीय सरकारले पनि बेल्ट एण्ड रोड इनिसियटिभको सहकार्यमा हिल्सामा पुल निर्माण गर्ने र कर्णाली कोरिडोरलाई प्राथमिकतामा राखेको छ। कर्णाली कोरिडोर, भेरी कोरिडोर, मध्य कोरिडोर (दैलेख-महाबु-मुगु-नाक्चेलाग्ना), मध्य पहाडी राजमार्ग, मदन भण्डारी राजमार्गले कर्णाली प्रदेशमा उत्तर दक्षिण र पूर्व पश्चिम दोहोरो रणनीतिक सडक सञ्जाल निर्माणमा योगदान पुर्‍याउने देखिन्छ। कर्णालीको डोल्पामा सडक सञ्जाल पुगिसकेको र अर्को जिल्ला हुम्लामा सडक सञ्जाल जोडिने क्रममा रहेको छ। प्रदेश राजधानी र स्थानीय तहहरूमा सहरी सडक, रिङ्ग रोड र ग्रामीण सडकहरू बन्ने क्रममा छन्। १० मध्ये ६ वटा जिल्लामा कालोपत्रे सडकले जोडिएको छ। सडक सञ्जालको विकासका निमित्त कर्णालीका यी सबल पक्षहरू हुन्।

नक्सा ७.१ कर्णाली प्रदेश सडक सञ्जाल



स्रोत: RAP, २०१८

सुविधासम्पन्न सडक यातायात तथा पूर्वाधार विकास हुन नसक्नु कर्णाली प्रदेशको आर्थिक समृद्धिका लागि मूल बाधक तत्व बनेको छ । प्रदेश यातायात गुरुयोजनाको मस्यौदा, २०१८ अनुसार प्रदेशका २५ वटा नगरपालिका र ५४ गाउँपालिकामध्ये अझै २३ स्थानीय तहहरूमा सडक सञ्जालले जोडिन सकेका छैनन् । तर प्रदेश योजना आयोगले निश्चित गरेअनुसार थप ७ पालिकाहरुमा ट्रयाड खुलेको यस प्रदेशका १२ वटा नगरपालिका मात्र राजमार्गले जोडिएका छन् र बाँकी जिल्लाहरू ग्रामीण धुले सडकले जोडिएका छन् । केबलकार र जलयातायात अझैं सम्भावना अध्ययनकै चरणमा छन् भने कर्णालीका लागि हवाई यातायात अझै सर्वसुलभ र नियमित बन्न सकेको छैन ।

कर्णाली प्रदेशमा रहेको ८६९४ कि.मि. कुल सडक सञ्जालमध्ये ११३२ कि.मि. मात्रै रणनीतिक महत्त्वको सडक रहेको छ तर प्रदेशको यातायात गुरुयोजनाको प्रारम्भिक खाका[1] अनुसार नेपालको कुल १३,००० कि.मि. अपेक्षित रणनीतिक सडकमध्ये कर्णाली प्रदेशमा १३२६ कि.मि. पुग्न सक्ने देखिन्छ । कुल ५३४७ कि.मि. जिल्ला सडक र २२१४कि.मि. ग्रामीण सडकमध्ये अधिकांश भाग कच्ची मौसमी सडक हुन् । अझ रणनीतिक सडकमध्ये ६४० कि.मि. मात्रै बाह्रै महिना यातायात चल्न सक्ने अवस्थामा रहेको छ ।[2] ग्रामीण सडकहरू विस्तार गर्न प्रदेश र स्थानीय सरकारहरू जति सक्रिय छन्, त्यही रूपमा सबै मौसममा सञ्चालन आउने गरी सडकको स्तरोन्नति र मर्मत संभार गर्ने काममा ध्यान दिन सकिएको छैन ।

ठुलो उपकरण प्रयोग गरी धमाधम बनिरहेका धेरै ग्रामीण सडकहरू पर्यावरणमैत्री छैनन् । मानव श्रमको उपयोग गरी हरित सडकको मोडलबाट अगि बढ्दा ग्रामीण रोजगारी सिर्जना भई आम जनताको आम्दानीमा वृद्धि हुन जान्छ र यो वातावरणमैत्री पनि हुन्छ । कर्णाली प्रदेशले दिगो विकासको लक्ष्यलाई ध्यान दिँदै ग्रामीण कृषि पर्यटक सडकहरूलाई सकेसम्म हरित सडकको अवधारणामा अगि बढाउन प्रयासरत छ ।

कर्णाली प्रदेशको सडक र यातायात क्षेत्रको विकासका लागि चाल्नु पर्ने केही रणनीतिक महत्त्वका कदमहरू

गुणस्तरीय सडक तथा पुर्वाधार, कर्णाली समृद्धिको मूल आधार हाम्रो सोच हो । प्रदेश सरकारले आगामी पाँच वर्षभित्र सबै जिल्ला सदरमुकाममा कालोपत्रे सडक पुर्‍याउने, ९० प्रतिशत स्थानीय तहमा सडक पहुँच पुऱ्याउने, सडक निर्माण भइसकेका स्थानीय तहमा स्तरोन्नती गर्ने, आगामी पाँच वर्षमा रणनीतिक सडकहरूको निर्माण कार्य सम्पन्न गर्ने तथा द्रूत मार्गहरूको निर्माण कार्य थालनी गर्न पहलकदमी लिने लक्ष्यका साथ काम गर्न जरूरी छ ।

कर्णाली कोरिडोर, मध्य कोरिडोर (दैलेख-महावु-मुगु-नाक्चेलाग्ना) र भेरी कोरिडोर रणनीतिक

१ Model Outline for Provincial Transport Master Plan (PTMT), 2018.

२ Rural Access Program 3, Birendra Nagar Surkhet, 2019 (presented by Aurjun Paudel)

सडक प्रदेशको आर्थिक विकासका मेरुदण्डहरू हुन् । कर्णाली प्रदेशमा तुलनात्मक लाभका क्षेत्रहरू विस्तृत भएकाले गुणस्तरीय र राम्रो सडकले आर्थिक विकासको क्षेत्रलाई छिटो उत्प्रेरित गर्छ । सडक गुणस्तरीय बन्दा जलविद्युत निर्माण, पर्यटन, फलफूल खेती, पशुपालनको विकासको ढोका खुल्दछ । गैरकृषि क्षेत्रमा रोजगारीका अवसरहरूमा वृद्धि गरी जनताको आयमा वृद्धि गर्दछ । स्थानीय उत्पादनको निर्यात र सुलभ खाद्य आपूर्ति हुन गई हिमाली जिल्लाको खाद्य सुरक्षामा टेवा पुऱ्याउँदछ ।

RAP III ले गरेको एक अध्ययनअनुसार नेपालमा गुणस्तरहीन सडकका कारण ५० प्रतिशत सडकहरू काम नलाग्ने बनेका छन् र करिब १ खर्ब रकम फजुल खर्चजस्तो बनेको छ । कर्णाली प्रदेशमा पनि बाटो निर्माणको यस्तो गलत मोडेलले प्रश्रय पाएको छ । अत्यावश्यक पहुँच पुऱ्याउनुपर्ने स्थानको नक्साङ्कन गरी अन्य सबै स्थानमा बनेका बाटोलाई स्तरोन्नति गर्न ध्यान दिन ढिलो भइसकेको छ ।

रणनीतिक सडकको स्तरोन्नतीले यात्रा समयमा मात्र कमी ल्याउँदैन । यसबाट ढुवानी र यात्रु भाडा दुवै सुलभ हुन जान्छ । बाटोका गुणस्तरीयताका कारण नेपालगञ्ज, सुर्खेतको ढुवानी र यात्रु भाडाभन्दा सुर्खेत जुम्लाको ढुवानी र यात्रु भाडा दोव्बरभन्दा बढी भएको तथ्याङ्कले पुष्टि गर्दछ । महङ्गो र जोखिमपूर्ण यातायातले जनताको जीवनस्तर र आर्थिक गतिविधिमा नै नकारात्मक प्रभाव पर्दछ ।

सडक सञ्जालबिना आर्थिक समृद्धिको कल्पनासमेत गर्न सकिदैंन भने सडक र यातायातसँग जनताको पहुँच मात्रले समृद्धि आइहाल्दैन । यातायात सञ्जालसँगै आसपासका क्षेत्रमा उत्पादन र आर्थिक गतिविधिलाई तीव्र पार्न थप लगानी गर्न आवश्यक हुन्छ ।

केन्द्र सरकारको समन्वयमा जमुना सुर्खेत-हिल्सा हुँदै मानसरोवर जोड्ने द्रूतमार्ग कर्णालीका लागि समृद्धिको सुत्र बन्न सक्दछ । यो एतिहासिक सिल्क रोडको पश्चिमी खण्ड हो । नेपाल सरकारले यस द्रूतमार्गमार्फत् कासगर हुँदै चीनले निर्माण गर्दै गरेको नयाँ सिल्करोड (विआरआई)मार्फत् मध्य एसियासम्म पहुँच प्रदान गर्न सक्छ । यो मार्ग धार्मिक, पर्या-पर्यटन तथा ऊर्जा कोरिडोरका रूपमा विकास हुनुका साथै पहाडी उत्पादनलाई चलायमान बनाइ समृद्धि हासिल गर्न मद्दत गर्नेछ । केन्द्र सरकारसँगको पहलमार्फत् यो बाटोलाई बिआरआईको अङ्गका रूपमा निर्माण गर्न पहलकदमी लिनुपर्ने देखिन्छ ।

प्रादेशिक सडकहरू प्राथमिकरण गरी स्तरोन्नति गर्न अन्तर प्रदेशसँग समन्वय गर्ने र आर्थिक केन्द्रहरू जोड्ने द्रूतमार्ग र सुरूङ मार्गहरूको आर्थिक सम्भाव्यता हेरी निर्माण प्रक्रिया अगि बढाउनु आवश्यक छ ।

उत्तर-दक्षिण जोड्ने जमुनहा हिल्सा, भेरी कोरिडोर भएर जाने दुनै-मोरिम्ला र दैलेख-महाबु-

गमगढी-नाक्चेलाग्ना भएर जाने सडकमा हाल केन्द्र सरकारले छुट्याएको बजेट अर्पयाप्त छ। यसलाई ३:२:१ को मोडलमा कम्तीमा ५ अर्ब बजेट छुट्याई निर्माण कार्यलाई प्राथमिकता दिनु आवश्यक छ। प्रदेश सरकारले पर्याप्त बजेट छुट्याउनका लागि पहलकदमी लिनै पर्दछ। यी सडकहरूलाई आधार बनाएर स्थानीय तहले सडक निर्माण गुरुयोजना निर्माण गर्नु पर्दछ।

सडक निर्माण कार्यमा रहेका बाधा अड्चनहरूलाई फुकाई यही पाँच वर्षभित्र पुष्पलाल (मध्य पहाडी) कर्णाली प्रदेश खण्ड कालोपत्रे गरिसक्ने र मदन भण्डारी राजमार्गलाई ट्रयाक खोलेर स्तरोन्नति गर्न आवश्यक छ।

प्रदेशको आर्थिक मेरुदण्डका रूपमा रहेका रणनीतिक सडकहरू स्तरोन्तति गर्न र छिटो सम्पन्न गर्न केन्द्रसँग आवश्यक समन्वय गरी संयुक्त बजेट परिचालन गर्न प्रक्रिया थाल्नु ढिलो भइसकेको छ।

कर्णाली प्रदेशको राजधानी प्रदेशको मुहार भएकाले स्थानीय तहसँगको सहकार्यमा प्रदेश राजधानीका महत्त्वपूर्ण बाटोघाटोहरू छिटोभन्दा छिटो मर्मत सम्भार गरी कालोपत्रे गर्नु पर्दछ।

कर्णाली प्रदेशको आर्थिक सम्भाव्य भएका स्थानहरूमा सरकारले जल यातायात र केबलकारका लागि पूर्वसम्भाव्यता अध्ययन गरी निजी क्षेत्रको लगानी भित्र्याउन पहलकदमी आवश्यक छ।

प्रदेश राजधानीलाई लक्षित गरी अन्तर्राष्ट्रिय मापदण्डको एक प्रदेश हवाईमैदान साथै निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सरकारी क्षेत्रको संयुक्त लगानीमा माथिल्लो कर्णाली क्षेत्रमा पर्यटन विकासलाई लक्षित गरी एक सुविधासम्पन्न हिमाली हवाइमैदान निर्माण गर्नु आवश्यक छ। निर्माण भएका हवाइ मैदानहरूलाई स्तरोन्नति गर्नु पर्नेछ।

तालिका ७.१: रणनीतिक सडक र राष्ट्रिय राजमार्ग (प्रदेशगत अवस्था)

प्रदेश	रणनीतिक सडक	राष्ट्रिय राजमार्ग
१	२२४८	१७९८
२	१३५४	१०८३
३	२३८०	१९०४
गण्डकी	१६६७	१३३४
५	२२८८	१८३०
कर्णाली	१६५७	१३२६
सुदूर पश्चिम	१४०६	११२५
जम्मा	**१३०००**	**१०,४००**

तालिका ७.२: कर्णाली प्रदेश सडक (अनुमानित)[३]

जिल्ला	जिल्ला सडक सञ्जाल	प्रदेश सडक सञ्जाल	ग्राभेल	कच्चि	योजनागत	रणनीति सडक	रणनीतिक सडक (२०	प्रदेश कुल सडक सञ्जाल
रुकुम पश्चिम	२४१.८	५६.४	–	५०.८	५.६	११३.४	२२.७	७९.०
सल्यान	४०१.९	४५.६	–	३८.६	७	१७५.७	३५.१	८०.७
डोल्पा	३९७.५	२१०.७	–	१५	१९५.७	९०	१८	२२८.७
हुम्ला	१७२.८	२१	–		२१	१८०	३६	५७
जुम्ला	१८७	२२	–	२२.५		१५१	३०.२	५२.७
कालिकोट	३१९.५	११५.७	–		११५.७	१०६	३१.२	१३६.९
मुगु	२३७.७	४४.५	–	१.५	४३	११३	२२.६	६७.१
सुर्खेत	२३०.९	५२.५	३५.२	१७.३	–	२९५.१	५९.०	१११.५
दैलेख	४१९.९	७६.०	–	७१	५	२७५.२	५५	१३१
जाजरकोट	३२३.५	१२४.५	५	६५.५	५४	१५८	३१.६	१५६.१
जम्मा	**३१३२.४**	**७६९.४**	**४०.२**	**२८२.२**	**२२७**	**१६५७.४**	**३४१.५**	**१११०.९**

तालिका ७.३: स्थानीय सडक सञ्जालको अवस्था

जिल्ला	नगरपालिका	गाउँपालिका	जिल्लाका कुल वडाहरू	नजोडिएका गाउँपालिका र नगरपालिका केन्द्रहरू
सुर्खेत	५	४	९९	–
दैलेख	४	७	९०	–
सल्यान	३	७	८३	–
जाजरकोट	३	४	७७	२
रुकुम पश्चिम	३	३	७३	–
जुम्ला	१	७	५५	–
कालिकोट	३	६	८२	७
मुगु	१	३	४५	१
डोल्पा	२	६	६५	६
हुम्ला	०	७	४४	७
जम्मा	२५	५४	७१३	७९ मध्ये २३

३ Model Outlines for Provincial Transport Master Plan (PTMP), 2018

७.२ हवाई

कर्णाली प्रदेश सडक सञ्जालको विकास ढिलो भएकाले त्यहाँका जनतालाई यातायात सेवा प्रदान गर्न हवाई सुविधा अत्यावश्यक बन्न पुगेको हो । तर पनि प्रदेश राजधानी वीरेन्द्रनगरबाट प्रभावकारी सिधा हवाई सेवा सञ्चालन हुन सकिरहेको थिएन । कर्णालीका हिमाली जिल्लामा नेपालगञ्जबाट केही उडानहरू भरिए तापनि ती नियमित र प्रयाप्त हुन सकिरहेका थिएनन् । हाल वीरेन्द्रनगर सुर्खेतबाट राजधानी र प्रदेशका विभिन्न स्थानमा दैनिक केही उडान हुने गरेको छ । प्रदेशमा एउटा ठुलो विमानस्थल र विमानस्थल नभएका जिल्लामा साना विमानस्थल निर्माण गर्न जरूरी छ । कर्णाली प्रदेश पहाडी र हिमाली भू-बनोट भएकाले डाँडा सम्याएर हवाई मैदान र नयाँ एकीकृत वस्तीको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

क्र.सं.	हवाई मैदान नाम र स्थान	हवाइ मैदानको विवरण	कैफियत
१	वीरेन्द्रनगर, सुर्खेत	लम्बाइः १२ सय मिटर चौडाइः एकल रनवे समुद्री सतहबाट उचाइः ७३२ मिटर	प्रदेश राजधानी घोषणा गरिसकेपछि राजधानीसँग सोझो हवाइसेवा सञ्चालनमा आएको र हिमाली जिल्लामा पनि केही सेवा सञ्चालन भएको । अपर्याप्त धावनमार्ग ।
२	खलङ्गा, जुम्ला	लम्बाइः ६७० मिटर चौडाइः सिंगल रनवे समुद्री सतहबाट उचाइः २३४७ मिटर	यो धावन मार्ग विस्तार गर्ने सम्भावना रहेको छ ।
३	ताल्चा, मुगु	लम्बाइः ५८० मिटर चौडाइः सिंगल रनवे समुद्री सतहबाट उचाइः	यो हवाई मैदानको निर्माण १९७५ मा सुरू भए पनि कालोपत्रे भने २०१५ मा मात्र हुन गएको थियो ।
४	चौरजहारी, रुकुम	लम्बाइः ६०० मिटर चौडाइः सिंगल रनवे समुद्री सतहबाट उचाइः७६२ मिटर	चौरजहारी हवाइ मैदानले मूलतः नेपालगञ्जबाट रुकुम, जाजरकोट र सल्यानका यात्रालाई लक्षित गरी केही सेवाहरू सञ्चालन गर्दै आएको थियो तर बीचको अवधि बन्द रहन गए तापनि सन् २०१८ देखि पुनः सेवा दिन थालेको छ ।

५	सिमकोट, हुम्ला	लम्बाइः ५४९ चौडाइः एकल धावन मार्ग समुद्री सतहबाट उचाइः २८१८	मानसरोवर यात्रीका कारण यो हिमाली जिल्लाको व्यस्त हवाई मैदानमा पर्दछ । यहाँ प्रायः नेपालगञ्ज र सुर्खेतबाट उडान भरिन्छ ।
६	दुनै, डोल्पा	लम्बाइः ६६३ मिटर चौडाइः एकल धावन मार्ग समुद्री सतहबाट उचाइः २४९९ मिटर	ठुलो भेरीको किनारमा रहेको नेपालगञ्जबाट नियमित उडान हुँदै आईरहेको र हाल वीरेन्द्रनगरबाट पनि नियमित उडान सञ्चालनमा रहेको । २०१७ मा एस्फाल्ट गरिएको ।
७	सुनथराली हवाइमैदान, कालिकोट	लम्बाइः चौडाइः समुद्री सतहबाट उचाइः	निर्माण भए तापनि सञ्चालनमा आउन नसकेको
८	सल्ले विमानस्थल, रुकुम	लम्बाइः चौडाइः एकल धावन मार्ग समुद्री सतहबाट उचाइः १५८०	यो विमानस्थल खलंगा सदरमुकामदेखि २ कि.मि. पर रहेको छ । विविध कारणले यो नियमित सञ्चालनमा आउन सकेको छैन ।

७.३ जलयातायात तथा रोपवे

यस प्रदेशको कर्णाली र भेरी नदीको तल्लो क्षेत्र जस्तैः राकम चौरझारीसम्म जल यातायतको प्रबल सम्भावना रहेको छ । यसलाई विस्तार गरी प्रदेन नं. ५ र सुदूरपश्चिमको चिसापानी हुँदै भारतसम्म जल यातायातमार्फत् पहुँच पुग्न सक्दछ । यसै गरी कर्णाली प्रदेशको जटिल भूगोल र भिरालोपनका कारण भविष्यको यातायातको रूपमा रोपेको विकास हुनु आवश्यक छ । यसबाट पर्यटकीय सम्भावना र सार्वजनिक यातायात पहुँचलाई पनि सहज बनाउने छ । यही सम्भावनालाई मध्यनजर गरी कर्णाली प्रदेश सरकारले भेरी र कर्णाली नदीमा जलमार्ग सम्भाव्यता अध्ययन र वीरेन्द्रनगर-गोठीकाँडा-गुँरासे, रारा मुर्माटपजस्ता ठाउँमा केवलकार सम्भाव्यता अध्ययनका लागि प्रस्ताव गरेको छ ।

८. पर्यटन तथा सेवा क्षेत्र

कर्णाली प्रदेश भौगोलिक विविधता, मनोरम स्थलहरू र जैविक विविधता भएको थलो हो । यो प्रदेश नेपालको इतिहास, कला, भाषा र संस्कृतिको उद्गम स्थल पनि हो । खस साम्राज्यको सिंजा र दुल्लु सभ्यता, एसियाकै पुरानो मानिने बोन सभ्यता, पश्चिमी सिल्क रोड, खस भाषाका शिलालेखहरू, गडी, पञ्चदेवल, गुम्बाहरूले यसको पुष्टि गर्दछ । प्रकृतिको सुन्दरता र मर्नामोहकता रारामा देख्न पाइन्छ भने प्रकृतिको भव्यपन र विचित्रता से-फोक्सुन्डोमा महसुस गर्न पाइन्छ । कर्णाली प्रदेशमा ६ हजार मिटरभन्दा अग्ला १२ वटा हिमालमध्ये अधिकांश नचढिएका हिमालहरू छन् । कैलाश मानसरोवर क्षेत्रबाट उद्गम हुने नेपालकै लामो नदी कर्णालीमा मानसरोवरदेखि गङ्गासम्मको च्याप्टिङको सम्भावनालाई उजागर गर्दछ ।

कर्णाली प्रदेशमै ऐतिहासिक काँक्रेविहार, देउती बज्यै, बुलबुले, दैलेखको पञ्चकोशी ज्वाला क्षेत्र, महाबु गाथ, भुर्तिका २५ देवल, दक्षिण एसियाको दोस्रो अग्लो मानिने कालिकोटको पचाल झरना, खाडाचक्र पञ्चदेवल, जुम्लाको चन्दननाथ, डुडुल चैत्य, मुगुको छाँयानाथ, हुम्लाका लिमी भ्याली, बाह्रदेउ र खार्पुनाथ, माथिल्लो डोल्पा र त्रिपुरा सुन्दरी, सल्यानको कुभिण्डे दह, डोल्पाको जगदुल्ला ताल, रुकुमको स्यार्पु दह, जाजरकोटको खलङ्गा दरबार, चित्रिपाटन, हिमालयन ग्रेट ट्रेल आदि यस क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यका विविधतालाई उजागर पार्दछन् । हालै नेपाल सरकारको पर्यटन मन्त्रालयले १०१ वटा पर्यटन गन्तव्यहरू घोषणा गरेकोमा कर्णाली प्रदेशमा २१ वटा पर्न गएका छन् ।[१] कर्णाली प्रदेश सरकारले पनि १०१ वटा पर्यटकीय गन्तव्यहरू घोषणा गर्ने योजना सार्वजनिक गरेको छ । कर्णाली प्रदेशले आयोजना गरेको रारा महोत्सवबाट प्रधानमन्त्री के.पी. शर्मा ओलीले नेपालको पहिलो नीति र कार्यक्रम घोषणा गर्नु भएको छ । रारा महोत्सवमार्फत् ६ लाख पर्यटक पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य प्रदेश सरकारले यही अवसरमा घोषणा पनि गरेको छ । त्यस्तै गत मंसिरमा उपराष्ट्रपति नन्दकिशोर पुनले फोक्सुन्डो महोत्सवको समुद्घाटन गर्नु भएको छ । यसले नेपालको महत्त्वपूर्ण पर्यटकीय गन्तव्य कर्णालीप्रति ध्यानाकृष्ट गराएको छ ।

कर्णालीका यी गन्तव्यप्रति ध्यानाकर्षण भएको आधा शताब्दी काटिसकेको छ । राजा महेन्द्रले राराको बखानमा बहुचर्चित कविता उहिल्यै लेखेका भएतापनि हाम्रा आर्कषक स्थलहरूले अपेक्षित पर्यटकहरू भित्र्याउन सकेनन् । २०६९-७० देखि २०७३-७४ को तथ्याङ्क हेर्दा रारामा घटीमा १३२ देखि बढीमा २०१ जना पर्यटक आएको देखिन्छ भने से-फोक्सुन्डोमा विभिन्न वर्षमा ३८३ देखि ६२० को बीचमा पर्यटक आगमन भएको देखिन्छ । गोल्डन ट्रयाँगलका रूपमा काठमाडौंपछि चितवन, पोखरा र लुम्बिनी क्षेत्र पर्यटनको हब बन्न पुग्यो । बाँकी रहेका पर्यटकहरू सगरमाथा क्षेत्रतर्फ आकर्षित भए । काठमाडौं, गोल्डेन ट्रयाँगल र सगरमाथा क्षेत्रमा मात्रै नेपाल आउने ९० प्रतिशतभन्दा बढी पर्यटकहरू जाने गर्दछन् भने पश्चिम क्षेत्रमै आइपुग्ने पर्यटकहरूको सङ्ख्या नगन्य मात्र रहेको छ ।[२]

---

१ हेर्नुहोस कर्णालीका १८ गन्तव्यहरूबारे विस्तृत, कर्णाली वर्ष ८, अंक ४, मंसिर २०७५ ।

२ Tourism Strategic Plan,2016 Ministry of Tourism/ Prachandaman Shrestha, Presentation, Birendranagar,

अध्यागमन विभाग र राष्ट्रिय निकुञ्जले सङ्कलन गरेको तथ्याङ्कलाई हेर्दा कर्णालीमा आउने पर्यटकहरूको सङ्ख्या उल्लेखनीय छैन । पदयात्रामा माथिल्लो डोल्पामा २०१६ मा आएको सङ्ख्या ५३१ र तल्लो डोल्पामा यो सङ्ख्या १०२३ छ ।[३] यो भू-राजनीतिका कारणले पनि संवेदनशील क्षेत्र हो । त्यसमाथि उच्च प्रवेश शुल्कका कारण पनि यहाँ आउने पदयात्रीको सङ्ख्या ठुलो हुन नसकेको हो । यस प्रदेशको डोल्पा, हुम्ला, मुगुबाहेक अन्य सातओटा जिल्लालाई गन्तव्य बनाएर आउने विदेशी पर्यटक शून्य प्रायः छन् । हुम्ला पुगेको १०१०५ पर्यटकहरूको गन्तव्य नेपाल नभएर मानसरोवर कैलाश हो । उनीहरू प्रायः हवाइ चार्टर गरेर हुम्ला पुग्ने भारतीय तीर्थयात्रीहरू नै हुन् । यी तथ्यहरूले हाम्रो पर्यटन विकासको अवरोध र सम्भावनाको राम्ररी सङ्केत गर्दछ ।

- कुनै पनि क्षेत्रको पर्यटन विकास गर्न सबैभन्दा आकर्षक विन्दुलाई नैं आधार बनाउनु पर्दछ । कर्णालीका लागि पहिलो गोल्डेन स्ट्रिङ जमुना मानसरोवर दूतमार्ग नै हो । मानसरोवर र कैलाश यसको मोती हो । करिब १.५ करोड भारतीय पर्यटकहरू हिमाञ्चल जान्छन् र २ करोड चिनियाँ र वाह्य पर्यटक तिब्बत आइपुग्ने गर्दछन् । गुणस्तरीय सडक सञ्जाल हुँदा अहिलेको मानसरोवर यात्रा कम्तीमा चार गुनाले कम खर्चिलो हुन्छ । भारतमा रहेको ८० करोड हिन्दु जनसङ्ख्या र तीव्र बढिरहेको मध्यम वर्गका लागि कैलाश यात्रा जीवनको एक अभिष्ठ हो । द्रूत सडक सञ्जाल हुनासाथ हिमाञ्चल र तिब्बतमा देखिएको पर्यटकहरूको ओइरो कर्णालीमा देख्न सकिने छ ।
- तर कर्णालीको पर्यटनका लागि आन्तरिक आकर्षण भने पहिलो रारा र दोस्रो फोक्सुन्डो नै हो । त्यसलाई प्रदेश राजधानी वीरेन्द्रनगरले जोड्नु पर्दछ । कर्णाली र भेरी कोरिडोरको सडक सञ्जाल, फोक्सुन्डोदेखि रारासम्म स्तरीय पदमार्ग विकास गर्न सक्दा कर्णाली प्रदेशमा पर्यटकीय सुनौलो त्रिभुज (Karnali Golden Triangle) निर्माण हुन पुग्दछ । यसमा सुर्खेतका काँक्रेविहार देखि दैलेख, कालिकोट, जुम्लाका ऐतिहासिक, धार्मिक स्थलहरू र पूर्वतिर रुकुम, सल्यान र जाजरकोटका पर्यटकीय क्षेत्रहरू जोडिन पुग्दछन् । यसरी कर्णाली प्रदेशले घोषणा गरेको पर्यटकीय सर्किट कर्णाली गोल्डेल ट्रँयान्गलका रूपमा स्थापित हुन्छ । हुम्लाका पर्यटकीय थलोहरूलाई भने मानसरोवर रुटले जोड्दछ । यो प्रदेशभन्दा बाहिर रहेका खप्तड, रामारोशन, ढोरपाटन, वर्दिया आरक्षजस्ता अन्तरप्रदेशीय पर्यटकीय थलोहरूलाई पनि विस्तारै यससँग जोड्न सकिन्छ । यसरी गोल्डेन स्टिङ्ग र गोल्डेन ट्रँयान्गलको अवधारणामा यसको बाटोमा पर्ने महत्त्वपूर्ण स्थलहरू पर्यटकीय हब (hub)का रूपमा र त्यस सर्किटले समेटेका आसपासका क्षेत्रहरू पर्यटकीय सब (sub)का रूपमा विकास गर्न सकिन्छ । मानसरोवर यात्राको हवका रूपमा भने सिमिकोटको विकास हुने प्रचुर सम्भावना छ ।
- पर्यटकीय हब विकास गर्न पर्यटकीय पुर्वाधार महत्त्वपूर्ण कुरा हो । नेपाल पर्यटकीय गन्तव्यको आकर्षणको लक्ष्य पूर्वाधार विकासबिना सम्भव छैन । कर्णालीमा पर्यटकीय पूर्वाधारहरूको अवस्था भनै विकराल छ । रारा जस्तो सुन्दर पर्यटकीय गन्तव्य भएको ठाउँमा केवल रुम सङ्ख्या ५ र

2019

३ Immigration Office, 2016

वेड सङ्ख्या १० मात्रै छ ।[४]

- नेपालमा औसत पर्यटकको बसाई अवधि १३.१६ दिनको छ र औसत खर्च ६८.५७ डलर मात्र छ ।[५] कर्णालीमा लामो पदयात्रामा जानेबाहेक मनोरम स्थल हेर्न जाने पर्यटकहरू केही दिन बिताउन पनि गाह्रो पर्ने अवस्था छ । पदयात्राका दृष्टिकोणबाट हामीसँग लामो अवधि राख्नसक्ने आर्कषक पदमार्गहरू पर्याप्त हुन सक्दछन् तर सबै पर्यटकहरू पदयात्रामा जाने खालका हुँदैनन् । एक दुई दिन बस्ने त्यस्ता पर्यटकहरूको बसाई लम्बाउन पर्यटकीय हबहरूमा राम्रा होटलहरू, मनोरञ्जन गर्ने स्थलहरू, सरसफाइ, विशिष्ट भोजनगृहहरूका साथै कुशल अतिथि सत्कार आवश्यक पर्दछ । चिडियाखाना, सङ्ग्रालय, बोटानिकल या जडीबुटी गार्डेन र पार्कहरू, बन्जि जम्पिङ, प्यारागलाइडिङ राफ्टिङ, स्किइङ आदि क्षेत्र विकास नगरी पर्यटन क्षेत्रको विस्तार गर्न गाह्रो हुन्छ । यसका लागि कर्णालीको पर्यटनमा उद्यमशीलता, संस्था र संरचना विकास गर्न आवश्यक हुन्छ ।
- कर्णाली प्रदेशका मुख्य पर्यटकीय हबसँग जोडिएर गोरिल्ला ट्रेल, घोरल ट्रेल, अर्ग्यानिक कृषि पर्यटन, जडीबुटी पर्यटन, इतिहास र संस्कृतिका सर्किटहरू, मनोरञ्जनात्मक गतिविधिहरू, साहसिक पर्यटन, होम स्टे र रिसोर्टहरू आदिको विकास हुन्छ । स्थानीय पर्यटकीय क्षेत्रहरूलाई कर्णाली त्रिभुजीय सर्किटसँग आबद्ध पार्दै लानु पर्दछ ।
- पर्यटन युवा रोजगारी सिर्जना गर्ने महत्त्वपूर्ण क्षेत्र हो । ६ जना पदयात्री नेपालमा आउँदा १ जनालाई प्रत्यक्ष रोजगारी सिर्जना हुन्छ । पर्यटनको क्षेत्रमा दुई तिहाई रोजगार पाउने युवा समूहका छन् । अझ राफ्टिङमा त ९८ प्रतिशत युवा रोजगार भएको मानिन्छ ।[६] ६ लाख पर्यटक कर्णालीमा ल्याउन सक्दा १ लाख प्रत्यक्ष रोजगारी सजिलै सिर्जना हुन्छ । यसो हुन सक्दा कर्णालीले अरू प्रदेशलाई समेत रोजगारी प्रदान गर्न सक्दछ ।
- अरू देश र छिमेकको विभिन्न क्षेत्रका उदाहरण हेर्दा कर्णालीमा सहजै ६ लाख पर्यटक आर्कर्षित गर्न सक्ने र भार बहन क्षमता छ । नेपालमा ४९ जना नेपालीलाई १ जना विदेशी पर्यटक भाग पर्दछ, भुटानमा १७ जना भुटानी बराबर १ पर्यटक र थाइलैण्डमा ३ जना थाई बरावर १ जना पर्यटक भाग पर्दछ । कर्णालीमा भने मानसरोवर जाने यात्रीसहित जोड्दा १०० जना बराबर १ पर्यटक हुन जान्छ तर यसले हाम्रो पर्यटन विस्तार गर्ने सम्भावना भने उजागर गर्दछ । पर्यटनको राम्रो पूर्वाधार र पर्यटकीय योजना बनाउने हो भने आगामी १० वर्षमा ६ लाख पर्यटक सजिलै पुऱ्याउन सकिन्छ । मानसरोवर जाने द्रूत मार्ग कर्णाली प्रदेश भएर जाँदा तिब्बत र हिमाञ्चलभैँ अकल्पनीय सङ्ख्यामा पर्यटकहरू कर्णालीभएर जाने सम्भावना पनि उत्तिकै छ ।
- कर्णाली प्रदेश आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्य भएकाले वीरेन्द्रनगरस्थित हवाई मैदानको स्तरउन्नति गर्नुका साथै अन्तर्राष्ट्रिय हवाई मैदान निर्माण गर्न अत्यावश्यक भइसकेको छ । धार्मिक तथा साँस्कृतिक महत्त्व बोकेको यस प्रदेशको हिमाली जिल्ला हुम्ला, मुगु, जुम्ला, डोल्पाको हवाई

---

४ Ministry of Tourism, Data, 2018.

५ Tourism Strategy of Nepal, 2016

६ Tourism Employment Survey, 2014, MoT/GoN

मैदानको स्तरोन्नति तथा पहाडी जिल्ला रुकुम चौरजहारी नियमित गर्ने र कालिकोटको सुनथराली विमान स्थल सञ्चालनमा ल्याइ पर्यटनमैत्री वातावरण सिर्जना गर्न आवश्यक छ । प्रत्येक गाउँपालिका तथा वडास्तरमा हेलिप्याडको निर्माण गर्नुपर्ने देखिएको छ ।

कर्णाली प्रदेशका महत्त्वपूर्ण गन्तव्यहरू

नेपाल सरकार, पर्यटन मन्त्रालयले देशभरबाट १०० पर्यटकीय गन्तव्यहरू तय गरेको छ । यस अन्तर्गत कर्णाली प्रदेशमा ७ वटा महत्त्वपूर्ण गन्तव्यहरू र १४ वटा नव-पर्वतन गर्नु पर्ने क्षेत्रहरू रहेका छन् ।

तालिका ८.१: कर्णालीका महत्त्वपूर्ण सात गन्तव्यहरू

क्रम सङ्ख्या	पर्यटकीय गन्तव्य	जिल्ला र स्थान
१)	से फोक्सुन्डो	डोल्पा
२)	सिँजा सभ्यता	जुम्ला सिँजा
३)	रारा ताल	मुगु
४)	पञ्चकोशी ज्वाला क्षेत्र	दैलेख
५)	काँक्रेविहार	वीरेन्द्रनगर, सुर्खेत
६)	देउती बज्यै	सुर्खेत
७)	मदन आश्रित पार्क	सुर्खेत

तालिका ८.२: नवप्रवतन गर्नु पर्ने पर्यटकीय क्षेत्रहरू

क्र. सं.	पर्यटकीय गन्तव्य	जिल्ला र स्थान	विशेषताहरू
१)	कुभिण्डे	सल्यान	
२)	डुडुल चैत्य	जुम्ला	
३)	लिमी उपत्यका	हुम्ला	
४)	रारा से-फोक्सुन्डो ट्रेल	मुगु डोल्पा	
५)	पाँचाल झरना	कालिकोट	
६)	खलङ्गा दरवार	जाजरकोट	
७)	कोतगडी, पञ्चदेवल, कीर्तिस्तम्भ विलासपुर, माभु पर्यटकीय क्षेत्र	दैलेख	
८)	जाजुरा ताल	सुर्खेत	

९)	गुप्ती ताल		
१०)	भदाले गुफा		
११)	शिव गुफा		
१२)	गिद्दे डाँडा	सुर्खेत	
१३)	चित्री पाटन	रुकुम	

कर्णाली प्रदेश सरकारले प्रदेशका दशवटै जिल्ला समेट्ने गरी ५० वटा पर्यटकीय गन्तव्य छनौट गर्ने घोषणा गरेको छ । प्रदेश सरकारले आ.ब. २०७५-७६ लाई रारा वर्ष घोषणा गरी ६ लाख पर्यटन यही वर्षभित्र पुऱ्याउने लक्ष्य लिएको थियो ।

कर्णाली प्रदेशका अन्य महत्त्वपूर्ण पर्यटकीय गन्तव्यहरू

जुम्ला : कनकासुन्दरी मन्दिर, कार्तिकस्वामी, ठाकुरज्यू, पाण्डवगुफा, दानसाँघु, दोभान मालिकास्थान, चोत्र गुम्बा, गिडी दह, शंख दह, तातोपानी, पाण्डु गुफा आदि

मुगु : छायानाथ क्षेत्र तथा रिनमोक्षताल,मुर्मा टप,चंखेली हिमाल आदि

डोल्पा : शे फोक्सुन्डो लेक, राष्ट्रिय निकुञ्ज, से-गुम्बा तथा अपर डोल्पा, बिन्ध्यावासिनी मन्दिर, सुलिगाड झरना, शे गुम्बा, वाला त्रिपुरासुन्दरीको मन्दिर,जगदुल्ला ताल, चुरेनलगायत अन्य हिमालहरू आदि ।

हुम्ला : खार्पुनाथ, रेल्वाङ गुम्बा, याल्वाङ्ग गुम्बा, दुधे दहहरू, सुनदह, बाह्दैउ, भ्यू दुलो, लाप्चा हिमाल, पंचमुखे हिमाल आदि

सुर्खेत : सिद्दपाइला, घाटगाउँ शिव मन्दिर, प्राकृतिक लाल दरबार, घण्टाघर, गोठीकाँडा आदि

कालिकोट : पञ्चदेवल, बोटा मालिका, चिलखायाक्षेत्र, चुलीमाई मन्दिर, वासुधारा, पुगमाई मन्दिर

दैलेख : कीर्तिखम्ब दामुपाल शिलालेख, जसपाउको पौवा क्षेत्र दुल्लू, चामुण्डा विन्द्रासैनी धाम, भैरबी, राकम आइल्याण्ड एण्ड राफ्टिङ पोइन्ट, गुँरास क्षेत्र, विलासपुर मन्दिर आदि ।

सल्यान : खैरावाङ, छायानाथ क्षेत्र, कछुवा ताल, फलाबाङ्ग दरबार आदि

जाजरकोट : जाजरकोट दरवार, शिवालय, वायु घट्ट, नुवागाँउ, नढाइहाव ताल, घनिचुला, चित्री पाटन, मालिका लेक, कुशेमुशे, मौरी लेक आदि ।

रुकुम : स्यार्पु ताल, डिग्री साई मन्दिर, सिमैछरी झरना, गोताम, बुकी पाटन आदि ।

हिमाल र ट्रेकिङ रुटहरू

कर्णाली प्रदेशमा चारवटा हिम शृङ्खलाहरू रहेका छन् । डोल्पामा पर्ने कान्जिरोवा हिमाल नेपालका भित्री हिमाली शृङ्खला हो भने हुम्लामा पर्ने नालाकंकर र चाङ्ला (चण्डी)हिम शृङ्खला नेपाल तिब्बत क्षेत्रको सिमामा पर्दछन् । कान्ति हिमाल मुगु र डोल्पा हुँदै तिब्बतको सीमा भएर विस्तार भएको छ ।[७]

कर्णालीमा पर्यटन आवागमनको स्थिति

तालिका ८.३: वाह्य पर्यटन आगमन (२०७५।७५ र २०७५।७६)

जिल्ला	आ.व.२०७४।०७५	आ.व.२०७५।०७६	थपघट सङ्ख्या	थपघट प्रतिशत
सुर्खेत	३००	६५४	३५४	४५.९
दैलेख	०	१४	१४	१००
जाजरकोट	०	७	७	१००
रुकुम पश्चिम	०	१३	१३	१००
सल्यान	०	९	९	१००
कालिकोट	०	२१	२१	१००
जुम्ला	०	६२	६२	१००
मुगु	२८२	३३४	५२	१८.४
हुम्ला	१३३९८	१७४८९	४०९१	३०.५
डोल्पा	१८८४	२६८८	८०४	४२.७
जम्मा	१५८६४	२१२९१	५४२७	३४.२

स्रोतः वन, वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय, कर्णाली प्रदेश, २०१९ ।

७ http://tourism.gov.np/uploaded/pdf/unclimbed-peaks.pdfThe Himalayan Database

चित्र ८.१: वाह्य पर्यटन आगमन (२०७५।७५ र २०७५।७६)



चित्र ८.२: कर्णाली आन्तरिक पर्यटन आवागमन, २०१८



चित्र ८.३ रारा र फोक्सुन्डो: वाह्य पर्यटन आवागमनको स्थिति (२०६९।७० देखि २०७३।७४)



तालिका ८.४: पर्यटकीय केन्द्रहरूमा वाह्य पर्यटन आवागमनको अवस्था (२०१०–२०१६)

वर्ष	तल्लो डोल्पो	अपर डोल्पो	हुम्ला	कुल
२०१०	७८५	३५८	१६३३	२७७६
२०११	८०८	३९७	१७५८	५७३९ १०६%
२०१२	९८२	५३६	१५०८	३०२६ -४७%
२०१३	५८५	३३८	१६०३	२५२६ -१६%
२०१४	१११७	४६९	४९२	२०७८ -१८%
२०१५	७८८	३२८	१३४६	२४६२ १८%
२०१६	१०२३	५३१	१०१०५	११६५९ ३७३%

स्रोत: अध्यागमन विभाग, २०१६

चित्र ८.४: वाह्य पर्यटन जिल्लागत आवागमन अवस्था (२०१६ र २०१७)



चित्र ८.५: आन्तरिक पर्यटकीय गतिशीलता: आ.ब. २०७५ बैशाख १ देखि ०७६ बैशाख १



तालिका ८.५: कर्णाली प्रदेश आन्तरिक पर्यटन गतिशीलता

जिल्ला	आ.ब. ०७५ बैशाख १ देखि ०७६ बैशाख १
सुर्खेत	१६२८६१
दैलेख	३८६६८
जाजरकोट	५८८६५
रुकुम पश्चिम	६६५८
सल्यान	३६१५०
कालिकोट	३१३५७
जुम्ला	७७६१४
मुगु	१३७९५
हुम्ला	२०५४५
डोल्पा	८३८४
जम्मा	४५४८६४

स्रोत: पर्यटन आगमन सर्वेक्षण २०७४, पर्यटन मन्त्रालय, कर्णाली प्रदेश

कर्णाली प्रदेशमा पुरातात्विक र साँस्कृतिक निधिहरू

कर्णाली प्रदेशमा रहेका पुरातात्विक र साँस्कृतिक सम्पदाका कारण आन्तरिक ग्रामीण पर्यटनको पनि अभूतपूर्व सम्भावना छ। यसलाई पुरातात्विक तथा साँस्कृतिक मूर्त सम्पदाहरूको नेपाल सरकार पुरातत्व विभागले वर्गीकरण गरेको छ।[८] पर्यटन विकासका लागि यो पनि एउटा महत्त्वपूर्ण आधार हो। कर्णाली प्रदेशका १० जिल्लाका वर्गीकृत पुरातात्विक, साँस्कृतिक सम्पदाहरू निम्नलिखित रहेका छन् :

८ कर्णाली राष्ट्रिय मासिक, वर्ष ८, अंक ४, २०७५ मा प्रकाशित।

तालिका ८.६: दैलेख पुरातात्विक र साँस्कृतिक निधिहरू

क्रसं.	साँस्कृतिक सम्पदाको नाम	वर्ग	ठेगाना	ऐतिहासिकता
१.	भूर्तिका देवलहरू	क	नारायण नपा ७ भूर्तिगाउँ	चौधौ शताब्दीतिर निर्मित
२.	रावतकोटका पञ्चदेवल	क	रावतकोट माविसँगै	चौधौ शताब्दीतिर
३.	पाथर नाउली	क	दुल्लु ६ मूलवाटो तर्फ	शकसम्वत् १२७६ अर्थात् १४११ मा देव वर्माद्वारा निर्मित
४.	पृथ्वी मल्लको कीर्तिस्तम्भ	क	दुल्लु १ दुल्लु बजार	शकसम्वत् १२७९ मा पृथ्वी मल्लद्वारा निर्मित
५.	धर्मगढी	क	नारायण नपा १ धर्मगढी	पन्धौं शताब्दी
६.	दुल्लुको प्राचीन गढी	ख	दुल्लु	यो प्राचीन किल्ला हो ।
७.	कोट किल्ला	ख	नारायण नपा १ दैलेख	सोह्रौं सत्रौं शताब्दीतिर
८.	चार खम्वा	ख	ऐजन	खस मल्ल साम्राज्यकाल
९.	नारायण मन्दिर	ग	ऐजन	विसं. १९२२ मा काजी जयमानसिंह वस्नेत
१०.	बटुक भैरव	ग	ऐजन	१८७०भन्दा पहिले निर्मित
११	विलासपुर भैरव	ग	नारायण ६ दैलेख	विसं. १४७५ आसपासतिर संसारी वर्माद्वारा निर्मित
१२.	सातखम्ब	ग	गमौली ७ गम्वा बजार	चौधौ पन्धौं शताब्दी
१३.	तियाडी	ग	नेपा ५ तियाडी	१८७७ भन्दा पहिले
१४.	काजी जसपाउ थापाको पौवा	ग	पादुका ५	१८७६ मा काजी जसपाउद्वारा निर्मित
१५.	विन्द्रासैनी मन्दिर	ग	विन्द्रासैनी ४	चौधौं पन्धौं शताब्दी निर्मित भै १८८५ मा पुननिर्मित
१६.	शिरस्थान मठ	ग	गमौडी ४ छामगाड	१८९२ मा श्रीविक्रम शाहद्वारा धर्मशाला निर्मित स्थान
१७	नाभिस्थान	ग	ऐजन	१८४६ पछि
१८	धुलेश्वर महादेव	ग		१८४६ पछि
१९.	पादुकास्थान	ग	पादुका ३ पादुका	शकसम्वत् ११३९ विसं. १२७१ अगि नै निर्मित
२१	किमुगाउँका ढुङ्गे देवल		नारायण न.पा.	विक्रमको १२औ १३औ शताब्दीतिर
२२	कुइकानाका ढुङ्गे देवल		नारायण न.पा.	विक्रमको १२औ १३औ शताब्दीतिर
२३	पगनाथको ढुङ्गे देवल			विक्रमको १२औ १३औ शताब्दीतिर
२४	जाजरकोटका खम्वा		नारायण न.पा.	विक्रमको १२औ देखि १४औ शताब्दीतिर
२५	चगत्राका भिन्नखालका ढुङ्गे देवल		दुल्लु न.पा.	विक्रमको १२औ देखि १४औ शताब्दीतिर

२६	तल्ली निपा (तल्ली पाउ) का ढुङ्गे देवल तथा मकरासे (मुडराह)		दुल्लु न.पा.	विक्रमको १२औ देखि १४औ शताब्दीतिर
२७	मुडे देवलको मकरासे (मुडराहा)		दुल्लु न.पा.	विक्रमको १२औ देखि १४औ शताब्दीतिर
२८	खिराखेतको शाके १०१६ को वामु खड्काको दामुपालपछिको नेपालको दोस्रो सर्वप्राचीन शिलालेख		दुल्लु न.पा.	विक्रमको १२औ देखि १४औ शताब्दीतिर
२९	दहस्थित ढुङ्गे देवलहरु		दुल्लु न.पा.	-
३०	छडुङमाथि मालिका मुनि बैक नजिकका ढुङ्गे धारा मकरासे		दुल्लु न.पा.	-
३१	डाडीमाडीका खम्बाहरु		भैरी	-
३२	डौसुरको ढुङ्गे देवल		चामुण्डा विन्द्रासैनी	-
३३	वस्तेकोटका ढुङ्गे धारा एतिह(ासिक मगराहा		चामुण्डा विन्द्रासैनी	-
३४	तिलुखाना देवल आवत		चामुण्डा विन्द्रासैनी	-
३५	सात्तलाका खम्बा र शिलालेख		आठविस नपा	-
३६	धारखोला		दुल्लु गापा	-
३७	काँशीकाँधका ढुङ्गे देवल आदि		महाभु गापा	-
३८	बाँसी		महाभु गापा	-
३९	गैरी पीपलका शिलास्तम्भ र लेख		चामुण्डा विन्द्रासैनी	-
४०	डौसुरको देउलाआउत खम्बडाडाका ५ खम्ब र १ देवल		चामुण्डा विन्द्रासैनी	-
४१	भोटेगढी		कालीकोट र दैलेखको सिमानामा	मिति अज्ञात
४२	रानावाडाको कलात्मक ढुङ्गेधारा मुगराहा		दुल्लु ७	-

४३	दुल्लु न.पा.७ ढुङ्गेआवतको ढुङ्गेधारा मुगराहा		दुल्लु नपा	-
४४	खुर्सानीवारी मकरासे (ढुङ्गेधारा) मा रहेको सं.१६९१ को शिलालेख		नारायण न.पा.	वि.सं.१६९१
४५	शिरस्थान शिलालेख (वि.सं.१६२५ दुल्लुका राजा प्रताप शाही र विलासपुरका राजा सङ्गाम शाहीको संयुक्त शिलालेख)		दुल्लु नपा	वि.सं.१६२५

तालिका ८.७: सुर्खेत पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	शिव मन्दिर	क	लाटीकोइली	१६३९ मा आत्मनाथद्वारा निर्मित
२.	काँक्रेविहार	क	लाटीकोइली ८	सन १२५५ देखि १२७८ बीचमा अशोक चल्लका पालामा
३.	वयकाँडा गढी	ख	गढी ७ राम्रीकाँडा	१८४६ पूर्व
४.	खम्वा गाँढे शिलास्तम्भ	ग	गढी राम्रीकाँडा	खस मल्लकाल
५.	शिलास्तम्भ	ग	विनपा घन्टाघर १०० मिटर पूर्वोत्तर	शाके १२१४ जयतारी मल्लको अभिलेख
६.	पुरातात्विक ढिस्को	ग	विनपा ६ बीरेन्द्रनगर	चौधौ शताब्दी

तालिका ८.८: जाजरकोट पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	तेह्र छोर्तेनहरूको समूह	क	पजारु ८ घोगी	चौधौँ पन्धौँ शताब्दी
२.	शिव मन्दिर	क	पजारु ७ डाँडागाउँ	चौधौँ पन्धौँ शताब्दी
३.	भयाँर मष्टो	ख	ढिमे ४	विसं. १८५७ मा चल्नु शाही र चाउर शाही
४.	जाजरकोट दरवार	ख	खलंगा २ खलंगा	विसं. १९०० तिर दीपनारायण शाह
५.	जगतिपुर दरवारका अवशेषहरू	ख	जगतिपुर	१४४० तिर मेदिनी बर्मा अर्थात जगतिसिंहद्वारा निर्मित
६.	कालेगाउँ शिवालयहरू	ग	खलंगा ४ कालेगाउँ	विसं. १९०० मा दीपनारायण शाह
७.	कालिका मन्दिर	ग	खलंगा १ भगवती टोल	विसं. १८८५ मा दीपनारायण शाह

८.	सरु मस्टो	ग	पैक ५	दीपनारायण र जंगबहादुर राणाबाट १८९७ अंकित घन्ट भएकोले सो आसपास
९.	काफल्ला मस्टो	ग	पैक ५	सरु मस्टोभन्दा पुरानो

तालिका ८.९: रुकुम पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	शिव मन्दिर देवस्थान	क	विजयश्वरी ६ देवलथान	सोह्रौ सत्रौँ शताब्दी
२.	कालिका मन्दिर	ग	कोटजहारी १ कोटगाउँ	सोह्रौ सत्रौँ शताब्दी
३.	शेरमुक्तेश्वर शिव	ग	शोभा ७ वाहुनठाना	विसौँ शताब्दी
४.	वराहा मन्दिर	ग	शोभा ७ वाहुनठाना	१८९७ कच्चु मल्लद्वारा चढाइएको दमाहा पाइएकोले सो अगावै
५.	डिंग्रे साइकुमारी मन्दिर	ग	खलंगा ४ थपुडिग्रे	१५० वर्ष पुरानो
६.	कालिका भगवती	ग	खलंगा १ खलंगा	१८ औ शताब्दी
७.	मुसिकोट	ग	खलंगा ७ मुसिकोट	बाइसे चौविसे राज्यकाल

तालिका ८.१०: डोल्पा पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	रेवुम्वा गुम्वा	क	धो १ छुक्चो	४०० वर्ष पुराना चित्र सज्जित
२.	राजारानी देवल र भग्नावशेष	क	त्रिपुराकोट ३ रल्लीगाउँ	चौधौँदेखि सत्रौँ शताब्दी बीचमा
३.	त्रिपुरासुन्दरी देवी	ख	त्रिपुराकोट १ कोटगाउँ	श्री शाके १७४६ सम्वत १८८१ को घन्टको अभिलेखका आधारमा सो अगावै
४.	मस्टो भवानीको मन्दिर	ग	पहाडा १ छलगाउँ	१५० वर्ष पुरानो
५.	हरिकीर्तन थान	ग	त्रिपुराकोट १ कोटगाउँ	राजा विक्रम शाही (१९५९-१६८१) पालमा बनेको
६.	चोलाउरे गुम्वा	ग	सहरतार ९ सम्थलिङ	१२५ वर्ष पुरानो
७.	माघाङ गुम्वा	ग	सहरतारा ९ गारागाउँ	१८ औँ शताब्दी
८.	टिकागुम्वा	ग	सहरतारा ४ गुम्वागाउँ	शाके १५१८ को ताम्रपत्र अगावै कालु लामाद्वारा निर्मित
९.	छादुल गुम्वा	ग	सहरतार २	१८ औ शताब्दीको प्रारम्भितिर स्थापित
१०.	छाकर गुम्वा	ग	धो ६ छाकर	समयावधि नखुलेको तर प्राचीन
११.	विक्रम शाही दरवार	ग	त्रिपुरा ९ महाराजास्थान	१७ औ शताब्दी

तालिका ८.११: हुम्ला पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	हल्जी रिन्छेलिङ गुम्वा	क	लिमी ४ हल्जी	११ औ शताब्दी
२.	खार्पुनाथ मन्दिर	ग	खार्पुनाथ ६ खार्पु	समयावधि नखुलेको तर प्राचीन
३.	चिमिक गुम्वा	ग	ठेहे ५ चिमिक	ऐजन
४.	च्याटोङ गुम्वा	ग	वरगाउँ ९ लिमाटाङ	५०० वर्ष पुरानो
५.	मस्टो मारु	ग	सिमकोट ३ दलितवाडा	पन्ध्रौं सोह्रौं शताब्दी
६.	कुजुमा गुम्वा	ग	लिमी ८ तिल	एघारौं बाह्रौं शताब्दी
७.	तुंगार ह्योजोङ गुम्वा	ग	मुचु ७ तुमकोट	पन्ध्रौं शताब्दी
८.	रल्लिङ गुम्वा	ग	वरगाउँ ८ रल्लिङ	मध्यकाल

तालिका ८.१२: जुम्ला पुरातात्विक र साँस्कृतिक निधिहरू

१.	वैठक मण्डप	क	तलिउम ३	चौधौ पन्ध्रौं शताब्दी
२.	द्वादशक चैत्य	क	महत ७ मिचा	शाके १४२३ मासे ११ तिथौं २ मा हितु रावल
३.	त्रिदेवल	क	धापा ७ विष्टवाडा	शकसम्वत १४२३ सम्वत १५५८ मा स्थापित
४.	त्रिदेवल	क	धापा १ शनिगाउँ	पन्ध्रौं सोह्रौं शताब्दी
५.	देवल	क	धापा ७ विष्टवाडा	पन्ध्रौं सोह्रौं शताब्दी
६.	भैरवनाथ मन्दिर	ख	चन्दननाथ ८ खलङ्गा	१८६६ को ताम्रपत्र भेटिएकोले १८४६ अगावै बनेको
७.	द्विदेवल	ख	धापा ४ धापा	पन्ध्रौं सोह्रौं शताब्दी
८.	आचार्यलिही देवल	ग	वड्की ९ आचार्यलिही	तेह्रौं - स्रोहौं शताब्दीको अवधिमा निर्मित
९.	स्तम्भ	ग	वड्की ९ आचार्यलिही	चौधौं सोह्रौं शताब्दी
१०.	स्तम्भ (तीन वटा)	ग	नराकोट ४	पन्ध्रौं सोह्रौं शताब्दी
११	स्तम्भ चार वटा	ग	धापा ७ विष्टवाडा	चौधौं पन्ध्रौं शताब्दी -एउटा मिति खुलेको शक सम्वत १४२३ मा स्थापित
१२.	ढुङ्गेधारा	ग	धापा ७ विष्टवाडा	चौधौं पन्ध्रौं शताब्दी
१३.	भग्न देवल	ग	धापा ९ धापा	पन्ध्रौं सोह्रौं शताब्दी
१४.	स्तम्भ	ग	धापा ७ विष्टवाडा	शकसम्वत १४२२ अगावै
१५	कालिका मन्दिर	ग	धापा ७ धापा	सत्रौं अठारौं शताब्दी
१६.	ढुङ्गेधारा	ग	धापा ६ घोडेंगा	चौधौं पन्ध्रौं शताब्दी
१७.	ढुङ्गेधारा	ग	धापा ४	चौधौं पन्ध्रौं शताब्दी
१८.	ढुङ्गेधारा	ग	धापा ४	चौधौं पन्ध्रौं शताब्दी

१९.	शिलास्तम्भहरू	ग	धापा ४	चौधौं पन्धौं शताब्दी
२०.	द्विदेवल	ग	पाण्डवगुफा ६	पन्धौं सोह्रौं शताब्दी
२१	शिलास्तम्भहरू	ग	विराट ८	चौधौं पन्धौं शताब्दी
२२	स्तम्भ दुई वटा	ग	कनकासुन्दरी ५ हाटसिंजा	चौधौं पन्धौं शताब्दी
२३	शिव मन्दिर	ग	कनकासुन्दरी ६ हाटसिंजा	सोह्रौं सत्रौं शताब्दी
२४.	कनकासुन्दरी मन्दिर	ग	कनकासुन्दरी ७	पन्धौं सोह्रौं शताब्दी
२५.	भग्न मन्दिरहरू	ग	चना ३ भण्डारीवाडा	सोह्रौं सत्रौं शताब्दी
२६	स्तम्भ	ग	चना १ दानसाँघु	चौधौं पन्धौं शताब्दी
२७	स्तम्भ	ग	महत ९ महतगाउँ	पन्धौं सोह्रौं शताब्दी
	औद्योगिक वस्तुमा भएको मूल्य अभिवृद्धि (कुल गार्हस्थ्य उत्पादनको अनुपात र प्रतिव्यक्तिको रूपमा)	६.६०	२.४०	केन्द्रीय तथ्याङ्क विभाग
	कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा प्रतिशत	१५		
	कुल रोजगारीमा ठुला उद्योगहरूको रोजगारीको अनुपात	६.६		
	कुल रोजगारीमा उद्योग क्षेत्रको रोजगारीको प्रतिशत	१०.४	४.५५	

लक्ष्य - १०	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
देशभित्रै तथा देशहरू बीचको असमानता हटाउने	उपभोग खपतमा असमानता(गिनी कोफिसियण्टद्वारा मापन गरिएको)	०.३३	०.२७	अर्थ मन्त्रालय, २०७३
	कुल उपभोगमा तल्लो २० प्रतिशत जनसङ्ख्याको हिस्सा प्रतिशत	७.०३	७.९	
	कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा प्रतिशत	१८.५	२१.३	
	कुल आयमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा प्रतिशत	५.३	२.८५	
	PALMA अनुपात	१.२९	०.९२	विश्व बैंक, २०७५
	लघुवित्तद्वारा समेटिएका खेती गर्ने परिवारहरू प्रतिशतमा	२०.८	१०.८०	विश्व बैंक, २०७५

लक्ष्य - ११	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
सहर एवम् मानव वस्तीहरूलाई समावेशी,सुरक्षित, सबल,समयानुकुलित र दिगो बनाउने	खर तथा परालको पातले छाएको परिवार एकाइ प्रतिशत	१९.३	३१.२९	विश्व बैंक, २०७५
	सुरक्षित घरहरूमा वसोवास गर्ने परिवार प्रतिशत (साविक कर्णाली)	२९.८	२५	कर्णाली विकास आयोग
	अप्रयाप्त साँघुरो घरमा बस्ने सहरी जनसङ्ख्याको प्रतिशत	६७.८३	७८.०५	
	घरबाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच भएका जनसङ्ख्या प्रतिशत	५०.५	१९.०३	
	पाँच जना र सोभन्दा बढी व्यक्तिहरू बसोवास गर्ने परिवारहरू प्रतिशत	५५.२८	६२.२३	

लक्ष्य - १२	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
दीगो उत्पादन र उपभोग ढाँचाहरू सुनिश्(चत गर्ने ।	प्रयोग गरिएका जलस्रोतसँग कुल जलस्रोतहरूको अनुपात(प्रतिशत)	१०		
	जीवाश्मा इन्धन ऊर्जा खपत कुल ऊर्जाको प्रतिशत	१२.५		
	वन क्षेत्रले वायुमण्डलबाट शोषण गरेर लिएको कुल कार्वन	२२७६		
	कृषि उत्पादनको निम्ति जमिनको प्रयोग-खेती गरिएको जमिनको प्रतिशतको रूपमा खाद्यान्न	८०		
	माटोको जैविक (ORGANIC) पदार्थ प्रतिशत	१		
	प्रतिव्यक्ति काठको प्रयोग	०.११		

लक्ष्य - १३	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउने	कृषि क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन	२३०१४		
	औद्योगिक क्षेत्र(सिमेण्ट र चुनबाट)हरितगृह ग्याँस उत्सर्जन	६३२		
	उर्जा(उद्योग,यातायात रअन्य) क्षेत्रबाट हरितगृह ग्याँस उर्त्सजन गर्ने	७९५९		
	विपदको कारण मृत्यु भएका, घाइते भएका र हराएका व्यक्ति प्रति १००,०००	०.०२३		

लक्ष्य - १५	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
पर्यावरण र वनको दीगो व्यवस्थापन गर्ने	संरक्षित क्षेत्रसहित वनले ढाकेको क्षेत्र (कुल भूभ(ागको प्रतिशत	४४.७४	३८.६१	वन तथा वातावरण मन्त्रालय
	समुदायमा आधारित व्यवस्थापनअन्तर्गत रहेको वन कुल घना वन क्षेत्रको प्रतिशतको रूपमा	३९		
	संरक्षित क्षेत्र(वनसहित कुल भूभागको प्रतिशत)	२३.२		
	तल सिमसार र तलाउ पोखरीहरू सङ्ख्या	१७२७		

लक्ष्य - १६	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
समावेशी न्यायिक तथा शान्तिपूर्ण समाजको निर्माण गर्ने	सरकारी सार्वजनिक निकायमा जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाहरूको अनुपात उमेरअनुसार	५६.२	६४.९	राष्ट्रिय योजना आयोग

लक्ष्य - १७	सूचक	नेपाल आधार वर्ष २०७२	प्रदेश मान	स्रोत
दीगो विकासका लागि कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय समझदारीलाई पुनर्जीवन दिने	इण्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत	२३.२८	७.१९	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७३
	इण्टरनेट प्रयोग गर्ने पुरुषको प्रतिशत		२८.१३	

१६. संरचनागत व्यवस्था

प्रदेश संरचनाअन्तरर्गत ९ वटा निकाय रहने गरी संरचनागत व्यवस्था भएको छ । मुख्यमन्त्रीको कार्यालय र यसको मातहतमा रहने ६ वटा मन्त्रालयहरू प्रदेश सरकारको नियमित कामकाजहरू सञ्चालन गर्दछन् । प्रदेश सभाका निममित कामकाजहरू अगि बढाउन सभामुख र उपसभामुखसहित प्रदेश सभा सचिवालय गठन भएको छ । प्रदेश सरकारका लागि कानुनी सहायता र सल्लाह दिन मुख्य न्यायाधिवक्ताको कार्यालय पनि स्थापना भइसकेको छ । कर्णाली प्रदेशको स्वीकृत दरबन्दी सङ्ख्या २,५५५ रहेकोमा हालसम्म १,४०४ मात्र परिपूर्ति भएको अवस्था छ ।

पदपूर्तिको अवस्थालाई मन्त्रालयगत तवरले हेर्दा सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था तथा सरकारी र आन्तरिक तथा कानुन मन्त्रालयको अवस्था तुलनात्मक रूपमा ठीकै रहेको देखिन्छ भने पूर्वाधार निर्माणजस्ता अत्यावश्यक कुल पदपूर्ति निकै कम रहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमा रहेको ७०३ दरबन्दीमध्ये १६१ दरबन्दी मात्र पुर्ति भएका छन् । प्राविधिक जनशक्ति पूर्तिको अवस्था अत्यन्तै न्यून रहेको छ । पदपूर्ति तल्लो तहमा राम्रै ढङ्गले भएको छ भने माथिल्लो तहमा चाहिने जनशक्ति पदपूर्तिको अवस्था भने न्यून रहेको छ । विभिन्न मन्त्रालयको दरबन्दी र पदपूर्तिको अवस्था तल देखाइएको छ । (तालिका १६.१) ।

नयाँ आर्थिक वर्षबाट प्रदेशमा प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोगलगायत संरचनाहरू थप भएका छन् ।

तालिका १६.१: कर्णाली प्रदेशमा दरबन्दी र पदपूर्तिको अवस्था

हालसम्म पदस्थापन गरिएका तथा कामकाजमा खटाइएका कर्मचारीको सङ्ख्या

सेवा	समूह	तहरपद	सङ्ख्या	कैफियत
नेपाल प्रशासन	सामान्य प्रशासन	अधिकृत (नवौं र दशौं)	१	
		अधिकृत (सातौं र आठौं)	१९	१ जना कामकाज
		सहायक (पाँचौं र छैठौं)	१३६	
		सहायक (चौथो र पाँचौं)	३८	
		श्रेणी विहिन (का.स)	१४७	
	जम्मा		३४१	
	लेखा	अधिकृत (नवौं र दशौं)	१	
		अधिकृत (सातौं र आठौं)	२३	
		सहायक (पाँचौं र छैठौं)	७८	
		सहायक (चौथो र पाँचौं)	२९	
	जम्मा		१३१	
	राजश्व	अधिकृत (नवौं र दशौं)	२	
	जम्मा		२	

नेपाल वन	श्रेणीविहिन (वन रक्षक)	२४२	
	तह (४/५/६) फरेष्टररेन्जर	५६	
	फरेष्टर (सङ्घको पुल दरबन्दी)	५८	कामकाज
	तह (७/८) सहायक वन अधिकृत	५०	
	तह (९/१०) डि.व.अरव.भु.स.अ	११	१ जना कामकाज
	जम्मा	**४१७**	
नेपाल इन्जिनियरिङ्ग	तह(९/१०) स्यानिटरी	५	
	तह(७/८)	२१	४ जना कामकाज
	तह (४/५/६)	६०	२ जना कामकाज
	हलुका सवारी चालक	१३	
		९९	
नेपाल कृषि	तह (९/१०)	१	
	तह(७/८)	४४	
	तह ६	४९	
	तह ५	४१	
	तह ४	११	
	जम्मा	१४६	
आर्थिक योजना तथा तथ्याङ्क	तह (५ र ६)	५	
	तह (७ र ८)	२	
	जम्मा	७	

नेपाल विविध	तह ९/१० (प्रमुख महिला विकास अधिकृत)	१	
	तह ७/८ (महिला विकास अधिकृत)	२	
	तह ५र६	४	
	तह ८ (कम्प्युटर अधिकृत)	१	
	तह ५/६ (कम्प्युटर अपरेटर)	२०	
	तह ४/५ (सहायक कम्प्युटर अपरेटर)	१०	
	जम्मा	३८	
नेपाल स्वास्थ्य	तह ११	२	
	तह ९/१०	३	
	तह ७/८	३१	
	तह ४/५/६	१५६	
	जम्मा	१९२	
नेपाल शिक्षा	तह ११	१	
	तह ९/१०	९	
	तह ७/८	१५	
	तह ५/६	६	
	जम्मा	३१	
	कुल जम्मा	**१४०४**	

१७. जिल्लागत संक्षिप्त चिनारी

१) सुर्खेत

भौगोलिक अवस्थिति

सुर्खेत जिल्ला नेपालका ७५ जिल्लामध्येको मध्य पहाड र भित्री मधेशसहितको विशेषता भएको एक जिल्ला हो । समुद्री सतहबाट १९८ मिटरदेखि २,३६७ मिटरसम्मको उचाइमा अवस्थित यस जिल्लाको २८°२०′ उत्तरदेखि २८°५८′उत्तरी अक्षास र देशान्तर ८०°५९′ पूर्वदेखि ८२°०२′पूर्वसम्म फैलिएको छ । सुर्खेत जिल्लाको क्षेत्रफल २,४५१ वर्ग कि.मि रहेको छ भने यस जिल्लाको पूर्व पश्चिम लम्बाइ ११५ कि.मि र उत्तर दक्षिण चौडाइ ३७ कि.मि रहेको छ । यस जिल्लाको पूर्वमा भेरी र पश्चिममा कर्णाली नदी पर्दछन्, उत्तरपूर्वमा महाभारत शृङ्खला र दक्षिण पश्चिममा चुरे पर्वत पर्दछन् । यो जिल्लाको पूर्वमा सल्यान, पश्चिममा डोटी, अछाम, उत्तरमा अछाम, दैलेख, जाजरकोट र दक्षिणमा कैलाली र बर्दिया रहेको छ । यस जिल्लाको सदरमुकाम वीरेन्द्रनगर हो । वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी पनि हो । सुर्खेत जिल्लामा ५ वटा नगरपालिका (वीरेन्द्रनगर, भेरीगङ्गा, गुर्वाकोट, पञ्चपुरी, लेकबेँसी) र ४ वटा गाउँपालिका (चौकुने, बराहताल, चिङ्गाड, सिम्ता) रहेका छन् जसमा कुल वडा सङ्ख्या ९९ वटा रहेका छन् । सुर्खेतमा पहाड र तराईको मिश्रित खालको धरातलीय बनोट र हावापानी देख्न सकिन्छ । यहाँ गर्मी सुख्खा उपोष्ण, न्यानो सुख्खा उपोष्ण, न्यानो आद्र शीतोष्ण र चिसो आद्र शीतोष्ण हावापानी पाइन्छ ।



जनसङ्ख्याः

२०६८ सालको राष्ट्रिय जनगणनाअनुसार कुल जनसङ्ख्या ३,५०,८०४ मध्ये पुरुष १,६९,४६१ र महिला १,८१,३८१ रहेका छन् । जिल्लाको जनघनत्व १४३ प्रति वर्ग किलोमिटर रहेको छ । यस जिल्लामा जम्मा घरधुरी सङ्ख्या ७२,८६३ र औसत परिवार सदस्य सङ्ख्या ४.८१ रहेको छ । यस जिल्लाको जातीय जनसाङ्ख्यिक वितरणअनुसार क्षेत्री (३२ प्रतिशत), बाहुन (१२ प्रतिशत), मगर (१९ प्रतिशत), ठकुरी (५ प्रतिशत), सार्की (२ प्रतिशत), दमाई (५ प्रतिशत), कामी (१८ प्रतिशत) तथा सन्यासी (२ प्रतिशत) र अन्य (४ प्रतिशत) समुदायको बसोबास रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.४७६ र गरिबीको दर ३०.४५ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति ९११ अमेरिकी डलर रहेको छ । २०७३ सालमा १.९५ प्रतिशत जनसङ्ख्या वृद्धिदरका हिसाबले प्रक्षेपित जनसङ्ख्या ३,८६,८१५ मध्ये पुरुष १,८४,५२७ र महिला २,०२,२८८ रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लामा साक्षरता दर ७३ प्रतिशत रहेको र यसमा पुरुषतर्फ ८२ प्रतिशत र महिलातर्फ ६५ प्रतिशत रहेको छ । जिल्लामा १२ वटा क्याम्पस, १ विश्वविद्यालय, ४८६ बाल विकास केन्द्र, ५२१ आधारभूत तहका विद्यालय, १२७ माध्यमिक विद्यालय, १ गुम्बा विद्यालय, ३ प्राविधिक धार सञ्चालन गर्ने विद्यालय, २५ सामुदायिक अध्ययन केन्द्र रहेका छन् । जिल्लामा १ क्षेत्रीय अस्पताल, १ अस्पताल, ३ प्राथमिक स्वास्थ्य केन्द्र, ४७ स्वास्थ्य चौकी, ७ सहरी स्वास्थ्य केन्द्र र १० सामुदायिक स्वास्थ्य इकाई तथा ३ आयुर्वेद औषधालय रहेका छन् । जिल्लाको सरदर आयु ६७.२८ वर्ष रहेको छ । यस जिल्लामा खाने खानेपानीको पहुँच ६०.९ प्रतिशत र शौचालयको प्रयोग वि.सं २०७२ सालसम्म आईपुग्दा १०० प्रतिशत भई २०७२ पौष १४ गतेका दिनदेखि खुला दिसामुक्त जिल्ला घोषणा भैसकेको छ ।

भू-उपयोगको अवस्था

सुर्खेतमा कुल २४९०६४ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ६३.३१ प्रतिशत वन क्षेत्र, १३.३६ प्रतिशत बुट्यान, १९.५३ प्रतिशत कृषियोग्य जमिन, ०.७६ जलक्षेत्र र ३.०३ प्रतिशत बाँझो जमिन रहेको छ । (के.त.वि., २०१६) । यस जिल्लामा ५५२०० हेक्टर खेतीयोग्य भूभाग भए तापनि ३७४४४ हेक्टर भूभ(ागमा मात्र खेती गरिएको छ । खेती गरिएको भूभागको २२७२५ हेक्टरमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

सुर्खेत जिल्लामा जिल्ला सडक सञ्जाल (२३०.९ कि.मि.), प्रदेश सडक सञ्जाल (५२.५ कि.मि.), रणनीतिक सडक (२९५.१ कि.मि.) प्रदेश रणनीतिक सडक (५९ कि.मी.) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

काक्रेविहार, बुलबुल ताल, देउतीबज्यै मन्दिर, मदन आश्रित पार्क, मंगलगढी, गोठीकाँडा, घण्टाघर, भेरी नदी, वराह ताल, जाजुरा दह, गिद्धे डाँडा, भदाले गुफा आदि ।

२) दैलेख

भौगोलिक अवस्थिति

दैलेख जिल्ला कर्णाली प्रदेशमा अवस्थित एक पहाडी जिल्ला हो । यो जिल्लाको पूर्वमा जाजरकोट, दक्षिणमा सुर्खेत, पश्चिममा अछाम र उत्तरमा कालिकोट पर्दछन् । दैलेख जिल्ला विश्व मानचित्रमा २८°३५′५९″ उत्तरदेखि २९°०८′००″ उत्तरी अक्षांश र देशान्तर ८१°२५′००″ पूर्वदेखि ८१°५३′००″ पूर्वसम्म फैलिएको छ । यस जिल्लाको जिल्ला सदरमुकाम नारायण नगरपालिकाको दैलेख बजार हो । यस जिल्लाको क्षेत्रफल १,५०२ वर्ग कि.मि रहेको छ र यो समुद्री सतहबाट ५४४ मिटर (तल्लो डुंगेश्वर) देखि ४,१६८ मिटर (महाबु लेक) उचाइसम्म फैलिएको छ । यस जिल्लाको दक्षिण, उत्तर, पूर्व तथा पश्चिम गरी चारैतर्फ महाभारत शृङ्खलाहरू रहेका छन् भने उक्त शृङ्खलाहरू उत्तरमा पूर्व पश्चिम गरी फैलिएका छन् । यस जिल्लाको औसत अधितम तापक्रम ३४° सेन्टीग्रेड र औसत न्युनतम तापक्रम ५° सेल्सियस रहेको छ । औसत रूपमा यस जिल्लामा उपोष्ण, समशीतोष्ण, शीतोष्ण र ठण्डा लेकाली हावापानी पाइन्छ । यस जिल्लामा ४ वटा नगरपालिका (नारायण, दुल्लु, चामुण्डा विन्द्रासैनी, आठबीस) र ७ वटा गाउँपालिका (भगवतीमाई, गुराँस, ढुङ्गेश्वर, नौमुले, महाबु, ठाँटीकाँध, भैरवी रहेका छन् । यस जिल्लामा कुल वडा सङ्ख्या ९० रहेका छन् ।

जनसङ्ख्या

२०६८ सालको राष्ट्रिय जनगणनाअनुसार कुल जनसङ्ख्या २,६१,७७० मध्ये पुरुष १,२६,९९० र महिला १,३४,७८० रहेका छन् । जिल्लाको जनघनत्व १७४ प्रति वर्ग किलोमिटर, जम्मा घरधुरी सङ्ख्या ४८,९१९ र औसत परिवार सदस्य सङ्ख्या ५.३५ रहेको छ । जिल्लाको औसत आयु ६८.०३ वर्ष रहेको छ र । यस जिल्लाको जातजातिको विवरणअनुसार क्षेत्री (३५ प्रतिशत), बाहुन (१२.५), मगर (९.८ प्रतिशत), ठकुरी (१४.५ प्रतिशत), कामी (१५ प्रतिशत), सार्की (२.७ प्रतिशत), सुनार (१.५८ प्रतिशत), दमाई (४.४ प्रतिशत), गुरुङ (१.४३ प्रतिशत) तथा सन्यासी (१.६१ प्रतिशत) रहेका छन् । यस जिल्लामा अन्य लोपोन्मुख जातजाति जस्तै राउटे समुदायको पनि बसोबास रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.४२२ र गरिबीको दर ४१.३५ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति अमेरिकी डलर ६८४ रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

दैलेख जिल्लामा ३६० वटा बालविकास केन्द्रहरू, ४४६ वटा प्राथमिक विद्यालय, ८९ वटा माध्यमिक विद्यालय र ७ वटा क्याम्पस रहेका छन् । यस जिल्लाको साक्षरता प्रतिशत ९५.६६ प्रतिशत रहेको छ जसमा महिला साक्षरता ९५.०२ र पुरुष साक्षरता ९५.६० प्रतिशत रहेको छ । स्वास्थ्य क्षेत्रको हिसाबले दैलेख जिल्लामा १५ शैया भएको जिल्ला अस्पताल र १५ शैया भएको दुल्लु अस्पताल, ५ शैया क्षमता भएका २ वटा प्राथमिक स्वास्थ्य केन्द्र र ५६ वटा स्वास्थ्य चौकी, १ वटा आँखा उपचार केन्द्र ४ वटा आयुर्वेद सेवाकेन्द्र, ५४ वटा प्रसूति सेवागृह सञ्चालनमा रहेका छन् । यस जिल्लामा स्वच्छ खाने पानीको पहुँच ५१.८ प्रतिशत र शौचालयको प्रयोग १०० प्रतिशत भई २०७२ असार ७ गतेका दिन दैलेख जिल्ला दिसामुक्त घोषणा भैसकेको छ ।

भू-उपयोगको अवस्था

दैलेखमा कुल १,५५,०७७ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ५७.२० प्रतिशत वन क्षेत्र, १३.३५ प्रतिशत बुट्यान, २३.४३ प्रतिशत कृषियोग्य जमिन, ०.११ जलक्षेत्र, ५.६८ प्रतिशत बाँझो जमिन र ०.२३ प्रतिशत हिमक्षेत्र रहेको छ। (के.त.वि., २०१६)। यस जिल्लामा ४३१२१ हेक्टर खेतीयोग्य भूभाग भए तापनि ३४४९७ हेक्टर भूभागमा मात्र खेती गरिएको छ। खेती गरिएको भूभागको ९७८५ हेक्टरमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ।

बाटोघाटोको अवस्था

दैलेख जिल्लामा जिल्ला सडक सञ्जाल (४१९.९ कि.मि), प्रदेश सडक सञ्जाल (७६ कि.मि), कच्चि (७१ कि.मि), योजनागत (५ कि.मि), रणनीति सडक (२७५.२ कि.मि), प्रदेश रणनीतिक सडक(५५ कि.मि), प्रदेश कुल सडक सञ्जाल(१३१ कि.मि) रहेको छ।

प्रमुख पर्यटकीय स्थलहरू

यहाँको प्रमुख पर्यटकीय स्थलहरूमा शिस्थान, नाभिस्थान, पादुकास्थान, तल्लो डुङ्गेश्वर, कोटिला, कीर्तिखम्ब, पथ्थरनाउली, पञ्चकोशी, छडदेवी, पञ्चदेवल, महाबु गाथ, मूर्तिका पच्चीस देवल, गढी, दुल्लुको पौवा, घोडाताल, भैरवी, विलासपुर माई, बिन्द्रासैनी, चामुण्डा माई, मदान ताल आदि पर्दछन्।

३) रुकुम पश्चिम

भौगोलिक अवस्थिति

रुकम पश्चिम जिल्ला विश्व मानचित्रमा २८° ३१' १५'' उत्तर देखि २८° ५९' ३१'' उत्तरी अक्षांश र पूर्वमा ८२° ११' ११'' देखि ८२° ४२' ०८'' पूर्वी देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको क्षेत्रफल १,२१३.४९ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको सदरमुकाम मुसिकोट हो। यस जिल्लाको उत्तरमा डोल्पा, पश्चिममा जाजरकोट, पूर्वमा पूर्वी रुकुम र दक्षिणमा सल्यान पर्दछन्। रुकुम पश्चिम जिल्लामा ३ वटा नगरपालिका (मुसिकोट, चौरजहारी, आठबिसकोट) र ३ वटा गाउँपालिका (बाँफिकोट, त्रिवेणी, सानी भेरी) रहेका छन्।

जनसङ्ख्या

२०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या १,५४,२७२ रहेको छ जसमा पुरुष ७४,१७९ र महिला ८१,२०४ रहेका छन्। जिल्लाको मानव विकास सूचकाङ्क र गरिबीको दर प्रतिशत रहेको छ। यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति अमेरिकी डलर ..... रहेको छ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लाको साक्षरता ६२.०९ प्रतिशत रहेको छ। यस जिल्लामा २३१ प्राथमिक विद्यालय, ८१ निम्न माध्यमिक विद्यालय, ५२ माध्यमिक विद्यालय र ४० उच्च माध्यमिक विद्यालय सञ्चालनमा छन्। स्वास्थ्यको हिसाबले १ जिल्ला अस्पताल, ४१ स्वास्थ्य चौकी र २ प्राथमिक स्वास्थ्य उपचार केन्द्र रहेका छन्। यस जिल्लामा खाने धारापानीको पहुँच प्रतिशत र शौचालयको प्रयोग प्रतिशत रहेको छ।

भू-उपयोगको अवस्था

रुकुम पश्चिमको कुला भूभाग १,२१३.४९ हेक्टर रहेको छ । जिल्ला विभाजनका कारणले रुकुम पश्चिमको भूउपयोगको तथ्याङ्क अझैं उपलब्ध हुन सकेको छैन । तत्कालिन रुकुमको अवस्थालाई हेर्दा भने ६०.१८ प्रतिशत वन क्षेत्र, ०.७३ प्रतिशत बुट्यान, ४.४६ प्रतिशत कृषियोग्य जमिन, ०.४ जलक्षेत्र, २६.५७ प्रतिशत बाँझो जमिन र ८.०१ प्रतिशत हिमक्षेत्र रहेको छ । (के.त.वि., २०१६) ।

बाटो घाटोको अवस्था

रुकुम जिल्लामा जिल्ला सडक सञ्जाल (२४१.८ कि.मि), प्रदेश सडक सञ्जाल (५६.४ कि.मि), कच्चि (५०.८ कि.मि), योजनागत (५.६ कि.मि), रणनीति सडक (११३.४ कि.मि) प्रदेश रणनीतिक सडक(२२.७ कि.मि) र प्रदेश कुल सडक सञ्जाल (७९ कि.मि) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

स्यार्पुताल, सिमैछरी झरना, डिग्रिसाई मन्दिर, चित्री तथा बुकी पाटन, आदी ।

४) सल्यान

भौगोलिक अवस्थिति

सल्यान जिल्ला विश्व मानचित्रमा २८°३१′ देखि २८°५३′उत्तरी अक्षांश र ८२°०′देखि ८२°४६′पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल १,९५१वर्ग कि.मि रहेको छ । यस जिल्लाको पूर्वमा रोल्पा, पश्चिममा सुर्खेत र बर्दिया, उत्तरमा रुकुम र जाजरकोट र दक्षिणमा दाङ र बाँके सीमाना रहेको छ । जिल्लाको सदरमुकाम खलङ्गा १५३६ मिटरको उचाइमा अवस्थित छ । जिल्लाको औसत उचाइ १५०० मिटर रहेको छ भने समुद्री सतहको ३२६ मिटर (सल्यानथरी काप्रेचौर) देखि २,८२७ मिटर (खर्सुबास लेक) उचाइसम्म अवस्थित छ । यहाँ समशीतोष्ण एवम् शीतोष्ण हावापानी पाइन्छ । यस जिल्लामा ३ वटा नगरपालिका (शारदा, बागचौर, बनगाड कुपिण्डे)र ७ वटा गाउँपालिका (कालिमाटी, त्रिवेणी, कपुरकोट, छत्रेश्वरी, ढोरचौर, कुमाख मालिका, दार्मा) रहेको छ ।



जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या २,४२,४४४ रहेको छ जसमा पुरुष १,१५,९६९ र महिला १,२६,४७५ रहेका छन् । जिल्लामा घरधुरी सङ्ख्या ४६,४२४ र औसत परिवार सदस्य सङ्ख्या ५.२ रहेको छ । जिल्लाको जनघनत्व १२५ जना प्रति वर्ग किलोमिटर र जनसङ्ख्या वृद्धिदर १.६ प्रतिशत रहेको छ । यस जिल्लामा क्षेत्री (५७ प्रतिशत), बाहुन (३ प्रतिशत), मगर (१५ प्रतिशत), ठकुरी (४ प्रतिशत), कामी (१२ प्रतिशत), सार्की (२ प्रतिशत), दमाई (३ प्रतिशत)तथा सन्यासी (४ प्रतिशत), नेवार (१ प्रतिशत) र अन्य (१ प्रतिशत) समुदायको बसोबास रहेको छ । यहाँ हिँउदमा औसत तापक्रम ३ डिग्रीदेखि २८ डिग्री सेल्सियससम्म पुग्दछ भने गर्मीमा १४ डिग्रीदेखि ३६ डिग्री सेल्सियससम्म रहन्छ । यस जिल्लामा उपोष्ण र समशीतोष्ण दुई प्रकारको जलवायु पाइन्छ । वि.सं २०७५ सालको जनसङ्ख्या प्रक्षेपणअनुसार २,६४,९८४ कुल प्रक्षेपित जनसङ्ख्यामध्ये पुरुष १,२६,७५१ र महिला १,३८,२३४ रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.४४१ र गरिबीको दर ४०.५७ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी ७८६ अमेरिकी डलर प्रतिव्यक्ति रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

सल्यान जिल्लामा जम्मा ४४९ शैक्षिक संस्थाहरू छन् जसमध्ये ३४१ वटा प्राथमिक विद्यालय, ४९ वटा निम्नमाध्यमिक विद्यालय, ५५ वटा माध्यमिक विद्यालय,१८ वटा उच्च माध्यमिक विद्यालय र ७ वटा क्याम्पस रहेका छन् । यस जिल्लाको साक्षारता दर ६४.०४ प्रतिशत रहेको छ जसमा महिला साक्षरता ५५.१७ र पुरुष साक्षरता ७३.८८ प्रतिशत रहेको छ । स्वास्थ्य क्षेत्रको हिसाबले सल्यान जिल्लामा १५ शैया भएको १ जिल्ला अस्पताल र ३ शैया भएको २ प्राथमिक स्वास्थ्य केन्द्र, ४७ उपस्वास्थ्य चौकी, २ वटा निजी अस्पतालहरू र १ आयुर्वेद अस्पताल सञ्चालनमा रहेका छन् । जिल्लाको औसत आयु ६८.८ वर्ष रहेको छ । यस जिल्लामा खाने धारापानीको पहुँच भएको जनसङ्ख्या ५७.७ प्रतिशत रहेको छ । यो जिल्ला खुला दिशामुक्त भैसकेको छ ।

भू-उपयोगको अवस्था

सल्यान जिल्लामा कुल १८६१३३ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ८०.८४ प्रतिशत वन क्षेत्र, ०.२६ प्रतिशत बुट्यान, ८.८४ प्रतिशत कृषियोग्य जमिन, ०.०४ जलक्षेत्र र १०.२२ प्रतिशत बाँझो जमिन रहेको छ । (के.त.वि., २०१६) । सल्यान जिल्लामा कुल खेती गरिएको ४५५४६ हेक्टर जमिन मध्ये ३८९२९ हेक्टर जमिनमा खेती गरिएको छ । यसमा ५०३० हेक्टर भूमि वर्षभरी सिँचित हुन्छ भने २३६५ हेक्टर भूमि आंशिक रुपमा सिँचित हुने गरेको छ । यस जिल्लामा कुल खेती गरिएको जमिनको ७३९५ हेक्टर (१९ प्रतिशत) सिँचित रहेको छ ।

बाटो घाटोको अवस्था

सल्यान जिल्लामा जिल्ला सडक सञ्जाल (४०१.९ कि.मि), प्रदेश सडक सञ्जाल (४५.६ कि.मि), कच्चि (३८.६ कि.मि), योजनागत (७ कि.मि), रणनीति सडक (१७५.७ कि.मि), रणनीतिक सडक(३५.१ कि.मि), प्रदेश कुल सडक सञ्जाल(८०.७ कि.मि) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

कुपिण्डे दह, कछुवा ताल, फलाबाङ्ग दरबार, खैराबाङ्ग मन्दिर, छायाक्षेत्र मन्दिर, खलङ्गा, कपुरकोट आदि ।

५) जाजरकोट

भौगोलिक अवस्थिति

जाजरकोट जिल्लाको अक्षांश २८°३७′२२″ देखि २९°७′२२″ उत्तर र देशान्तर ८१°४९′२२″ देखि ८२°३४′४६″ पूर्वसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल २,२३० वर्ग कि.मि रहेको छ र यो जिल्ला

समुद्र सतहबाट ६१० मिटर उचाइ (छेडा) देखि ५,४३५ मिटरको (रमका हिमाल) उचाइमा अवस्थित छ । यस जिल्लाको सीमाना पूर्वमा रुकुम र डोल्पा, पश्चिममा दैलेख र सुर्खेत, उत्तरमा कालिकोट र जुम्ला तथा दक्षिणमा सल्यान र रुकुम पर्दछन् । यस जिल्लामा अवस्थित विभिन्न भूस्वरूपको कारणले गर्दा हावापानीमा धेरै विविधता भएको पाइन्छ । जिल्लाको तल्लो क्षेत्रमा उपोष्ण तथा अर्धोष्ण प्रकारको हावापानी पाइन्छ भने माथिल्लो भागमा क्रमशः समशीतोष्ण र शीतोष्ण गरी तीन प्रकारको हावापानी पाइन्छ । यस जिल्लामा अधिकतम तापक्रम ३८° सेल्सियससम्म मापन भएको छ भने माथिल्लो भागमा पुष माघ महिनामा हिउँपर्ने भएकाले तापक्रम ०° सेल्सियसभन्दा कम हुन पुग्छ । यस जिल्लामा ३ वटा नगरपालिका (भेरी, छेडागाड, त्रिवेणी नलगाड) र ४ वटा गाउँपालिका (बारेकोट, कुसे, जुनीचाँदे, शिवालय) रहेका छन् ।

जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या १,७१,३०४ र कुल घरधुरी ३०,४७२ रहेको छ । यस जिल्लामा पुरुषको जनसङ्ख्या ८५,५३७ र महिलाको जनसङ्ख्या ८५,७६७ रहेको छ । जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.३९ प्रतिशत रहेको छ र औसत परिवार सङ्ख्या ५.६२ रहेको छ । यस जिल्लामा ब्राम्हण क्षेत्री (४२.६ प्रतिशत), ठकुरी (१६.७ प्रतिशत), जनजाति (९.४ प्रतिशत), दलित (२९.१ प्रतिशत), दशनामी सन्यासी (२ प्रतिशत) र अन्य (०.२ प्रतिशत) रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.३९३ र गरिबीको दर ३७.७३ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति ६११ अमेरिकी डलर रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

जिल्लाको औसत साक्षरता प्रतिशत ९३.३५ रहेको छ जसमा पुरुष साक्षरता प्रतिशत ९६.४९ र महिला साक्षरता ९०.२१ प्रतिशत रहेको छ । यस जिल्लामा निजी स्वामित्वमा सञ्चालन गरिएका विद्यालयको सङ्ख्या ९ वटा रहेको छ । सामुदायिक स्रोतबाट सञ्चालन भएको १४७ विद्यालय, प्राथमिक विद्यालय २७९ वटा, निम्नमाध्यमिक ९० वटा, माध्यमिक ६२ वटा, उच्च माध्यमिक १९ वटा र क्याम्पस ४ वटा रहेका छन् । जिल्लाको औसत आयु ६६.४५ वर्ष रहेको छ । यस जिल्लामा १ वटा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र ३, स्वास्थ्य चौकी १५, उपस्वास्थ्य चौकी १६ ले सेवा प्रदान गर्दै आएका छन् । यस जिल्लामा खाने धारापानीको पहुँच ५६ प्रतिशत र शौचालयको प्रयोग ४३.५ प्रतिशत रहेको छ ।



भू-उपयोगको अवस्था

जाजरकोट जिल्लामा कुल २२४५०५ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ६७.४० प्रतिशत वन क्षेत्र, ०.४८ प्रतिशत बुट्यान, १०.७५ प्रतिशत कृषियोग्य जमिन, ०.२२ जलक्षेत्र, १९.३३ प्रतिशत बाँझो जमिन र १.८२ प्रतिशत हिमक्षेत्र रहेको छ । (के.त.वि., २०१६) । यस जिल्लामा कुल खेती गरिएको जमिन २५३८४ रहेकोमा ७९२९ हेक्टर पूर्ण तथा आंशिक रूपमा सिँचित भएको छ ।

बाटो घाटोको अवस्था

जाजरकोट जिल्लामा जिल्ला सडक सञ्जाल (३२३.५ कि.मि.), प्रदेश सडक सञ्जाल (१२४.५ कि.मि.), ग्राभेल (५ कि.मि.), कच्चि (६५.५ कि.मि), योजनागत (५४ कि.मि.), रणनीतिक सडक (१५८ कि.मि.), रणनीतिक सडक(३१.६ कि.मि), प्रदेश कुल सडक सञ्जाल(१५६.१ कि.मि.) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

जाजरकोट दरबार, शिवालय, वायु घट्ट, नुवागाँउ, नढाइहाव ताल, घनिचुला, चित्री पाटन (जाजरकोट र रुकुमको बीचमा) मालिका लेक, कुशेमुशे, मौरी लेक आदि ।

६) कालिकोट

भौगोलिक अवस्थिति

कालिकोट जिल्ला कर्णाली प्रदेशको उच्च पहाडी भागमा अवस्थित छ । समुद्री सतहबाट ७३० मिटर उचाइ (खुलालुगाड कर्णाली दोभानदेखि) ४७९० मिटर (चुलीमालिका लेक) उचाइ रहेको कालिकोट जिल्ला विश्व मानचित्रमा २९°०५′ देखि २९°२८′ उत्तरी अक्षांश र ८१°०२′देखि ८१°२८′पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १,७४१ वर्ग कि.मि रहेको छ । यस जिल्लाको उत्तरतर्फ मुगु र बाजुरा, पूर्वतर्फ जुम्ला र जाजरकोट, पश्चिमतर्फ बाजुरा र अछाम तथा दक्षिणमा अछाम र दैलेख जिल्ला पर्दछन् । यस जिल्लामा ३ वटा नगरपालिका (खाँडाचक, रास्कोट, तिलागुफा) र ६ वटा गाउँपालिका (पचालझरना, सान्नी त्रिवेणी, नरहरिनाथ, कालिका, महावै, पलाता) रहेको छ ।



जनसङ्ख्या

२०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या १,३६,९४८ रहेको छ । यसमध्ये महिला ६८,११५ र पुरुष ६८,८८३ छन् । कुल घरपरिवार सङ्ख्या २३,०१३ र जनसङ्ख्या वृद्धिदर २.९

प्रतिशत रहेको छ । जिल्लामा कुल जनसङ्ख्याको २८.८३ प्रतिशत जनसङ्ख्यामा क्षेत्री ठकुरी (१५.०८ प्रतिशत), कामी (१७.६६ प्रतिशत), बाहुन (१७.१ प्रतिशत) र १ प्रतिशतभन्दा कम जनसङ्ख्या सन्यासी, कुमाल, मगर, मधेसी, थारु, वादी, नेवार तथा मुस्लिम रहेका छन् । वि.सं २०७५ सालको प्रक्षेपण जनसङ्ख्या १,६४,३०० मध्ये पुरुष ८२,४४८ र महिला ८१,८५३ रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.३७४ र गरिबीको दर ४५.२ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति ५७८ अमेरिकी डलर रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

जिल्लाको औसत साक्षरता ६१ प्रतिशत रहेको छ । जिल्लामा पूर्वप्राथमिक तह (२२०), कुल विद्यालय (२९१), निमावि (११३), क्याम्पस (६) र स्रोतकेन्द्रहरू ६ वटा रहेको छ । जिल्लामा १५ शैयाको १ वटा जिल्ला अस्पताल र सदरमुकाम मान्म बजारमा ८ वटा निजी क्लिनिक, १७ वटा स्वास्थ्य चौकी, ११ वटा उपस्वास्थ्य चौकी, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, २ वटा आयुर्वेद औषधालय, ६७ गाउँघर क्लिनिकहरू सञ्चालनमा छन् । जिल्लाको औसत आयु ६६.६४ वर्ष रहेको छ । यस जिल्लामा स्वच्छ खानेपानीको पहुँच ५८ प्रतिशत र शौचालयको प्रयोग ९८ प्रतिशत रहेको छ । जिल्ला खुला दिसामुक्त घोषणा भैसकेको छ ।

भू-उपयोगको अवस्था

कालिकोट जिल्लामा कुल १६४४२३ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ५३.०१ प्रतिशत वन क्षेत्र, २.३४ प्रतिशत बुट्यान, ९.४६ प्रतिशत कृषियोग्य जमिन, २९.३५ प्रतिशत बाँझो जमिन र ५.८३ प्रतिशत हिमक्षेत्र रहेको छ । यस जिल्लामा कुल खेतीयोग्य जमिन १७९८४ हेक्टर रहेकोमा खेती गरिएको जमिन ८७५० हेक्टर रहेको छ । यसमध्य ५३९४ हेक्टर भूभाग पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

कालिकोट जिल्लामा जिल्ला सडक सञ्जाल (३१९.५ कि.मि.), प्रदेश सडक सञ्जाल (११५.७ कि.मि.), योजनागत (११५.७ कि.मि.), रणनीतिक सडक (१०६ कि.मि.), रणनीतिक सडक(३१.२ कि.मि.), प्रदेश कुल सडक सञ्जाल (१३६.९ कि.मि.) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

पञ्चदेवल, कोटदरबार, पचाल झरना, चुलीमाई मन्दिर, वासुधारा, पुगमाई मन्दिर आदि ।

७) जुम्ला

भौगोलिक अवस्थिति

जुम्ला जिल्ला विश्व मानचित्रमा २८°५८″देखि २९°३०″उत्तरी अक्षांश र ८१°५१″देखि ८२°३५″पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल २,५३१वर्ग कि.मि रहेको छ र समुद्री सतहबाट ७,००० फिटदेखि २१,०७७ फिटसम्मको उचाइमा फैलिएको छ । यो जिल्लाको सदरमुकाम खलङ्गा बजार हो । यस जिल्लाको पूर्वमा डोल्पा, दक्षिणमा जाजरकोट, पश्चिममा कालिकोट र उत्तरमा मुगु जिल्ला रहेका छन् । भौगोलिक विविधताले गर्दा यस जिल्लामा हावापानी विविध प्रकारका छन् । उच्च लेकाली भूभागमा अति जाडो र ठण्डी हुन्छ भने मध्ये पहाडी भागमा गर्मी मौसममा केही न्यानो र हिउँदमा ठण्डी हुने गर्दछ । यहाँ मुख्य तीन किसिमका हावापानी पाइन्छन् : ठण्डा, सुख्खा र शीतोष्ण । जिल्लाको औसत अधिकतम तापक्रम ३०° सेल्सियस र न्यूनतम तापक्रम १२° सेल्सियस छ । यस जिल्लामा १ वटा नगरपालिका (चन्दननाथ) र ७ वटा गाउँपालिका (कनकासुन्दरी, सिंजा, हिमा, तिला, गुठीचौर, तातोपानी, पातारासी) रहेका छन् ।



जनसङ्ख्या

२०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या १०८,९२१ मध्ये महिला ५४,०२३ र पुरुष ५४,८९८ रहेको छ । जिल्लाको औसत परिवार सङ्ख्या ५.५७ जना रहेको छ । जिल्लामा क्षेत्री (६० प्रतिशत), बाहुन (११ प्रतिशत), ठकुरी (७ प्रतिशत), सार्की (७ प्रतिशत), दमाई (३ प्रतिशत), सन्यासी (१ प्रतिशत), लोहार (१ प्रतिशत) र अन्य (१ प्रतिशत) रहेका छन् । जिल्लाको औसत आयु ६३.१४ वर्ष रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.४०९ र गरिबीको दर ४९ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति अमेरिकी डलर १,००७ रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लामा ५ वर्षभन्दा माथिका उमेर समूहका जनसङ्ख्याको साक्षरता दर ५८.१ प्रतिशत रहेको र यसमा पुरुषतर्फ ७१.५ प्रतिशत र महिलातर्फ ४४.५ प्रतिशत रहेको छ । जिल्लामा बाल विकास केन्द्र (१७८), प्राथमिक विद्यालय (१०५), निम्न माध्यमिक विद्यालय (२४), माध्यमिक विद्यालय (३७), उच्च माध्यमिक विद्यालय (१३), टेक्निकल ई. (१), स्नातक तह (२), जुम्ला बहुमुखी क्याम्पस १ र बहुप्रतिष्ठित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेको छ । यस जिल्लामा १ अस्पताल, १ प्राथमिक स्वास्थ्य उपचार केन्द्र, १४ स्वास्थ्य चौकी, १५ उपस्वास्थ्य चौकी, १ आई.एन.एफ क्लिनिक रहेका छन् । यसै गरी ९५ खोपकेन्द्र, १०४ गाउँघर क्लिनिक र १ आयुर्वेदिक सेवा केन्द्र रहेका छन् । यस जिल्लामा खाने स्वच्छ खानेपानीको पहुँच प्राप्त जनसङ्ख्या ८० प्रतिशत र शौचालयको प्रयोग ६८.७ प्रतिशत रहेको छ ।

भू-उपयोगको अवस्था

जुम्ला जिल्लामा कुल ११०५३१ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ४४.४० प्रतिशत वन क्षेत्र, ०.४५ प्रतिशत बुट्यान, ७.९६ प्रतिशत कृषियोग्य जमिन, ०.१४ प्रतिशत जलक्षेत्र, ३९.६० प्रतिशत बाँझो जमिन र ७.४६ प्रतिशत हिमक्षेत्र रहेको छ । यस जिल्लामा कुल खेतीयोग्य जमिन ३९,४८६ हेक्टर रहेकोमा २५,४३५ हेक्टरमा खेती गरिएको छ । यसमध्ये ३३०५ हेक्टर भूभागमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

जुम्ला जिल्लामा जिल्ला सडक सञ्जाल (१८७ कि.मि.), प्रदेश सडक सञ्जाल (२२ कि.मि.), कच्चि (२२.५ कि.मि), रणनीति सडक (१५१ कि.मि.), रणनीतिक सडक(३०.२ कि.मि.) र प्रदेश कुल सडक सञ्जाल(५२.७ कि.मि.) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

श्री चन्दननाथ मन्दिर, भैरवनाथ मन्दिर, कनकासुन्दरी मन्दिर, कार्तिकस्वामी, ठाकुरज्यू, पाण्डव गुफा, दानसाँघु, दोभान मालिकास्थान, चोत्र गुम्बा, डुडुल चैत्य, तातोपानी, शंख दह, गिरी दह आदि ।

८) डोल्पा

भौगोलिक अवस्थिति

डोल्पा जिल्ला विश्व मानचित्रमा २८°४३′ देखि २९°४३′ उत्तरी अक्षांश र ८२°२३′ देखि ८३°४१′ पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल७,८८९ वर्ग कि.मि. रहेको छ । यो जिल्ला नेपालकै ठुलो क्षेत्रफल भएको जिल्ला हो । यस जिल्लाको पूर्वमा मुस्ताङ्ग, पश्चिममा जुम्ला र मुगु, दक्षिणमा जाजरकोट र रुकुम र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ । डोल्पा जिल्ला समुद्र सतहबाट १,५२५ मिटरदेखि ७,६२५ मिटरसम्मको उचाइमा फैलिएको छ । यस जिल्लाको सदरमुकाम दुनई समुद्र सतहदेखि २००० मिटर उचाइमा अवस्थित छ । शीतोष्ण तथा अल्पाइन हावापानी भएको यस जिल्लामा गर्मी याममा २२° सेल्सियस र जाडोमा न्यूनतम -१०° सेल्सियससम्म तापक्रम झर्दछ । यस जिल्लाको हावापानीलाई हिमाली जलवायु, अल्पाइन जलवायु, ठण्डा शीतोष्ण जलवायु र शीतोष्ण जलवायुमा विभाजन गरिन्छ । यस जिल्लामा २ वटा नगरपालिका (ठुलीभेरी र त्रिपुरासुन्दरी) र ६ वटा गाउँपालिका (डोल्पो बुद्ध, शे फोक्सुन्डो, जगदुल्ला, मुड्केचुला, काईके र छार्का ताङसोङ) रहेका छन् ।

जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या ३६,७०० रहेको छ जसमा महिला १८,४६२ र पुरुष १८,२३८ रहेको छन् । जिल्लाको घरपरिवार सङ्ख्या ७,४८८ र जनघनत्व ४.६५ प्रति वर्ग कि.मि र औसत परिवार सङ्ख्या ४.९० जना रहेको छ । जिल्लामा क्षेत्री (४४ प्रतिशत), मगर (१२.५ प्रतिशत), डोल्पो (११.१ प्रतिशत), कामी (९.१ प्रतिशत), गुरुङ (७.१ प्रतिशत), बाहुन (१.७ प्रतिशत), ठकुरी (६.४ प्रतिशत), सार्की (२.८ प्रतिशत), दमाई (१.६ प्रतिशत) र अन्य (२.९ प्रतिशत) रहेका छन् । जिल्लाको औसत आयु ६१.२ वर्ष रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.४०१ र गरिबीको दर ४२.८ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति १०४० अमेरिकी डलर रहेको छ ।



शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लाको साक्षरता दर ५४.७ प्रतिशत रहेको र यसमा पुरुषतर्फ ६८ प्रतिशत र महिलातर्फ ४१ प्रतिशत रहेको छ । यस जिल्लामा ५ सामुदायिक उच्च माध्यमिक विद्यालय, १० सामुदायिक माध्यमिक विद्यालय, १४ सामुदायिक र १ निजी निम्न माध्यमिक विद्यालय, ८५ सामुदायिक र ४ निजी प्राथमिक विद्यालय र २ क्याम्पस रहेका छन् । स्वास्थ्य सेवाको हकमा १५ शैया भएको १ अस्पताल, २३ स्वास्थ्य चौकी, ६९ गाउँघर क्लिनिक, ९ खोप क्लिनिक, ९ बर्थिङ सेन्टर र १ आयुर्वेदिक सेवा केन्द्र रहेका छन् । यस जिल्लामा खाने धारापानीको पहुँच ६४.८ प्रतिशत र शौचालयको प्रयोग ५०.५ प्रतिशत रहेको छ ।

भू-उपयोगको अवस्था

डोल्पा जिल्लामा कुल ७९००५२ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ७.६७ प्रतिशत वन क्षेत्र, ०.४९ प्रतिशत बुट्यान, ०.०१ प्रतिशत कृषियोग्य जमिन, ०.१० प्रतिशत जलक्षेत्र, ६०.११ प्रतिशत बाँझो जमिन र ३१.६२ प्रतिशत हिमक्षेत्र रहेको छ । यस जिल्लामा कुल खेतीयोग्य जमिन ९३०० हेक्टर रहेकोमा ६५६० हेक्टरमा खेती गरिएको छ । यसमध्ये १८३५ हेक्टर भूभागमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

डोल्पा जिल्लामा जिल्ला सडक सञ्जाल (३९७.५ कि.मि.), प्रदेश सडक सञ्जाल (२१०.७ कि.मि), कच्चि (१५ कि.मि), योजनागत (१९५.७ कि.मि.), रणनीति सडक (९० कि.मि), प्रदेश रणनीतिक सडक(१८ कि.मि), प्रदेश कुल सडक सञ्जाल(२२८.७ कि.मि) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

शे-फोक्सुन्डो ताल, शे-फोक्सुन्डो लेक राष्ट्रिय निकुञ्ज, सुलिगाड झरना, शे गुम्बा, वाला त्रिपुरासुन्दरीको मन्दिर, चुरेनलगायत अन्य हिमालहरू आदि ।

५) मुगु

भौगोलिक अवस्थिति

मुगु जिल्ला विश्व मानचित्रमा २९°२३′ देखि २९°५६′उत्तरी अक्षांश र ८१°४६′देखि ८२°४९′पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल ३,५३५ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको पूर्वमा डोल्पा, पश्चिममा बाजुरा, दक्षिणमा जुम्ला र कालिकोट र उत्तरमा चीनको स्वाशासित क्षेत्र तिब्बत रहेको छ । मुगु जिल्ला समुद्र सतहबाट १,२०१ मिटरदेखि ६,६१६ मिटरसम्मको उचाइमा फैलिएको छ । यस जिल्लामा १ वटा नगरपालिका (छायाँनाथ रारा) र ३ वटा गाउँपालिका (मुगु कार्मारोंग, सोरु र खत्याड) रहेका छन् ।



जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या ५५,२८६ रहेको छन् । जिल्लाको जनघनत्व १६ प्रति वर्ग कि.मि, जनसङ्ख्याको वृद्धिदर २.३ प्रतिशत र औसत परिवार सङ्ख्या ५.७५ जना रहेको छ । जिल्लामा क्षेत्री (५० प्रतिशत), बाहुन (५.२ प्रतिशत), ठकुरी (१५.४ प्रतिशत), कामी (९.५ प्रतिशत), सार्की (०.९ प्रतिशत), दमाई (३.२ प्रतिशत), सन्यासी (१.३ प्रतिशत), भोटे लामा (७.९ प्रतिशत), अन्य दलित (५.८ प्रतिशत) र अन्य (२.१ प्रतिशत) रहेका छन् । जिल्लाको औसत आयु ६६ वर्ष रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.३९७ र गरिबीको दर ४७.१ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति ८६६ अमेरिकी डलर रहेको छ ।

शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लाको साक्षरता दर ५५.५२ प्रतिशत रहेको र यसमा पुरुषतर्फ ६९.८ प्रतिशत र महिलातर्फ ४१.२४ प्रतिशत रहेको छ । जिल्लामा बाल विकास केन्द्र (१३२), प्राथमिक विद्यालय (१००), निम्न माध्यमिक विद्यालय (२५), माध्यमिक विद्यालय (१३), उच्च माध्यमिक विद्यालय (१०), स्रोत केन्द्र सङ्ख्या (८), क्याम्पस (२), गुम्बा विद्यालय (१) र प्राविधिक शिक्षालय सङ्ख्या (१) रहेका छन् । यस जिल्लामा १ अस्पताल, १ प्राथमिक स्वास्थ्य उपचार केन्द्र, २४ स्वास्थ्य चौकी र २ आयुर्वेद स्वास्थ्य केन्द्र रहेका छन् । यस जिल्लाको औसत आयु ५९.५ रहेको छ । यस जिल्लामा खाने धारापानीको पहुँच ७५.३ प्रतिशत र शौचालयको प्रयोग ४७.३ प्रतिशत रहेको छ ।

भू-उपयोगको अवस्था

यस जिल्लामा वनजङ्गल क्षेत्र ३२३४५० हेक्टर. क्षेत्रफल रहेकोमा २६.६४ प्रतिशत वनक्षेत्र, २.८ बुट्यान क्षेत्र, कृषियोग्य भूमि ६.३३ प्रतिशत, जलक्षेत्र ०.४३ प्रतिशत, बाँझो क्षेत्र ४२.५३ प्रतिशत, हिम क्षेत्र २१.२३ प्रतिशत रहेको छ । यस जिल्लामा कुल खेतीयोग्य जमिन १९३४० हेक्टर रहेकोमा १८४२१ हेक्टरमा खेती गरिएको छ । खेती गरिएको भूभागको १९२९ हेक्टर भूभागमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

मुगु जिल्लामा जिल्ला सडक सञ्जाल (२३७.७ कि.मि), प्रदेश सडक सञ्जाल (४४.५ कि.मि.), कच्चि (१.५ कि.मि.), योजनागत (४३ कि.मि.), रणनीतिक सडक (११३ कि.मि.), प्रदेश रणनीतिक सडक(२२.६ कि.मि.) र प्रदेश कुल सडक सञ्जाल (६७.१ कि.मि) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

रारा ताल, रारा राष्ट्रिय निकुञ्ज, छायाँनाथ क्षेत्र तथा रिनमोक्ष ताल, मुर्मा टप, चंखेली हिमाल आदि ।

१०) हुम्ला

भौगोलिक अवस्थिति

हुम्ला जिल्ला विश्व मानचित्रमा २९°३५′देखि ३०°५७′ उत्तरी अक्षांश र ८१°१८′ देखि ८२°१०′ पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल ५,६५५ वर्ग कि.मि. छ । हुम्ला नेपालमा डोल्पा पछिको दोस्रो ठुलो क्षेत्रफल भएको जिल्ला हो । हुम्ला समुद्र सतहबाट १,५२४ मिटर देखि ७,३३७ मिटरको उचाइमा अवस्थित छ । यस जिल्लाको पूर्वमा मुगु, दक्षिणमा बाजुरा र मुगु, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिममा बझाङ र चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछन् । यस जिल्लाको सदरमुकाम सिमकोट समुद्र सतहदेखि २,९४५ मिटर उचाइमा अवस्थित छ । भौगोलिक क्षेत्र र बनौटको हिसाबले यस जिल्लालाई उच्च हिमाली क्षेत्र, उच्च पहाडी क्षेत्र र पहाडी तथा नदीको बँसी क्षेत्र गरी ३ भागमा बाँडिएको छ । यस जिल्लामा शीतोष्ण, समशीतोष्ण र उतोष्ण तीन किसिमको हावापानी पाइन्छ । यस जिल्लाको अधिकतम तापक्रम १०° देखि २५° सेल्सियस र न्यूनतम तापक्रम -१०° देखि -२८°सम्म झर्ने गर्दछ । यो जिल्ला नेपालको सुदूर उत्तर पश्चिम भेगको हिमाली भागमा अवस्थित रहेको हुँदा तुलनात्मक रूपमा यहाँ वर्षा कम हुन्छ । यहाँको वार्षिक औसत वर्षा २५.४ देखि १४६.९ मि.मि. सम्म भएको पाइन्छ । यस जिल्लामा ७ वटा गाउँपालिकाहरू सिमकोट, नाम्खा, खार्पुनाथ, सर्केगाड, चंखेली, अदानचुली र ताँजाकोट रहेका छन् ।

जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या ५०,८५८ रहेको छ जसमा महिला २५,८३३ र पुरुष २५,०२५ रहेको छ । जिल्लाको कुल घरपरिवार सङ्ख्या ९,४७९ र औसत परिवार सङ्ख्या ५.३७ जना रहेको छ । जिल्लामा क्षेत्री (३८.७ प्रतिशत), बाहुन (६.४ प्रतिशत), ठकुरी (१९.६ प्रतिशत), सार्की (२.२ प्रतिशत), दमाई (३.५ प्रतिशत), तामाङ्ग (१३.५ प्रतिशत), कामी (९.७ प्रतिशत),मगर (०.४ प्रतिशत), ब्यासी (४.९ प्रतिशत) र अन्य (१ प्रतिशत) रहेका छन् । जिल्लाको औसत आयु ६४.१५ वर्ष रहेको छ । वि.सं २०७८ सालको प्रक्षेपण गरिएको कुल जनसङ्ख्या ५९,८०० मध्ये पुरुष ३०,८१० र महिला २८,९९० रहेको छ । जिल्लाको मानव विकास सूचकाङ्क ०.३७६ र गरिबीको दर ४.२६९ प्रतिशत रहेको छ । यस जिल्लाको कुल औसत वार्षिक आम्दानी प्रतिव्यक्ति ७९४ अमेरिकी डलर रहेको छ ।



शैक्षिक तथा स्वास्थ्यको अवस्था

यस जिल्लामा ५ वर्षभन्दा माथिका उमेर समूहका जनसङ्ख्याको साक्षरता दर ४७ प्रतिशत रहेको र यसमा पुरुषतर्फ ६२ प्रतिशत र महिलातर्फ ३३ प्रतिशत रहेको छ । जिल्लामा प्राथमिक विद्यालय (९०), निम्न माध्यमिक विद्यालय (२९), माध्यमिक विद्यालय (१६), उच्च माध्यमिक विद्यालय (५), बालविकास केन्द्र (१३१), क्याम्पस (१) र स्रोत केन्द्र (७) रहेका छन् । यस जिल्लामा १ जिल्ला अस्पताल, १ जिल्ला जनस्वास्थ्य कार्यालय, १४ स्वास्थ्य चौकी र १२ उपस्वास्थ्य चौकी रहेका छन् । यसै गरी ७९ खोपकेन्द्र, ७८ गाउँघर क्लिनिक, १ आर्युवेदिक औषधालय, १ जिल्ला आर्युर्वेद कार्यालय, १६ प्रसूति केन्द्र र १ निजी अस्पताल रहेका छन् । यस जिल्लामा स्वच्छ खानेपानीको पहुँच ७० प्रतिशत र शौचालयको प्रयोग ५०.१ प्रतिशत रहेको छ ।

भू-उपयोगको अवस्था

हुम्ला जिल्लामा कुल ६१०१९९ हेक्टर क्षेत्रफल भूभाग रहेकोमा ६.६३ प्रतिशत वन क्षेत्र, ३.६० प्रतिशत बुट्यान, २.०६ प्रतिशत कृषियोग्य जमिन, ०.११ प्रतिशत जलक्षेत्र, १८.३८ प्रतिशत बाँझो जमिन र ६९.१२ प्रतिशत हिमक्षेत्र रहेको छ । यस जिल्लामा कुल खेतीयोग्य जमिन ८६१८ हेक्टर

रहेकोमा ५०२० हेक्टरमा खेती गरिएको छ । खेती गरिएको भूभागको ११०४ हेक्टर भूभागमा पूर्ण र आंशिक गरी सिँचाइ सुविधा पुगेको छ ।

बाटो घाटोको अवस्था

हुम्ला जिल्लामा जिल्ला सडक सञ्जाल (१७२.८ कि.मि.), प्रदेश सडक सञ्जाल (२१ कि.मि.), योजनागत सडक (२१ कि.मि.), रणनीति सडक (१८० कि.मि.), प्रदेश रणनीतिक सडक(३६ कि.मि.), प्रदेश कुल सडक सञ्जाल(५७ कि.मि.) रहेको छ ।

प्रमुख पर्यटकीय स्थलहरू

रलिङ गुम्बा, याल्वाङ गुम्बा, खार्पुनाथ मन्दिर, बाह्देउ, कैलाश दर्शनद्वार लिमी भ्याली, सुन दह, दुदे दहहरू, लाप्चा हिमाल, पञ्चमुखी हिमाल आदि ।

१८. स्थानीय तहको जनसाङ्ख्यिक अवस्था

नयाँ जनगणना नभैसकेको र अधिकांश स्थानीय तहहरूले पनि घरधुरी सर्वेक्षण नगरिसकेको सन्दर्भमा २०६८ को जनगणनामा आधारित वार्ड तहको घरधुरी सङ्ख्या, लैङ्गिक अवस्थासहितको जनसाङ्ख्यिक तथ्याङ्कले स्थानीय अवस्था जानकारी हुने भएकाले वार्ड स्तरीय तथ्याङ्कलाई यस परिच्छेदमा समावेश गरिएको छ। घरधुरी र लैङ्गिक प्रक्षेपण वैज्ञानिक नहुने भएकाले वि.सं. २०६८को जनगणनामा आधारित तथ्याङ्क योजना तर्जुमा, अध्ययन र अनुसन्धानका लागि उपयोगीसिद्ध हुन सक्ने भएकाले यसमा समावेश गरिएको छ।

कर्णाली प्रदेश स्थानीय वडा तहको घरधुरी र जनसाङ्ख्यिक स्थिति

जिल्ला रुकुम				आठविसकोट नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	१८९	१,०८०	५२५	५५५
२	२८०	१,५४७	७४७	८००
३	३८३	२,०६८	१,०१२	१,०५६
४	४३२	२,२०८	१,११३	१,०९५
५	५४६	२,८८१	१,४५९	१,४२२
६	३८३	१,९५१	१,००९	९४२
७	३०७	१,५७७	७८२	७९५
८	३६७	१,८७२	९५३	९१९
९	६६१	३,३३८	१,६४२	१,६९६
१०	५७१	२,८५१	१,४०१	१,४५०
११	८६४	४,३४३	२,१३३	२,२१०
१२	५७६	३,०९६	१,४९९	१,५९७
१३	३२५	१,८४५	९२३	९२२
१४	५३७	२,९४४	१,४२५	१,५१९
जम्मा	६,४२१	३३,६०१	१६,६२३	१६,९७८
जिल्ला रुकुम				पालिका: वाफिकोट गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	२५२	१,२४२	५४६	६९६

२	५९४	२,८६९	१,३१०	१,५५९
३	३९५	१,८८६	९२६	९६०
४	३६३	१,८०७	८०६	१,००१
५	३१७	१,४७१	६९२	७७९
६	४४७	२,१६५	९७६	१,१८९
७	४४०	२,४८०	१,२०४	१,२७६
८	२५३	१,४४२	६६१	७८१
९	३७२	१,८४७	८९४	९५३
१०	३१४	१,४८७	६९८	७८९
जम्मा	३,७४७	१८,६९६	८,७१३	९,९८३
जिल्ला रुकुम				पालिका: चौरजहारी नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	६०६	२,६८९	१,२८२	१,४०७
२	२६८	१,४२१	६९३	७२८
३	३६८	१,७१५	७८६	९२९
४	३५९	१,८८२	९२९	९५३
५	३२१	१,६५७	७६६	८९१
६	३६९	२,०१०	९१८	१,०९२
७	३०१	१,४९९	६९८	८०१
८	४०१	१,९३७	९२०	१,०१७
९	२६८	१,२६२	५७४	६८८
१०	३७६	१,९९१	९३५	१,०५६
११	४०९	२,०१०	९८९	१,०२१
१२	४०१	२,११५	१,०४६	१,०६९
१३	४४३	२,४३९	१,१५३	१,२८६
१४	५३२	२,८११	१,३०६	१,५०५
जम्मा	५,४२२	२७,४३८	१२,९९५	१४,४४३

जिल्ला: रुकुम				पालिका: मुसिकोट नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	१,७४६	६,८०८	३,२६२	३,५४६
२	४४१	२,०११	९३०	१,०८१
३	२६५	१,२०३	५५५	६४८
४	५००	२,२५५	१,०२६	१,२२९
५	७४४	२,७६१	१,४०४	१,३५७
६	२९९	१,४२९	६७६	७५३
७	५२६	२,४९३	१,०८४	१,४०९
८	२८४	१,४०३	६४५	७५८
९	३३२	१,६४१	७५९	८८२
१०	२८४	१,४९७	६८९	८०८
११	५६७	२,८१८	१,२७१	१,५४७
१२	३३७	१,६४३	७५३	८९०
१३	५०४	२,५५०	१,२०८	१,३४२
१४	४७८	२,४२७	१,१५४	१,२७३
जम्मा	७,३०७	३२,९३९	१५,४१६	१७,५२३
जिल्ला: रुकुम				पालिका: सानीभेरी गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	३४५	१,८४४	८७१	९७३
२	३०६	१,७००	७४३	९५७
३	६३१	३,३३३	१,६२३	१,७१०
४	४८५	२,५८४	१,२१३	१,३७१
५	३८२	२,१७८	१,०६२	१,११६
६	२१६	१,२१७	५८७	६३०
७	३३३	१,६६८	७११	९५७
८	२८०	१,४८१	७०४	७७७
९	४३१	२,१६७	१,०४२	१,१२५

१०	२८५	१,५८४	७७६	८०८
११	४३५	२,४३८	१,२०१	१,२३७
जम्मा	४,१२९	२२,१९४	१०,५३३	११,६६१
जिल्ला: रुकुम				पालिका: त्रिवेणी गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	४३२	२,२६७	१,०४०	१,२२७
२	३७३	१,९६६	८८४	१,०८२
३	३८६	२,१७९	९८६	१,१९३
४	३२३	१,७४१	७४६	९९५
५	४०४	२,२६६	१,०३१	१,२३५
६	३६८	१,७५२	८२२	९३०
७	४२०	२,१७९	९८३	१,१९६
८	२७१	१,४७६	६६४	८१२
९	३२९	१,८६७	८४८	१,०१९
१०	३०३	१,७११	८३५	८७६
जम्मा	३,६०९	१९,४०४	८,८३९	१०,५६५
जिल्ला: सल्यान				पालिका: वागचौर नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५३५	२,८२५	१,३८६	१,४३९
२	७१८	३,६९४	१,७९२	१,९०२
३	४०७	२,५७१	१,२६२	१,३०९
४	५३०	३,२१०	१,५४१	१,६६९
५	६०७	३,५५३	१,७२०	१,८३३
६	४२५	२,७२८	१,३७४	१,३५४
७	६५१	४,१९९	२,०७५	२,१२४
८	४१८	२,१५५	१,०४१	१,११४
९	५४९	२,८७५	१,३५६	१,५१९
१०	४२७	२,२२९	१,०५३	१,१७६

११	२९७	१,८५७	९११	९४६
१२	३४२	२,२२२	१,०१५	१,२०७
जम्मा	५,९०६	३४,११८	१६,५२६	१७,५९२
जिल्ला: सल्यान				पालिका: वनगाड कुपिण्डे नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	१,००२	४,७८५	२,२३५	२,५५०
२	४२५	२,२०९	१,०१६	१,१९३
३	५३४	२,९६४	१,४३८	१,५२६
४	४४६	२,३२२	१,१०७	१,२१५
५	६३०	३,२७१	१,६०८	१,६६३
६	५५४	३,१२६	१,५१८	१,६०८
७	५६३	२,७८८	१,३६०	१,४२८
८	६६७	३,८१६	१,८६५	१,९५१
९	५६९	३,१९१	१,५०१	१,६९०
१०	४४२	२,४१५	१,२११	१,२०४
११	५५०	३,१८२	१,५५३	१,६२९
१२	३८१	१,९८३	९७०	१,०१३
जम्मा	६,७६३	३६,०५२	१७,३८२	१८,६७०
जिल्ला: सल्यान				पालिका: छत्रेश्वरी गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५४९	२,८१६	१,३३३	१,४८३
२	६२३	३,२२०	१,५६१	१,६५९
३	६०७	२,९२७	१,२७४	१,६५३
४	६२०	३,२५६	१,४४५	१,८११
५	७०७	३,५३६	१,६३८	१,८९८
६	६३९	२,७११	१,२०५	१,५०६
७	६६३	२,९८६	१,३०६	१,६८०
जम्मा	४,४०८	२१,४५२	९,७६२	११,६९०

जिल्ला: सल्यान				पालिका: दार्मा गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	४५८	२,५०४	१,१९५	१,३०९
२	५३१	२,९२६	१,४२४	१,५०२
३	५५८	२,९३३	१,४६०	१,४७३
४	७२७	४,१४३	२,०४६	२,०९७
५	६४२	४,११४	२,०२५	२,०८९
६	५४४	३,३४६	१,५९६	१,७५०
जम्मा	३,४६०	१९,९६६	९,७४६	१०,२२०
जिल्ला: सल्यान				पालिका: ढोरचौर गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५८५	३,१७४	१,५०४	१,६७०
२	४४२	२,४८४	१,२२१	१,२६३
३	५०१	२,६९९	१,३०३	१,३९६
४	४६४	२,८०६	१,३३१	१,४७५
५	४१२	२,४३०	१,१४५	१,२८५
जम्मा	२,४०४	१३,५९३	६,५०४	७,०८९
जिल्ला: सल्यान				पालिका: कालिमाटी गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	७९१	४,२४५	२,०५७	२,१८८
२	६१९	३,३१०	१,६०५	१,७०५
३	७०५	३,४६७	१,६४७	१,८२०
४	६२५	३,३६०	१,६६४	१,६९६
५	५६३	३,१५६	१,५४९	१,६०७
६	४६९	२,४५९	१,२२६	१,२३३
७	५७१	३,००८	१,५५२	१,४५६
जम्मा	४,३४३	२३,००५	११,३००	११,७०५

जिल्ला: सल्यान				पालिका: कपुरकोट गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	४२७	२,४२६	१,१५८	१,२६८
२	४६१	२,३९१	१,१५४	१,२३७
३	६५३	२,८५८	१,४२०	१,४३८
४	५६२	२,७२९	१,२६९	१,४६०
५	८३५	४,२६२	२,०२७	२,२३५
६	७१९	३,५३८	१,६९०	१,८४८
जम्मा	३,६५७	१८,२०४	८,७१८	९,४८६
जिल्ला: सल्यान				पालिका: कुमाख मालिका गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५७०	२,६८८	१,२३६	१,४५२
२	५९३	३,०३७	१,४२५	१,६१२
३	८६५	४,६६१	२,२१८	२,४४३
४	७२४	३,५१७	१,६०६	१,९११
५	६५४	३,४१३	१,६५३	१,७६०
६	७२८	३,९१३	१,९०१	२,०१२
७	६११	३,७४३	१,८८९	१,८५४
जम्मा	४,७४५	२४,९७२	११,९२८	१३,०४४
जिल्ला: सल्यान				पालिका: सारदा गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	९२०	३,७७६	१,८२५	१,९५१
२	६६७	२,४२०	१,२००	१,२२०
३	३५६	१,४७२	६८३	७८९
४	३३४	१,४७५	६५७	८१८
५	४४२	१,९४१	८७२	१,०६९
६	५९५	२,८७०	१,३३४	१,५३६

७	४७०	२,४४४	१,१२९	१,३१५
८	३९८	१,८४४	८७२	९७२
९	४३४	२,३३०	१,१२१	१,२०९
१०	४१६	१,९४१	८८६	१,०५५
११	४७६	२,००१	९१०	१,०९१
१२	४३४	२,०३०	८७६	१,१५४
१३	४६४	२,५१५	१,१८६	१,३२९
१४	४५३	२,१७६	९९८	१,१७८
१५	५३२	२,४९५	१,११२	१,३८३
जम्मा	७,३९१	३३,७३०	१५,६६१	१८,०६९
जिल्ला: सल्यान				पालिका: त्रिवेणी गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	७३३	३,५२५	१,६५४	१,८७१
२	५४२	२,८५०	१,३०१	१,५४९
३	६८१	३,३२२	१,५४८	१,७७४
४	४४७	२,१२८	१,००३	१,१२५
५	४८१	२,३५८	१,०८५	१,२७३
६	५६३	२,४४१	१,१३५	१,३०६
जम्मा	३,४४७	१६,६२४	७,७२६	८,८९८
जिल्ला: सुर्खेत				पालिका: वराहताल गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	३७२	१,९१५	९३४	९८१
२	५८२	२,६६६	१,२४७	१,४१९
३	३५४	१,९९०	१,०१०	९८०
४	६५१	३,२३२	१,५७५	१,६५७
५	९७८	४,४५६	२,०७०	२,३८६
६	४१०	२,२३२	१,११६	१,११६
७	४५०	२,५०९	१,२५१	१,२५८

८	६६२	३,०८३	१,५२०	१,५६३
९	३९७	१,९६०	९१२	१,०४८
१०	५९२	२,७५९	१,३५१	१,४०८
जम्मा	५,४४८	२६,८०२	१२,९८६	१३,८१६
जिल्ला: सुर्खेत				पालिका: भेरीगंगा नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५५९	३,०२०	१,४८४	१,५३६
२	६५३	३,५१९	१,७७३	१,७४६
३	४३७	२,३५७	१,१८०	१,१७७
४	७३५	३,५७५	१,६८४	१,८९१
५	६७५	३,३७८	१,६०८	१,७७०
६	६८३	३,०३५	१,३२८	१,७०७
७	४२०	१,७१३	७११	१,००२
८	७६०	३,२४८	१,४४६	१,८०२
९	७५९	३,१९१	१,३७९	१,८१२
१०	७९८	३,६६०	१,७०७	१,९५३
११	८६४	३,७९६	१,६८५	२,१११
१२	७४८	३,४२३	१,६१०	१,८१३
१३	७३४	३,४९२	१,५५०	१,९४२
जम्मा	८,८२५	४१,४०७	१९,१४५	२२,२६२
जिल्ला: सुर्खेत				पालिका: वीरेन्द्रनगर नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	१,५१९	६,५५४	३,०४४	३,५१०
२	१,८४३	८,०५७	३,७६४	४,२९३
३	२,२३८	९,२०४	४,५७०	४,६३४
४	१,७३६	७,४२१	३,६१३	३,८०८
५	१,२२३	४,९९२	२,३६८	२,६२४
६	१,७६७	७,५९८	३,९११	३,६८७
७	१,९७७	६,८४८	३,३०८	३,५४०

८	१,८८३	६,३५८	३,३५२	३,००६
९	१,५७५	७,२२७	३,४७९	३,७४८
१०	१,९९८	८,८८३	४,२५४	४,६२९
११	१,४८७	७,०८५	३,४४६	३,६३९
१२	१,९२४	८,१४३	३,८००	४,३४३
१३	१,१०७	५,३४८	२,६०४	२,७४४
१४	६८५	३,०५०	१,४७५	१,५७५
१५	३३३	१,६७९	८४०	८३९
१६	४१५	२,०११	९४३	१,०६८
जम्मा	२३,७१०	१००,४५८	४८,७७१	५१,६८७
जिल्ला: सुर्खेत				पालिका: चौकुने गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	३८५	२,४०३	१,१९७	१,२०६
२	३००	१,६६८	८३७	८३१
३	५१३	३,०८७	१,५४१	१,५४६
४	५६८	२,९४९	१,४५१	१,४९८
५	४६८	२,४८९	१,१९३	१,२९६
६	४१४	२,२५८	१,०८५	१,१७३
७	५५७	३,१३६	१,४९९	१,६३७
८	४५१	२,२४६	१,१०८	१,१३८
९	४३६	२,३१२	१,०६०	१,२५२
१०	५१६	२,६९२	१,२४३	१,४४९
जम्मा	४,६०८	२५,२४०	१२,२१४	१३,०२६
जिल्ला: सुर्खेत				पालिका: चीनगाड गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५५६	३,०६२	१,५२४	१,५३८
२	५७१	३,६४३	१,६८८	१,९५५
३	५४१	३,१४६	१,५१४	१,६३२
४	४८०	२,९१६	१,३९०	१,५२६

५	३८६	२,३३८	१,१११	१,२२७
६	३८९	२,१७०	१,०६०	१,११०
जम्मा	२,९२३	१७,२७५	८,२८७	८,९८८
जिल्ला: सुर्खेत				पालिका: गुर्वाकोट नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	४०१	१,९९२	९६९	१,०२३
२	६९१	३,२८५	१,५५०	१,७३५
३	५५२	३,०७३	१,४५६	१,६१७
४	९०२	४,१२६	१,९३१	२,१९५
५	६१९	२,९९०	१,३९२	१,५९८
६	९१८	४,१२३	१,८२६	२,२९७
७	५९८	२,४७८	१,०७६	१,४०२
८	७९२	३,२१४	१,३७८	१,८३६
९	८२२	३,९६०	१,८५९	२,१०१
१०	४४६	१,८९२	८१४	१,०७८
११	५६४	२,६२१	१,१५६	१,४६५
१२	६८२	२,९७६	१,३२७	१,६४९
१३	८१२	३,५८६	१,५७९	२,००७
१४	७७३	३,४४९	१,५६९	१,८८०
जम्मा	९,५७२	४३,७६५	१९,८८२	२३,८८३
जिल्ला: सुर्खेत				पालिका: लेकबेँसी नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	८८०	३,८८९	१,७६५	२,१२४
२	४२१	१,९३४	९०८	१,०२६
३	५१३	२,२८३	१,००६	१,२७७
४	७०८	३,०६४	१,४१६	१,६४८
५	६४७	३,५६७	१,७८०	१,७८७
६	७२६	३,४५९	१,५७५	१,८८४
७	५४५	२,८४८	१,३१७	१,५३१
८	४४७	२,३१३	१,१०१	१,२१२

९	७५६	३,६२८	१,७१६	१,९१२
१०	७०३	३,३१०	१,५३८	१,७७२
जम्मा	६,३४६	३०,२९५	१४,१२२	१६,१७३
जिल्ला: सुर्खेत				पालिका: पञ्चपुरी नगरपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	४२६	२,४०६	१,२०४	१,२०२
२	५५०	२,७७५	१,३१७	१,४५८
३	६६०	३,३२९	१,५७०	१,७५९
४	४८२	२,४०७	१,१४५	१,२६२
५	५५९	२,७७५	१,३१५	१,४६०
६	५९१	३,०३२	१,४३७	१,५९५
७	६१७	३,५०६	१,७४७	१,७५९
८	६६८	३,३७४	१,६४३	१,७३१
९	६४२	३,०४०	१,४३८	१,६०२
१०	६०२	३,०४१	१,४२६	१,६१५
११	५०७	२,५४६	१,१८०	१,३६६
जम्मा	६,३०४	३२,२३१	१५,४२२	१६,८०९
जिल्ला: सुर्खेत				पालिका: सिम्ता गाउँपालिका
वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	५३०	३,१६२	१,४७२	१,६९०
२	५८४	३,५९९	१,७००	१,८९९
३	५०९	२,७०७	१,२१८	१,४८९
४	४०४	२,००६	९०१	१,१०५
५	४६१	२,१२६	९३४	१,१९२
६	८००	३,६४०	१,६४७	१,९९३
७	५९८	२,८७५	१,३३४	१,५४१
८	५४१	२,४९३	१,१०४	१,३८९
९	६६७	३,२३७	१,५३३	१,७०४
जम्मा	५,०९४	२५,८४५	११,८४३	१४,००२
जिल्ला: दैलेख				पालिका: आठविस नगरपालिका

वार्ड नं..	घरधुरी	जनसङ्ख्या		
		कुल	पुरुष	महिला
१	८३३	४,४८६	२,२११	२,२७५
